# नेपालमा संरक्षित क्षेत्र व्यवस्थापन र वन्यजन्तु संरक्षण सम्बन्धि नीतिगत तथा कानूनी व्यवस्थाहरु

(ऐन, नियम, नीति, कार्यनीति, कार्यप्रकृया र निर्देशिकाहरूको संगालो)


नेपाल सरकार
वन तथा भू–संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

२०६८ भाद्र

# नेपालमा संरक्षित क्षेत्र व्यवस्थापन र वन्यजन्तु संरक्षण सम्बन्धि नीतिगत तथा कानूनी व्यवस्थाहरु

(ऐन, नियम, नीति, कार्यनीति, कार्यप्रकृया र निर्देशिकाहरूको संगालो)


नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**

२०६८ भाद्र

सर्वाधिकार ©: राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं
२०६८ भाद्र

# तालिका

**ऐन**........................................................................................................................ १
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९........................................................ २

**नियमावली**............................................................................................................ ११
शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० ...................................................... १२
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०............................................ २१
वन्यजन्तु आरक्ष नियमावली, २०३४.......................................................................... ४३
हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६................................................................ ५०
खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ ................................................................. ६०
मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२............................................................. ७२
शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ ....................................................... ९१
संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३............................................................ १००
संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७.................................................. ११२
कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४............................................ १३४
हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२................................................................... १६७

**नीति तथा कार्यनीति** ............................................................................................. १६९
वन्यजन्तु पालन, प्रजनन् तथा अनुसन्धान कार्यनीति, २०६० ......................................... १७०
घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०............................................................... १७५
निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र गैर सरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीतिको सम्बन्धमा अवलम्बन गरिने कार्य प्रक्रिया, २०६० ............................................... १८०
राष्ट्रिय सिमसार नीति, २०५९ ................................................................................ १८४
संरक्षित क्षेत्र भित्र भौतिक पूर्वाधारहरु निर्माण एवं संचालन सम्बन्धि कार्यनीति, २०६५.................. १९२

**निर्देशिका**............................................................................................................ १९५
मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ ........................................................... १९६
संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ ............................................................. २२०
वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धि निर्देशिका, २०६६............................... २५०

**मापदण्ड** ........................................................................................ २५५

मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र संचालन) मापदण्ड, २०६२ ........................................ २५६

**कार्यविधि** ........................................................................................ २६७

हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु संचालन गर्ने सम्बन्धि कार्यविधि, २०६७ ......... २६८

**विविध** ........................................................................................ २७१

राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल (National Tiger Conservation Committee, Nepal) को
गठन तथा काम कर्तव्य र अधिकार, २०६७ ........................................ २७२

राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक
ढांचा तथा काम, कर्तव्य र अधिकार, २०६७ ........................................ २७४

# ऐन

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

लालमोहर र प्रकाशन मिति ०२९।११।२८

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पहिलो संशोधन) ऐन, २०३१ | २०३१।६।२० |
| २. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०३९ | २०३९।९।८ |
| ३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०४६ | २०४६।६।११ |
| ४. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (चौंथो संशोधन) ऐन, २०४९ | २०५०।२।२७ |

२०२९ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्त महेन्द्रमाला परम कनेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमहन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउंहरुको संरक्षण, सम्बर्द्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको मितिदेखि लागू हुनेछ । 

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "राष्ट्रिय निकुञ्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(ख) "संनियमित प्राकृतिक आरक्ष" भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुट्याइएको, पारिस्थिकीय महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र सम्झनु पर्छ ।

(ग) "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरुको वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ ।

(घ) "शिकार आरक्ष" भन्नाले शिकारीहरुलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनको लागि छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ङ) "आरक्ष" भन्नाले □..........संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष र शिकार आरक्षलाई सम्झनु पर्छ ।

□(ङ१) "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र सम्झनु पर्छ ।

□(ङ२) "मध्यवर्ती क्षेत्र" (बफर जोन) भन्नाले स्थानीय बासिन्दाहरुलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको दफा ३क. बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ ।

□(च) "वन्यजन्तु" भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता जाति (एम्फिवियन्स) र कीरा फट्यांग्रा (इन्सेक्ट्स) लाई सम्झनु पर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ ।

(छ) "हातहतियार" भन्नाले जुनसुकै किसिमको बन्दूक, पेस्तोल वा यस्तै गोली चलाइने हतियारहरु, धनुषवाण, भाला, दर्जन, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने जुनसुकै हतियारलाई पनि सम्झनु पर्छ ।

(ज) "शिकार" भन्नाले कुनै वन्यजन्तु जुनसुकै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको फुल, गुंड झिक्ने, नष्ट गर्ने वा खलबल गरि दिने कामलाई जनाउंछ ।

(झ) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरुको जीवित वा मृत शरीर वा चिन्हिन सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्गलाई सम्झनु पर्छ ।

(ञ) "अधिकार प्राप्त अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई सम्झनु पर्छ ।

□(ञ१) "संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि श्री ५ को सरकारबाट नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतका नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

*३. श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्ने : (१) श्री ५ को सरकारले आवश्यक ठानेमा कुनै क्षेत्रलाई त्यसको चारकिल्ला समेत खोलिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरी राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकपटक घोषित भैसकेको राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र परित्याग वा स्वामित्वको हस्तान्तरण वा सिमाना हेरफेर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

३क. मध्यवर्ती क्षेत्र तोक्न सक्ने : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको कुनै पनि क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको परित्याग, स्वामित्व हस्तान्तरण वा सीमाना हेरफेर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

३ख. मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण : मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण सम्बन्धी कार्य संरक्षकले गर्नेछ ।

तर यसरी व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू-स्वामित्वलाई कुनै असर पारिने छैन ।

३ग. क्षतिपूर्ति दिने: मध्यवर्ती क्षेत्रभित्रका कुनै बासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको प्राकृतिक सीमानाभित्र पर्न गई त्यस्तो बासिन्दाको घरबास उठेमा दफा १६ग. बमोजिम गठित उपभोक्ता समितिको सिफारिशमा सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले दफा २५क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि छुट्याइने रकम मध्येबाट निजलाई मुनासिब माफिकको क्षतिपूर्ति दिनेछ ।

४. राष्ट्रिय निकुञ्जभित्र प्रवेश बन्देज: (१) तोकिए बमेजिमको प्रवेशपत्र वा अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नपाई कुनै पनि व्यक्ति राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश गर्न पाउने छैन । तर काजमा खटिएको सरकारी कर्मचारी वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रचलित बाटोको अधिकार पाएको व्यक्तिको हकमा यो उपदफा लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रवेशपत्रको ढांचा, प्रकार, दस्तूर र अन्य शर्तहरु तोकिए बमोजिमको हुनेछ ।

५. राष्ट्रिय निकुञ्जभित्र वा आरक्षभित्र निषिद्ध कार्यहरु: अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र देहायको काम गर्न पाउने छैन :-

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन,

(ङ) रुख, बिरुवा, झाडी वा अन्य कुनै वनपैदावर काट्न, ढाल्न, हटाउन, छेक्न वा वनपैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंकट, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वनपैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार खर खजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिष्य निकुञ्ज वा आरक्ष भित्रको प्रचलित बाटोको यात्रुहरु बाहेक अरुले घरपालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान, र

(ञ) राष्ट्रिय निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानीकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न ।

६. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र सेवा संचालन : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरिहितको निमित्त श्री ५ को सरकारले स्वयं वा तोकिए बमोजिम कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्तिले  राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र जुनसुकै किसिमको सेवा वा सुविधा संचालन गर्न पाउने छैन ।

७. ............ ............. ............

८. ............ ............. ............

९. राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश आफ्नो दायित्वमा: राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र प्रवेश आफ्नै दायित्वमा हुनेछ ।

(२) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कसैको मृत्यु भएमा वा हानी नोक्सानी भएमा वा कसैलाई चोटपटक लागेमा त्यस्तो मृत्यु, हानी नोक्सानी वा चोट पटकको लागि श्री ५ को सरकार क्षतिपूर्तिको लागि जिम्मेवार हुने छैन ।

१०. संरक्षित वन्यजन्तु: यस ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु संरक्षित वन्यजन्तु मानिनेछन् र तिनीहरुको शिकार गर्न निषेध गरिएको छ ।

तर

(क) बौलाएको जङ्गली हात्ती, मानिस खान पल्किएको बाघ र नबाँच्ने किसिमले रोगग्रस्त भएका वा अङ्गभङ्ग भएका वन्यजन्तुलाई तोकिएको अधिकारीको आदेशले मार्न वा पक्रन सकिने छ ।

(ख) वनक्षेत्र बाहिर आई मानिस वा घरपालुवा पशु पंक्षीलाई धेरै नोक्सान गर्ने वन्यजन्तुलाई मार्नु पर्ने ठहराएमा तोकिएको अधिकारीको आदेशले मार्न, पक्रन वा लखेट्न सकिनेछ ।

११. अनुज्ञापत्र नलिई शिकार गर्न नपाइने:  (१) अनुज्ञापत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले वन्यजन्तु शिकार गर्न पाउने छैन ।

तर तोकिएको वन्यजन्तु शिकार गर्न अनुज्ञापत्र लिनुपर्ने छैन ।

(२) उपदफा (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी छेउ तोकिएको ढांचामा दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिए बमोजिम दस्तूर लिई  वन्यजन्तुको शिकार गर्न तोकिएको ढांचा र प्रकारको अनुज्ञापत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले तोकिए बमोजिमको शर्त र तरिकाहरुको अधिनमा रही शिकार गर्नु पर्नेछ ।

(४) तोकिएको अधिकारीले कुनै कारण देखाई वा नदेखाई उपदफा (२) बमोजिमको अनुज्ञापत्र दिन ईन्कार गर्न सक्नेछ ।

१२. शिकारको वार्षिक (भाग) कोटा निश्चित गर्ने: समय समयको वन्यजन्तुको गणनाको आधारमा तोकिएको अधिकारीले शिकार आरक्षमा वर्षभरी शिकार गरिने वन्यजन्तुको वार्षिक भाग (कोटा) निश्चित गर्नेछन् ।

१३. श्री ५ को सरकारले अनुज्ञापत्र रद्द गर्न सक्ने: श्री ५ को सरकारले आवश्यक देखेमा कारण देखाई वा नदेखाई जुनसुकै बखत पनि दफा ११ बमोजिम प्रदान गरिएको अनुज्ञापत्र रद्द गर्न सक्नेछ ।

१४. शिकार बन्द समय: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको अवधिसम्मको लागि शिकार बन्द समय तोक्न सक्नेछ ।

१५. नमूना सङ्कलन गर्न इजाजतपत्र लिनु पर्नेः (१) इजाजतपत्र प्राप्न नगरी कुनै व्यक्तिले □राष्ट्रिय निकुञ्ज, आरक्ष वा अन्य वन्यजन्तु वासस्थानबाटै वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिएको ढांचाको दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिए बमोजिमको दस्तूर अनुसूची-१ मा उल्लेखित वन्यजन्तु बाहेक जुनसुकै वन्यजन्तुको शिकार गर्न वा कुनै कीट, किटाणु, माछा वा कुनै प्राकृतिक उपज जम्मा गर्न तोकिएको शर्तहरु पालना गर्ने गरी इजाजतपत्र दिन सक्नेछ ।

१६. राष्ट्रिय निकुञ्ज वा आरक्षको व्यवस्थापनः राष्ट्रिय निकुञ्ज वा आरक्षको उपयुक्त व्यवस्थाको लागि आवश्यक भएमा तोकिएको अधिकारीले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र शिकार गर्न, कुनै प्राकृतिक उपज हटाउन वा अन्य यस्तै आवश्यक कामहरु गर्न सक्नेछ ।

□१६क. वनपैदावार तथा अन्य सेवा उपलब्ध गराउन सकिनेः राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिए बमोजिमको दस्तूर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्नेछ ।

□१६ख. संरक्षण क्षेत्रको व्यवस्थापनः दफा ३ को उपदफा (१) बमोजिम घोषणा गरिएको कुनै संरक्षण क्षेत्रको व्यवस्थापन गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो सूचनामा तोकिएको अवधिसम्मको लागि प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्य लिई स्थापना भएको संस्थालाई सुम्पन सक्नेछ ।

□१६ग. उपभोक्ता समितिः (१) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र ढलेको रुख, सुकेको काठ, दाउरा र घांसको व्यवस्थापन गर्न सम्बन्धित संरक्षकले स्थानीय निकायसंग समन्वय गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक उपभोक्ता समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. आखेटोपहार अनुज्ञापत्र दिने अधिकारी समक्ष पेश गर्नु पर्नेः (१) आफूले पाएको अनुज्ञापत्र बमोजिम आखेटोपहार प्राप्त गर्ने व्यक्तिले त्यस्तो आखेटोपहार प्राप्त गरेको समयले बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र अनुज्ञापत्र दिने अधिकारी वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफू समक्ष पेश गरिएको आखेटोपहार अनुज्ञापत्र बमोजिम नै प्राप्त गरिएको हो भन्ने लागेमा अनुज्ञापत्र दिने अधिकारीले त्यसको लगत राखी तोकिए बमोजिमको निस्सा सहित त्यस्ता वन्यजन्तुको सम्पूर्ण शरीर वा अङ्ग पेश गर्ने व्यक्तिलाई नै फिर्ता बुझाई दिनु पर्छ । तर शिकार गरिएको वन्यजन्तुको सम्पूर्ण शरीर वा अङ्ग श्री ५ को सरकार लाग्ने शर्तमा अनुज्ञापत्र दिइएको रहेछ भने सोही शर्त बमोजिम हुनेछ ।

१८. निस्सा नभै ओखेटोपहार राख्न नपाईनेः (१) यो ऐन लागू हुनुभन्दा अगावै आखेटोपहार प्राप्त गरेको व्यक्तिले □तोकिएको म्यादभित्र त्यस्तो आखेटोपहार तोकिएको अधिकारी समक्ष पेश गरी तोकिए बमोजिमको निस्सा लिई राख्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम वा दफा १७ को उपदफा (२) बमोजिम निस्सा प्राप्त नगरी राखिएको आखेटोपहार श्री ५ को सरकारले जफत गर्न सक्नेछ ।

□१९. इजातपत्र नलिई आखेटोपहारको बिक्री वितरण वा व्यवसाय गर्न नपाईने : (१) तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई कुनै पनि व्यक्तिले आखेटोपहारको बिक्री वितरण गर्न वा कुनै किसिमले हक छाडी दिन वा आखेटोपहार सम्बन्धी कुनै व्यवसाय गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त खरिद गरेको वा हक हस्तान्तरण भई आफ्नो हक हुन आएको आखेटोपहार सम्बन्धित व्यक्तिले तोकिएको म्यादभित्र तोकिएको अधिकारी कहां दर्ता गराई स्वामित्वको निस्सा लिई राख्नुपर्छ ।

२०. आखेटोपहार निकासी वा पैठारी गर्न सिफारिश लिनु पर्ने: प्रचलित नेपाल कानून बमोजिम कुनै आखेटोपहार नेपाल अधिराज्यबाट विदेशमा निकासी गर्न वा विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी गर्न चाहने व्यक्तिले श्री ५ को सरकार, □ वन तथा भू-संरक्षण मन्त्रालयको लिखित सिफारिस लिनु पर्नेछ ।

२१. आत्म सुरक्षाको लागि आवश्यक काम गर्न सकिने: (१) आफ्नो वा अरु कुनै व्यक्ति वा घरपालुवा जनावरको बचावटको लागि कुनै वन्यजन्तु वास्तविक र तत्काल आक्रमणका विरुद्ध अन्य कुनै विकल्प नभएमा हात हतियार प्रयोग गर्न वा अन्य कुनै उपाय गर्न सकिनेछ र त्यस्तो गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा यस ऐन बमोजिम कसूर गरिएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै वन्यजन्तु मर्न गएमा वा घाइते भएमा बाटोका म्याद बाहेक सो भए गरेको चौबीस घण्टाभित्र तोकिएको अधिकारी समक्ष सो कुराको सूचना दिनुपर्छ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु विपरित काम गरिरहेको व्यक्तिको हकमा उपदफा (१) बमोजिमको सुविधा प्राप्त हुने छैन ।

२२. सीमाना चिन्हहरु बिगार्न नपाइने: □ राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको सीमाना, बार, पर्खाल, चिन्हपट, वा सूचनाहरु नष्ट गर्न, बिगार्न, कुरुप पार्न, हटाउन वा अन्यथा बाधा अड्चन गर्न हुंदैन ।

२३. निरिक्षण तथा खानतलासीको अधिकार: यो ऐन विरुद्ध कसैले कुनै काम गरेको भन्ने विश्वास हुने मनासिब कारण भएमा निजले गरेको त्यस्तो कामको सबूद बुझ्नको निमित्त वा निजको गिरफ्तारीको निमित्त आवश्यक भएमा तोकिएको अधिकारीले तोकिएको अधिकारीबाट वारेण्ट प्राप्त गरी जुनसुकै समय त्यस्ता व्यक्तिको घर, जग्गा, जमीन र सबै प्रकारको सवारीमा प्रवेश गर्न र खानतलासी गर्न सक्नेछ ।

तर कुनै घर जग्गा, जमीन वा सवारीमा प्रवेश गरी खानतलासी गर्न पाउने वा कुनै कसूरदारलाई गिरफ्तार गर्न पाउने वारेण्ट प्राप्त गर्न केही समय लाग्ने भई सो समयभित्र कसूरदार भागी जाने वा कसूरको सबूद गायब गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित अभिलेख खडा गरी तोकिएको अधिकारीले पनि त्यस्तो घर, जग्गा, जमीन वा सवारीमा प्रवेश गर्न खानतलासी गर्न सक्छ ।

स्पष्टीकरण : यस दफा अन्तर्गत बिना वारेण्ट प्रवेश र खानतलासी गर्दा दफा ३० मा तोकिएको दर्जाभन्दा मुनिको दर्जाको अधिकारीले गर्न पाउने छैन । साथै त्यसरी विना वारेण्ट प्रवेश वा खानतलासी गर्दा कसूरदारको गिरफ्तारी वा सबूद बरामद नभएको अवस्थामा प्रवेश वा खानतलासी गर्ने अधिकारीले प्रवेश वा खानतलासीसित सम्बन्धित व्यक्तिलाई प्रवेश वा खानतलासी गर्नुपर्ने कारण समेत खोली सो भए गरेको मितिले पन्ध्र दिनभित्र तोकिएको अधिकारीलाई लिखित सूचना समेत दिनु पर्छ ।

२४. बिना वारेण्ट गिरफ्तार गर्ने अधिकार: (१) यस ऐन बमोजिमको कुनै कसूरदार भाग्छ भन्ने विश्वास पर्ने कारणहरु भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ । उक्त गिरफ्तार गरिएको व्यक्तिलाई

बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र कानूनी कारवाहीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाईलैजान वा पक्रन नदिन कसूरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुंडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन ।

२५. पुरस्कार दिनेः ●(१) गैंडा, बाघ, हात्ती, कस्तुरीमृग, ध्वांसे चितुवा, हिउँ चितुवा वा गौरीगाई मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पचास हजार रुपैयां सम्म र उपरोक्त वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पच्चीस हजार रुपैयांसम्म नगद पुरस्कार दिन सकिनेछ ।

(२) गैरकानूनी तरिकाले कुनै आखेटोपहार राख्ने व्यक्तिको सुराक लगाई पक्राउ गराइदिने वा त्यस्तो व्यक्तिलाई पक्रने व्यक्तिलाई सो आखेटोपहार बरामद भई लिलाम बिक्री गरिएकोमा लिलाम बिक्रीबाट आएको मूल्यको पचास प्रतिशत वा वन्यजन्तु संरक्षणको दृष्टिकोणले आखेटोपहार लिलाम बिक्री गर्न नहुने भएमा यस्तो आखेटोपहारको अवस्था, महत्व र परिमाण विचार गरी दशहजार रुपैयासम्म पुरस्कार दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गत कसूर गरेको सुराक लगाई अभियुक्त पक्राउ गराईदिने व्यक्तिलाई एकहजार रुपैयांसम्म पुरस्कार दिन सकिनेछ ।

२५क स्थानीय विकासको लागि खर्च गर्न सकिनेः राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये तीसदेखि पचास प्रतिशतसम्म रकम स्थानीय निकायसंग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिनेछ ।

२६ दण्ड सजायः ●(१) गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वांसे, चितुवा, हिउँ चितुवा वा गौरीगाई मार्ने, घाईते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने खरिद गर्ने वा विक्री गर्ने व्यक्तिलाई पचास हजार रुपैयांदेखि एक लाख रुपैयांसम्म जरिवाना वा पांच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

● (२) उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई चालीस हजार रुपैयांदेखि पचहत्तर हजार रुपैयांसम्म जरिवाना वा एक वर्षदेखि दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा एक हजार रुपैयांदेखि दश हजार रुपैयांसम्म जरिवाना वा ६ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पांचसय रुपैयांदेखि दशहजार रुपैयांसम्म जरिवाना वा तीनमहिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष वा वन्यजन्तु आरक्षभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा दुईसय रुपैयाँदेखि दशहजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी दश हजार रुपैयांसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

२७. मतियारलाई सजाय हुने: यो ऐन अन्तर्गत कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसूरदारलाई हुने सजायको आधि सजाय हुनेछ ।

तर गैंडा, बाघ,□कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजाय सरह नै सजाय हुनेछ ।

२८. जफत गर्ने अधिकार: यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुको उल्लंघन गर्ने कसूरदार दोषी ठहरिएमा मुद्दा हेर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन र अन्य वस्तुहरु जफत गर्न सक्नेछ ।

□ तर बरामद भएको शिकारी कुकूरलाई मुद्दा किनारा नहुंदै मुद्दा हेर्ने अधिकारीको आदेशले मार्न सकिनेछ ।

२९. श्री ५ को सरकार वादी हुने: यस ऐन अन्तर्गतका मुद्दाहरुमा श्री ५ को सरकार वादी हुनेछ ।

३०. मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात रेञ्जर वा वन र वन्यजन्तु व्यवस्थासित सम्बन्धित सुवेदार दर्जासम्मका कर्मचारी वा कम्तिमा राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीले वा प्रहरीमा कम्तिमा नायव निरीक्षक दर्जासम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वन सम्बन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा सम्बन्धित अधिकृतले सरकारी वकीलसित राय सल्लाह लिन सक्नेछ ।

३१. मुद्दा हेर्ने अधिकार: (१) यो ऐन अन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार तोकिएको अदालत वा अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) अन्तर्गत मुद्दाको कारवाही र किनारा गर्दा तोकिएको अदालत वा अधिकारीले शुरु अदालतले अपनाए सरहको कार्यवधि अपनाउनेछ ।

(३) उपदफा (१) अन्तर्गत तोकिएको अदालत वा अधिकारीले गरेको निर्णय वा आदेश उपर सो निर्णय वा आदेश भएको पैंतीस दिनभित्र□ पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

३२. अनुसूची संशोधन गर्ने श्री ५ को सरकारको अधिकार: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐनको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

३३. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले नियमहरु बनाउन सक्नेछ ।

३४. खारेजी र बचाउ: (१) जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ लाई खारेज गरिएको छ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु लेखिएको जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची–१

(दफा १० सित सम्बन्धित)

**संरक्षित वन्यजन्तुहरु**

स्तनधारी जन्तु (स्यामल्स):

| | | |
|---|---|---|
| आसामी रातो बांदर | - | (मकाका आसभेन्सीस) |
| सालक | - | (म्यानिस क्रसिक डाटा र म्यानिस पेन्टाडक्टाइला) |
| हिसपिड खरायो | - | (क्याप्रोलागस हिसपिडकस) |
| सोंस | - | (प्लाटानिस्टा ग्यन्जेटिका) |
| ब्वांसो | - | (क्यानिसलुपस) |
| हिमाली रातो भालु | - | (असर्स अक्टर्स) |
| हाब्रे (रेड पाण्डा) | - | (आइलुरस फल्जेन्स) |
| लिङ्गसाङ | - | (प्राओनोडन फार्क्लिर) |
| हुंडार | - | (हाइना हाइना) |
| चरी बाघ (लेपर्ड क्याट) | - | (फेलिस बेंगालेसिन्स) |
| लिंक्स | - | (फेलिस लिंक्स) |
| ध्वांसे चितुवा | - | (निओफेलिस नेबुलोसा) |
| बाघ | - | (पान्थेरा टाइग्रिस) |
| हिउं चितुवा | - | (पान्थेरा अन्सिय) |
| जङ्गली हात्ती | - | (इलेफस माक्सिमस) |
| गैंडा | - | (राइनोसिरस युनिकर्निस) |
| सानो जातको बदेल | - | (सस सल्मानस) |
| कस्तुरी मृग | - | (मस्चस मस्चिफेरस) |
| बाह्रसिंगा | - | (सरभस डुमासेलि) |
| गोरवड्सन | - | (बस गोंरस) |
| योक नाक | - | (बस ग्रन्नियन्स) |
| अर्ना | - | (बुबालस बुवालिस) |
| नायन | - | (ओमिस आम्मन) |
| चिरु | - | (पान्थोलप्स हडसोनी) |
| कृष्णसार | - | (एन्टिलोप सर्निकार्पा) |
| चौका | - | (टेट्राकर्निक क्वाड्रिकर्लिस) |

पंक्षी (एभ्स)

| | | |
|---|---|---|
| कालो स्टर्क | - | (सीकोनिया नाइग्रा) |
| सेतोस्टर्क | - | (सिकोनिया सिकोनिया) |
| सारस | - | (ग्रस ग्रस) |
| चीर | - | (क्याट्रिएस वालिचाई) |
| डांफे | - | (लोफोफोरस इम्पिजानस) |
| मोनाल | - | (ट्रागोनपान साटाइरा) |
| खर मुजूर | - | (थपोडोटिस बेङ्गालेन्सिस) |
| सानो खर मुजूर | - | (लाइफिओटाइडस इन्डिका) |
| ठूलो धनेश | - | (बुरेसरस वाइकर्निस) |

घस्रने जातका जन्तु (रेप्टायल्स)

| | | |
|---|---|---|
| अजिङ्गर | - | (पाईथन स्पिसिज) |
| घडियाल गोही | - | (ग्याभियालिस ग्यान्जेटिक्स) |
| सुन गोहोरो | - | (भारानस ड्वयामेसेन्स) |

# नियमावली

# शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०

नेपाल राजपत्रमा प्रकाशित मिति २०३०।११।२१

शाही चितवन राष्ट्रिय निकुञ्ज (पहिलो संशोधन) नियमावली, २०४६ २०४६।२।१६

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज वा राष्ट्रिय निकुञ्ज" भन्नाले शाही चितौन राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले श्री ५ को सरकारबाट नियुक्त भएको राष्ट्रिय निकुञ्जको मुख्य अधिकृत सम्झनु पर्छ ।

३. राष्ट्रिय निकुञ्जको सीमाना: राष्ट्रिय निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिए बमोजिम हुनेछ ।

४. निकुञ्जभित्र प्रवेश: (१) निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची-१ मा लेखिए बमोजिम दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो दस्तूर बुझाउने व्यक्तिलाई संरक्षक वा सो कामको लागि श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले अनुसूची-२ बमोजिमको प्रवेशपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम १९ बमोजिम बाटोको सुविधा प्रयोग गर्ने व्यक्तिहरुले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई निकुञ्जभित्रबाट हिडेकोमा कुनै दस्तुर तिर्नु पर्ने छैन ।

 (३) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोलीलाई संरक्षकले अनुसूची २क. बमोजिमको निःशुल्क प्रवेशपत्र दिन सक्नेछ ।

५. निकुञ्जमा प्रवेश आफ्नै दायित्वमा हुने: प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी चोट पटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुने छैन ।

६. निकुञ्जभित्र गर्न निसिद्ध गरिएका कार्यहरु: संरक्षक (वार्डेन) वा सो कामको लागि श्री ५ को सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै व्यक्तिले पनि निकुञ्जभित्र देहायका कामहरु गर्न पाउने छैन :-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, फाँड्न वा आवाद गर्न,

(ग) घरपालुवा पशु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,

(घ) रुख, विरुवा, झारी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न, आगो लगाउन वा अरु कुनै किसिमले हानी पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुट्याइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्याईएको स्थान वा संरक्षक (वार्डेन) ले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(छ) नियम १९ बमोजिम तोकिएको बाटो बाहेक अन्य बाटो वा ठाउंबाट कुनै घरपालुवा पशु लैजान वा हिंडाउन ।

७. साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरुः संरक्षक (वार्डेन) को लिखित अनुमति विना कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहंदा वा नियम १९ अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका चिज वस्तुहरु साथमा लैजान वा राख्न पाउने छैन :-

(क) हातहतियार वा खरखजाना,

(ख) विष्फोटक पदार्थ वा त्यसका साधनहरु,

(ग) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

(घ) धनुषवाण, खोर, धराप, पासो, जाल वा विष ।

८. जिम्मेवार हुनेः कसैले निकुञ्जको सीमानाभित्र वा बाहिरबाट आगो शुरु गरी निकुञ्जभित्रको वनस्पति, झारपात वा कुनै अन्य चीज बस्तुलाई क्षति पुऱ्याएमा त्यस्तो क्षति बापत आगो सल्काउने वा शुरु गर्ने व्यक्ति जिम्मेवार हुनेछ ।

९. शिकार गर्न र चराहरुको गुंड हटाउन वा बिगार्न नहुनेः निकुञ्जको हितको लागि उपयुक्तः हुने कामगर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन गर्न ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षक (वार्डेन) को लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंक्षीहरुको फुल वा गुंड हटाउन, भत्काउन, बिगार्न वा खलबल्याउन हुंदैन ।

१०. माछा मार्न अनुमति लिनु पर्नेः (१) संरक्षक (वार्डेन) वा सो कामको निमित्त श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले तोकिदिएको शर्त पालना गर्ने गरी अनुसुची-१ मा लेखिए बमोजिम दस्तूर बुझाएमा मात्र निकुञ्जभित्र रहेको खोला वा पोखरीमा माछा मार्न सकिनेछ ।

 (२) निकुञ्जको सीमानामा पर्ने राप्ती, नारायणी र हिऊं नदीहरुमा भने सो नदीको वरपर बस्ने व्यक्तिहरुले मात्र अनुसूची-१ मा तोकिएको दस्तूर बुझाई माछा मार्न सक्नेछन् ।

११. श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेः (१) श्री ५ को सरकारको स्वीकृति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र माटो, ढुंगा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१२. विज्ञापन टाँस्न वा राख्न नपाईनेः ऐन अनुसार निकुञ्जभित्र स्थापित होटल, लज वा अन्य व्यवसायिक कारोवारको क्षेत्रहरुमा बाहेक निकुञ्जभित्र कुनै व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु राख्न पाउने छैन ।

१३. बाजाहरु बजाउन नपाइनेः निकुञ्जभित्र स्थापित होटल, लज र अन्य यस्तै स्थानहरुमा बाहेक अन्यत्र रेडियो, टेप, रेकर्ड वा सङ्गीतका यस्तै अन्य बाजाहरु बजाउन पाइने छैन ।

१४. फोहर मैला फाल्न नपाइनेः कुनै पनि व्यक्तिले निकुञ्जभित्र फोहर मैला गर्न वा फाल्न हुंदैन ।

१५. विषालु पदार्थ फ्यांक्न नपाइनेः निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमका कीटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्यांक्न वा निकुञ्ज भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुंदैन ।

१६. निकुञ्जभित्र सवारी चलाउंदा पालन गर्नुपर्ने शर्तः निकुञ्जभित्र सवारीको साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधीनमा रहेर मात्र सवारी चलाउनु पर्नेछः-

(क) पाँच टनभन्दा बढी वजनको सवारी चलाउन पाइने छैन,

(ख) सवारीको साधन, पैदल यात्रु वा अन्य वस्तुहरुको आवागमनमा बाधा पर्ने गरी सवारी चलाउन वा अड्याई राख्न हुंदैन ।

(ग) नियम १९ को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुंदैन ।

(घ) नियम १९ को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुंदैन ।

१७. इशारा संकेत मान्नु पर्नेः निकुञ्जको क्षेत्रभित्र सबै सवारी चालकले निकुञ्जको कर्मचारीले गरेको इशारा वा संकेतलाई वा त्यस्तो इशारा वा संकेत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी चलाउनु पर्नेछ ।

१८. आवागमनमा प्रतिबन्धः होटल, लज वा तोकिएको क्याम्प स्थानमा बाहेक संरक्षक (वार्डेन) को लिखित अनुमति विना ▯ सूर्यास्तदेखि सूर्योदयसम्म निकुञ्जभित्र पस्न, हिंडडुल गर्न हुंदैन ।

१९. बाटोको सुविधाः (१) निकुञ्जभित्र अनुसूची-५ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न वा सवारी साधन चलाउन सुविधा हुनेछ

(२) उपनियम (१) बमोजिमको बाटो संरक्षक (वार्डेन) ले चिन्हो लगाई तोकिदिएको ठाउंबाट मात्र उपयोग गर्नुपर्नेछ र संरक्षक (वार्डेन) को लिखित अनुमति बिना कुनै पनि अवस्थामा कुनै व्यक्तिले त्यस्तो बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा त्यस्तो कुनै बाटो बन्द गर्न संरक्षक (वार्डेन) ले उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गर्न सक्नेछ।

२०. दस्तुर बुझाउनु पर्ने : (१) निकुञ्जभित्र देहायको काम कुरा गरे बापत अनुसूची-१ मा तोकिएको दस्तुर बुझाउनु पर्नेछः-

(क) सवारी चलाएकोमा,

(ख) क्याम्प गरेकोमा,

(ग) निकुञ्जको गाईडको सेवा उपलब्ध गरेकोमा,

(घ) घरपालुवा जन्तु आफ्नो साथ लगेकोमा,

▯(ङ) खर खडाई काट्न ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाउने व्यक्तिलाई अनुसूची-४ बमोजिमको रसिद दिइनेछ ।

▯(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम ४ को उपनियम (३) बमोजिम निःशुल्क प्रवेशपत्र पाउने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोलिलाई सवारी चलाए वापत अनुसूची-१ बमोजिमको दस्तूर लाग्ने छैन ।

२१. सवारीको साधन वा वस्तु पक्राउ गरिने: यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिएको बाहेक अन्य बाटोबाट कुनै सवारीको साधन वा घरपालुवा जीवजन्तु हिंडाएको भेटिएमा संरक्षक (वार्डेन) ले तोकिदिएको दर्जाको निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारीको समक्ष कारवाहीको लागि बुझाउनेछ ।

२२. गिरफ्तार गर्न सकिने: (१) संरक्षक (वार्डेन) बाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक (असिष्टेन्ट वार्डेन) वन्यजन्तु गार्ड वा निकुञ्जका अन्य कर्मचारीहरुले ऐन बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा भने बिना वारेण्ट पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सकिनेछ ।

२३. सरकारी कामको लागि निकुञ्जभित्र प्रवेशमा छुट: यस नियमालीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारवाही कार्यान्वयन गर्नको लागि निकुञ्जभित्र कुनै समयमा पनि प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२३क. अधिकार प्रत्यायोजन गर्न सक्ने: संरक्षकले नियम ४ को उपनियम (३) र नियम १८ बमोजिम आफूलाई प्राप्त अधिकार सहायक संरक्षक वा रेन्जरलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. अनुसूचीमा संशोधन गर्न सकिने: श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

२५. मुद्दा हेर्ने अधिकार: (१) ऐन र यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक र निज नरहेकोमा रेन्जरलाई हुनेछ:-

(क) पाँचसय रुपैयासम्म मोल पर्ने वन पैदावार अनियमित ढंगबाट हटाएमा, काटेमा वा झिकेमा,

(ख) प्रवेशपत्र वा अनुमति नलिई निकुञ्जभित्र प्रवेश गरेमा,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षी निकुञ्जमा चराएमा वा पानी खुवाएमा,

(घ) छुट्याइएको क्याम्प, स्थान वा संरक्षकले (वार्डेन) तोकिदिएको स्थान वाहेक अन्यत्र रात बसेमा, क्याम्प गरेमा वा आगो बालेमा,

(ङ) तोकिएको बाटो बाहेक अन्य ठाउंबाट घरपालुवा जीवजन्तु हिंडाएमा,

(च) नियम १० को बर्खिलाप माछा मारेमा,

(छ) नियम १२ को बर्खिलाप कुनै चिन्हपट, सूचनापट, विज्ञापन वा पोस्टरहरु राखेमा वा टाँसेमा,

(ज) नियम १३ को बर्खिलाप कुनै बाजा बजाएमा,

(झ) नियम १४ को बर्खिलाप फोहर मैला गरेमा,

(ञ) नियम १६ र १७ को बर्खिलाप हुने गरी सवारी चलाएमा,

(ट) सूर्यास्तदेखि सूर्योदयसम्म बिना अनुमति निकुञ्जभित्र प्रवेश गरेमा वा हिंडडुल गरेमा,

(ठ) नियम १९ को बर्खिलाप कुनै बाटो वा ठाउंबाट हिंडेमा ।

## □अनुसूची-१

(नियम ४, १० र २० संग सम्बन्धित)

## दस्तुर

(क) राष्ट्रिय निकुञ्जको प्रवेश दस्तूर (प्रति व्यक्ति प्रतिदिन):-

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रु. | २०।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु. | २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. | ५००।- |

(दश वर्षभन्दा मुनिका केटाकेटीलाई प्रवेश दस्तुर लाग्ने छैन ।)

(ख) माछामार्ने दस्तूर (बल्छीले मात्र प्रति व्यक्ति प्रति दिनको लागि) :-

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रु. | ५०।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु. | २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. | ५००।- |

(परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय बोटे, दराई, कुमाल, थारु जातिका मानिसहरुलाई वार्षिक शुल्क रु. ५०।- तिरी माछा मार्न पाउने छन्।)

(ग) सवारी साधन दस्तूर:-

१. (क) अनुसूची-५ मा तोकिएको बाटोमा कार, जीप, ट्रक

| | | |
|---|---|---|
| बस, ट्र्याक्टर, लरी (५ टनसम्म) को लागि | रु. | ५०।- |
| मोटरसाइकल, बयल गाडा र टाँगाको लागि | रु. | १०।- |

(ख) पर्यटक घुमाउने व्यवसायिक (Jungle Drive)

| | | |
|---|---|---|
| कार | रु. | १,०००।- |
| जिप | रु. | २,०००।- |
| भ्यान | रु. | २,५००।- |

२. अनुसूची-५ मा तोकिएको बाटो बाहेक अन्य बाटोको लागि मोटर इन्जिन जडान भएको सवारी साधनका लागि रु. २००।-

३. हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि रु. २,०००।-

(घ) क्याम्पिङ (बास बस्ने) दस्तूर (प्रतिव्यक्ति प्रत्येक रातको लागि)-

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रु. | ५०।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु. | २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. | ५००।- |

(ङ) <u>डुङ्गा वा र्‍याफ्टीङ्ग चलाए वापतको दस्तुर:</u>

निकुञ्जको नदी नालामा पर्यटक घुमाउन डुंगा वा र्‍याफ्टीङ्ग चलाए बापत लाग्ने दस्तुर

१. डुंगा (प्रतिव्यक्ति प्रतिट्रिप)

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रु. | ५०।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु. | २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. | ५००।- |

२. र्‍याफ्टीङ्ग (प्रतिव्यक्ति प्रतिट्रिप)

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रु. | १००।- |
| सार्क मुलुकभित्रका अन्य नागरिकलाई | रु. | ४००।- |
| अन्य विदेशी नागरिकलाई | रु. | १,०००।- |

(च) <u>गाइडको सेवा उपलब्ध गरे बापत लाग्ने दस्तूर:</u>
तालिम प्राप्त पञ्जीकृत गाईडले निकुञ्जभित्र गाईड सेवा उपलब्ध गराए बापत प्रति गाईड प्रतिवर्ष गाईड शुल्क वापत रु. १,०००।-

(छ) <u>प्रत्येक घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजांदाको दस्तूर:</u>
गाई, गोरु, भैंसी, रांगा, घोडा, खच्चर, भेडा, बाखा, कुकुर, सुंगुर र अन्य यस्तै जीवजन्तुलाई दस्तुर लाग्ने छैन ।

(ज) <u>खरखडाई, वनकस दस्तूर (प्रति पूर्जी)</u> रु. १०।-

(झ) □..................

द्रष्टव्य:

(क) रीतपूर्वकको प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) खर खडाई पूर्जीको म्याद ७ दिनको हुनेछ ।

(ग) गाईड शुल्क बुझाउने गाईडलाई निकुञ्ज प्रवेश दस्तुर लाग्ने छैन ।

(घ) व्यवसायिक जंगल ड्राइभ (Jungle Drive) मा प्रयोग गरिने सवारी साधनमा देहायमा तोकिएको संख्या भन्दा बढी पर्यटक राख्न पाइने छैन ।

(क) कर-४ जना

(ख) जिप- १० जना

(ग) भ्यान- १५ जना

(ङ) सिनेमा डकुमेन्ट्री खिच्ने अनुमतिपत्रको म्याद एक महिनासम्म बहाल रहनेछ ।

(च) प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

## □**अनुसूची–२**

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही चितवन राष्ट्रिय निकुञ्ज

**<u>प्रवेशपत्र</u>**

सि.नं.-...................

मितिः-...................

१. प्रवेशपत्र लिने व्यक्तिको नाम, थर, वतनः-
२. नागरिकताः-
३. प्रवेशद्वारः-
४. प्रवेश दस्तूरः-
५. प्रवेशपत्र प्रदान गरेको मितिः-

......................................

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः

१. प्रवेशपत्र हस्तान्तरण गर्न पाइने छैन ।
२. निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले शाही चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को पालना गर्नु पर्नेछ ।

## □□**अनुसूची–२क**.

(नियम ४ को उपनियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही चितवन राष्ट्रिय निकुञ्ज

**<u>निःशुल्क प्रवेशपत्र</u>**

सि.नं.-...................

मितिः-...................

१. प्रवेशपत्र लिने व्यक्ति वा संस्थाको नाम, थर, वतनः-
२. प्रवेश गर्ने व्यक्तिको संस्थाः-
३. प्रवेशद्वारः-
४. प्रवेश गर्नाको उद्देश्यः-
५. गाडी नं.
६. प्रवेशपत्र बहाल रहन अवधिः-

......................................

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

**अनुसूची–३**

(नियम १० संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शाही चितौन राष्ट्रिय निकुञ्ज

**अनुमतिपत्र**

सि.नं.-....................

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम, थरः.............................

२. अनुमतिपत्र प्राप्त व्यक्तिको ठेगानाः.................................

(क) स्थायीः ..........................

(ख) अस्थायीः .......................

३. अनुमतिपत्र प्राप्त व्यक्तिको नागरिकता.............................

४. माछा मार्न पाइने खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरण........................

५. अनुमतिपत्र बहाल रहने दिन वा अवधि ...............

६. अनुमतिपत्र बापत बुझाएको दस्तुर..................

अनुमतिपत्र प्रदान गर्ने
अधिकारीको दस्तखतः..........
अनुमतिपत्र प्रदान गर्ने अधिकारीको
दर्जा...........
मिति.............

द्रष्टव्यः यो अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले संरक्षक (वार्डेन) वा सो कामको निमित्त श्री ५ को सरकारले तोकेको कर्मचारीले तोकेको शर्तको अधिनमा रही माछा मार्नु पर्नेछ ।

## अनुसूची-४

(नियम २० संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही चितौन राष्ट्रिय निकुञ्ज

**सवारी, घरपालुवा जीवजन्तुको दस्तूर बुझाएको रसिद**

नाम र थर ..........................वतन...................................

सवारी/घरपालुवा जीवजन्तुको किसिम.................................

सवारी नम्बर....................................................................

दस्तूर..............................................................................

बुझाउनेको सही...................

दस्तूर बुझिलिनेको सही.............

द्रष्टव्य: (१) यो रसिद आफूले राष्ट्रिय निकुञ्जको क्षेत्र छाड्ने ठाउंको तगारो वा चौकीमा बुझाउनु पर्छ ।

(२) सवारी चलाउने वा घर पाल्तु जीवजन्तु निकुञ्जको भित्रबाट लैजाने व्यक्तिले शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को पालना गर्नु पर्नेछ ।

## अनुसूची-५

(नियम १९ संग सम्बन्धित)

(क) सवारी साधन र पैदल यात्रुको लागि बाटोहरु-

(१) सौराह............................जयमंगला,

(२) घटगाई..................धोवा,

(३) ध्रुवघाट..................वनकट्टा,

(४) भोसरघाट..............लौखानी,

(ख) पैदल यात्रुको लागि मात्रः-

भीमपुर................सिस्नेठांटी......................अमुवा ।

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०**

नेपाल राजपत्रमा प्रकाशित मिति २०३०।११।२८

संशोधनः

| | |
|---|---|
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पहिलो संशोधन) नियमावली, २०३२ | २०३२।२।१ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (दोस्रो संशोधन) नियमावली, २०३५ | २०३५।१०।८ |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) नियमावली, २०४२ | २०४२।६।२१ |

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ :

**परिच्छेद–१**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण  विभागको अधिकृत सम्झनु पर्छ ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रशासनको मुख्य अभिभारा भएको श्री ५ को सरकारको अधिकृत सम्झनु पर्छ ।

(घ) "अनुज्ञापत्र (लाइसेन्स)" भन्नाले यस नियमावली बमोजिम प्रदान गरिने कुनै किसिमको अनुज्ञापत्र (लाइसेन्स) सम्झनु पर्छ ।

(ङ) "इजाजतपत्र (पर्मिट)" भन्नाले यस नियमावली बमोजिम प्रदान गरिने कुनै किसिमको इजाजतपत्र (पर्मिट) सम्झनु पर्छ ।

**परिच्छेद–२**

**राष्ट्रिय निकुञ्ज तथा आरक्ष सम्बन्धी व्यवस्था**

३. निकुञ्ज वा आरक्षभित्र संचालन गरिने सेवाः (१) ऐनको दफा ६ बमोजिमको कुनै सेवा सुविधा श्री ५ को सरकारले कसैबाट संचालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा संचालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तिमा पैंतीस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नुपर्छ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नु पर्ने कार्यालय वा अधिकृत र टेण्डर खोलिने समय समेत तोक्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वकको नभए वा सन्तोषप्रद नभएको भन्ने श्री ५ को सरकारलाई लागेमा अर्को टेण्डर माग गर्नका लागि पुनः सूचना प्रकाशित गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये श्री ५ को सरकारलाई सबैभन्दा बढी राजश्व (रोयल्टी) कबूल गर्नेको स्वीकार गर्नुपर्छ ।

तर कुनै खास अवस्थामा कम्ती राजश्व (रोयल्टी) कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सकिनेछ र त्यस्तो मा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नुपर्छ ।

(४) राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कुनै सेवा वा सुविधा संचालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा संचालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी श्री ५ को सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

४. संनियमित प्राकृतिक आरक्षमा प्रवेशः (१) काजमा खटिएका सरकारी कर्मचारी बाहेक अन्य कुनै व्यक्तिले प्रमुखको लिखित अनुमति प्राप्त नगरी संनियमित प्राकृतिक आरक्षमा प्रवेश गर्न पाउने छैन र साधारणतया त्यस्तो इजाजतपत्र (पर्मिट) वैज्ञानिक अनुसन्धानको लागि मात्र दिइनेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र प्राप्तगर्ने व्यक्तिले पालना गर्नु पर्ने शर्त र त्यस्तो इजाजतपत्र बहाल रहने अवधि सोही इजाजतपत्रमा तोकिए बमोजिमको हुनेछ ।

## परिच्छेद-३
## शिकार सम्बन्धी व्यवस्था

५. शिकार गर्न नहुनेः कुनै व्यक्तिले अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गरेर पनि देहायका अवस्थामा कुनै वन्यजन्तु वा पंक्षीहरुको शिकार गर्न हुंदैन

(क) गर्भिणी वा कलिलो बच्चा साथमा रहेको पोथी भएमा,

(ख) शिकार बन्द समयमा,

(ग) रातको समयमा

स्पष्टिकरणः यस नियमको प्रयोजनको लागि "रातको समय" भन्नाले सूर्यास्तको आधा घण्टा पछिदेखि सूर्योदय हुनुभन्दा आधा घण्टा अगाडिसम्मको समयलाई जनाउँछ ।

६. शिकार गर्न निषेध गरिएको तरिकाहरुः (१) प्रमुखको लिखित आदेश नभई कुनै पनि व्यक्तिले देहायको तरिकाबाट वन्यजन्तु वा पंक्षीको शिकार गर्न हुंदैन :-

(क) पानी पिउने घाट वा नून वा माटो चाट्ने वा आहाल बस्ने ठाउंमा ढुकेर,

(ख) कुनै किसिमको दर्जन, दामल, जाल, धराप, खोर वा पासो थापेर,

(ग) विष वा लठ्याउने औषधि खुवाएर,

(घ) विषयुक्त हातहतियार प्रयोग गरेर,

(ङ) पात बजाएर वा कृत्रिम बोलिले बोलाएर वा कुनै किसिमको बाजा वा टेपरेकर्ड बजाएर,

(च) गुंड वा मादमा ढुकी बसेर,

(छ) रांको वा बत्तीहरु देखाएर,

(ज) मचान वा जनावर झुक्याउने गरी लुक्ने ठाउँ बनाएर,

(झ) मोटर कार, जीप, ट्रक, गाडा, ट्याक्टर, हवाईजहाज, हेलिकोप्टरमा चढेर,

(ञ) शिकार गर्ने उद्देश्यले कुनै किसिमको घाँसमा वा जङ्गलमा आगो लगाएर,

(ट) कुनै वन्यजन्तुको शिकारमा कुकुरको मद्दत लिएर र पंक्षीको शिकारको हकमा घरपालुवा चराको मद्दत लिएर ।

(२) बौलाएको हात्ती वा मान्छे खाने (म्यानइटर) बाघ वा चितुवालाई मार्नु पर्दा उपनियम (१) को खण्ड (अ).......? बाहेक अन्य कुनै तरिका अपनाउन सकिनेछ ।

७. शिकार गर्दा प्रयोगमा ल्याउन नहुने हातहतियार र खरखजाना: देहाय बमोजिम शिकार गर्दा देहायको हातहतियार र खरखजाना प्रयोग गर्न पाइने छैन:-

(क) सबै किसिमको शिकार गर्दा:

(१) स्वचालित (अटोमेटिक) राइफल वा एक चोटी ट्रीगर तान्दा एकभन्दा बढी गोली एकै पटक जाने जुनसुकै किसिमको हतियार,

(२) विषयुक्त पदार्थ वा बम पड्कने खरखजाना,

(३) साइलेन्सर जडान भएको बन्दूक ।

(ख) चौघडा र सो सरहको जन्तु वा पंक्षीहरु बाहेक अन्य वन्यजन्तुको शिकार गर्दा:

(१)  २२ बोर रिम फायर राइफल,

(२) हवाई बन्दूक (एअरगन) वा कार्वोनडाईअक्साइड बन्दूक,

(३) सबै किसिमको पेस्तोल वा रिभल्वर ।

(ग) लगुना, रातो मृग, घोरल, बनेल र पंक्षीहरु बाहेक अन्य कुनै किसिमका वन्यजन्तुको शिकार गर्दा:

(१) जुनसुकै किसिमको छर्रावाल बन्दुक (शटगन),

(२) भरुवा बन्दूक,

(३) २२ बोरभन्दा सानो बोर वा सोभन्दा कम शक्तिको राइफल ।

**परिच्छेद-४**

**शिकार अनुज्ञापत्र (लाइसेन्स) र अन्य इजाजतपत्र (पर्मिट) सम्बन्धी व्यवस्था**

८. शिकार अनुज्ञापत्र (लाइसेन्स) का किसिमहरु: शिकार अनुज्ञापत्र देहाय बमोजिम चार किसिमका हुनेछन्:-

(क) जिल्ला शिकार अनुज्ञापत्र,

(ख) सामान्य शिकार अनुज्ञापत्र,

(ग) पूरक शिकार अनुज्ञापत्र,

(घ) पंक्षी शिकार अनुज्ञापत्र

९. जिल्ला शिकार अनुज्ञापत्र (लाइसेन्स): (१) जिल्ला शिकार अनुज्ञापत्र अनुसूची-१ बमोजिमको दस्तूर लिई नेपाली नागरिकलाई मात्र दिन सकिनेछ । सो अनुज्ञापत्र दश दिनसम्म बहाल रहने गरी जिल्ला वन कार्यालयले दिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा तोकिएको इलाकामा देहायका वन्यजन्तुहरु र पंक्षीहरु देहायको अधिकतम संख्यामा नबढाई वन्यजन्तुको हकमा जम्मा तीनवटासम्म र पंक्षीको हकमा जम्मा दशवटासम्म शिकार गर्न पाउनेछ ।

| वन्यजन्तु र पंक्षीहरुको नाम: | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तु र पंक्षीहरुको अधिकतम संख्या |
|---|---|---|
| (१) स्तनधारी: | | |
| (क) रातो मृग | - | १ |
| (ख) चित्तल | - | १ |
| (ग) बनेल | - | २ |
| (घ) चौघडा | - | ३ |
| (२) पंक्षीहरु: | | |
| (क) मुजूर | - | १ |
| (ख) कालिज | - | ३ |
| (ग) लुईचे | - | ५ |
| (घ) तित्रा, च्याखुरा | - | १० |
| (ङ) पानी हाँस | - | १० |

तर कुनै पनि दिनमा तीनवटा भन्दा बढी पंक्षीहरु मार्न पाइने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जिल्ला शिकार अनुज्ञापत्र एकै व्यक्तिलाई एक वर्षमा एक पटक भन्दा दिइने छैन र त्यसको म्यादभित्र शिकार गरे पनि नगरे पनि सो अनुज्ञापत्रको म्याद थप हुने छैन ।

१०. सामान्य शिकार अनुज्ञापत्र: सामान्य शिकार अनुज्ञापत्र अनुसुची-१ बमोजिमको दस्तूर लिई नेपाली र विदेशी नागरिकलाई महाभारत श्रृंखलादेखि दक्षिण सीमाक्षेत्रसम्म पन्ध्रदिन वा महाभारत श्रृंखलादेखि उत्तर सीमाक्षेत्रसम्म एक्काइस दिनसम्म बहाल रहने गरी दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा लेखिएको जिल्ला वा क्षेत्रमा देहायका वन्यजन्तुहरु र पंक्षीहरु देहायको अधिकतम संख्यामा नबढाई वन्यजन्तुको हकमा जम्मा चारवटासम्म र पंक्षीहरुको हकमा जम्मा दशवटासम्म शिकार गर्न पाउनेछ:-

| (१) वन्यजन्तुको नाम: | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तको अधिकतम संख्या |
|---|---|---|
| (क) रातो मृग | - | १ |
| (ख) चित्तल | - | २ |
| (ग) लगुना | - | १ |
| (घ) घोड गधा | - | १ |
| (ङ) बनेल | - | २ |
| (च) चौघडा | - | ४ |

| (१) पंक्षीहरुको नाम: | | शिकार गर्न पाइने प्रत्येक पंक्षीको अधिकतम संख्या |
|---|---|---|
| (क) मुजूर | - | २ |
| (ख) कालिज | - | ४ |
| (ग) लुईचे | - | १० |
| (घ) च्याखुरा र तीत्रा | - | १० |

| | | | |
|---|---|---|---|
| (ङ) | पानी हाँस र चखेवा | - | १० |
| (च) | ढुकुर, परेवा, हलेसो | - | १० |
| (छ) | बट्टाई | - | १० |
| (ज) | चाहा | - | १० |

तर कुनै पनि दिनमा चाहा र बट्टाई बाहेक अन्य पंक्षीहरु पाँच वटाभन्दा बढी मार्न पाइने छैन । चाहा र बट्टाईको हकमा एक दिनमा बढीमा दशवटासम्म शिकार गर्न सकिनेछ ।

□११. पूरक शिकार अनुज्ञापत्रः□सामान्य शिकार अनुज्ञापत्र प्राप्त व्यक्तिलाई सो अनुज्ञापत्रमा तोकिएको ठाउं र म्यादभित्र शिकार गर्ने गरी अनुसूची-१ बमोजिम लाग्ने दस्तूर बुझाएमा देहायका वन्यजन्तु देहाय बमोजिमको संख्यामा शिकार गर्न पूरक शिकार अनुज्ञापत्र दिन सकिनेछः-

| वन्यजन्तुको नामः | | | शिकार गर्न पाईने प्रत्येक वन्यजन्तुको अधिकतम संख्याः |
|---|---|---|---|
| (क) | नाउर | - | २ |
| (ख) | जरायो | - | १ |
| (ग) | चितुवा | - | १ |
| (घ) | भालु (हिमालयन बियर) | - | १ |
| (ङ) | भालु (स्थल बियर) | - | १ |
| (च) | थार | - | १ |
| (छ) | झारल | - | १ |
| (ज) | घोरल | - | १ |
| (झ) | चित्तल | - | २ |
| (ञ) | बनेल | - | २ |

१२. पंक्षी शिकार अनुज्ञापत्र (लाइसेन्स):□यो अनुज्ञापत्र शिकार खुला समय (सिजन) भरको लागि बहाल रहने गरी नेपाली र विदेशी नागरिकलाई □अनुसूची-१ बमोजिमको दस्तूर लिई दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले देहायमा लेखिएका पंक्षीहरुको हकमा एक दिनमा पाँचमा नबढाई शिकार गर्न पाउनेछ । चाहा र बट्टाईको हकमा एक दिनमा दशवटासम्म शिकार गर्न सकिनेछः

| पंक्षीहरुको नामः | | शिकार गर्न पाईने प्रत्येक पंक्षीको अधिकतम संख्याः |
|---|---|---|
| (१) | मजूर | ४ |
| (२) | कालिज | २ |
| (३) | तीत्रा | जतिसुकै पनि |
| (४) | लुईचे | जतिसुकै पनि |
| (५) | बट्टाई | " |
| (६) | पानी हांस र चखेवा | " |
| (७) | परेवा, हलेसो, ढुकुर | " |
| (८) | चाहा | " |
| (९) | च्याखुरा | " |

१३. शिकार अनुज्ञापत्र (लाइसेन्स) दिने अधिकारी :□(१) जिल्ला शिकार अनुज्ञापत्र बाहेक नियम १०, ११ र १२ बमोजिमको अनुज्ञापत्र प्रमुख वा सो कामको लागि श्री ५ को सरकारले तोकेको कुनै अधिकृतले दिन सक्नेछ ।

(२) कुनै किसिमको शिकार अनुज्ञापत्रको लागि दरखास्त दिने व्यक्तिसंग शिकार गर्न चाहेको वन्यजन्तु वा पंक्षीहरु मार्न प्रयोग गरिने हातहतियारको प्रचलित नेपाल कानून बमोजिम रीतपूर्वक इजाजतपत्र भएमा मात्र अनुज्ञापत्र दिइनेछ ।

(३) कुनै वर्ष शिकार आरक्षमा मार्न पाउने वन्यजन्तुको वार्षिक भाग (कोटा) प्रमुखले निश्चित गर्नेछ र त्यसरी निश्चित गरेको भाग (कोटा) मा नबढ्ने गरी मात्र शिकार अनुज्ञापत्र दिइनेछ ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वन्यजन्तु पंक्षीको उचित संरक्षणको निमित्त आवश्यक परेमा श्री ५ को सरकारले कुनै जिल्ला, शिकार आरक्ष वा अन्य कुनै क्षेत्रमा शिकार गर्न दिने वन्यजन्तु वा पंक्षीको संख्या घटाउन वा त्यस्तो अनुज्ञापत्र दिने काम स्थगित गर्न सक्नेछ ।

१४. अनुज्ञापत्र (लाइसेन्स) बेगर शिकारमा मद्दत गर्न नहुने: नियम १५ वा १६ बमोजिमको अनुज्ञापत्र (लाइसेन्स) प्राप्त नगरी कुनै पनि व्यक्तिले ज्याला, इनाम वा भाडा लिने गरी कुनै व्यक्तिलाई पेशेवर शिकारीको हैसियतले शिकार मा मद्दत गर्न वा शिकारी भई वन्यजन्तु वा पंक्षी देखाउन पाउने छैन ।

१५. पेशेवार शिकारी अनुज्ञापत्र: (१) नेपाल अधिराज्यको पहाडी र तराई दुवै क्षेत्रमा लामो अवधिदेखि शिकार र यात्रा अभियान दलहरुको निमित्त आवश्यक सरसामानहरु समेत व्यवस्था गर्नमा अनुभवी तथा ऐन र सो ऐन अन्तर्गत बनेको नियमहरुको जानकारी भएको व्यक्तिलाई □ अनुसूची-१ बमोजिमको दस्तूर लिई पेशेवार शिकारीको अनुज्ञापत्र दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुज्ञापत्र जारी भएको मितिले एक वर्षसम्म बहाल रहनेछ । यस किसिमको अनुज्ञापत्र लिन चाहने व्यक्तिले दरखास्त दिंदा सम्बन्धित काम गर्न सक्ने क्षमता र आफ्नो आर्थिकस्तर देखिने अन्य प्रमाणहरु पेश गर्नु पर्नेछ ।

(३) प्रमुखले आवश्यक सम्झेमा उपनियम (१) बमोजिम अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नुपर्ने थप शर्त र बन्देज तोकिदिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आत्मरक्षा वा शिकार अनुज्ञापत्र प्राप्त गर्नेले घाइते बनाएको वन्यजन्तुलाई भाग्नबाट रोक्नको लागि बाहेक अन्य कुनै अवस्थामा पनि कुनै वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

१६. शिकार गाइड अनुज्ञापत्र (लाइसेन्स):□□ (१) सम्बन्धित जिल्ला वन नियन्त्रकले देहायको आधारमा कुनै व्यक्तिलाई अनुसूची-१ बमोजिमको दस्तूर लिई शिकार गाईडको अनुज्ञापत्र दिन सक्नेछ र त्यसरी शिकार गाईडको अनुज्ञापत्र दिने अधिकारीले त्यस्तो अनुज्ञापत्रको एकप्रति प्रमुखकहां पठाउनु पर्नेछ:-

(क) दरखास्तवाला आफूले काम गर्न चाहेको क्षेत्रभित्रको वन्यजन्तु वा पंक्षी शिकारसित परिचित छ भन्ने लागेमा,

(ख) दरखास्तवाला ऐन र ऐन अन्तर्गत बनेका नियमहरुको जानकार हुनुका साथै शिकार गाईडको काम गर्न सक्षम छ भन्ने लागेमा ।

(२) उपनियम (१) बमोजिम शिकार गाईड अनुज्ञापज्ञ प्राप्त व्यक्तिले अनुज्ञापत्रमा तोकिएको जिल्ला वा जिल्लाहरुमा मात्र शिकारीहरुलाई गाईड गर्ने काम गर्न पाउनेछ ।

(३) प्रमुखले वा श्री ५ को सरकारले सो कामको लागि तोकिदिएको कुनै अधिकृतले आवश्यक देखेमा उपनियम (१) बमोजिम शिकार गाइड अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने थप शर्त र बन्देजहरु तोकिदिन सक्नेछ र यस्तो अनुज्ञापत्र प्राप्त व्यक्तिले आत्मरक्षा र शिकार अनुज्ञापत्र प्राप्त गर्नेले घाईते बनाएको वन्यजन्तुलाई भाग्नबाट रोक्नको लागि बाहेक कुनै अवस्थामा पनि कुनै वन्यजन्तुको शिकार गर्न पाउने छैन ।

१७. एकभन्दा बढी शिकार अनुज्ञापत्र (लाइसेन्स) नदिइने: कुनै पनि व्यक्तिलाई एकभन्दा बढी शिकार अनुज्ञापत्र एकैसाथ दिइने छैन ।

तर नियम ११ अनुसार पूरक शिकार अनुज्ञापत्र र नियम १२ अनुसार पंक्षी शिकार अनुज्ञापत्र लिनलाई यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

१८. अनुज्ञापत्र, वन्यजन्तु, आखेटोपहार वा हातहतियार देखाउन पर्ने: अनुज्ञापत्र प्राप्त व्यक्तिले शिकार गर्न जांदा आफूले पाएको अनुज्ञापत्र साथमा राख्नु पर्नेछ र राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष वा अन्य वन कार्यालयका कर्मचारीहरु मध्ये श्री ५ को सरकारले तोकेको दर्जासम्मको कर्मचारीले कुनै व्यक्तिको साथमा रहेको शिकार रजिष्टर, मारिएको वा पक्रिएको वन्यजन्तु वा पंक्षी आखेटोपहार वा हातहतियार हेर्न चाहेमा देखाउनु पर्नेछ ।

१९. अनुज्ञापत्र (लाईसेन्स) हस्तान्तरण नहुने: अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आफूले प्राप्त गरेको अनुज्ञापत्र कुनै पनि तरिकाबाट कसैलाई हस्तान्तरण गर्न हुंदैन ।

२०. अनुज्ञापत्र (लाईसेन्स) फिर्ता गर्नु पर्ने: कुनै अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले आफूले पाएको अनुज्ञापत्रको म्याद नाघेको पैंतीस दिनभित्र शिकार रजिष्टरको साथै त्यस्तो अनुज्ञापत्र फिर्ता गर्नु पर्नेछ । जिल्ला शिकार अनुज्ञापत्र जहांबाट प्राप्त गरिएको हो सोही ठाउंमा र अन्य किसिमका अनुज्ञापत्र (लाईसेन्स) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय वा जहांबाट प्राप्त गरिएको हो सोही ठाउंमा फिर्ता गर्नु पर्नेछ ।

२१. शिकार आरक्षमा क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र: प्रमुखले वा श्री ५ को सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले जिल्ला शिकार अनुज्ञापत्र वा सामान्य शिकार अनुज्ञापत्र प्राप्त गरेका व्यक्तिलाई शिकार आरक्षभित्र शिकार गर्न अनुसूची-१ बमोजिमको दस्तूर लिई क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र दिन सक्नेछ । नेपाली नागरिकको नाममा क्षेत्र (ब्लक) सुरक्षण गरी विदेशीलाई शिकार खेल्न दिन वा खेलाउन सहयोग गर्न समेत हुंदैन ।

२२. नमूना संकलन गर्न वा वन्यजन्तु र पंक्षीहरु पक्रन वा शिकार गर्न इजाजतपत्र लिनु पर्ने: (१) वैज्ञानिक अनुसन्धानको लागि कुनै वन्यजन्तु वा पंक्षी पक्रन वा शिकार गर्न वा अरु कुनै कीट-किटाणु माछा वा कुनै प्राकृतिक उपज संकलन गर्न चाहने व्यक्तिले प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्ति कुनै मान्यता प्राप्त अध्ययन संस्थान वा चिडियाखाना वा वैज्ञानिक अनुसन्धानशालाको अधिकारी भएमा र त्यस्तो व्यक्तिले देहाय बमोजिम गरी पक्रन वा रेखदेख गर्न सक्छ भन्ने विश्वास भएमा ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु वा पंक्षी बाहेक अरुको हकमा अनुसूची-२ बमोजिमको दस्तूर लिएर प्रमुखले सम्बन्धित वन्यजन्तु पंक्षीको शिकार गर्न वा कीट-किटाणु पक्रन इजाजतपत्र दिन सक्नेछः-

(क) दरखास्तवालाले सम्बन्धित वन्यजन्तु पंक्षी वा कीट-किटाणु पक्रने वा संकलन गर्ने कार्यको आफैं उपस्थित भई वा सो काममा दक्ष प्रतिनिधि पठाई सुपरिवेक्षण गर्ने भएमा,

(ख) सम्बन्धित वन्यजन्तु वा पंक्षी पक्रने तरिका मनासिब तथा जरुरत भन्दा बढी दुःख नदिने किसिमको भएमा,

(ग) पक्रेको वन्यजन्तु वा पंक्षीहरुको उचित रेखदेख वा ओसार-पसार गर्न सक्ने क्षमता भएमा ।

(३) उपनियम (२) बमोजिम दिइने इजाजतपत्रको म्याद साधारणतया तीन महिनाको हुनेछ । प्रमुखले मुनासिब देखेमा थप म्याद दिन सक्नेछ र यसरी म्याद थप्दा थप शर्त समेत तोक्न सक्नेछ ।

२३. वन्यजन्तु र पंक्षी पक्रने दस्तूर : नियम २२ बमोजिम वन्यजन्तु र पंक्षी वा कीट किटाणु पक्रंदा लाग्ने दस्तूर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ र त्यस्तो दस्तूर देहाय बमोजिम गरी बुझाउन सकिनेछ:

(क) लाग्ने दस्तूर पूरै वा त्यसको पचास प्रतिशत शुरुमा र पचास प्रतिशत सम्बन्धित वन्यजन्तु वा पंक्षीहरु पक्रेपछि बुझाउने गरी प्रमुखले दरखास्तवालासंग असूल उपर गर्न सक्नेछ ।

(ख) कुनै वन्यजन्तु वा पंक्षीहरु पक्रने बखतमा वा पक्री सकेपछि मर्न गएमा इजाजतपत्र प्राप्त व्यक्तिले पक्रन पाएको इजाजतपत्रको संख्यामै गिन्ती हुनेछ र तिनको निमित्त लाग्ने दस्तूर समेत बुझाउनु पर्नेछ ।

(ग) कुनै वन्यजन्तु वा पंक्षीहरु पक्रन इजाजतपत्र प्राप्त व्यक्तिले कुनै वन्यजन्तु पक्रन सकेन वा सो पक्रने सिलसिलामा कुनै वन्यजन्तु वा पंक्षी मर्न वा घाइते हुन पाएको छैन भन्ने प्रमुखलाई लागेमा इजाजतपत्र प्राप्त व्यक्तिले बुझाउनु पर्ने दस्तूरको पचहत्तर प्रतिशतसम्म रकम फिर्ता गरिदिनेछ ।

२४. अनुज्ञापत्र र इजाजतपत्रको लागि दिइने दरखास्त, त्यसको ढांचा र दस्तूर: (१) यस नियमावली बमोजिम दिइने अनुज्ञापत्र (लाइसेन्स) र इजाजतपत्र (पर्मिट) को ढांचा अनुसुची-५, ७, ९ र ११ बमोजिमको र तिनीहरु प्राप्त गर्नको लागि दिइने दरखास्तको ढांचा अनुसूची-३, ४, ६, ८ र १० बमोजिम हुनेछ । शिकार अनुज्ञापत्र र शिकार गाइड अनुज्ञापत्रको निमित्त दरखास्त दिने व्यक्तिले आफ्नो हालसालै खिचेको दुईप्रति फोटो समेत पेश गर्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम अनुज्ञापत्र (लाइसेन्स) वा इजाजतपत्र (पर्मिट) प्राप्त गर्ने व्यक्तिले अनसूची-१ बमोजिम लाग्ने दस्तूर बुझाउनु पर्नेछ ।

२५. विदेशी नागरिकलाई शिकार अनुज्ञापत्र दिने बारे: विदेशी नागरिकलाई कुनै किसिमको शिकार अनुज्ञापत्र दिंदा पेशेवार शिकारी अनुज्ञापत्र प्राप्त व्यक्तिको साथमा मात्र शिकार गर्न जान पाउने गरी शर्त तोक्न सकिनेछ ।

तर कुनै विदेशी नागरिक पेशेवार शिकारीको मद्दत बिना शिकार गर्न साधारणतया परिचित छ भन्ने कुरा अनुज्ञापत्र (लाईसेन्स) दिने अधिकारीलाई लागेमा पेशेवार शिकारी साथमा नलिएर पनि शिकार गर्न जान पाउने गरी छूट दिन सक्नेछ ।

२६. अनुज्ञापत्र निलम्वन गर्न सकिने: यस नियमावली अन्तर्गत प्रदान गरिएको अनुज्ञापत्र वा इजाजतपत्र बर्खिलाप कसूर भएकोमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारवाही गर्दा सम्बन्धित मुद्दा हेर्ने अधिकारीले श्री ५ को सरकार समक्ष जाहेर गरी निकासा भई नआएसम्म त्यस्तो कसूर गर्ने व्यक्तिले प्राप्त गरेको अनुज्ञापत्र वा इजाजतपत्रलाई निलम्बन गर्ने गरी आदेश दिन सक्नेछ ।

२७. अनुज्ञापत्रको नक्कल दिन सकिने: प्रमुख वा श्री ५ को सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले मनासिब सम्झेमा कुनै अनुज्ञापत्र वा इजाजतपत्र हराएमा वा अरु कुनै प्रकारले नष्ट भएमा अनुसूची-१ बमोजिम लाग्ने दस्तूर लिई त्यस्तो अनुज्ञापत्र वा इजाजतपत्रको प्रतिलिपि (डुप्लिकेट) दिन सक्नेछ । यस्तो प्रतिलिपि स्वरुप प्रदान गरिएको अनुज्ञापत्र (लाईसेन्स) र इजाजतपत्रको म्याद सक्कल अनुज्ञापत्र वा इजाजतपत्रको बाँकी अवधिसम्मको लागि मात्र हुनेछ ।

## परिच्छेद-५
## विविध

२८. शिकार रजिष्टर: प्रत्येक शिकार अनुज्ञापत्रको साथ एक शिकार रजिष्टर पनि हुनेछ । जसमा अनुज्ञापत्र प्राप्त व्यक्तिले शिकारको सिलसिलमा घाइते गरेको वा मारेको सबै वन्यजन्तु र पंक्षीहरुको पूर्णतया ठीक ठीक अभिलेख (रेकर्ड) राख्नु पर्नेछ जन्तु वा पंक्षीहरु मारेको बाह्र घण्टाभित्र वा शिकार आरक्ष छाड्नु अगावै नमेटिने पक्का मसीमा प्रत्येक वन्यजन्तु वा पंक्षी मारेको ठाउं, मिति, जात, भाले, पोथी (वन्यजन्तुको लागि मात्र) प्रष्ट बुझ्ने गरी अनुसुची-१२ बमोजिम शिकार रजिष्टरमा लेख्नुपर्छ ।

२९. तोकिएको किसिमको वा संख्या भन्दा बढी वन्यजन्तु मरेमा बुझाउनु पर्ने: कुनै व्यक्तिले शिकार गर्दा भवितव्य परी आफूले प्राप्त गरेको अनुज्ञापत्र बमोजिम शिकार गर्न पाउने किसिम भन्दा भिन्दै किसिमको वा शिकार गर्न पाउने संख्या भन्दा बढी संख्यामा कुनै वन्यजन्तु वा पंक्षी मर्न गएमा वा घाइते भएमा त्यस्तो घाइते वा मर्न गएको वन्यजन्तु वा पंक्षीको संख्या र किसिम आफ्नो रजिष्टरमा चढाई फेला परेका मृत वन्यजन्तु वा पंक्षीलाई सोही आरक्षमा वा नजीकको वन कार्यालयमा बुझाई दिनुपर्छ ।

□२९क बनेल पक्रने अनुज्ञापत्र : (१) राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्र बाहेक अन्य क्षेत्रबाट बनेलको बच्चा पक्रन कुनै नेपाली नागरिकले निवेदन दिएमा सम्बन्धित डि.एफ.ओ. वा प्रमुखले त्यस्तो व्यक्तिबाट प्रति बनेलको बच्चा □ एक सय रुपैयां दस्तूर लिई अनुसूची-१२ क. बमोजिमको ढांचामा अनुज्ञापत्र दिन सक्नेछ ।

(२) अनुज्ञापत्र बमोजिम पक्रने बनेल विदेश निकासी गर्न पाइने छैन ।

(३) अनुज्ञापत्र बमोजिम बनेल पक्रदा बनेल मर्न गएमा त्यसको सट्टा अर्को बनेल पक्रन पाउने छैन ।

(४) □..............

३०. आखेटोपहारको निकासी पैठारी वा व्यापार गर्न सिफारिस प्राप्त गर्नु पर्ने : (१) व्यापारिक उद्देश्यले आखेटोपहारको निकासी पैठारी गर्नको लागि श्री ५ को सरकार वन मन्त्रालयको लिखित सिफारिस प्राप्त गर्नको निमित्त दरखास्त दिंदा आखेटोपहार सम्बन्धी कानूनी स्वामित्वको निस्सा वा त्यस्तो आखेटोपहार पैठारी गरिने मुलुकको सम्बन्धित कम्पनी, संस्था वा व्यक्तिको नाँउ र सो सम्बन्धमा आदान प्रदान भएको कागजातको नक्कल समेत पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिसको माग गर्ने व्यक्ति व्यापारको लागि आखेटोपहारको निकासी पैठारी गर्न सक्ने देखिएमा अनसूची-१ बमोजिम लाग्ने दस्तूर लिई श्री ५ को सरकार वन मन्त्रालयबाट अनुसूची-१३ बमोजिमको सिफारिस पत्र दिइने छ ।

३१. निकासी पैठारी गर्ने बाटो तोक्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको भन्सारको बाटोबाट मात्र आखेटोपहारका निकासी पैठारी गर्न पाउने गरी तोकिदिन सक्नेछ र त्यसरी तोकिएकोमा आखेटोपहार निकासी पैठारी गर्न इजाजत प्राप्त व्यक्तिले सोही भन्सारबाट मात्र आखेटोपहार निकासी पैठारी गर्ने गर्नुपर्छ ।

३२. आखेटोपहारको हस्तान्तरण : ऐनको दफा १९ बमोजिम कुने व्यक्तिले आफूसित भएको कुनै आखेटोपहार बिक्री वा सट्टा पट्टा वा अन्य कुनै प्रकारको हक छाडि दिंदा त्यस्तो आखेटोपहार सम्बन्धी स्वामित्वको निस्सा समेत त्यस्तो आखेटोपहार लिने व्यक्तिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

□३३. कानूनी स्वामित्वको निस्सा : ऐनको दफा १८ को उपदफा (१) बमोजिम आखेटोपहारको निस्सा लिनु पर्ने व्यक्तिले ऐन लागू हुनभन्दा अगावै आखेटोपहार प्राप्त गरेको हो भन्ने प्रमाणसाथ □ २०३६ साल पौष मसान्तसम्म

अनुसूची-१४ बमोजिमको ढांचामा उपनियम (२) बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिई त्यस्तो आखेटोपहारको कानूनी निस्सा लिई राख्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम आखेटोपहारको निस्सा दिने अधिकारी देहायको क्षेत्रको लागि देहायको अधिकृत हुनेछः-

(क) काठमाडौं उपत्यकाभित्रको जिल्लाको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालयको प्रमुख,

(ख) अन्य जिल्लाहरुको लागि सम्बन्धित क्षेत्रको कन्जरभेटर वा डी.एफ.ओ.,

(ग) कुनै पनि कन्जरभेटर वा डी.एफ.ओ. को अधिकार क्षेत्रभित्र नपर्ने जिल्लाहरुको लागि सम्बन्धित जिल्लाका अधिकारी ।

(३) ऐनको दफा १७ को उपदफा (२) तथा दफा १८ को उपदफा (१) बमोजिमको निस्सा अनुसूची-१५ बमोजिमको ढांचामा दिइनेछ ।

(४) उपनियम (३) बमोजिमको कानूनी स्वामित्वको निस्सा दिने अधिकार प्राप्त अधिकारीले सबै आखेटो पहारमा आफ्नो कार्यालयको निस्सा लगाई दिनुपर्छ र त्यस्तो छाप वा निस्साको विवरण कानूनी स्वामित्वको निस्सामा समेत उल्लेख गरी दिनुपर्छ ।

३४. घाइते भएका वन्यजन्तु पनि शिकार गर्ने संख्यामा गिन्ती गरिनेः अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले शिकार गर्दा वन्यजन्तुलाई घाइते तुल्याएमा यथाशीघ्र त्यसलाई पत्ता लगाई मार्नुपर्छ र त्यसरी घाइते भएको वन्यजन्तुको विवरण आफ्नो शिकार रजिष्टरमा चढाउनु पर्छ ।

तर घाइते भएको वन्यजन्तु पत्ता लगाउन नसके पनि अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले शिकार गर्न पाउने वन्यजन्तुमा गिन्ती गरिनेछ ।

३५. सूचना गर्नु पर्नेः (१) कसैले शिकार गर्दा कुनै हिंस्रक वन्यजन्तुलाई घाइतेसम्म तुल्याई मार्न नसकेमा त्यस्तो वन्यजन्तुको किसिम र अरु कुनै विवरण भए सो सहित खुलाई यथाशीघ्र □सोही आरक्ष वा वन कार्यालयले पनि वरपरका सबै गाँउ बजारका वासिन्दालाई सतर्क रहन सूचित गरि दिनुपर्छ ।

(२) ऐनको दफा २१ बमोजिम आफू वा अरु कुनै व्यक्ति वा घरपालुवा कुनै जनावरको बचावटको लागि कसैले हातहतियार प्रयोग गर्दा कुनै वन्यजन्तु मर्न गएमा वा घाइते गएमा वा भएमा त्यसको सूचना बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र राष्ट्रिय निकुञ्ज वा आरक्ष वा वन कार्यालय रहेको जिल्ला □ नजिकको कुनै त्यस्तो कार्यालयको प्रमुखलाई दिनु पर्छ ।

३६. कुनै वन्यजन्तु वा पंक्षीलाई हानिकारक घोषित गर्न सकिनेः यस नियमावलीमा यस अघि जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकार वन तथा भू-संरक्षण मन्त्रालयले कुनै खास क्षेत्रमा कुनै खास समयको लागि ऐनको अनुसूची-१ मा उल्लिखित वन्यजन्तु वा पंक्षी बाहेक अन्य कुनै वन्यजन्तु वा पंक्षीलाई नेपाल राजपत्रमा प्रकाशित गरी कृषिको निमित्त हानिकारक घोषित गर्न सक्नेछ र त्यसरी हानिकारक घोषित गरिएका वन्यजन्तु वा पंक्षीलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारीमा, बिना अनुज्ञापत्र पनि धपाउन, लखेट्न, पक्रन वा मार्न सकिनेछ ।

३७. अनुसूचीमा संशोधन गर्न सकिने : श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

□३८. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको संरक्षकलाई र अन्य क्षेत्रको लागि सम्बन्धित जिल्ला वन नियन्त्रकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको सहायक संरक्षक (असिष्टेण्ट वार्डेन) र निज नरहेकोमा इलाका वन संरक्षकलाई हुनेछः-

(क) विना ईजाजत राष्ट्रिय निकुञ्ज वा आरक्षमा प्रवेश गरेमा,

(ख) मारिएको, समातिएको वा घाईते तुल्याएको वन्यजन्तुलाई शिकार रजिष्टरमा नचढाएमा,

(ग) अनुज्ञापत्र साथमा नराखी शिकार खेलेमा,

(घ) क्याम्प गर्न तोकिएको ठाउंमा भन्दा अन्यत्र क्याम्प खडा गरेमा,

(ङ) शिकार अनुज्ञापत्रमा तोकिएको कुनै शर्त उल्लंघन गरेमा,

(च) राष्ट्रिय निकुञ्ज वा आरक्ष भित्रको पाँच सय रुपैयांसम्म मोल पर्ने रुख विरुवा वा अन्य कुनै वन पैदावार काटेमा वा ढालेमा वा अन्य प्रकारले क्षतिग्रस्त गरेमा ।

३९. खारेजी : शिकार नियमावली, २०२६ खारेज गरिएको छ ।

टिप्पणी :- १. छिन्न बाँकी मुद्दाहरु सर्ने : यो नियमावली प्रारम्भ हुंदाका बखत मूल नियमावली अन्तर्गत कन्जरभेटर तथा प्रमुख जिल्ला अधिकारी समक्ष दायर भई छिन्न बाँकी रहेका मुद्दाहरु यो नियमावली प्रारम्भ भएपछि सम्बन्धित डी.एफ.ओ. समक्ष सर्नेछन् । (दोस्रो संशोधनको नियम ६ अनुसार)

२. रुपान्तर : तेस्रो संशोधनद्वारा मूल नियमावलीमा प्रयोग गरिएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "वन मन्त्रालय" को सट्टा "वन तथा भू-संरक्षण मन्त्रालय" ।

(ख) "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय" को सट्टा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग" ।

(ग) "डि.एफ.ओ." को सट्टा "जिल्ला वन निरीक्षक" ।

(घ) "रेन्जर" को सट्टा "इलाका वन संरक्षक" ।

## अनुसूची-१□

(नियम ९ को उपनियम (१), १०, ११, १२, १५, १६, २१ र २४ संग सम्बन्धित) दस्तुर

| क.सं. | अनुज्ञापत्र/इजाजतपत्रको नाम | नेपाली नागरिक | अन्य विदेशी नागरिक |
|---|---|---|---|
| १. | जिल्ला शिकार अनुज्ञापत्र | रु. २,०००।- | |
| २. | सामान्य शिकार अनुज्ञापत्र | रु. २,५००।- | २५,०००।- |
| ३. | पंक्षी शिकार अनुज्ञापत्र | रु. १,०००।- | ५,०००।- |
| ४. | पुरक शिकार अनुज्ञापत्र | | |

| वन्यजन्तुको नाम: | प्रति वन्यजन्तु दस्तुर | |
|---|---|---|
| (क) चितुवा | रु. ५,०००।- | ३०,०००।- |
| (ख) नाउर | रु. ५,०००।- | ४०,०००।- |
| (ग) भालु | रु. ४,०००।- | ३०,०००।- |
| (घ) जरायो | रु. ७,०००।- | २५,०००।- |
| (ङ) घोरल | रु. ३,०००।- | २०,०००।- |
| (च) थार | रु. १,०००।- | २०,०००।- |
| (छ) झारल | रु. ३,०००।- | २०,०००।- |
| (ज) चित्तल | रु. १,५००।- | ५,०००।- |
| (झ) बँदेल | रु. १,०००।- | १,०००।- |
| (ञ) घोडगधा | रु. ७,०००।- | २५,०००।- |

(ट) सामान्य शिकार अनुज्ञापत्रमा भएका वन्यजन्तु थप प्रत्येकको रु. १,०००।- ५,०००।-

| | | | |
|---|---|---|---|
| ५. | पेशेवार शिकारी अनुज्ञापत्रमा (५ वर्षको लागि मात्र) | रु. २५,०००।- | १,००,०००।- |
| ६. | शिकार गाईड अनुज्ञापत्र | रु. १,०००।- | |
| ७. | शिकार आरक्षमा क्षेत्र (ब्लक) सुरक्षण इजाजत (शिकारी क्षेत्र सुरक्षण गर्न प्रति शिकार प्रति हप्ता) | रु. ३,०००।- | ५,०००।- |
| ८. | आखेटोपहारको कानूनी स्वामित्वको प्रमाणपत्र | रु. १००।- | ५००।- |
| ९. | अनुज्ञापत्र नक्कल | रु. १००।- | ५००।- |
| १०. | विविध सिफारिस पत्र दस्तूर | रु. ५००।- | १,०००।- |
| ११. | ………………. | | |

**अनुसूची-२**

(नियम २२ संग सम्बन्धित)

वैज्ञानिक अनुसन्धानको लागि वन्यजन्तु वा पंक्षीहरु पक्रन र संकलन गर्न

(संरक्षित ईन्डेन्जर्स सूचीमा नपरेका मात्र)

**इजाजतपत्र बापतको दस्तूर**

| (क) स्तनधारी वन्यजन्तु | प्रति वन्यजन्तुको दस्तूर | |
|---|---|---|
| १. चितुवा | रु. | ३०,०००।- |
| २. भालु (स्थल, हिमाली) | रु. | ३०,०००।- |
| ३. नाउर | रु. | ४०,०००।- |
| ४. जरायो, घोडगधा | रु. | २५,०००।- |
| ५. झारल, थार, घोरल | रु. | २०,०००।- |

| | | |
|---|---|---|
| ६. रातो बांदर | रु. | ५,०००।- |
| ७. जंगली कुकुर | रु. | ३,०००।- |
| ८. सबै किसिमका वन बिरालाहरु (संरक्षित वन्यजन्तुको अनुसूचीमा नपरेका मात्र) | रु. | २,०००।- |
| ९. चित्तल | रु. | ५,०००।- |
| १०. लगुना, रातो मृग | रु. | २,०००।- |
| ११. ढेडु (लंगुर) बांदर | रु. | २,०००।- |
| १२. स्याल, फ्याउरो | रु. | २,०००।- |
| १३. बँदेल | रु. | १,०००।- |
| १४. ओत, रतेल | रु. | २,०००।- |
| १५. मार्टिन (मलसाप्रो) मारकोट, लिजेल हेलजग व्याजर | रु. | १,०००।- |
| १६. चमेरो | रु. | ५००।- |
| १७. उड्ने लोखर्के र ठूलो लोखर्के (फलाईङ्ग र जाइण्ट स्कोरेल) | रु. | २,०००।- |
| १८. अन्य लोखर्के | रु. | ५००।- |
| १९. खरायो, मुसे खरायो | रु. | २००।- |
| २०. न्याउरी मुसा | रु. | २००।- |
| २१. दुम्सी | रु. | २००।- |
| २२. छुचुन्द्रो, मोल भोल | रु. | १००।- |
| २३. मुसा | रु. | ५०।- |

(ख) पंक्षीहरु (फुलसमेत)

| | | |
|---|---|---|
| १. ठूलो बाज (शाही बाज) | रु. | ५,०००।- |
| २. सारस, कारङकुरुङ र गरुड सारस | रु . | २,०००।- |
| ३. चिल, गिद्द र ठूलो शिकारी पंक्षी | रु. | १,०००।- |
| ४. ठूलो लाटोकोसेरो, माछा मार्ने लाटोकोसेरो | रु. | १,०००।- |
| ५. चिलिमे कालिज, कालिज कोकलास र ठूलो हाँस | रु. | ५००।- |
| ६. धनेश | रु. | ५००।- |
| ७. सानोबाज, सानो शिकारी पंक्षी लुईचे र तित्रा | रु. | ५००।- |
| ८. च्याखुरा, हाँस, चखेवा र मैना | रु. | ५००।- |
| ९. अन्य लाटोकोसेरा | रु. | ५००।- |
| १०. परेवा, मलेवा, ढुकुर, जुरेली चरा र बट्टाई | रु. | १००।- |

| | | |
|---|---|---|
| ११. सेकल्स, रानी चरी, कुथुर्के, बुङगे चरा, फलावर पर्कस, सनवर्ड | रु. | १००।- |
| १२. लाहाँचे काठफोडुवा, कोईली, कुक्कु | रु. | १००।- |
| १३. सुगा | रु. | १००।- |
| १४. अन्य पंक्षीहरु (प्यामराइन) | रु. | १००।- |

(ग) रेप्टाईल्स (घस्रिने जन्तु) माछा तथा कीराहरुः

| | | |
|---|---|---|
| १. मगर गोही | रु. | ५,०००।- |
| २. मगर गोहीको फुल | रु. | १,०००।- |
| ३. कछुवा | रु. | २,०००।- |
| ४. कछुवाको फुल | रु. | ५००।- |
| ५. अन्य सर्पजाति | रु. | १००।- |
| ६. छेपारो | रु. | १००।- |
| ७. भ्यागुतो | रु. | २५।- |
| ८. माछा (५ इन्च र सोभन्दा लामो) | रु. | ५०।- |
| ९. माछा (५ इन्च भन्दा छोटो) | रु. | २५।- |
| १०. पुतली | रु. | २५।- |
| ११. अरु कीरा फटेंग्रा | रु. | १।- |

द्रष्टव्यः

साधारणतया शिकार लाइसेन्स नदिइने वन्यजन्तु, चितुवा, भालु, जरायो, घोरल, थार, घोडगधा ।

## अनुसूची-३

(नियम २४ संग सम्बन्धित)

### जिल्ला शिकार अनुज्ञापत्रको दरखास्त फाराम

श्री.................

..................कार्यालय..................जिल्ला.......................... अञ्चल

१. ..............जिल्लाको..........ब्लक................मा शिकार गर्नको लागि जिल्ला शिकार अनज्ञापत्र पाउ ।

विवरण

२. शिकार गर्न चाहेको वन्यजन्तु तथा पंक्षीहरुको नाम र संख्याः

| | नाम | संख्या |
|---|---|---|
| (क) | ......................... | ......................... |
| (ख) | ......................... | ......................... |
| (ग) | ......................... | ......................... |
| (घ) | ......................... | ......................... |
| (ङ) | ......................... | ......................... |

३. शिकार गर्दा प्रयोग गर्ने हातहतियारको विवरणः

(क) हातहतियारको किसिम, बोर र कम्पनी ................................................................. ..

(ख) हातहतियारको इजाजतपत्र (लाइसेन्स) दिने कार्यालयको नामः.........................................

(ग) इजाजतपत्र (लाइसेन्स) को नं. ..........................

दरखास्त गर्ने व्यक्तिको सही..........

नाम, थरः....................

ठेगाना (स्थायी)...............

अस्थायी......................

मितिः................. नागरिकता......................

**अनुसूची–४**

(नियम २४ संग सम्बन्धित)

**शिकार अनुज्ञापत्र (लाइसेन्स दरखास्त फाराम)**

श्री.............................

.............................कार्यालय ।

१. .................जिल्ला/अञ्चल/वन कार्यालय/शिकार आरक्ष अन्तर्गतको क्षेत्र ब्लकमा शिकार गर्नको लागि...........शिकार अनुज्ञापत्र (लाइसेन्स) पाउ ।

२. शिकार गर्न चाहेको वन्यजन्तुको नाम र संख्या (पूरक शिकार अनुज्ञापत्रको निमित्त)

विवरण

| वन्यजन्तुको नामः | शिकार गर्न चाहेको संख्या |
|---|---|
| (क) ......................... | .......................... |
| (ख) ......................... | .......................... |
| (ग) ......................... | .......................... |

३. हातहतियारको विवरणः

(क) हातहतियारको किसिम, बोर, कम्पनी.....................

(ख) हातहतियारको इजाजतपत्र (लाइसेन्स) नं. ........ दिने कार्यालय...........

४. शिकार क्षेत्रमा लगिने हात्ति, घोडा, खच्चर, गधा, बैलगाडा, मोटर तथा अन्य सवारीको संख्या र नम्बर.....................

५. क्याम्प बनाउन चाहेको स्थान.....................................

६. योभन्दा अगाडि मिति.............मा कार्यालयबाट........... नम्बरको............अनुज्ञापत्र (लाइसेन्स) प्राप्त गरेको छु । थिए ।

दरखास्त गर्ने व्यक्तिको सही.........

नाम, थरः...............................

नागरिकता................................

ठेगाना..................................

स्थायी...................................

मितिः................. अस्थायी................................

**अनुसूची-५**

(नियम २४ संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
............कार्यालय

**शिकार अनुज्ञापत्र**

अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको फोटो

१. अनुज्ञापत्र (लाइसेन्स) नं. ...............
२. अनुज्ञापत्र (लाइसेन्स) को किसिम............
३. (क) अनुज्ञापत्र (लाइसेन्स प्राप्त गर्ने व्यक्तिको नाम, थर................
(ख) ठेगाना- स्थायी..........
अस्थायी.........
(ग) नागरिकता...................
४. मार्न सकिने वन्यजन्तु र पंक्षीको नाम संख्या कैफियत
१
२
३
५. अनुज्ञापत्र (लाइसेन्स) बहाल रहने अवधि........देखि.......... सम्म
६. शिकार गरिने क्षेत्र...................ब्लक....................
७. हातहतियारको किसिम, बोर र कम्पनी..........इजाजतपत्र (लाइसेन्स नं. .................
८. शिकार गर्दा प्रयोग गरिने सवारीको किसिम र संख्या........
नम्बर (सवारीको)...............
९. साथमा जाने व्यक्तिको नाम वा संख्या..................
(क)
(ख)
१०. अनुज्ञापत्र (लाइसेन्स) वापत प्राप्त भएको दस्तूर............
११. वन्यजन्तु वापत प्राप्त भएको दस्तूर (पुरक शिकार अनुज्ञापत्रको लागि).................

| | |
|---|---|
| अनुज्ञापत्र पाउने | अनुज्ञापत्र दिने |
| व्यक्तिको सही................ | अधिकारीको सही ............................... |
| | नाम.......................... |
| | दर्जा.......................... |
| मिति..................... | मिति......................... |

द्रष्टव्यः- अनुज्ञापत्र प्राप्त व्यक्तिले ऐन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को अधिनमा रही शिकार गर्नु पर्नेछ।

**अनुसूची-६**

(नियम १५ र १६ संग सम्बन्धित)

**पेशेवार शिकारी/शिकारी गाईड अनुज्ञापत्रको दरखास्तको फाराम**

श्री.............................

.......................कार्यालय.............

जिल्ला...........अञ्चल.....................

विषयः- **पेशवार शिकारी/शिकारी गाईड अनुज्ञापत्र सम्बन्धमा ।**

विवरण

(पेशेवार शिकारीको निमित्त मात्र)

अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको फोटो

(१) अनुभव.................................

(२) कार्य सम्बन्धित क्षमताको प्रमाण...........................

(३) आर्थिक स्रोत देखिने प्रमाण.................................

(शिकार गाईडको निमित्त मात्र)

(१) काम गर्न खोजेको क्षेत्र.........................

(२) गाईडको काम गर्न सक्ने क्षमता सम्बन्धित प्रमाण...........

दरखास्त गर्ने व्यक्तिको सही...............................

नाम, थर..........................

ठेगाना/स्थायी................

अस्थायी................

मितिः- नागरिकता......................

**अनुसूची-७**

(नियम १५ र १६ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

...........कार्यालय

अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको फोटो

**पेशेवार शिकारी, शिकारी गाईड अनुज्ञापत्र**

अनुज्ञापत्र नं...................

यो पेशेवार शिकारी/शिकार गाईडको अनुज्ञापत्र........... बस्ने.................लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० अनुसार पेशेवार शिकारी/शिकार गाईडको काम........................जिल्ला । क्षेत्रमा गर्न पाउने गरी प्रदान गरिएको छ ।

अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको सही अनुज्ञापत्र दिने अधिकारीको सही ..................................

नाम..............................

दर्जा..............................

मिति................................ मिति............................

## अनुसूची–८

(नियम २४ संग सम्बन्धित)

**शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्रको दरखास्त फाराम**

श्री………………

………………कार्यालय………………

जिल्ला………………अञ्चल……………….

विषयः- **शिकार आरक्षमा शिकार गर्ने इजाजत पत्र सम्बन्धमा ।**

………………शिकार आरक्षको ब्लक/क्षेत्र………… मा शिकार गर्न शिकार आरक्ष इजाजतपत्र (पर्मिट) पाउ ।

अन्य विवरणः

(क) शिकार अनुज्ञापत्रको किसिम……………

(ख) शिकार अनुज्ञापत्र प्रदान गर्ने कार्यालय…………….

(ग) शिकार अनुज्ञापत्रको बहाल रहने अवधि…………………… देखि …………………सम्म

शिकार गर्न चाहेको वन्यजन्तु र पंक्षीको किसिम    संख्या

(क) वन्यजन्तु………………    दरखास्त गर्ने व्यक्तिको सही……………………………

नाम, थर…………………

ठेगाना । स्थायी…………

अस्थायी………

मितिः……………    नागरिकता…………….

## अनुसूची–९

(नियम २१ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

………..कार्यालय

**शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र**

इजाजतपत्र नं. …………

यो शिकार आरक्षमा शिकार गर्ने इजाजतपत्र………मितिमा ………..बाट प्राप्त……..नं. को ……..शिकार अनुज्ञापत्र पाउने …………बस्ने …………लाई ………..शिकार आरक्षको…………. ब्लकमा ……………देखि ………..मिति सम्म निम्न लेखिएको किसिम र संख्याको वन्यजन्तु वा पंक्षीहरु शिकार गर्न प्रदान गरिएको छ ।

वन्यजन्तु वा पंक्षीहरुको किसिम    संख्या

(क)

(ख)

(ग)

इजाजतपत्र प्राप्त गर्ने व्यक्तिको सही    इजाजतपत्र दिने अधिकृतको सही

……………………………………    ……………………………………

नाम……………………………

दर्जा……………………………

मिति…………………………    मिति……………………………

**अनुसूची-१०**

(नियम २२ संग सम्बन्धित)

वैज्ञानिक नमूनाहरु सङ्कलन गर्न वा वन्यजन्तु वा पंक्षी पक्रने इजाजतपत्रको निमित्ति

**दरखास्त फाराम**

श्री......................

.................................

वन्यजन्तु वा पंक्षी पक्रन वा शिकार गर्ने । कीट-किटाणु, माछा वा कुनै प्राकृतिक उपज सङ्कलन गर्ने इजाजतपत्रको निमित्त तल लेखिएको व्यहोरा खुलाई दरखास्त गर्न आएको छ ।

१. दरखास्तवालाको पूरा नाम, थर................

२. ठेगानाः- (क) स्थायी...............

(ख) अस्थायी.............

३. नागरिकता......................

४. वन्यजन्तु, पंक्षी, कीट-किटाणु वा प्राकृतिक उपज पक्रन शिकार गर्न वा सङ्कलन गर्नु परेको कारण.............

५. वन्यजन्तु, पंक्षी, कीट-किटाणु, माछा वा प्राकृतिक उपज कुनै मान्यता प्राप्त चिडियाखाना वा वैज्ञानिक संस्थाको निमित्त पक्रने वा सङ्कलन गर्ने भए त्यसको नाम, ठेगाना.............

६. पक्रने, सङ्कलन गर्ने आदिको उद्देश्य................

७. वन्यजन्तु वा पंक्षी पक्रने सम्बन्धमा प्राप्त गरेको अनुभवको छोटकरी विवरण...............ठेगाना.............

**अनुसूची-११**

(नियम २४ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

.............कार्यालय

**वैज्ञानिक नमूनाहरु संकलन गर्ने/वन्यजन्तु पक्रने इजाजत पत्र**

इजाजत पत्र नं........

यो इजाजत पत्र.....................वस्ने.................................... लाई निम्न लेखिए बमोजिम किसिम, संख्या वा परिमाणमा तल देखिएको ठाउंबाट शिकार गर्न/पक्रन संकलन गर्न प्रदान गरिएको छ ।

पंक्षी/कीट-किटाणु/माछा/प्राकृतिक उपजको विस्तृत विवरण

| जात वा किसिम | संख्या वा परिमाण | शिकार गर्ने ठाउं वा क्षेत्र | पक्रने | संकलन गर्न पाउने |
|---|---|---|---|---|
| | | | | |

यो इजाजत पत्र .................. मिति /अवधिसम्मको लागि प्रदान गरिएको छ ।

शर्तहरु (कुनै भए):-

इजाजत पत्र प्राप्त गर्ने व्यक्तिको सही

.........................................

मितिः ................................

इजाजत पत्र दिने अधिकृतको सही

............................................

नामः ................................

दर्जाः .............................

मितिः ................................

## अनुसूची-१२

(नियम २८ संग सम्बन्धित)

**शिकार रजिष्टर**

| मिति | शिकार गरेको स्थान | वन्यजन्तु वा पंक्षीको नाम र किसिम | | भाले | पोथी | निरीक्षण गर्ने कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | मारेको | घाइते भएको | | | | |
| | | | | | | | |
| | | | | | | | |

म..................बस्ने.............ले माथि उल्लिखित किसिम र संख्याको वन्यजन्तु वा पंक्षीहरु शिकार गरेको ठीक सांचो छ। नियम २८ अनुसार यो शिकार रजिष्टर भरी पेश गरेको छु झुट्ठा ठहरे ऐन बमोजिम सजायं सहुंला।

शिकार गर्ने व्यक्तिको सही..................
शिकार अनुज्ञापत्रको विवरण...............
अनुज्ञापत्रको किसिम र नं. .................
अनुज्ञापत्र प्रदान गर्ने कार्यालय.............
मिति................ अनुज्ञापत्र बहाल रहने अवधि............

## □अनुसूची-१२ क.

(नियम २९क. संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

..........कार्यालय........

**बनेल पक्रने अनुज्ञापत्र**

अनुज्ञापत्र नं. ........

बनेलको बच्चा पक्रन ............बस्ने...................लाई अनुज्ञापत्र प्रदान गरिएको छ।

१. पक्रने बनेलको बच्चाको संख्याः-
२. बनेल पक्रने ठाउं वा क्षेत्रः-
३. बनेल पक्रन पाउने अवधिः-
४. अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिको
सहीः-
ठेगानाः- स्थायी..................
अस्थायीः.................

मितिः- अनुज्ञापत्र दिने अधिकृतको-
सहीः-......................
नामः-......................
दर्जाः-......................
मितिः-.....................

**अनुसूची–१३**

(नियम ३० संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

**आखेटोपहार निकासी पैठारी व्यापार गर्नको लागि गरिएको सिफारिस पत्र**

सिफारिस पत्र पाउनेको नाम, थर……………… सि.नं…………….

ठेगानाः- (क) स्थायी (ख) अस्थायी

उपरोक्त व्यक्ति आखेटोपहारको निकासी पैठारी व्यापार गर्न सक्षम देखिएकोले यो सिफारिस पत्र दिइएको छ।

सिफारिस पत्र बुझ्नी लिनेको सही सिफारिस गर्ने अधिकृतको सही

…………………………………… ………………………………

नामः………………………

दर्जाः………………………

मिति…………………………… मितिः………………………

□**अनुसूची–१४**

(नियम ३३ को उपनियम (१) संग सम्बन्धित)

**कानूनी स्वामित्वको निस्साको लागि दिनुपर्ने दरखास्तको ढांचा**

श्री……………………

……………..कार्यालय

जिल्ला………….अञ्चल…………….

विषयः **कानूनी स्वामित्वको निस्सा पाउं।**

ऐनको दफा १८ बमोजिम मेरो साथमा भएको निम्न विवरण बमोजिमको आखेटोपहार राख्ने निस्सा पाउँ।

विवरण

| आखेटोपहारको किसिम | संख्या | प्राप्त गरेको मिति | कैफियत |
|---|---|---|---|
| | | | |

दरखास्त दिनेको सहीः…………………

नाम, थर……………………………

ठेगानाः- स्थायी……………………

अस्थायी…………………

मितिः- नागरिकता…………………………

**अनुसूची-१५**

(नियम ३३ को उपनियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

.................कार्यालय

**कानूनी स्वामित्वको निस्सा**

सि.नं.

.....................बस्ने श्री....................................लाई......................................कार्यालयबाट प्राप्त गरेको अनुज्ञापत्र नं. .............बमोजिम शिकार गरी प्राप्त गरेको आङ्नो साथमा रहेको देहायको विवरण आखेटोपहार राख्न पाउने गरी कानूनी स्वामित्वको निस्सा प्रदान गरिएको छ ।

| आखेटोपहारको छोटकरी विवरण | ओखेटोपहारको किसिम | संख्या वा परिमाण | निस्साको नमूना |
|---|---|---|---|
| | | | |

निस्सा बुझलिनेको सहीः.........

मितिः-.............................

निस्सा प्रदान गर्ने अधिकारीको सही

नाम, थर................................

दर्जा .......................

मितिः- .............................

# वन्यजन्तु आरक्ष नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति २०३४।४।२४

संशोधनः वन्यजन्तु आरक्ष (पहिलो संशोधन) नियमावली, २०४२ २०४२।६।२१

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "वन्यजन्तु आरक्ष नियमावली, २०३४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "आरक्ष" भन्नाले ऐन अन्तर्गत घोषित वन्यजन्तु आरक्ष सम्झनु पर्छ ।

(ग) "संरक्षक" भन्नाले आरक्षको मुख्य अधिकृत सम्झनु पर्छ ।

(घ) "सहायक संरक्षक" भन्नाले आरक्षको सहायक संरक्षक (असिस्टेन्ट वार्डेन) सम्झनु पर्छ ।

३. आरक्षको सिमानाः आरक्षको सिमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिए बमोजिम हुनेछ ।

४. आरक्षभित्र प्रवेशः (१) आरक्षभित्र प्रवेश गर्न चाहने वा आरक्षभित्र क्याम्पिङ्ग गर्न (बास बस्न) चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर बुझाई अनुसूची-२ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम १९ बमोजिम बाटोको सुविधा प्रयोग गर्ने व्यक्तिले आरक्षको सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई आरक्षभित्रबाट हिंडेकोमा कुनै दस्तूर लाग्ने छैन ।

(३) आरक्षको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण वा अन्य कुनै संस्थाको टोलीलाई संरक्षकले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।

५. आरक्षमा प्रवेश आफनै दायित्वमा हुनेः अनुमति लिई वा नलिई आरक्षभित्र प्रवेश गर्ने व्यक्तिलाई आरक्षभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोट पटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुने छैन ।

६. आरक्षभित्र निषिद्ध कार्यहरुः कुनै पनि व्यक्तिले संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति नलिई आरक्षभित्र देहायका काम गर्न पाउने छैनः-

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु बनौट बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, वनस्पति सफा गर्न, नोक्सानी पुर्‍याउन, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, वनस्पति सफा गर्न, नोक्सानी पुर्‍याउन आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घरपालुवा जीवजन्तु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,

(ङ) रुख विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा वन पैदावारमा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(च) कुनै स्थानमा रात बिताउन वा क्याम्प गर्न वा आगो बाल्न,

(छ) ढुङ्गा, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(ज) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु लैजान,

(झ) आरक्षभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानीकारक वा विष्फोटक पदार्थहरु प्रयोग गर्न ।

७. साथमा राख्न वा लैजान नपाइने वस्तुहरुः संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति विना कुनै व्यक्तिले आरक्षभित्र प्रवेश गर्दा वा रहँदा वा नियम १९ अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैनः-

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने वा गोली चलाउने जुनसुकै हातहतियार, खारखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

□८. क्षति पुऱ्याउन नहुनेः (१) आरक्षको सीमानाभित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै प्रकारबाट आरक्षभित्रको वनस्पति, झारपात वा अन्य कुनै चिज वस्तुलाई क्षति पुऱ्याउन हुंदैन ।

(२)आरक्षभित्रको बाटो, पुल, मचान, घर, कार्यालय भवन, तारबार, चिन्हपट वा अन्य कुनै चिज वस्तुलाई क्षति पुऱ्याउन हुंदैन ।

९. वन्यजन्तु वा पंक्षी शिकार गर्न र पंक्षी वा कीट किटाणुको फूल, गुंड वा गोला बिगार्न नहुनेः ऐन अन्तर्गत इजाजतपत्र प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षक भए संरक्षकको, संरक्षक नभए सहायक संरक्षकको र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले आरक्षभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु, पंक्षी वा कीट किटाणुलाई मार्न, पक्रन वा चोट पटक पुऱ्याउन वा कुनै पनि पंक्षी वा कीट किटाणुको फूल, गुंड वा गोला हटाउन, बिगार्न वा खल्वल्याउन हुंदैन ।

□१०. अनुमतिपत्र नलिई माछा मार्न नपाईनेः संरक्षकले तोकिदिएको शर्त पालना गर्ने गरी अनुसूची-१ बमोजिम दस्तूर बुझाई अनुसूची-३ बमोजिम अनुमतिपत्र नलिई आरक्षभित्र रहेको खोला वा पोखरीमा माछा वा अन्य कुनै जलचर मार्न पाईने छैन ।

११. श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेः कसैले आरक्षभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१२. विज्ञापन टाँस्न वा राख्न नपाईनेः सरकारी काममा प्रयोग हुने बाहेक आरक्षभित्र कुनै व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँस्न वा राख्न पाउने छैन ।

१३. बाजा बजाउन नपाइने: आरक्षभित्रका सरकारी कार्यालय भवन र अन्य यस्तै स्थानमा बाहेक अन्यत्र रेडियो, टेपरेकर्ड वा बाजाहरु बजाउन पाइने छैन ।

१४. फोहर मैलो गर्न नपाईने: कुनै पनि व्यक्तिले आरक्षभित्र फोहर मैलो गर्न वा फाल्न हुंदैन ।

१५. विषालु पदार्थ फयाँक्न नपाइने: आरक्षभित्र वा आरक्षभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याक्न वा आरक्षभित्र भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा आरक्षभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुंदैन ।

१६. आरक्षभित्र सवारी चलाउंदा पालन गर्नु पर्ने शर्त: आरक्षभित्र सवारीको साधन चलाउने व्यक्तिले देहायको कुराहरुको अधिनमा रहेर मात्र सवारी चलाउनु पर्नेछ ।

(क) पाँच टनभन्दा बढी वजनको सवारी चलाउन पाइने छैन ।

तर आरक्षभित्र कुनै सरकारी परियोजना सम्बन्धी निर्माण कार्य गर्नु परेमा श्री ५ को सरकारले पाँच टनभन्दा बढी ओजनको सवारी चलाउन स्वीकृति दिन सक्नेछ ।

(ख) सवारी साधन, पैदल यात्रु वा अन्य वस्तुहरुको आवागमनमा बाधापर्ने गरी सवारी चलाउन वा अड्याई राख्नु हुंदैन ।

(ग) हर्न बजाउन वा तोकिएको भन्दा बढी गतिमा सवारी चलाउन हुंदैन ।

(घ) नियम १९ को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुंदैन ।

१६क. आरक्षभित्रको राजमार्ग खुला रहने : आरक्षभित्रबाट जाने राजमार्ग कुनै पनि ओजनको सवारीका लागि सधैं खुला रहनेछ । त्यसरी राजमार्गबाट जाने सवारीमा रहेका सबै सामानहरु प्रवेश चौकीमा जँचाई लैजान र ईजाजतपत्र प्राप्त हातहतियार साथमा लैजान समेत नियम ७ मा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१७. संकेत वा चिन्ह मान्नु पर्ने : आरक्षको क्षेत्रभित्र सबै सवारी चालकले आरक्षको कर्मचारीले गरेको संकेत वा चिन्हलाई वा त्यस्तो संकेत वा चिन्ह जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी चलाउनु पर्नेछ ।

१८. आवागमनमा प्रतिबन्ध : संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायक संरक्षकले र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीको लिखित अनुमति विना सूर्यास्तदेखि सूर्योदयसम्म आरक्षभित्र पस्न वा हिंडडुल गर्न वा सवारी चलाउन हुंदैन ।

१९. बाटोको सुविधा: (१) संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायक संरक्षकले र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले आरक्षभित्र सर्वसाधारण जनताका सुविधाको लागि पैदल यात्रा गर्न, घरपालुवा जीवजन्तु हिंडाउन वा सवारी साधन चलाउन चिन्हपट लगाई बाटो तोकिदिन सक्नेछ र सर्वसाधारणले यसरी चिन्हपट लगाई तोकिदिएको बाटो मात्र उपयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा तोकिएको अधिकारीको लिखित अनुमति बिना कुनै पनि अवस्थामा कुनै व्यक्तिले उपनियम (१) बमोजिम चिन्हपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा त्यस्तो कुनै बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गर्न सकिनेछ ।

१९क. दस्तूर बुझाउनु पर्ने: आरक्षभित्र देहायका काम गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिम दस्तूर बुझाई अनुसूची-४ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ :-

(क) सवारी चलाउन,

(ख) आरक्षको गाईडको सेवा उपलब्ध गर्न,

(ग) खर खडाई काट्न,

(घ) नियम १९ अनुसार सुविधा प्राप्त बाटोबाट घरपालुवा जन्तु आफ्नो साथ लैजान ।

२०. सवारीको साधन वा घरपालुवा जन्तु पक्री कारवाहीको लागि बुझाउनेः यस नियमावली बमोजिम आरक्षभित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारी साधन चलाएको वा घर पालुवा जीवजन्तु हिंडाएको भेटिएमा संरक्षक भए संरक्षकले, संरक्षक नभए सहायकले र सो दुवै नभए श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले पक्री सम्बन्धित अधिकारीको समक्ष कारवाहीको लागि बुझाउनेछ ।

२१. गिरफ्तार गर्न सकिनेः(१) संरक्षकबाट वारेन्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु गार्ड वा आरक्षका अन्य कर्मचारीले ऐन बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसमान वा सवारी साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा भने बिना वारेण्ट पनि सहायक संरक्षक, रेन्जर वा सुवेदार दर्जासम्मका वन्यजन्तु गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२२. सरकारी कामको लागि आरक्षभित्र प्रवेशमा छुटः यस नियमावलीमा लेखिएको कुनै कुराले पनि आरक्ष वा अन्य कुनै सरकारी कार्यालयको कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारवाही कार्यान्वयन गर्नको लागि आरक्षभित्र कुनै समयमा पनि प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२३. मुद्दा हेर्ने अधिकारीः (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्नेगरी देहायको कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक वा रेन्जरलाई हुनेछः-

(क) नियम ४ बमोजिम प्रवेशपत्र नलिई आरक्षभित्र प्रवेश गरेमा,

(ख) नियम ६ को खण्ड (ग), (घ) वा (ङ) को बर्खिलाप कुनै काम कारवाही गरेमा,

(ग) नियम १० बमोजिम अनुमति नलिई माछा वा अन्य कुनै जलचर मारेमा,

(घ) नियम १२ को बर्खिलाप चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु टाँसेमा वा राखेमा,

(ङ) नियम १३ को बर्खिलाप बाजा बजाएमा,

(च) नियम १४ को बर्खिलाप फोहोर मैलो गरेमा वा फ्याकेमा,

(छ) नियम १६ वा १७ को बर्खिलाप सवारी चलाएमा,

(ज) नियम १८ को बर्खिलाप आरक्षभित्र पसेमा, हिंडडुल गरेमा वा सवारी चलाएमा,

(झ) नियम १९ को बर्खिलाप काम कारवाही गरेमा ।

२३क. अनुसुचीमा संशोधन : श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरुमा संशोधन गर्न सक्नेछ ।

## *अनुसूची-१

(नियम ४, १० र १९क. संग सम्बन्धित)

### दस्तुर

(क) आरक्षको प्रवेश दस्तूर (प्रति व्यक्ति प्रतिदिन)

नेपाली नागरिकलाई रु. २०।-<br>
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. २००।-<br>
अन्य विदेशी नागरिकलाई रु. ५००।-<br>
(दशवर्ष भन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन)

(ख) क्याम्पिङ्ग (बास बस्ने) दस्तूर (प्रति व्यक्ति प्रत्येक रातको लागि) :

नेपाली नागरिकलाई रु. ५०।-<br>
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. २००।-<br>
अन्य विदेशी नागरिकलाई रु. ५००।-

(ग) माछा मार्ने दस्तूर (बल्छीले मात्र प्रतिव्यक्ति प्रतिदिनको लागि) :

नेपाली नागरिकलाई रु. ५०।-<br>
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. २००।-<br>
अन्य विदेशी नागरिकलाई रु. ५००।-

(घ) सवारी साधन दस्तूरः

(१) सवारी साधन दस्तूर सुविधा प्राप्त बाटोका लागि :

(क) कार, जीप, बस, ट्रयाक्टर, लरी वा ५ टनसम्मको ट्रकको लागि रु.५०।-<br>
(ख) मोटर साइकल, टाँगा वा बयल गाडाको लागि रु.१०।-

(२) अन्य आरक्ष पथका लागिः

(क) मोटर इन्जिन जडान भएको कुनै पनि साधनको लागि रु. १५०।-<br>
(ख) पर्यटक घुमाउने व्यवसायिक (जंगल ड्राइभ)

कार रु. १,०००।-<br>
जिप रु. २,०००।-<br>
भ्यान रु. २,५००।-

३) हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि रु. २,०००।-

(ङ) खर खडाई दस्तूर (प्रतिपूर्जी): रु. १०।-

(च) प्रत्येक घरपालुवा जीवजन्तुलाई आरक्षको सुविधा प्राप्त बाटोबाट लैजांदाको दस्तूर लाग्ने छैन ।

(छ) □................

द्रष्टव्यः

(क) रीतपूर्वकको प्रवेशपत्र बाहकलाई मात्र आरक्षभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) खर खडाई पूर्जीको म्याद ७ दिनको हुनेछ ।

(ग) व्यवसायिक जंगल ड्राइभमा प्रयोग गरिने सवारी साधनमा निम्नानुसारको संख्याभन्दा बढी पर्यटक राख्न पाइने छैन ।

कार - ४ जना<br>
जिप- १० जना<br>
भ्यान-१५ जना

(घ) सिनेमा डकुमन्ट्री खिच्ने अनुमतिपत्रको म्याद एक महिनासम्म बहाल रहनेछ ।

(ङ) गाइड शुल्क बुझाउने गाइडलाई आरक्ष प्रवेश दस्तूर लाग्ने छैन ।

(च) प्रवेशपत्र वा अनुमतिपत्र नलिई आरक्षभित्र प्रवेश वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

**अनुसूची–२**

(नियम ४ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.......................... निकुञ्ज/आरक्ष कार्यालय

सि.नं. ................

मितिः..................

**प्रवेशपत्र**

प्रवेशपत्र लिने व्यक्तिको नाम, थर, वतनः-

उमेरः-

नागरिकताः-

प्रवेश गर्ने व्यक्तिको संख्याः-

प्रवेश दस्तूरः-

.......................................

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

**अनुसूची–३**

(नियम १० संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.......................... निकुञ्ज/आरक्ष कार्यालय

सि.नं. ................

मितिः..................

**अनुमतिपत्र**

अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतनः-

उमेरः-

नागरिकताः-

माछा पार्न पाउने खोला वा पोखरीको नाम, खण्डः-

अनुमतिपत्र बहाल रहने अवधिः-

अनुमतिपत्र दस्तूरः-

.......................................

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

**□अनुसूची-४**

(नियम १९क. संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.......................... निकुञ्ज/आरक्ष कार्यालय

सि.नं. ..................

मितिः....................

**<u>अनुमतिपत्र</u>**

दस्तूर बुझाउनेको नाम, थर, वतनः-

(क) सवारी वा घरपालुवा जीवजन्तुको किसिमः-

सवारी नम्बर :-

दस्तूर :-

(ख) खरखडाई संकलन गर्ने क्षेत्रः-

दस्तूर :-

अवधि :-

......................................

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

# हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६

नेपाल राजपत्रमा प्रकाशित मिति २०३६।५।२५

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज" भन्नाले सगरमाथा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज वा श्री ५ को सरकारले ऐन अन्तर्गत घोषित गरेको अन्य हिमाली राष्ट्रिय निकुञ्ज सम्झनु पर्दछ ।

(ग) "संरक्षक" (वार्डेन) भन्नाले निकुञ्जको प्रशासनको अभिभारा भएको श्री ५ को सरकारको मुख्य अधिकृत सम्झनु पर्छ ।

(घ) "सहायक संरक्षक (असिष्टेण्ट वार्डेन)" भन्नाले निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(ङ) "स्थानीय व्यक्ति" भन्नाले निकुञ्जको क्षेत्रले घेरिएको तर निकुञ्ज क्षेत्र भनी घोषित नभएको बीच बीचको गाउंमा स्थायी बसोबास गरेको व्यक्ति सम्झनु पर्छ ।

३. निकुञ्जको सीमानाः निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरे बमोजिम हुनेछ ।

४. निकुञ्जभित्र प्रवेशः निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले संरक्षकबाट अनुसूची-१ बमोजिम प्रवेशपत्र लिनु पर्नेछ र प्रवेशपत्र लिंदा अनुसूची-२ बमोजिमको दस्तूर लाग्नेछ ।

५. प्रवेश निषेध गर्न सक्नेः निकुञ्जको हितको लागि संरक्षकले निकुञ्जभित्र कुनै पनि व्यक्तिको प्रवेश निषेध गर्न सक्नेछ ।

तर यसरी प्रवेश निषेध गर्दा स्थानीय व्यक्ति तथा निकुञ्ज भएर मात्र पुग्न सकिने गाउंको व्यक्तिलाई निकुञ्जको बाटो भएर आवत जावत गर्न रोक लगाएको वा नियम १८ बमोजिम तोकिएको बाटोबाट आवागमन गर्न लगाएको छैन ।

६. निकुञ्जको प्रवेश आफ्नो दायित्वमा हुनेः प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुनेछैन ।

७. निकुञ्जभित्र निषिद्ध कार्यहरुः संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र देहायका कार्यहरु गर्न पाउने छैनः-

क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु बनौट बनाउन वा भोग गर्न,

ख) कुनै भूभाग कब्जा गर्न, वनस्पति सफा गर्न वा नोक्सानी पुऱ्याउन, आवाद गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षी चरी चराउन र तिनीहरुलाई खोला वा पोखरीमा पानी खुवाउन,

(घ) रुख, विरुवा, झाडी वा अन्य कुनै वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, छांट्न वा त्यस्तो वनस्पति सुक्ने कुनै काम गर्न वा त्यस्तो वनस्पतिमा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(ङ) कुनै स्थानमा रात बिताउन वा क्याम्प गर्न वा आगो बाल्न,

(च) ढुङ्गा, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन वा कुनै किसिमले जग्गालाई क्षति पुऱ्याउन,

(छ) निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(ज) बाहिरी वातावरणमा हुर्केको (एक्जोटिक) बिरुवा, जीवजन्तु वा पंक्षी निकुञ्जभित्र ल्याउन वा छाड्न ।

८. साथमा राख्न, लैजान वा प्रयोग गर्न नपाइने वस्तुहरु : संरक्षकको लिखित अनुमति नलिई कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहंदा वा नियम १८ बमोजिम तोकिएको बाटोबाट हिंड्दा देहायका चीज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैनः-

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने वा गोली चलाइने जुनसुकै हातहतियार, खरखजाना, विष, विस्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु ।

तर स्थानीय व्यक्ति निकुञ्ज भएर मात्र पुग्न सकिने गाँउको व्यक्तिले आफ्नो घरायसी कामको लागि खुकुरी, बन्चरो र यस्तै हातहतियार मात्र निकुञ्ज भएर लैजान बाधा पर्नेछैन ।

९. वनस्पति वा अन्य चीज वस्तुलाई क्षति पुऱ्याउन नहुनेः कसैले निकुञ्जको भित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै किसिमले निकुञ्जभित्रको वनस्पति, झारपात वा अन्य चीज वस्तुलाई क्षति पुऱ्याउन हुंदैन ।

१०. वन्यजन्तु वा पंक्षीको शिकार गर्न वा पंक्षी वा कीट किटाणुको फुल, गुंड वा गोला बिगार्न नहुनेः ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षकको लिखित अनुमति प्राप्त नगरी बाहेक अन्य अवस्थामा संरक्षकको लिखित अनुमित प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु, पंक्षी वा कीट किटाणुलाई मार्न, पक्रन वा चोट पुऱ्याउन वा कुनै पनि पंक्षी वा कीट किटाणुको फुल, गुंड वा गोला हटाउन, बिगार्न वा खलबल्याउन वा कुनै कीट, माछा वा प्राकृतिक उपज संकलन गर्न हुंदैन ।

११. अनुमति नलिई माछा मार्न नपाइनेः (१) कसैले अनुसूची-२ बमोजिम लाग्ने दस्तूर तिरी संरक्षकबाट अनुसूची-३ बमोजिमको ढांचाको अनुमतिपत्र नलिई निकुञ्जभित्र रहेको खोला वा पोखरीको माछा मार्न हुंदैन ।

(२) यस नियम बमोजिम अनुमतिपत्र लिई माछा मार्न चाहने व्यक्तिले माछा मार्दा बल्छी बाहेक अन्य साधन प्रयोग गर्न हुंदैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि चैत्र १ गतेदेखि आश्विन मसान्तसम्म माछा मार्न पाइने छैन ।

१२. श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेः (१) कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गरी त्यस्तो काम गर्न सक्नेछ । त्यसरी स्वीकृति प्राप्त गरी गरेको अनुसन्धानको एकप्रति श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. पोष्टर टाँस्न वा राख्न नपाइने: निकुञ्जको प्रयोजनको लागि निकुञ्जको कार्यालयको कर्मचारीले बाहेक निकुञ्जभित्र अरु कसैले कुने किसिमको चिन्हपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँस्न वा राख्न पाउने छैन ।

१४. बाजाहरु बजाउन नपाउने: निकुञ्जभित्र धार्मिक स्थल वा निवासस्थान, होटल, लज वा रेष्टुरांमा बाहेक अन्यत्र कसैले रेडियो, टेपरेकर्ड वा बाजाहरु बजाउन पाउनेछैन ।

१५. फोहर मैला गर्न वा फाल्न नपाइने: कसैले निकुञ्जभित्र फोहर मैला गर्न वा फोहर फाल्न हुंदैन ।

१६. विषालु पदार्थ फ्यांक्न, हाल्न वा छर्न नपाइने: निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याक्न वा निकुञ्ज भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुंदैन ।

१७. आवागमनमा प्रतिबन्ध: संरक्षकको लिखित अनुमति बिना साँझ सात बजेदेखि बिहान पाँच बजेसम्म कसैले निकुञ्जभित्र पस्न वा हिंडडुल गर्न वा याक वा खच्चड लगायत कुनै सवारी हिंडाउन हुंदैन ।

तर स्थानीय व्यक्ति वा निकुञ्ज भएरै मात्र पुग्न सक्ने गाँउको व्यक्ति निकुञ्जको बाटो भएर आवत गर्न वा सरकारी कर्मचारीले आफ्नो कामकाजको सिलसिलामा कुनै समयमा पनि निकुञ्जभित्र प्रवेश गर्न बाधा पार्ने छैन ।

१८. बाटोको सुविधा: (१) संरक्षकले निकुञ्जभित्र अनुसूची-४ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घर पालुवा जीवजन्तु हिंडाउन वा याक वा खच्चड लगायत कुनै सवारी हिंडाउन सर्वसाधारण जनताको सुविधाको लागि चिन्हपट लगाई त्यस्तो बाटो तोकिदिन सक्नेछ र सर्वसाधारणले त्यसरी चिन्हपट लगाई तोकिदिएको बाटो मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संरक्षकको लिखित अनुमति विना कुनै पनि अवस्थामा कसैले उपनियम (१) बमोजिम चिन्हपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा चिन्हपट लगाई तोकिदिएको कुनै बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म संरक्षकले सो बाटो बन्द गर्न सक्नेछ ।

१९. सवारी साधन वा घरपालुवा जीवजन्तु पक्री कारवाहीको लागि बुझाउने: यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिइएको बाटो बाहेक अन्य बाटोबाट घरपालुवा जीवजन्तु हिडाएको भेटिएमा संरक्षक वा निजले खटाएको अन्य कर्मचारीले त्यस्तो घरपालुवा जीवजन्तु पक्री सम्बन्धित अधिकारी समक्ष कारवाहीको लागि बुझाउनेछ ।

२०. गिरफ्तार गर्न सकिने: (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु गार्ड वा निकुञ्जका अन्य कर्मचारीले ऐनको बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको घर, मालसामन वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि सहायक संरक्षक, रेञ्जर वा सुवेदार दर्जासम्मका वन्यजन्तु गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२१. निकुञ्जभित्र प्रवेश गर्दा पालना गर्नु पर्ने कुराहरु : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिले देहायका कुराहरुको पालना गर्नु पर्नेछ ।

(क) निकुञ्जभित्र प्रवेश गरेपछि आफ्नो वा आफ्ना साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य व्यक्तिले प्रयोग गरेका खानेकुराहरुका बट्टाहरु, मादक पदार्थ वा अन्य वस्तुका शिशीहरु, फिलिमका रोलका बट्टाहरु, प्याक गर्ने कागजपत्रहरु प्लाष्टिकका थैलोहरु, अक्सिजनका भाँडाहरु वा अन्य फ्याकिने सरसामग्रीहरु संरक्षक वा निकुञ्जका अन्य कुनै कर्मचारीले तोकेको ठाउंमा फाल्नु पर्नेछ ।

(ख) निकुञ्जभित्र आफ्नो र आफ्नो साथमा जाने पथप्रर्दशक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको दैनिक उपयोगको लागि चाहिने काठ, दाउरा, स्याउला र पालको किला वा कुनै अन्य प्रयोजनको लागि चाहिने काठ निकुञ्जभित्रको झाडी, बुट्यान वा ढलेको रुख वा खडा रुख समेतबाट प्रयोग गर्न हुंदैन र त्यस्तो काठ दाउरा स्थानीय व्यक्तिबाट खरिद पनि गर्न हुदैन ।

(ग) निकुञ्जभित्र प्रवेश गर्दा आफ्नो र आफ्नो साथमा जाने पथप्रर्दशक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको लागि पर्याप्त मात्रामा चाहिने मट्टितेल, ग्याँस, पेट्रोल वा अन्य यस्तै इन्धन निकुञ्जभित्र प्रवेश गर्ने बखतमा आफूसंग साथमा हुनु पर्नेछ ।

२२. प्रवेश दस्तुरमा छुट: (१) सरकारी काम कारवाहीको सिलसिलामा कुनै कर्मचारी निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(२) कसैले निकुञ्जभित्र पर्ने कुनै धार्मिक स्थलमा आफ्नो परम्परा अनुसार पाठपूजा वा दर्शन गर्नको लागि निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(३) निकुञ्जभित्र वा निकुञ्ज भएर मात्रै पुग्न सकिने गाउंमा स्थापित सार्वजनिक संस्थानको नेपाली तथा गैर नेपाली कर्मचारीलाई र त्यस्तो संस्थाको सेवा उपलब्ध गर्ने व्यक्तिलाई निकुञ्ज भएर जांदा प्रवेश दस्तूर लाग्ने छैन ।

(४) नियम २८ बमोजिम श्री ५ को सरकारसित करार गरी कुनै सेवा संचालन गर्ने व्यक्ति वा दललाई निकुञ्जभित्र कर्मचारीको प्रवेश दस्तूरको हकमा सोही करार बमोजिम हुनेछ ।

(५) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको व्यक्ति वा दललाई निकुञ्जभित्र संरक्षकले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।

(६) पर्वतारोहणको सिलसिलामा कसैले निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

तर निकुञ्जको कर्मचारीले पर्वतारोहणको अनुमतिपत्र हेर्न चाहेमा सम्बन्धित व्यक्तिले देखाउनु पर्नेछ ।

२३. दुर्घटना तथा मृत्यु भएमा सूचना गर्नु पर्ने: निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्तिको दुर्घटना वा मृत्यु भएमा त्यस्तो व्यक्तिसित साथमा गएका अन्य व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा निकुञ्जको कार्यालयमा गर्नु पर्नेछ ।

२४. काठ दाउरा दिन सकिने: (१) घर बनाउन वा मर्मत गर्न निमित्त काठ दाउरा लिन चाहने स्थानीय व्यक्तिले वन पैदावार बिक्री वितरण सम्बन्धी प्रचलित नियम बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची-४ बमोजिमको काठ दाउरा लिन पाउने पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको पूर्जी बमोजिम काठ दाउरा सोही पूर्जीमा तोकेको क्षेत्रबाट लिनु पर्नेछ ।

२५. लगत लिन सकिने: संरक्षकले निकुञ्जको कार्यालयको अभिलेखको लागि स्थानीय व्यक्तिहरु तथा निजहरुको घर, खेतबारी र घरपालुवा जीवजन्तुहरुको लगत व्यक्तिहरु तथा निजहरुको घर, खेतबारी र घरपालुवा जीवजन्तुहरुको लगत अनुसुची-६ बमोजिमको ढांचामा लिन सक्नेछ ।

२६. निस्सा दिन र चिन्ह लगाउन सक्ने: संरक्षकले निकुञ्जको हितको लागि स्थानीय व्यक्तिलाई परिचयको निस्सा दिन र निजहरुको घरपालुवा जीवजन्तुलाई चिन्ह लगाउन सक्नेछ ।

२७. चरी चराउन सक्नेः स्थानीय व्यक्तिले निकुञ्जभित्र आफ्नो घरपालुवा जीवजन्तुलाई संरक्षकले तोकेको क्षेत्रमा मात्र चरी चराउन वा गोठ राख्न पाउनेछ ।

२८. श्री ५ को सरकारले निकुञ्जको हितका लागि सेवा संचालन गर्न गराउन सक्नेः (१) निकञ्जको हितको लागि श्री ५ को सरकारले निकुञ्जभित्र होटल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था आफैं वा कुनै व्यक्तिसित करार गरी संचालन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा संचालन गराउँदा श्री ५ को सरकारले आवश्यकतानुसार त्यसको शर्त तोक्न सक्नेछ ।

(३) यो नियमावली लागू हुनुभन्दा अघिदेखि निकुञ्जभित्र संचालन भएको होटल, लज, रेष्टुरां वा चिया पसलका मालिकले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र यस नियमावली बमोजिम श्री ५ को सरकारसित करार गर्नु पर्नेछ ।

२९. मुद्दा हेर्ने अधिकारीः (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेञ्जरलाई हुनेछः-

(क) नियम ४ को बर्खिलाप प्रवेशपत्र नलिई निकुञ्जभित्र प्रवेश गरेमा,

(ख) नियम ७ को खण्ड (ग), (ङ) वा (च) को बर्खिलाप कुनै काम कारवाही गरेमा वा सोही नियमको खण्ड (घ) को बर्खिलाप पाँच सय रुपैयांसम्म मोल पर्ने वन पैदावरमा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा,

(ग) नियम ११ बमोजिम अनुमति नलिई माछा मारेमा,

(घ) नियम १३ को बर्खिलाप कुनै चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु टाँसेमा वा राखेमा,

(ङ) नियम १४ को बर्खिलाप कुनै बाजा बजाएमा,

(च) नियम १५ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याकेमा,

(छ) नियम १७ को बर्खिलाप निकुञ्जभित्र पसेमा, हिंडडुल गरेमा वा सवारी चलाएमा,

(ज) नियम १८ को बर्खिलाप तोकिएको बाटो छोडी अन्यत्रबाट यात्रा गरेमा, घरपालुवा जीवजन्तु हिंडाएमा वा कुनै सवारी चलाएमा ।

३०. निर्माण कार्य गर्न श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेः निकुञ्जभित्र कुनै सरकारी वा गैरसरकारी निर्माण कार्य वा योजना संचालन गर्दा गराउँदा श्री ५ को सरकार, वन मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

३१. प्रवेश शुल्क नलगाउन सक्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको निकुञ्जहरुमा अवधि तोकी वा नतोकि नेपाली निकुञ्जभित्र प्रवेश शुल्क नलगाउन सक्नेछ ।

३२. सहायक संरक्षकको अधिकारः कुनै निकुञ्जमा संरक्षक नभएको अवस्थामा नियम २९ बमोजिम मुद्दा हुर्ने अधिकार बाहेक यस नियमावली बमोजिमको संरक्षकको अधिकार सहायक संरक्षकले प्रयोग गर्न पाउनेछ ।

३३. अनुसूचीमा संशोधन गर्ने अधिकारः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरुमा संशोधन गर्न सक्नेछ ।

## अनुसूची–१

(नियम ४ संग सम्बन्धित)

श्री ५ को सरकार

...............राष्ट्रिय निकुञ्ज

### प्रवेशपत्र

सि.नं..........................

प्रदान गरेको मितिः..............

प्रवेश गरेको मितिः...............

प्रवेशस्थानः.........................

नाम र थरः-

ठेगानाः-

राष्ट्रियताः-

उमेरः-

प्रवेश दस्तूरः- रु. .......................(अक्षरुपी).......................

प्रवेशपत्र प्रदान गर्ने अधिकारीः-

नामः-

सहीः-

कार्यालयको छापः-

द्रष्टव्यः

१. पाँच वर्षदेखि बाह्र वर्ष उमेरसम्मको व्यक्तिले प्रवेश दस्तूरको आधि तिर्नु पर्नेछ ।

२. यो प्रवेशपत्र एक पटक प्रवेशको निमित्त मात्र मान्य हुनेछ र अरु कसैलाई हस्तान्तरण गर्न सकिने छैन ।

३. यस प्रवेशपत्रको अर्को पृष्ठमा निकुञ्ज सम्बन्धी नियमहरु उल्लेख गरिएका छन् ।

४. यस निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तर्गत बनेको नियमहरुको पालना गर्नु पर्नेछ ।

५. यस प्रवेशपत्रलाई आफनै साथमा राख्नु पर्नेछ र निकुञ्जको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा देखाउनु पर्नेछ ।

## □अनुसूची–२

(नियम ४ र ११ संग सम्बन्धित)

### दस्तुर

(क) राष्ट्रिय निकुञ्ज प्रवेश दस्तूर (प्रति व्यक्ति प्रति पटक वा वर्ष)

| | |
|---|---|
| नेपाली नागरिकलाई | निशुल्क |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. १००।- |
| अन्य विदेशी नागरिकलाई | रु. १०००।- |

(दशवर्ष भन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन)

(ख) माछा मार्ने दस्तूरः

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु. ५०।- |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. ५००।- |

(ग) □................

(घ) हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि रु.२०००।-

द्रष्टव्यः

प्रवेशपत्र वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शतप्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

**□अनुसूची–३**

(नियम ११ संग सम्बन्धित)

श्री ५ को सरकार

....................राष्ट्रिय निकुञ्ज

यस निकुञ्जभित्र माछा मार्नको लागि........................... बस्ने......................................लाई निम्न दस्तूर लिई यो अनुमतिपत्र प्रदान गरिएको छ :-

१. सि.नं.:-

२. माछा मार्न बापत दस्तूरः-

३. माछा मार्न पाइने खोला/पोखरीको नामः-

४. अनुमतिपत्र बहाल रहने अवधिः-

५. अनुमतिपत्र बुझिलिने व्यक्तिको सहीः-

उमेरः-.........................

नागरिकताः-.................

ठेगानाः-

स्थायीः-..............

अस्थायीः-..............

६. मितिः..................

अनुमतिपत्र दिने अधिकारीको,-

नामः-................

सहीः-..............

दर्जाः-..............

मितिः...............

कार्यालयको छापः-..............

## अनुसूची-४

(नियम १८ उपनियम (१) संग सम्बन्धित)

### बाटोहरु

(क) लाङटाङ्ग राष्ट्रिय निकुञ्जको लागि:

१. राम्चे-धुन्चे-स्याब्रु-रसुवागढी-मूलबाटो ।

२. धुन्चे-भार्सु-स्याब्रु-लामटाङ्ग-क्यानजिङघ्याङ-मुलबाटो ।

३. धुन्चे-चन्दनवारी (हिंहगुम्बा)-गोसाईकुण्ड- ठाडेमेलाम्चे-मुलबाटो ।

४. स्याब्रुबेसी-बङगाल, खाङजिम-सेर्पा गाउँ-लामटाङ-मूलबाटो

६. धुन्चे-चन्दनवारी-गोसाईकुण्ड-ठाडेपाटी-गुल्फ-भन्ज्याङ- मुलबाटो ।

(ख) रारा राष्ट्रिय निकुञ्जको लागि:

१. गुम-रारा-भूमाए-मूलबाटो ।

२. भूर्मा-गोरुसिंगा-मूलबाटो ।

३. भ्यारी-मिलीचौर-भुर्मा-मूलबाटो ।

(ग) सगरमाथा राष्ट्रिय निकुञ्जको लागि:

१. लुक्ला-जोरसल्ले-नाम्चे-मूलबाटो ।

२. नाम्चे-थामे-नाङपाला-मूलबाटो ।

३. थामेगोम्पा-त्रासिलाप्चा पास-मूलबाटो ।

४. नाम्चे-खुण्डे-खुमजुङ-लाफार्मा-गोकियो-मूलबाटो ।

५. नम्चे-खुण्डे-त्रासिलाप्चा पास-मूलबाटो ।

६. नाम्चे-थ्याङवोचे-पाङ्गवोचे-फेरिचे-लोबुचे-गोरकक्षप-कालापत्थर- सगरमाथा वेश क्याम्प-मूलबाटो ।

७. पाङबोचे-हिङबोचे-छुकुङ्ग-मूलबाटो ।

८. पाङबोचे-फोर्त्से-कोनार ना (गङथा) गोकियो-मूलबाटो ।

९. खुमजुङ-फार्त्से-मूलबाटो ।

१०. नाम्चे-स्याङबोचे होटेल एभरेष्ट भ्यू-मूलबाटो ।

११. खुमजुङ-नाम्चे-स्याङबोचे-मूलबाटो ।

१२. नाम्चे-स्याङबोचे-खुण्डे-मूलबाटो ।

## अनुसूची-५

(नियम २४ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार

.............राष्ट्रिय निकुञ्ज

### काठदाउरा लिन पाउने पूर्जी

१. सि.नं.:-

२. निकुञ्जभित्र काठ दाउरा लिन पाइने क्षेत्र:-

३. काठ दाउराको किसिम र परिमाण:-

४. टांचा लगाउनु पर्नेमा लगाइने टांचाको विवरण:-

५. पूर्जी बहाल रहने अवधि:-

६. काठ दाउरा लिन वापत लाग्ने दस्तूरः-

७. पूर्जी बुझी लिने व्यक्तिको

| | |
|---|---|
| नाम, थर.................. | पूर्जी दिने अधिकारीको |
| सहीः...................... | नाम........................ |
| नागरिकता................. | सही........................ |
| ठेगानाः स्थायी............ | दर्जा....................... |
| अस्थायी......... | मितिः..................... |
| मिति....................... | कार्यालयको छाप........... |

**अनुसूची-६**

(नियम २५ संग सम्बन्धित)

श्री ५ को सरकार

.............राष्ट्रिय निकुञ्ज

**लगत लिने ढांचा**

सि.नं.:-

१. गाउँको नामः-

२. पञ्चायत र वडाः-

३. परिवारको मुख्यको नामः-

४. परिवारको सदस्य संख्याः-

(क) बाह्र वर्ष माथिका (मर्दाना....................
(जनाना....................

(ख) बाह्र वर्षसम्मको (मर्दाना....................
(जनाना....................

५. घरपालुवा जीवजन्तुः-

| जीवजन्तुको किसिम वा जात | भाले संख्या | पोथी संख्या | जम्मा संख्या |
|---|---|---|---|
| याक, चौंरी | - | - | - |
| भेडा, च्याङग्रा | - | - | - |
| बोका, बाख्रा | - | - | - |
| गाई, गोरु | - | - | - |
| भैंसी, रांगो | - | - | - |
| घोडा तथा खच्चड | - | - | - |
| हाँस कुखुरा तथा अन्य पंक्षी | - | - | - |
| कुखुरा | - | - | - |
| बिरालो | - | - | - |
| अन्य जनावर | - | - | - |
| | - | - | - |

६. घरको:-

तल्ला..........

गाह्रो (काठ, ढुंगा, ईट वा अन्य) .........................

छाना (काठ, ढुंगा, जस्ता, टीन वा अन्य)................

चिम्नी (भएको वा नभएको)..........

अन्य विवरण (केही भए)..............

७. खेतवारी:-

खेत, बारी, गोठ, खर्क, आदि के हो त्यसको विवरण:-

खेत, बारी, खर्क, अन्य (छुट्टा छुट्टै) क्षेत्रफल:-

८. विविध:-

सालिन्दा चाहिने दाउराको अनुमानित मानिस भारी........

घर मर्मतको लागि चाहिने काठ (क्यूबिक फुट)............

चरिचरणको लागि चाहिने अनुमानित जग्गा क्षेत्रफल........

लगत लिने अधिकारीको,-

नाम ........................

सही ........................

दर्जा ........................

मिति .......................

# खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४

नेपाल राजपत्रमा प्रकाशित मिति २०४४।७।२

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज" भन्नाले खप्तड राष्ट्रिय निकुञ्ज सम्झनु पर्दछ ।

(ग) "संरक्षक" भन्नाले निकुञ्जको प्रशासनको अभिभारा भएको निकुञ्जको मुख्य अधिकृत सम्झनु पर्छ ।

(घ) "सहायक संरक्षक" भन्नाले निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(ङ) "धार्मिक क्षेत्र" भन्नाले खप्तड राष्ट्रिय निकुञ्जभित्रको कुनै क्षेत्रमा सिमाङ्कन गरी धार्मिक क्षेत्र भनी छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(च) "स्थानीय व्यक्ति" भन्नाले निकुञ्जको क्षेत्रले घेरिएको वा निकुञ्जसंग जोडिएको गाउँमा स्थायी बसोबास गरेको व्यक्ति सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

३. निकुञ्जको सीमाना : निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरे बमोजिम हुनेछ ।

४. निकुञ्जभित्र प्रवेशः निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले संरक्षकबाट अनुसूची-१ बमोजिम प्रवेशपत्र लिनु पर्नेछ र प्रवेशपत्र लिंदा अनुसूची-२ बमोजिमको दस्तूर लाग्नेछ ।

५. प्रवेश निषेध गर्न सक्नेः निकुञ्जको हितको लागि संरक्षकले निकुञ्जभित्र कुनै पनि व्यक्तिको प्रवेश निषेध गर्न सक्नेछ ।

तर यसरी प्रवेश निषेध गर्दा स्थानीय व्यक्ति तथा निकुञ्ज भएर मात्र पुग्न सकिने गाँउको व्यक्तिलाई निकुञ्जको बाटो भएर आवत जावत गर्न रोक लगाएको वा नियम २० बमोजिम तोकिएको बाटोबाट आवागमन गर्न लगाएको मानिने छैन ।

६. निकुञ्जको प्रवेश आफ्नो दायित्वमा हुनेः प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुनेछैन ।

७. निकुञ्जभित्र निषिद्ध कार्यहरुः संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र देहायका कार्यहरु गर्न पाउने छैनः-

क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरु बनौट बनाउन वा भोग गर्न,

ख) कुनै भू-भाग कब्जा गर्न, वनस्पति सफा गर्न वा नोक्सानी पुऱ्याउन, आवाद गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षी चरी चराउन र तिनीहरुलाई खोला वा पोखरीमा पानी खुवाउन,

(घ) रुख, बिरुवा, झाडी वा अन्य कुनै वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा त्यस्तो वनस्पति सुक्ने कुनै काम गर्न वा त्यस्तो वनस्पतिमा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(ङ) कुनै स्थानमा रात बिताउन, क्याम्प गर्न वा आगो बाल्न,

(च) ढुङ्गा, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य यस्तै पदार्थ हटाउन वा कुनै किसिमले जग्गालाई क्षति पुऱ्याउन,

(छ) निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(ज) बाहिरी वातावरणमा हुर्केको (एक्जोटिक) विरुवा, जीवजन्तु वा पंक्षी निकुञ्जभित्र ल्याउन वा छाड्न ।

तर खप्तड राष्ट्रिय निकुञ्ज स्थापना हुनु अघि निकुञ्जभित्र कानूनी अधिकार पाई बसेका स्थानीय बासिन्दाहरुको आफ्नो हक भोगको जग्गामा यो नियम लागू हुनेछैन ।

८. धार्मिक क्षेत्रभित्र निषिद्ध कार्यहरु : कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्रका धार्मिक क्षेत्रभित्र देहायका कार्यहरु गर्न पाउने छैनः-

(क) कुनै पशु, पंक्षीलाई मार्न, बली चढाउन वा मासु बिक्री गर्न, खान वा खुवाउन,

(ख) कुनै मादक पदार्थ बिक्री गर्न वा सेवन गर्न,

(ग) पूजा तथा अन्य धार्मिक कार्यको लागि बाहेक धर्मशालामा रात बिताउन,

(घ) चरी चराउन वा गोठ राख्न,

(ङ) तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा आगो बाल्न ।

९. साथमा राख्न, लैजान वा प्रयोग गर्न नपाईने वस्तुहरुः संरक्षकको लिखित अनुमति नलिई कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम २० बमोजिम तोकिएको बाटोबाट हिंड्दा देहायका चीज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैनः-

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने वा गोली चलाइने जुनसुकै हातहतियार, खरखजाना, विष, विस्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु ।

तर स्थानीय व्यक्ति निकुञ्ज भएर मात्र पुग्न सकिने गाँउको व्यक्तिले आफ्नो घरायसी कामको लागि खुकुरी, बन्चरो र यस्तै हातहतियार मात्र निकुञ्ज भएर लैजान बाधा पर्नेछैन ।

१०. वनस्पति वा अन्य चीज वस्तुलाई क्षति पुऱ्याउन नहुनेः कसैले निकुञ्जको भित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै किसिमले निकुञ्जभित्रको वनस्पति, झारपात वा अन्य चीज वस्तुलाई क्षति पुऱ्याउन हुंदैन ।

११. वन्यजन्तु वा पंक्षीको शिकार गर्न वा पंक्षी वा कीट किटाणुको फुल, गुंड वा गोला बिगार्न नहुने : निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना संकलन गर्न ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षकको लिखित अनुमति प्राप्त नगरि कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु पंक्षी वा कीटाणुलाई मार्न, पक्रन

वा चोट पुऱ्याउन वा अन्य कुनै पंक्षी वा कीट कीटाणुको फुल, गुंड वा गोला हटाउन बिगार्न वा खलबल्याउन वा कुनै कीट, कीटाणु, माछा वा प्राकृतिक उपज संकलन गर्न हुंदैन ।

१२. अनुमति नलिई माछा मार्न नपाइने : (१) कसैले अनुसूची-२ बमोजिम लाग्ने दस्तूर तिरी संरक्षकबाट अनुसूची-३ बमोजिमको ढांचाको अनुमतिपत्र नलिई निकुञ्जभित्र रहेको खोला वा पोखरीको माछा मार्न हुंदैन ।

(२) धार्मिक क्षेत्रभित्रको खोला वा पोखरीमा माछा मार्न पाइनेछैन ।

(३) यस नियम बमोजिम अनुमतिपत्र लिई माछा मार्न चाहने व्यक्तिले माछा मार्दा बल्छी बाहेक अन्य साधन प्रयोग गर्न हुंदैन ।

(४) उपनियम (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि चैत्र १ गतेदेखि आश्विन मसान्तसम्म माछा मार्न पाइने छैन ।

१३. विभागको पूर्व स्वीकृति लिनु पर्ने : कसैले निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति प्राप्त गरी त्यस्तो काम गर्न सक्नेछ । त्यसरी स्वीकृति प्राप्त गरी गरेको अनुसन्धानको एकप्रति विभाग समक्ष पेश गर्नु पर्नेछ ।

तर अनुसन्धान कार्य गर्ने इजाजत प्राप्त व्यक्तिले निकुञ्जको हितको प्रतिकूल असर पर्ने कुनै काम कारवाही गर्नु हुंदैन । निकुञ्जको हितको प्रतिकूल असर पर्ने काम कारवाही गरेकोमा त्यस्तो कार्य संरक्षकले तत्काल रोकी सम्पूर्ण विवरण सहित विभागमा पठाउनु पर्नेछ र विभागले पनि त्यसरी आएको विवरणमा आवश्यक जाँचबुझ गर्दा निकुञ्जको हितको प्रतिकूल असर पर्ने काम कारवाही गरेको ठहरे त्यस्तो अनुसन्धान कार्य गर्न इजाजत रद्द गर्न सक्नेछ ।

१४. पोष्टर टाँस्न वा राख्न नपाइनेः निकुञ्जको प्रयोजनको लागि निकुञ्जको कार्यालयको कर्मचारीले बाहेक निकुञ्जभित्र अरु कसैले कुनै किसिमको चिन्हपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँस्न वा राख्न पाउने छैन ।

१५. बाजाहरु बजाउन नपाउनेः निकुञ्जभित्र धार्मिकस्थल वा निवासस्थान, होटल, लज वा रेष्टुरांमा बाहेक अन्यत्र कसैले रेडियो, टेपरेकर्ड वा बाजाहरु बजाउन पाउनेछैन ।

१६. फोहर मैला गर्न वा फाल्न नपाइने : कसैले निकुञ्जभित्र फोहर मैला गर्न वा फोहर फाल्न हुंदैन ।

१७. विषालु पदार्थ फ्याक्न, हाल्न वा छर्न नपाइनेः निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याक्न वा निकुञ्ज भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुंदैन ।

१८. इशारा संकेत मान्नु पर्ने : निकुञ्जको क्षेत्रभित्र सबै सवारी चालक, पैदल यात्री वा तीर्थयात्रीले निकुञ्जको कर्मचारीले गरेको इशारा वा संकेतलाई वा त्यस्तो इशारा वा संकेतलाई वा त्यस्तो इशारा वा संकेत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी चलाउनु र हिंड्नु पर्नेछ ।

१९. आवागमनमा प्रतिबन्ध : होटल, लज वा तोकिएको स्थानमा बाहेक संरक्षकको लिखित अनुमति बिना साँझ सात बजेदेखि बिहान पाँच बजेसम्म कसैले निकुञ्जभित्र पस्न वा हिंडडुल गर्न वा याक वा खच्चड लगायतका कुनै पनि किसिमको सवारी हिंडाउन हुंदैन ।

तर स्थानीय व्यक्ति वा निकुञ्ज भएर मात्र पुग्न सकिने गाँउको व्यक्तिलाई निकुञ्जको बाटो भएर आवत जावत गर्न वा सरकारी कर्मचारीले आफ्नो कामकाजको सिलसिलामा कुनै पनि समयमा निकुञ्जभित्र प्रवेश गर्न बाधा पर्नेछैन ।

२०. बाटोको सुविधा :(१) संरक्षकले निकुञ्जभित्र सर्वसाधारणको सुविधाको लागि अनुसूची-४ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न घरपालुवा जीवजन्तु हिंडाउन वा याक वा खच्चड लगायत कुनै पनि किसिमको सवारी हिंडाउन चिन्हपट लगाई त्यस्तो बाटो तोकी दिन सक्नेछ र सर्वसाधारण जनताले पनि त्यसरी चिन्हपट लगाई तोकिदिएको बाटो मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संरक्षकको लिखित अनुमति विना कुनै पनि अवस्थामा कसैले उपनियम (१) बमोजिम चिन्हपट लगाई तोकिदिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा चिन्हपट लगाई तोकिदिएको कुनै बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म संरक्षकले सो बाटो बन्द गर्न सक्नेछ ।

२१. सवारी साधन वा घरपालुवा जीवजन्तु पक्री कारवाहीको लागि बुझाउने : यस नियमावली बमोजिम निकुञ्जभित्र सुविधा दिइएको बाटो बाहेक अन्य बाटोबाट घरपालुवा जीवजन्तु हिँडाएको भेटिएमा संरक्षक वा निजले खटाएको अन्य कर्मचारीले त्यस्तो घरपालुवा जीवजन्तु पक्रिई सम्बन्धित अधिकारी समक्ष कारवाहीको लागि बुझाउनेछ ।

२२. गिरफ्तार गर्न सकिने : (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्यजन्तु गार्ड वा निकुञ्जका अन्य कर्मचारीले ऐनको बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको घर, मालसामन वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि सहायक संरक्षक, रेञ्जर वा जमदार दर्जासम्मका वन्यजन्तु गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२३. निकुञ्जभित्र प्रवेश गर्दा पालना गर्नु पर्ने कुराहरु : प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिले देहायका कुराहरुको पालना गर्नु पर्नेछ ।

(क) निकुञ्जभित्र प्रवेश गरेपछि आफ्नो वा आफ्ना साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य व्यक्तिले प्रयोग गरेका खानेकुराहरुका बट्टाहरु, मादक पदार्थ वा अन्य वस्तुका शिशीहरु, फिलिमका र ीलका बट्टाहरु, प्याक गर्ने कागजपत्रहरु, प्लाष्टिकका थैलोहरु, अक्सिनका भाँडाहरु वा अन्य फ्याकिने सरसामग्रीहरु संरक्षक वा निकुञ्जका अन्य कुनै कर्मचारीले तोकेको ठाउंमा फाल्नु पर्नेछ ।

(ख) निकुञ्जभित्र आफ्नो र आफ्नो साथमा जाने पथप्रर्दशक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको दैनिक उपयोगको लागि चाहिने काठ, दाउरा, स्याउला र पालको कीला वा कुनै अन्य प्रयोजनको लागि चाहिने काठ निकुञ्जभित्रको झाडी, बुट्यान वा ढलेको रुख वा खडा रुख समेतबाट प्रयोग गर्न हुँदैन र त्यस्तो काठ दाउरा स्थानीय व्यक्तिबाट खरिद पनि गर्न हुंदैन ।

(ग) निकुञ्जभित्र प्रवेश गर्दा आफ्नो र आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको लागि पर्याप्त मात्रामा चाहिने मट्टितेल, ग्याँस, पेट्रोल वा अन्य यस्तै इन्धन निकुञ्जभित्र प्रवेश गर्ने बखतमा आफूसंग साथमा हुनु पर्नेछ ।

२४. प्रवेश दस्तुर छूटः (१) सरकारी काम कारवाहीको सिलसिलामा कुनै कर्मचारी निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(२) कसैले निकुञ्जभित्र पर्ने कुनै धार्मिक स्थलमा आफ्नो परम्परा अनुसार पाठपूजा वा दर्शन गर्नको लागि निकुञ्जभित्र प्रवेश गर्दा दस्तूर लाग्ने छैन ।

(३) निकुञ्जभित्र वा निकुञ्ज भएर मात्रै पुग्न सकिने गाउँमा स्थापित सार्वजनिक संस्थानको नेपाली तथा गैर नेपाली कर्मचारीलाई र त्यस्तो संस्थाको सेवा उपलब्ध गर्ने व्यक्तिलाई र नियम २० बमोजिम बाटोको सुविधा प्रयोग गर्ने स्थानीय व्यक्तिलाई प्रवेश दस्तूर लाग्ने छैन ।

(४) नियम ३१ बमोजिम श्री ५ को सरकारसित करार गरी कुनै सेवा संचालन गर्ने व्यक्ति वा दललाई निकुञ्जभित्र कर्मचारीको प्रवेश दस्तूरको हकमा सोही करारमा लेखिए बमोजिम हुनेछ ।

(५) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको व्यक्ति वा दललाई निकुञ्जभित्र संरक्षकले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।

२५. दुर्घटना तथा मृत्यु भएमा सूचना गर्नु पर्नेः निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्ति दुर्घटनामा परेमा वा मृत्यु भएमा त्यस्तो व्यक्तिसित साथमा गएका अन्य व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा निकुञ्जको कार्यालयमा गर्नु पर्नेछ ।

२६. क्षेत्र छुट्याउन सक्नेः निकुञ्जको व्यवस्थापनको लागि संरक्षकले आवश्यकता अनुसार निकुञ्जलाई विभिन्न क्षेत्रमा वर्गीकरण गर्न सक्नेछ ।

२७. काठ दाउरा दिन सकिनेः (१) घर बनाउन वा मर्मत गर्न काठ, दाउरा लिन चाहने स्थानीय व्यक्तिले वन पैदावार विक्री वितरण सम्बन्धी प्रचलित नियम बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची-५ बमोजिमको काठ दाउरा लिन पाउने पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको पूर्जी बमोजिमको काठ दाउरा सोही पूर्जीमा तोकेको क्षेत्रबाट लिनु पर्नेछ ।

२८. खर, घांस, निगालो वा लोक्ता दिन सकिनेः (१) घर बनाउन, घर मर्मत गर्न वा कुटिर उद्योगको लागि खर, घांस, निगालो वा लोक्ता लिन चाहने स्थानीय व्यक्तिले अनुसूची-२ मा तोकिए बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची-६ बमोजिमको खर, घांस, निगालो वा लोक्ताको पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको पूर्जी बमोजिमको खर, घांस, निगालो वा लोक्ता संरक्षकले तोकेको क्षेत्रबाट तोकेको अवधिसम्म मात्र दिइनेछ ।

२९. लगत लिन सकिने : संरक्षकले निकुञ्जको कार्यालयको अभिलेखको लागि स्थानीय व्यक्तिहरु तथा निजहरुको घर, खेतबारी र घरपालुवा जीवजन्तुहरुको लगत अनुसूची-७ बमोजिमको ढांचामा लिन सक्नेछ ।

३०. निस्सा दिन र चिन्ह लगाउन सक्नेः संरक्षकले निकुञ्जको हितको लागि स्थानीय व्यक्तिलाई परिचयको निस्सा दिन र निजहरुको घरपालुवा जीवजन्तुलाई चिन्ह लगाउन सक्नेछ ।

३१. चरी चराउन सक्नेः आफ्नो घरपालुवा जीवजन्तुलाई निकुञ्जभित्र चरी चराउन चाहने वा गोठ राख्न चाहने स्थानीय व्यक्तिले अनुसूची-२ मा तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो व्यक्तिलाई संरक्षकले तोकेको क्षेत्रमा तोकेको अवधिको लागि चरी चराउन वा गोठ राख्न अनुसूची-८ बमोजिमको अनुमतिपत्र दिन सक्नेछ ।

तर निकुञ्जभित्र चरी चराउन दिन मनासिब नहुने ठानेमा संरक्षकले कुनै खास समयसम्मका लागि चरी चराउन वा गोठ राख्ने अनुमति बन्द गर्न सक्नेछ ।

३२. श्री ५ को सरकारले निकुञ्जको हितका लागि सेवा संचालन गर्न गराउन सक्नेः (१) निकुञ्जको हितको लागि श्री ५ को सरकारले निकुञ्जभित्र होटल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था आफैं वा अन्य व्यक्तिसित करार गरी संचालन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा सञ्चालन गराउँदा श्री ५ को सरकारले आवश्यकतानुसार त्यसको शर्त तोक्न सक्नेछ ।

(३) यो नियमावली लागू हुनुभन्दा अघिदेखि निकुञ्जभित्र संचालन भएको होटल, लज, रेष्टुरां वा चिया पसलका मालिकले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र यस नियमावली बमोजिम श्री ५ को सरकारसंग करार गर्नु पर्नेछ ।

३३. मुद्दा हेर्ने अधिकारीः (१) ऐन र यस नियमावलीको अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार निकुञ्ज भित्रको लागि निकुञ्जको संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेञ्जरलाई हुनेछः-

(क) नियम ४ को बर्खिलाप प्रवेशपत्र नलिई निकुञ्जभित्र प्रवेश गरेमा,

(ख) नियम ७ को खण्ड (ग), (ङ) वा (च) को बर्खिलाप कुनै काम कारवाही गरेमा वा सोही नियमको खण्ड (घ) को बर्खिलाप पाँच सय रुपैयांसम्म मोल पर्ने वन पैदावरमा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा,

(ग) नियम ८ बमोजिम बर्खिलाप धार्मिक क्षेत्रभित्र निषिद्ध कार्य गरे गराएमा,

(घ) नियम २५ को बर्खिलाप अनुमति नलिई माछा मारेमा,

(ङ) नियम १४ को बर्खिलाप कुनै चिन्हपट, सूचना, विज्ञापन वा पोष्टरहरु टाँसेमा वा राखेमा,

(च) नियम १५ को बर्खिलाप कुनै किसिमको बाजा बजाएमा,

(छ) नियम १६ को बर्खिलाप फोहर मैला गरेमा वा फ्याकेमा,

(ज) नियम १८ को बर्खिलाप इशारा वा संकेत नमानेमा,

(झ) नियम १९ को बर्खिलाप निकुञ्जभित्र पसेमा, हिंडडुल गरेमा वा सवारी चलाएमा,

(ञ) नियम २० को बर्खिलाप तोकिएको बाटो छोडी अन्यत्रबाट यात्रा गरेमा, घरपालुवा जीवजन्तु हिंडाएमा वा कुनै सवारी चलाएमा ।

३४. निर्माण कार्य गर्न श्री ५ को सरकारको स्वीकृति लिन पर्नेः निकुञ्जभित्र कुनै सरकारी वा गैरसरकारी निर्माण कार्य वा योजना संचालन गर्दा गराउंदा श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

३५. प्रवेश शुल्क नलगाउन सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अवधि तोकी वा नतोकि नेपाली नागरिकलाई निकुञ्जभित्र प्रवेश शुल्क नलगाउन सक्नेछ ।

३६. सहायक संरक्षकको अधिकारः निकुञ्जमा संरक्षक नभएको अवस्थामा नियम ३३ को उपनियम (१) बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक यस नियमावली बमोजिमको संरक्षकको अधिकार सहायक संरक्षकले प्रयोग गर्न पाउनेछ ।

३७. अनुसूचीमा संशोधन गर्ने सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरुमा संशोधन गर्न सक्नेछ ।

## अनुसूची–१
(नियम ४ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्ष मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

**प्रवेशपत्र**

सि.नं.........................

मितिः........................

१. प्रवेश पत्र लिने व्यक्तिको नाम, थर, वतनः-

२. उमेरः-

३. नागरिकताः-

४. प्रवेश स्थानः-

५. प्रवेश दस्तूरः-

प्रवेशपत्र प्रदान गर्ने अधिकारीकोः-

नामः-

सहीः-

दर्जाः-

कार्यालयको छापः-

द्रष्टव्यः

१. प्रवेशपत्रको अर्को पृष्ठमा निकुञ्ज सम्बन्धी नियमहरु उल्लेख गरिएका छन् ।

२. निकुञ्जभित्र रहुन्जेल प्रत्येक व्यक्तिले प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ र निकुञ्जको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा जुनसुकै बखत देखाउनु पर्नेछ ।

## अनुसूची–२
(नियम ४, १२, २८ र ३१ संग सम्बन्धित)

**दस्तुर**

(क) राष्ट्रिय निकुञ्ज प्रवेश दस्तूर (प्रति व्यक्ति प्रतिदिन)

| | |
|---|---|
| नेपाली नागरिकलाई | निशुल्क |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. १००।- |
| अन्य विदेशी नागरिकलाई | रु. १०००।- |

(दशवर्ष भन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन)

(ख) माछा मार्ने दस्तूरः

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु. ५०।- |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. ५००।- |

(ग) क्याम्पिङ (बासबस्ने) दस्तुर (प्रतिव्यक्ति प्रत्येक रातको लागि):-

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रु. | ५०।- |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. | २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. | ५००।- |

(घ) खर, घांस, निगालो र लोक्ता बापतको पूर्जी दस्तुर

| | | |
|---|---|---|
| खर र घांस (प्रतिपूर्जी) | रु. | २।- |
| निगालो (प्रति भारी) | रु. | ५।- |
| लोक्ता (प्रतिभारी) | रु. | १५।- |

(ङ) चरी चराउने वा गोठ राख्ने दस्तूर (प्रतिगोटा, प्रतिगोठ):

| | | |
|---|---|---|
| रांगा, भैंसी | रु. | १०।- |
| गधा, खच्चर | रु. | १०।- |
| गाई, गोरु | रु. | ३।- |
| भेडा, बाखा र अन्य यस्तै जीवजन्तु | रु. | २।- |

(च) हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि रु. २०००।-

द्रष्टव्यः

प्रवेशपत्र वा अनुमति पत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

## अनुसूची–३

(नियम १२ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

### अनुमतिपत्र

सि.नं.......................... मितिः.........................

अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतनः-

उमेरः-

नागरिकताः-

माछा मार्न पाउने खोला वा पोखरीको नाम, खण्डः-

माछा मार्दा पालन गर्नुपर्ने शर्तः-

अनुमतिपत्र दस्तूरः-

अनुमतिपत्र प्रदान गर्ने अधिकारीः-

नामः-

सहीः-

दर्जाः-

कार्यालयको छापः-

## अनुसूची–४
(नियम २० को उपनियम (१) संग सम्बन्धित)

**बाटोहरु**

| | | | | |
|---|---|---|---|---|
| १. | लोखडा | खप्तड | झिग्राना | मूलबाटो |
| २. | कुडौंन | खप्तड | झिग्राना | मूलबाटो |
| ३. | रातो माटो | खप्तड | झिग्राना | मूलबाटो |
| ४. | बलेल्तो | सहस्र लिङ्ग-खप्तड | झिग्राना | मूलबाटो |

## अनुसूची–५
(नियम २७ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

**काठ, दाउरा लिन पाइने पूर्जी**

सि.नं.........................

मितिः........................

१. पूर्जी लिने व्यक्तिको नाम, थर, वतनः-

२. उमेरः-

३. नागरिकताः-

४. पूर्जी बहाल रहने अवधिः-

५. निकुञ्जभित्र काठ दाउरा लिन पाउने क्षेत्रः-

६. काठ दाउराको किसिम र परिमाणः-

७. टाँचा लगाउन पर्नेमा लगाइने टाँचाको विवरणः-

८. पूर्जी दस्तूरः-

पूर्जी दिने अधिकारीकोः-

नामः-

सहीः-

दर्जाः-

कार्यालयको छापः-

## अनुसूची–६

(नियम २८ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

सि.नं........................

मितिः........................

**खर/घांस/निगालो/लोक्ता लिन पाउने पूर्जी**

१. पूर्जी लिने व्यक्तिको नाम, थर, वतनः-

२. उमेरः-

३. पूर्जी बहाल रहने अवधिः-

४. निकुञ्जभित्र खर, घांस, निगालो वा लोक्ता लिन पाउने क्षेत्रः-

५. खर, घांस, निगालो वा लोक्ताको किसिम र परिमाणः-

६. पूर्जी दस्तूरः-

पूर्जी दिने अधिकारीकोः-

नामः-

सहीः-

दर्जाः-

कार्यालयको छापः-

द्रष्टव्यः- खर, घांस, निंगालो वा लोक्ताको पूर्जीको म्याद दश दिनसम्म मात्र कायम रहनेछ ।

## अनुसूची–७

(नियम २९ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

**लगत लिने ढांचा**

१. गाउँको नामः-

२. पञ्चायत र वार्डः-

३. परिवारको मुख्यको नामः-

४. परिवारको सदस्य संख्याः-

(क) बाह्र वर्ष माथिका (पुरुष):-

(महिला):-

(ख) बाह्र वर्षसम्मको (पुरुष):-

(महिला):-

५. परिवारको साक्षर संख्याः-

(क) एस.एल.सी. वा सो सरहभन्दा तल (पुरुष):-

(महिला):-

(ख) एस.एल.सी. वा सो सरह (पुरुष):-

(महिला):-

(ग) एस.एल.सी. वा सो सरहभन्दा माथि (पुरुष):-

(महिला):-

६. घरपालुवा जीवजन्तु:-

| जीवजन्तुको किसिम वा जात | भाले संख्या | पोथी संख्या | जम्मा संख्या |
|---|---|---|---|
| याक, चौंरी :- | | | |
| भेडा, च्याङग्रा:- | | | |
| बोका, बाख्रा:- | | | |
| गाई, गोरु:- | | | |
| भैंसी, रांगो:- | | | |
| घोडा, खच्चड:- | | | |
| हाँस, कुखुरा तथा अन्य पंक्षी:- | | | |
| कुकूर:- | | | |
| बिरालो:- | | | |
| अन्य जनावर:- | | | |

७. घरको:-

तल्ला:-

गाह्रो:- (काठ, ढुंगा, ईट वा अन्य):-

छाना:- (काठ, ढुंगा, जस्ता, टीन वा अन्य):-

चिम्नी:- (भएको वा नभएको):-

अन्य विवरण:- (केही भए):-

८. खेतवारी:-

गोठ, खर्क, आदि के हो त्यसको विवरण:-

खेत, बारी, खर्क, क्षेत्रफल:-

९. विविध:-

(क) सालिन्दा चाहिने दाउराको अनुमानित भारी (प्रतिव्यक्ति):-

(ख) घर मर्मतको लागि चाहिने अनुमानित काठ:-

(ग) घर मर्मत तथा कुटिर उद्योगको लागि चाहिने खर, घांस निगालो वा लोक्ता (अनुमानित परिमाण):-भारी:-

(घ) चरी चराउनको लागि चाहिने अनुमानित जग्गा क्षेत्रफल:-

लगत लिने अधिकारीको,-

नाम ......................

सही ......................

दर्जा ......................

मिति ......................

**अनुसूची–८**

(नियम ३१ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा

**चरी चराउन वा गोठ राख्न पाउने अनुमतिपत्र**

सि.नं.........................

मितिः.........................

१. अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतनः-

२. उमेरः-

३. घरपालुवा जीवजन्तुको किसिम र संख्याः-

४. चरी चराउन वा गोठ राख्न पाउने क्षेत्रः-

५. चरी चराउन वा गोठ राख्ने दस्तूरः-

अनुमतिपत्र दिने अधिकारीकोः-

नामः-

सहीः-

दर्जाः-

द्रष्टव्यः- चरी चराउन वा गोठ राख्नको लागि दिइएको अनुमतिपत्र तीन महिनासम्मको लागि मात्र मान्य हुनेछ ।

# मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

नेपाल राजपत्रमा प्रकाशित मिति २०५२।११।२८

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले श्री ५ को सरकारको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(घ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले वन पैदावारको उपयोग गर्न र स्थानीय जनताको सामुदायिक विकासको लागि संचालन गरिने आयोजनाबाट प्रत्यक्ष लाभ पाउने मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने सबै व्यक्ति सम्झनु पर्छ ।

(च) "उपभोक्ता समिति" भन्नाले नियम ८ बमोजिम गठन गरिएको उपभोक्ता समिति सम्झनु पर्छ ।

(छ) "मध्यवर्ती सामुदायिक वन" भन्नाले नियम २१ बमोजिम उपभोक्ता समितिलाई सुम्पिएको मध्यवर्ती सामुदायिक वन सम्झनु पर्छ ।

(ज) "मध्यवर्ती धार्मिक वन" भन्नाले नियम २२ बमोजिम धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको मध्यवर्ती धार्मिक वन सम्झनु पर्छ ।

(झ) "मध्यवर्ती निजी वन" भन्नाले नियम २३ बमोजिम मध्यवर्ती क्षेत्रभित्रको आफ्नो हक भोगको जग्गामा लगाइएको मध्यवर्ती निजी वन सम्झनु पर्छ ।

(ञ) "मध्यवर्ती क्षेत्र वन" भन्नाले ऐनको दफा ३ क. बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रभित्रको मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती धार्मिक वन र मध्यवर्ती निजी वन बाहेकका नियम २५ बमोजिमको वन सम्झनु पर्छ ।

## परिच्छेद-२
## मध्यवर्ती क्षेत्रको सीमांकन

३. मध्यवर्ती क्षेत्र तोक्ने: ऐनको दफा ३क. बमोजिम श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्दा प्राकृतिक सीमानालाई मुख्य आधार बनाउनुका साथै देहायका कुराहरुमा समेत विचार पुऱ्याउनु पर्नेछः-

(क) राष्ट्रिय निकुञ्ज तथा आरक्षबाट प्रभावित हुनसक्ने क्षेत्र,

(ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षको भौगोलिक अवस्थिति,

(ग) राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्र पर्ने गाँउ तथा बस्तीहरुको अवस्थिति,

(घ) मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणले सरल र व्यवहारिक हुनसक्ने क्षेत्र ।

४. मध्यवर्ती क्षेत्रको इकाई विभाजनः (१) संरक्षकले मध्यवर्ती क्षेत्रको समुचित व्यवस्थापनको लागि उक्त क्षेत्रलाई विभिन्न इकाईहरुमा विभाजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मध्यवर्ती क्षेत्रलाई इकाईहरुमा विभाजन गर्दा मध्यवर्ती क्षेत्रको स्वरुप, विस्तार र उपभोक्ताहरुको बसोबास क्षेत्रलाई समेत आधार मानी स्थानीय निकाय तथा उपभोक्ताहरुसंग समन्वय राखी गर्नु पर्नेछ ।

## परिच्छेद–३
## मध्यवर्ती क्षेत्रको व्यवस्थापन

५. व्यवस्थापन कार्य योजना तयार गर्नेः (१) मध्यवर्ती क्षेत्रको सामुदायिक विकास, वातावरणको संरक्षण र सो क्षेत्रको वन पैदावारको सन्तुलित उपभोगका लागि संरक्षकले मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजना तयार गरी विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य योजनामा देहायका कुराहरु समावेश गर्नु पर्नेछः-

(क) जंगल, झाडी, बुट्यान, घांसे जग्गाले ओगटेको तथा खाली पर्ति रहेको क्षेत्रको विवरण,

(ख) वन सीमाहरुको अवस्थिति,

(ग) पर्ति र आवादी जग्गाको विवरण,

(घ) नदी नाला तथा अन्य जलस्रोत समेत देखिने गरी तयार गरिएको नक्सा,

(ङ) जनसंख्या, जनघनत्व तथा वन क्षेत्र र वन पैदावारको उपयोग सम्बन्धी विवरण,

(च) मध्यवर्ती क्षेत्रभित्रको सामुदायिक, धार्मिक र निजी वनको रुपमा सुम्पन सकिने वन क्षेत्रको विवरण,

(छ) वन विकासको लागि अपनाइने कार्य योजना,

(ज) समुदायको विकासको लागि अपनाइने कार्य योजना,

(झ) कार्य योजना लागू गर्नको लागि आवश्यक पर्ने जनशक्ति तथा आर्थिक स्रोत,

(ञ) भू-संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ट) वन पैदावारको संकलन र उपयोग सम्बन्धी वार्षिक विवरण,

(ठ) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावारको विवरण,

(ड) भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने क्षेत्रको विवरण,

(ढ) मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि आवश्यक अन्य विवरणहरु ।

(३) उपनियम (१) बमोजिम पेश भएको व्यवस्थापन कार्य योजनामा कुनै थपघट गर्नुपर्ने भए सो गरी महानिर्देशकले स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश हुन आएको व्यवस्थापन कार्य योजनालाई मन्त्रालयले स्वीकृति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृति प्राप्त व्यवस्थापन कार्य योजनाको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित संरक्षकको हुनेछ ।

६. व्यवस्थापन कार्य योजनामा संशोधन: (१) संरक्षकले व्यवस्थापन कार्य योजनामा कुनै संशोधन गर्नुपर्ने देखेमा आफ्नो राय सहितको प्रतिवेदन विभागमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट व्यवस्थापन कार्य योजनामा संशोधन गर्न उपयुक्त हुने देखिएमा विभागले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. मध्यवर्ती क्षेत्रमा संरक्षण: मध्यवर्ती क्षेत्रका देहायका कुराहरुको संरक्षण गर्ने गराउने जिम्मेवारी संरक्षकको हुनेछः-

(क) वन्यजन्तु

(ख) प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत,

(ग) जैविक विविधता (बायोडाईभर्सिटी),

(घ) वन जंगल,

(ङ) विकास निर्माण कार्यहरु ।

## परिच्छेद -४
## उपभोक्ता समिति

८. उपभोक्ता समितिको गठन: (१) संरक्षकले नियम ४ बमोजिम विभाजन गरेको इकाईहरुमा नियम ७ मा उल्लिखित कुराहरुको संरक्षण तथा सामुदायिक विकास र वन पैदावारको सन्तुलित उपभोगको कार्यमा सघाउ पुऱ्याउन स्थानीय निकायसंग समन्वय राखी आवश्यकता अनुसार उपभोक्ता समितिहरुको गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको उपभोक्ता समितिमा उपभोक्ताहरुले आफूहरु मध्येबाट छानेका एकजना अध्यक्ष, एक जना उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्यक्ष र कम्तिमा पाँच जना सदस्यहरु रहनेछन् ।

(३) उपभोक्ता समितिका पदाधिकारीहरुको छनौट प्रकृया उपभोक्ताहरु आफैंले निर्धारण गर्नेछन् ।

(४) उपभोक्ता समितिका पदाधिकारीहरुको पदावधि पाँच वर्षको हुनेछ ।

९. उपभोक्ता समितिको दर्ता: (१) नियम ८ बमोजिम उपभोक्ता समितिको गठन भएपछि सो उपभोक्ता समिति दर्ता गर्नको लागि संरक्षक समक्ष अनुसूची-१ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले आवश्यक जाँचबुझ गरी उपभोक्ता समितिलाई दर्ता गरी अनुसूची-२ बमोजिमको ढांचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

१०. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार: उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो क्षेत्रको स्वीकृत कार्य योजनाले निर्दिष्ट गरेका कार्यहरु गर्ने, गराउने,

(ख) आफूले जिम्मा लिएको योजना व्यवस्थित ढंगबाट कार्यान्वयन गर्ने,

(ग) आफूले जिम्मा लिएको आयोजनाको संचालन र सम्भारको व्यवस्था मिलाउने,

(घ) आयोजना सम्पन्न गर्न लाग्ने जनसहभागिता र श्रमको परिचालन गर्ने,

(ङ) उपभोक्ताहरुको बैठक बोलाई आम्दानी खर्चको विवरण र वार्षिक कार्यक्रम सो बैठकमा पेश गरी स्वीकृत गराउने,

(च) सम्बन्धित निकायबाट माग भएका आर्थिक एवं अन्य विवरण उपलब्ध गराउने,

(छ) उपभोक्ताहरुबाट मर्मत सम्भार शुल्क असूल गरी मर्मत सम्भारको व्यवस्था मिलाउने,

(ज) प्रत्येक वर्ष स्थानीय जनतालाई दैनिक उपभोगका लागि आवश्यक पर्ने वन पैदावरको किसिम, परिमाण, उपभोग गर्ने क्षेत्र, तरिका, समय र दस्तूर तोक्ने,

(झ) चरिचरण गर्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र चरिचरण दस्तूर तोक्ने,

(ञ) आफ्नो क्षेत्रभित्र बसाई सरी आउने र आफ्नो क्षेत्रबाट बसाई सरी जाने उपभोक्ताहरुको लगत अद्यावधिक बनाउने,

(ट) कुनै विकास आयोजना हस्तान्तरण गरिएमा त्यसको जिम्मेवारी लिने,

(ठ) आफ्नो कार्यविधि नियमित गर्न आवश्यक पर्ने निर्देशिका तयार गरी स्वीकृतिको लागि संरक्षक समक्ष पेश गर्ने,

(ड) आफ्नो क्षेत्रमा वृक्षारोपण गर्ने, गराउने,

(ढ) बाढी, पहिरो तथा भू-क्षय नियन्त्रण गर्न कार्यक्रमहरु संचालन गर्ने,

(ण) उपभोक्ता समितिको कोषको संचालन गर्ने,

(त) अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

११. उपसमितिहरु गठन गर्न सक्ने: (१) उपभोक्ता समितिले आफ्नो क्षेत्रमा नियम १० बमोजिमका कार्यहरु सुचारु रुपले संचालन गर्न गराउन आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका उपसमितिहरुको गठन विधि, काम, कर्तव्य र अधिकार उपभोक्ता समितिले तोके बमोजिम हुनेछ ।

१२. उपभोक्ता समितिको बैठक र निर्णय: (१) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपभोक्ता समितिको बैठकको अध्यक्षता उपभोक्ता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपभोक्ता समितिको उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा वैठकमा उपस्थित उपभोक्ता समितिका सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकको गणपुरक संख्या जम्मा सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(५) बैठकको निर्णय सामान्य बहुमतबाट हुनेछ ।

(६) बैठकको निर्णय उपभोक्ता समितिको सचिवले प्रमाणित गर्नेछ ।

(७) उपभोक्ता समितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपभोक्ता समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. उपभोक्ता समितिको कार्य योजना: (१) उपभोक्ता समितिले मध्यवर्ती क्षेत्रभित्रको आफ्नो क्षेत्रमा गरिने सामुदायिक विकास, प्राकृतिक स्रोतको संरक्षण र वन पैदावारको उपयोग सम्बन्धी कार्यको लागि कार्य योजना तयार गरी उपभोक्ताहरुको बैठकबाट पारित गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य योजना तयार गर्दा संरक्षकले उपभोक्ता समितिलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कार्य योजनामा देहायका कुराहरु समावेश हुनु पर्नेछः-

(क) सम्बन्धित उपभोक्ता समितिको नाम,

(ख) सम्बन्धित उपभोक्ता समिति रहेको इकाईको सिमाना,

(ग) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,

(घ) वन पैदावारको संकलन गर्ने तरिका,

(ङ) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,

(च) विरुवा काँटछाँट गर्ने, पातलो पार्ने, सफा गर्ने र अन्य वन वर्धन उपचारहरुको तरिका,

(छ) वृक्षारोपण र वन सुधार सम्बन्धी तरिका,

(ज) वन पैदावारको वितरण, प्रवन्ध र बिक्री वितरण गर्ने तरिका,

(झ) भूमि व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,

(ञ) अन्य आवश्यक कुराहरु ।

(४) उपनियम (१) बमोजिम उपभोक्ताहरुको वैठकबाट पारित कार्य योजना संलग्न गरी उपभोक्ता समितिले स्वीकृतिको लागि संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृतिको लागि पेश भएको कार्य योजना उपर संरक्षकले आवश्यक जाँचबुझ गरी सो कार्य योजनामा कुनै कुरा थपघट गर्नु पर्ने भएमा सो समेत गरी कार्य योजना स्वीकृत गरी सो को जानकारी सम्बन्धीत उपभोक्ता समितिलाई दिनु पर्नेछ ।

१४. उपभोक्ता समितिलाई विघटनः (१) संरक्षकले देहायको अवस्थामा उपभोक्ता समितिलाई बिघटन गर्न सक्नेछः-

(क) स्वीकृत कार्य योजना विपरित काम गरेमा,

(ख) नियम १० बमोजिम आफ्नो काम, कर्तव्य पूरा गर्न नसकेमा,

(ग) नियम १७ बमोजिम निषेधित कार्य गरेमा ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता समिति विघटन गर्नु भन्दा पूर्व संरक्षकले उक्त उपभोक्ता समितिलाई कारवाही गर्नु पर्ने कारण सहितको विवरण खोली पन्ध्र दिनको म्याद दिई स्पष्टिकरण माग गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको स्पष्टिकरण सन्तोषजनक नभएमा संरक्षकले आफै वा आफ्नो मातहतका प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थलगत निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनको आधारमा संरक्षकले आवश्यक ठानेमा त्यस्तो उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ ।

(५) सम्बन्धित उपभोक्ता समितिका दुई तिहाई सदस्यहरुले सो उपभोक्ता समिति बिघटन गर्न लिखित अनुरोध गरेमा संरक्षकले उपभोक्ता समिति विघटन गर्न सक्नेछ ।

(६) उपनियम (४) वा (५) बमोजिम उपभोक्ता समिति बिघटन गरिएकोमा त्यसमा चित्त नबुझ्ने उपभोक्ता समितिका पदाधिकारीले उपभोक्ता समिति विघटन भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूरी दिन सक्नेछ । महानिर्देशकले यस सम्बन्धमा दिएको निर्णय अन्तिम हुनेछ ।

(७) उपनियम (६) बमोजिम उजूरी परेकोमा संरक्षकले उपभोक्ता समिति बिघटन गरेको निर्णय सदर गरेमा वा उजुरी नपरेकोमा सो उजूरी दिने म्याद भुक्तान भएपछि संरक्षकले पुनः अर्को उपभोक्ता समिति गठन गराई कार्य संचालन गराउनु पर्नेछ ।

(८) उपभोक्ता समिति विघटन भई उपनियम (६) बमोजिम उजूरी परेकोमा सो को अन्तिम निर्णय नभएसम्म वा उजूरी नपरेकोमा उपनियम (७) बमोजिम अर्को उपभोक्ता समिति गठन नभएसम्मको लागि संरक्षक वा निजले खटाएको कर्मचारीले सो क्षेत्रको व्यवस्थापन गर्नेछ ।

(९) विघटित उपभोक्ता समितिको सम्पत्ति र दायित्व उपनियम (७) बमोजिमको उपभोक्ता समितिमा सर्नेछ ।

१५. उपभोक्ता समितिको कोषः (१) उपभोक्ता समितिको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) मध्यवर्ती क्षेत्र सामुदायिक वन कार्य योजनाले निर्दिष्ट गरेका वन पैदावार बिक्री वितरणबाट प्राप्त आम्दानी,

(ख) ऐनको दफा २५क. बमोजिम प्राप्त रकम,

(ग) नियम ३५ बमोजिम शिकार खेल्ने अनुमति दिए बापत प्राप्त हुने रकम,

(घ) दातृ संस्था वा व्यक्तिबाट प्राप्त चन्दा वा आर्थिक सहयोग आदि,

(ङ) विविध ।

(३) उपभोक्ता समितिले बैंकमा खाता खोली कोषको संचालन गर्नु पर्नेछ ।

तर बैकिङ्ग सुविधा नभएको क्षेत्रमा रु. १०,०००।- सम्म समितिले तोकेको व्यक्तिले राख्न सक्नेछ ।

(४) कोषको संचालन उपभोक्ता समितिले तोकेको उपभोक्ता समितिका दुईजना पदाधिकारीहरुको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपभोक्ता समितिको तर्फबाट गर्नुपर्ने खर्चहरु, उपभोक्ता समितिको कोषबाट व्यहोरिनेछ ।

(६) उपभोक्ता समितिलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम वा काममा खर्च गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले निर्माण कार्य गर्दा गराउंदा मन्त्रालयले समय समयमा तोकेको वन, वनस्पति, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमको लागि दर विश्लेषण सम्बन्धी सिद्धान्त (नर्म्स) मा तोकेको दरमा नबढ्ने गरी गर्नु गराउनु पर्नेछ ।

१६. उपभोक्ता समितिको लेखापरीक्षणः (१) उपभोक्ता समितिको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सम्बन्धित संरक्षकले खटाएको व्यक्तिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्न आउने व्यक्तिले माग गरेको श्रेस्ता कागजात तथा हिसाब किताबको अभिलेख उपभोक्ता समितिले पेश गर्नुपर्नेछ ।

(३) लेखापरीक्षणबाट उपभोक्ता समितिको पदाधिकारीले आर्थिक दुरुपयोग गरेको पाइएमा संरक्षकले सो रकमबाट निजबाट सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

## परिच्छेद -५
## मध्यवर्ती क्षेत्रभित्र निषेधित कार्यहरु

१७. मध्यवर्ती क्षेत्रभित्र निषेधित कार्यहरुः संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले मध्यवर्ती क्षेत्रभित्र देहायका कामहरु गर्न पाउने छैन । त्यस्तो कुनै काम गरेमा कसूर गरेको मानिनेछ ।

(क) आफ्नो हक नपुग्ने कुनै भू-भाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाँड्न वा वन क्षेत्र आवाद गर्न,

(ख) वन पैदावार नाश हुने कुनै काम गर्न वा वनमा आगो लगाउन,

(ग) वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्न सक्ने गरी ढुंगा, माटो, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(घ) मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको स्रोतमा कुने हानिकारक विषादी वा विष्फोटक पदार्थहरु प्रयोग गर्न,

(ङ) अनाधिकृत रुपमा शिकार खेल्न र वन्यजन्तुलाई क्षति पुऱ्याउन ।

१८. काम कारवाही रोक्न वा सुधार गर्न आदेश दिन सक्नेः (१) मध्यवर्ती क्षेत्रभित्र वा बाहिरबाट भइरहेका वा हुन लागेको कुनै काम कारवाहीबाट मध्यवर्ती क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने संभावना भएमा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित व्यक्ति वा संस्थालाई तत्काल यस्तो काम कारवाही रोक्न वा त्यसमा सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको आदेशमा के कति कारणले त्यस्तो काम कारवाहीलाई निषेध गर्नुपरेको हो वा त्यस्तो काम कारवाहीमा के कस्तो सुधार गर्नु पर्ने हो सो कुराको विवरण स्पष्ट रुपले खुलाएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम संरक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो आदेश सूचना पाएको मितिले पैंतीस दिनभित्र विभाग समक्ष निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

१९. क्षति पुऱ्याउन नहुने : कसैले पनि मध्यवर्ती क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, तारबार, चिन्हपट, संकेत वा अन्य कुनै सार्वजनिक चिज वस्तुलाई कुनै प्रकारको क्षति पुऱ्याउनु हुंदैन ।

२०. सहमति लिनुपर्ने : (१) मध्यवर्ती क्षेत्रमा घरेलु उद्योग बाहेकका अन्य उद्योगहरु संचालन गर्न पाउने गरी उद्योग दर्ता गर्नु वा इजाजतपत्र प्रदान गर्नुभन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको लिखित सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा संचालन गर्ने इजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि वन पैदावारमा आधारित घरेलु उद्योग दर्ता गर्न वा इजाजतपत्र प्रदान गर्नुभन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा संचालन गर्ने इजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

(३) विभागले उपनियम (१) बमोजिम उद्योग खोल्न सहमति दिने सम्बन्धमा निश्चित मापदण्डहरु तयार गर्नु पर्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि मध्यवर्ती क्षेत्रमा संचालन भैरहेको घरेलु उद्योग बाहेकको अन्य उद्योग र वन पैदावारमा आधारित घरेलु उद्योगले पनि ऐनको दफा ३क. बमोजिम मध्यवर्ती क्षेत्र तोकिएको मितिले एक वर्षभित्र उपनियम (३) बमोजिम विभागले तयार गरेको मापदण्डको अधिनमा रही त्यस्तो उद्योग संचालन गर्नु पर्नेछ ।

## परिच्छेद-६
## वन विकास सम्बन्धी व्यवस्था

२१. मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पन सकिने : (१) नियम ४ बमोजिम मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पन निर्धारण गरेको क्षेत्रमा मध्यवर्ती सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र लिन चाहने उपभोक्ता समितिले अनुसूची-३ बमोजिमको ढांचामा संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले उपभोक्ता समितिलाई कार्य योजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको निवेदन र उपभोक्ता समितिले स्वीकृतिको लागि पेश गरेको कार्य योजना उपर संरक्षकले आवश्यक जाँचबुझ गरी निवेदनमा उल्लेखित वन क्षेत्र पूरै वा आंशिक रुपमा अनुसूची-४ बमोजिमको प्रमाणपत्र सहित सम्बन्धित उपभोक्ता समितिलाई सुम्पन सक्नेछ ।

(४) उपभोक्ता समितिले संरक्षकद्वारा स्वीकृत भईसकेको कार्य योजनामा आवश्यक परेमा संशोधन गर्ने प्रस्ताव पेश गर्न सक्नेछ । त्यस्तो प्रस्तावलाई संरक्षकले सोही बमोजिम वा थपघट गरी स्वीकृति दिन सक्नेछ ।

(५) एउटै वन क्षेत्र दुई वा सोभन्दा बढी उपभोक्ता समितिका उपभोक्ताहरुले मध्यवर्ती सामुदायिक वनको रुपमा माग गरेमा संरक्षकले सम्बन्धित उपभोक्ताहरुसंग समन्वय गरी सहमतीको आधारमा सो वन क्षेत्र सुम्पन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम मध्यवर्ती सामुदायिक वन जिम्मा लिने उपभोक्ताहरुको उपभोक्ता समितिले कार्य योजना बमोजिम कार्य नगरेमा उपभोक्ता समितिलाई बढीमा १५ दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट मध्यवर्ती सामुदायिक वन फिर्ता लिनु मनासिब देखिएमा संरक्षकले सो वन फिर्ता लिई त्यसको व्यवस्थापन संरक्षक आफैले गर्नेछ ।

(८) उपनियम (७) बमोजिम मध्यवर्ती सामुदायिक वन फिर्ता लिने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समितिले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूरी दिन सक्नेछ । यस्तोमा महानिर्देशकले दिएको निर्णय अन्तिम हुनेछ ।

(९) उपनियम (८) बमोजिम उजूरी परेकोमा सो को अन्तिम निर्णय नभएसम्म सो वनको व्यवस्थापन संरक्षक आफैंले गर्नेछ ।

(१०) उपभोक्ता समिति आफैंले विरुवा लगाई हुर्काएको वन पैदावारको उपयोग कार्य योजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित उपभोक्ता समितिले तोकेको दस्तूर तिरी उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरुले उपयोग गर्न पाउनेछन् ।

(११) उपभोक्ता समितिले मध्यवर्ती सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएका वन पैदावारको उपयोग कार्य योजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी उपभोक्ता समितिले तोकेको दस्तूर लिई उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरुले उपयोग गर्न पाउनेछन् ।

(१२) उपनियम (१०) र (११) बमोजिम प्राप्त गरेको काठ, दाउरा बाहेकका अन्य वन पैदावार उपभोक्ताहरुले मध्यवर्ती क्षेत्रभन्दा बाहिरको क्षेत्रमा ओसार पसार गर्न पाउने छन् । त्यसरी ओसार पसार गर्नु अघि उपभोक्ताहरुले संरक्षकबाट अनुमति प्राप्त गर्नु पर्नेछ ।

२२. मध्यवर्ती धार्मिक वनको रुपमा सुम्पन सकिने : मध्यवर्ती क्षेत्रभित्रका परापूर्वकालदेखि रहेको कुनै धार्मिकस्थल वा त्यसको वरिपरिको वन क्षेत्रको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो बनको क्षेत्रफल, चार किल्ला र त्यस्तो वनमा गरिने कार्यहरुको विवरण खुलाई अनुसूची-५ बमोजिमको ढांचामा संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले आवश्यक जाँचबुझ गरी निवेदकले माग गरे बमोजिम वा त्यसमा आवश्यक थपघट गरी मध्यवर्ती धार्मिक वनको रुपमा त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई अनुसूची-६ बमोजिमको प्रमाणपत्र सहित सुम्पन सक्नेछ । त्यसरी वन सुम्पँदा परम्परागत उपभोक्ताहरुको हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मध्यवर्ती धार्मिक वनमा रहेका काठ, दाउरा, सम्बन्धित धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न सकिनेछ ।

तर वातावरणमा प्रतिकुल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानी नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

(४) उपनियम (२) बमोजिम सुम्पिएको मध्यवर्ती धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले उपनियम (३) विपरितको कार्य गरेमा वा मध्यवर्ती धार्मिक वनमा गर्नु पर्ने कार्य संचालन गर्न नसकेमा संरक्षकले त्यस्तो मध्यवर्ती धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर मध्यवर्ती धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूरी दिन सक्नेछ । त्यस्तो उजूरीमा महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. मध्यवर्ती निजी वन लगाउन सकिने : (१) मध्यवर्ती क्षेत्रभित्रको आफ्नो हक पुग्ने जग्गाका धनीले आफ्नो इच्छा अनुसार मध्यवर्ती निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) संरक्षकले मध्यवर्ती निजी वनको धनीलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) मध्यवर्ती निजी वनका वन पैदावारहरु मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्रभित्र स्वतन्त्र रुपले ओसार पसार र विक्री वितरण गर्न पाउनेछ ।

(४) मध्यवर्ती निजी वनका वन पैदावारहरु मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार र बिक्री वितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित संरक्षक समक्ष दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा संरक्षकले आवश्यक जाँचबुझ गर्दा गराउँदा उक्त वन पैदावार मध्यवर्ती निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई वातावरणीय असर नपर्ने किसिमले काठको हकमा टाँचा लगाई संरक्षकले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार गर्ने पूर्जी दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको पूर्जी बाटोमा पर्ने वन चेकपोष्टमा दरपिठ गराई वन पैदावार ओसारपसार गर्नु पर्नेछ ।

२४. काठ, दाउरा उपलब्ध गराउन सकिने : (१) मध्यवर्ती क्षेत्रभित्र बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको काठ दाउराहरु संरक्षक आफैले वा उपभोक्ता समिति मार्फत संकलन गराउन सक्नेछ ।

(२) मध्यवर्ती क्षेत्रभित्र कानून कारवाहीको सिलसिलामा बरामद भएका काठ, दाउरा संरक्षकले सुरक्षित साथ राख्ने व्यवस्था मिलाउनु पर्नेछ । त्यस्तो काठ, दाउरा उपभोक्ता समितिले व्यवस्थापन गरेको वनको रहेछ भने त्यस्तो काठ, दाउरा सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिमका काठ र दाउराको बिक्रीको लागि डिपो राख्न उपयुक्त हुने स्थानको निर्धारण र स्थानीय उपभोक्ताहरुलाई दिइने काठ, दाउराको अधिकतम परिमाणको निर्धारण संरक्षकले गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको काम गर्दा संरक्षकले सम्बन्धित उपभोक्ता समितिसंग समन्वय राखी गर्नु पर्नेछ ।

(५) स्थानीय उपभोक्तालाई काठ, दाउराको बिक्री गर्दा सम्बन्धित उपभोक्ता समितिको सिफारिस तथा उपनियम (३) बमोजिमको परिमाण र उपनियम (६) बमोजिमको मूल्यको आधारमा डिपोले सम्बन्धित उपभोक्ताहरुलाई बिक्री गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम बिक्री गरिने काठ, दाउराको मूल्य निर्धारण गर्दा त्यस्तो काठ, दाउरा संकलन गर्दा लागेको खर्च समेत जोडी संरक्षकले प्रचलित वन सम्बन्धी कानूनले तोकेको काठ, दाउराको मूल्यको आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम बिक्री गरिएको काठ, दाउराको उपयोग मध्यर्ती क्षेत्र बाहिर गर्न पाइने छैन ।

(८) उपनियम (५) बमोजिम बिक्रीबाट प्राप्त गरिएको रकम मध्ये काठ, दाउरा संकलन गर्दा लागेको खर्च कटाई बाँकी हुन आएको रकम राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

२५. मध्यवर्ती क्षेत्र वन : (१) नियम ४ बमोजिम निर्धारण गरिएको मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि संरक्षकले आवश्यक देखेकोमा कुनै इकाईलाई मध्यवर्ती क्षेत्र वनको रुपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मध्यवर्ती क्षेत्र वन निर्धारण गर्दा त्यस क्षेत्रको भू-संरक्षण, वन्यजन्तु, वनस्पति तथा वातावरण पक्षलाई समेत ध्यानमा राखेर गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम निर्धारण गरिएको मध्यवर्ती क्षेत्रभित्रको वनको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन संरक्षकले गर्नु पर्नेछ ।

(४) मध्यवर्ती क्षेत्र वनभित्र प्राप्त हुने वन पैदावार मध्यवर्ती क्षेत्रभित्रको कुनै उपभोक्ता समितिले लिन चाहेमा सोही उपभोक्ता समितिलाई नियमानुसार लाग्ने दस्तूर लिई बिक्री वितरण गर्नु पर्नेछ । एकभन्दा बढी उपभोक्ता समितिले उक्त वन पैदावार लिन चाहेमा दामासाहीका हिसाबले बिक्री वितरण गर्नु पर्नेछ ।

(५) कुनै पनि उपभोक्ता समितिले उक्त वन पैदावार लिन नचाहेको अवस्थामा संरक्षकले बोल कबोल प्रथाद्वारा बिक्री वितरण गर्नु पर्नेछ ।

## परिच्छेद-७
## सामुदायिक विकास

२६. सामुदायिक विकासको लागि खर्चको निर्धारण : (१) ऐनको दफा २५क. बमोजिम राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकममध्ये स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत निर्धारण मन्त्रालयले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत निर्धारण गर्दा देहायका कुराहरुलाई आधार मानी गर्नेछः-

(क) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको वार्षिक आम्दानी,

(ख) मध्यवर्ती क्षेत्रको जनसंख्या र क्षेत्र,

(ग) मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको स्थिति,

(घ) मध्यवर्ती क्षेत्रभित्र राष्ट्रिय निकुञ्ज तथा आरक्षले पुऱ्याएको असरको परिमाण,

(ङ) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको संरक्षणमा स्थानीय जनताले पुऱ्याएको योगदान,

(च) सामुदायिक विकासका लागि आवश्यक पर्न सक्ने स्थानीय श्रोत र साधनको उपलब्धता,

(छ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सक्रियता तथा सहभागिता ।

(३) मध्यवर्ती क्षेत्रभित्रको सामुदायिक विकासको लागि प्राप्त रकममध्ये कुन इकाईलाई कति रकम वितरण गर्ने भन्ने कुराको निर्धारण गर्दा देहाय बमोजिमको समिति गठन हुनेछः-

(क) मध्यवर्ती क्षेत्रभित्रका उपभोक्ता समितिका अध्यक्षहरुले आफू मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) सम्बन्धित जिल्ला विकास समितिको प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरु -सदस्य

(घ) संरक्षक -सदस्य-सचिव

(४) मध्यवर्ती क्षेत्र एकभन्दा बढी जिल्लामा पर्न गएमा उपनियम (३) बमोजिमको समितिमा सबै जिल्ला विकास समितिका प्रतिनिधिहरु रहनेछन् ।

(५) उपनियम (३) बमोजिमको समितिको बैठक अध्यक्षसंग परमार्श गरी आवश्यकतानुसार संरक्षकले बोलाउनेछ । बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (३) बमोजिमको समितिले सामुदायिक विकासको लागि प्राप्त रकम वितरण गर्दा ऐनको दफा ३ग. बमोजिम दिइनु पर्ने क्षतिपूर्तिको अनुमानित रकम छुट्याई बाँकी हुन आएको रकमलाई देहायका आधारमा उपभोक्ता समितिलाई वितरण गर्न छुट्याउनु पर्नेछः-

(क) उपभोक्ता समितिको इलाका र जनसंख्या,

(ख) सामुदायिक विकासको माग र आवश्यकता,

(ग) राष्ट्रिय निकुञ्ज वा आरक्षले सो क्षेत्रमा पुऱ्याएको असर,

(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक स्रोतको संरक्षण गर्न त्यस क्षेत्रका बासिन्दाले गरेको योगदान,

(ङ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सकृयता तथा सहभागिता,

(च) कुनै खास इकाईमा संचालन हुने आयोजनाको लागत ।

(७) उपनियम (६) बमोजिम सामुदायिक विकासको लागि वितरण गरिने रकम चौमासिक रुपमा निकासा दिइनेछ ।

२७. सामुदायिक विकास सम्बन्धी कार्यको संरचना : (१) नियम २६ बमोजिम उपभोक्ता समितिलाई सामुदायिक विकासको लागि दिइने रकमबाट संचालन गर्न सकिने आयोजनाहरुको छनौट गरी उपभोक्ता समितिले उक्त आयोजनाहरुको लगत इष्टिमेट सहितको प्रस्ताव तयार गरी उपभोक्ताहरुको श्रमदानको अंश समेत उल्लेख गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लगत इष्टिमेट तयार गर्ने काममा संरक्षकले उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराई दिनुपर्नेछ। संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराउन नसकी जिल्ला विकास समितिलाई अनुरोध गरेमा सम्बन्धित जिल्ला विकास समितिले उपभोक्ता समितिलाई त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश भएको आयोजनाको प्रस्ताव सम्बन्धमा संरक्षकले आवश्यक जाँचबुझ गरी उपयुक्तताको आधारमा त्यस्तो आयोजना संचालन गर्न स्वीकृति दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम उपभोक्ता समितिले पेश गरेको लगत इष्टिमेट बमोजिमको रकम किस्ताबन्दीको आधारमा संरक्षकले सम्बन्धित उपभोक्ता समितिलाई निकासा दिनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भएपछि सम्बन्धित उपभोक्ता समितिले संरक्षक समक्ष उक्त आयोजनाको जाँचपास गराई दिन अनुरोध गर्नु पर्नेछ र त्यस्तो अनुरोध भै आएमा संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ। संरक्षकले प्राविधिक सहयोग उपलब्ध गराउन नसकी जिल्ला विकास समितिलाई अनुरोध गरेमा सम्बन्धित जिल्ला विकास समितिले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(६) उपभोक्ता समितिले संचालन गरेको आयोजनाको कार्यसम्पन्न भएपछि उपभोक्ता समितिले उक्त आयोजनाको हिसाब किताब र जाँचपासको प्रतिवेदन संरक्षक समक्ष पेश गर्नुपर्नेछ । संरक्षकले उक्त हिसाब किताब र जाँचपासको प्रतिवेदन दर्ता गरी सो को निस्सा उपभोक्ता समितिलाई दिनेछ ।

(७) संरक्षकले विल भरपाई र जाँचपास प्रतिवेदन पेश भएपछि आवश्यकतानुसार स्थलगत निरीक्षण समेत गरी कार्य सम्पन्न भएको देखिएमा उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गरी दिनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिमको आयोजनाको लगत इष्टिमेट गर्दा र जाँचपास गर्दा लागेको खर्च सम्बन्धित आयोजनाको खर्चमा समावेश गरिनेछ ।

२८. दोहोरो नपर्ने गरी विकास आयोजना संचालन गर्नु पर्ने : संरक्षकले नियम २७ बमोजिम सामुदायिक विकास सम्बन्धी कार्य गर्दा सो इकाईमा अन्य निकाय, संघ संस्था वा कार्यालयले संचालन गरिराखेको कुनै सामुदायिक विकास सम्बन्धी आयोजनामा दोहरोपन नआउने गरी संचालन गर्नु पर्नेछ ।

२९. प्राथमिकताको आधारमा आयोजनाको छनौट गर्नुपर्ने : उपभोक्ता समितिले आयोजनाको छनौट गर्दा स्थानीय जनताको आवश्यकता परिपूर्ति गर्ने र प्राकृतिक श्रोतको संरक्षण गर्ने किसिमका आयोजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

३०. स्थानीय उपभोक्ताहरुको दायित्व : नियम २६ बमोजिम सामुदायिक विकासको लागि प्राप्त रकमबाट आयोजना संचालन गरिएकोमा सो आयोजनबाट पाउने स्थानीय उपभोक्ताहरुको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आयोजना सम्पन्न गर्नलाग्ने श्रमदान गर्ने,

(ख) आयोजनाको मर्मत सम्भार शुल्क बुझाउने,

(ग) आयोजना सम्पन्न गर्न, संचालन गर्न र आयोजनाको मर्मत सम्भार गर्न आवश्यक सहयोग गर्ने ।

## परिच्छेद–८
## रकम जम्मा गर्ने र क्षतिपूर्ति निर्धारण गर्ने तरिका

३१. धरौटी खातामा रकम जम्मा गर्ने : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालयको नाममा बैंकमा धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धरौटी खातामा जम्मा गरेको रकम मध्ये मन्त्रालयले सामुदायिक विकासको लागि नियम २६ बमोजिम निर्धारण गरेको प्रतिशतको रकम चौमासिक रुपमा छुट्याई बाँकी रकम राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

३२. क्षतिपूर्ति रकम निर्धारण गर्ने तरिका : (१) ऐनको दफा ३ग. बमोजिमको क्षतिपूर्तिको रकम माग गर्ने बासिन्दाले क्षति भएको विवरण उल्लेख गरी सम्बन्धित उपभोक्ता समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा सम्बन्धित उपभोक्ता समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी क्षतिको वास्तविक विवरण तथा निवेदकलाई सो बापत दिनुपर्ने क्षतिपूर्तिको रकम यकिन गरी सिफारिस गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको उपभोक्ता समितिको सिफारिस प्राप्त हुन आएमा नियम २६ को उपनियम (३) बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी क्षतिपूर्ति दिनुपर्ने देखिन आएमा क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्धारण भएको क्षतिपूर्तिको रकम सम्बन्धित बासिन्दालाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सम्बन्धित बासिन्दालाई क्षतिपूर्ति दिइसकेपछि त्यस्तो क्षतिपूर्ति दिएको जग्गाको लगत कट्टा गर्न संरक्षकले सम्बन्धित मालपोत कार्यालयलाई लेखि पठाउनु पर्नेछ ।

## परिच्छेद–९
## विविध

३३. मध्यवर्ती क्षेत्रभित्र संचालन गरिने सेवा : (१) मन्त्रालयले मध्यवर्ती क्षेत्रभित्र ऐनको दफा ६ बमोजिमको कुनै सेवा वा सुविधा कसैबाट संचालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा संचालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तीमा पैतीस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नुपर्ने कार्यालय वा अधिकारी र टेण्डर खोलिने समय समेत तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वक नभए वा सन्तोषप्रद नभएको भन्ने मन्त्रालयलाई लागेमा अर्को टेण्डरहरु रीतपूर्वक नभए वा सन्तोषप्रद नभएको भन्ने मन्त्रालयलाई लागेमा अर्को टेण्डर माग गर्नको लागि पुनः सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये मन्त्रालयले सबैभन्दा बढी राजश्व (रोयल्टी) कबूल गर्ने र वातावरण संरक्षणको दृष्टिबाट उपयुक्त हुने टेण्डर स्वीकार गर्नुपर्नेछ ।

तर कुनै खास अवस्थामा मन्त्रालयले कम्ती रोयल्टी कबूल गर्नेको टेण्डर पनि स्वीकार गर्न सक्नेछ र त्यस्तो मा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नु पर्नेछ ।

(४) मध्यवर्ती क्षेत्रभित्र कुनै सेवा वा सुविधा संचालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा संचालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

३४. भू-उपयोगिता प्रणाली लागू गर्ने : (१) नियम ५ बोजिमको व्यवस्थापन कार्य योजनामा भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने भनी तोकिएको क्षेत्रका जग्गामा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सहमति लिई भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख बिरुवा वा घांस लगाउन वा अन्य कुनै कार्य गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने जग्गाधनी वा मोहीलाई संरक्षकले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

३५. शिकार गर्न पाइने : राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रभित्र वन्यजन्तुको संख्यामा अत्यधिक वृद्धि हुन गई मध्यवर्ती क्षेत्रभित्र त्यस्ता वन्यजन्तुको चाप बढेमा संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु मध्यवर्ती क्षेत्रभित्र शिकार गर्न पाउने गरी विभागले तोकिदिएको कोटामा नबढ्ने गरी प्रचलित कानून बमोजिम विभागले शिकार खेल्ने अनुमति दिन सक्नेछ ।

३६. अनुसन्धान कार्य गर्न सकिने : (१) कसैले मध्यवर्ती क्षेत्रभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धान प्रतिवेदनको एकप्रति विभाग समक्ष पेश गर्नु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संस्थाले त्यस्तो कार्य गर्न खोजेमा विभागले तोकेको दस्तूर लिई अनुसन्धान गर्ने स्वीकृति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान गर्न चाहने व्यक्तिलाई संरक्षक र उपभोक्ता समितिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३७. संरक्षकलाई सूचना दिनु पर्ने : उपभोक्ता समितिले आफ्नो क्षेत्रभित्र बसाई सरी आउने र आफ्नो क्षेत्रबाट बसाई सरी जाने उपभोक्ताहरुको लागतलाई अद्यावधिक बनाई सो को सूचना संरक्षकलाई दिनु पर्नेछ ।

३८. संरक्षकलाई सहयोग गर्नुपर्ने : मध्यवर्ती क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने काममा संरक्षकलाई स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी निकाय, उपभोक्ता समिति तथा सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३९. अन्तरिम व्यवस्था : (१) मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना लागू नभएसम्मको लागि विभागको मार्गदर्शनको अधिनमा रही संरक्षकले मध्यवर्ती क्षेत्रमा उपयुक्तताको आधारमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) नियम १३ बमोजिम उपभोक्ता समितिको व्यवस्थापन कार्य योजना लागू नभएसम्मको लागि सम्बन्धित उपभोक्ता समितिले संरक्षकले दिएको निर्देशन बमोजिम आफ्नो क्षेत्रको कार्य संचालन गर्नु पर्नेछ ।

४०. <u>मुद्दा हेर्ने अधिकारी र पुनरावदेन</u> : (१) ऐनको दफा ३क. बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षणसंग सम्बन्धित कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

४१. <u>निर्देशिका बनाउने</u> : संरक्षकले मध्यवर्ती क्षेत्रको व्यवस्थापन, संरक्षण र विकासको लागि आवश्यक निर्देशिका तयार गरी मन्त्रालयबाट स्वीकृत गराई आफ्नो क्षेत्रमा लागू गर्न सक्नेछ ।

४२. <u>मध्यवर्ती क्षेत्रको परित्यागको परिमाण</u> : (१) ऐनको दफा ३क. को उपदफा (२) बमोजिम श्री ५ को सरकारले मध्यवर्ती क्षेत्रको परित्याग गरेमा मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाहरुले ऐन बमोजिम पाउने सुविधा सहुलियत तथा सामुदायिक विकास लागि प्राप्त हुने रकम त्यस्तो क्षेत्रमा प्रदान गरिने छैन ।

तर मध्यवर्ती क्षेत्रमा कार्य संचालन शुरु भएको आयोजना सम्पन्न गर्न लाग्ने रकम श्री ५ को सरकारले उपलब्ध गराई दिनु पर्नेछ ।

(२) मध्यवर्ती क्षेत्रको परित्याग गरिएमा त्यस्तो वन क्षेत्रमा प्रचलित वन सम्बन्धी कानून लागू हुनेछ ।

४३. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्ने</u> : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४४. <u>बचाउ</u> : यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम सामुदायिक वन, कबुलियति वन, धार्मिक वन आदिको रुपमा सुम्पिएको वन क्षेत्र मध्यवर्ती क्षेत्रभित्र पर्न गएमा सम्बन्धित व्यवस्थापन कार्य यो जनाको म्याद समाप्त नभएसम्म प्रचलित कानून बमोजिम नै हुने र सो को म्याद समाप्त भएपछि यस नियमावली बमोजिम मध्यवर्ती रुपमा काम कारवाही गरिनेछ ।

## अनुसूची–१

(नियम ९ को उपनियम (१) संग सम्बन्धित)

**उपभोक्ता समितिको दर्ताको लागि दिने निवेदन ढांचा**

श्री संरक्षकज्यू,

...................राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

..........................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा भएका व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन गरी उक्त उपभोक्ता समितिको दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं । उपभोक्ता समितिको दर्तागरी सो को जानकारी पाउन अनुरोध गरेका छौं ।

तपसील

(क) उपभोक्ता समितिको नामः

(ख) चारकिल्लाः

(ग) अन्दाजी क्षेत्रफलः

(घ) घरधुरीको संख्याः

(ङ) कूल जनसंख्याः

निवेदकहरु

................उपभोक्ता समितिका तर्फबाट

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

मितिः-

## अनुसूची–२

(नियम ९ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.............राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

**उपभोक्ता समिति दर्ताको प्रमाणपत्र**

दर्ता नं.:- मितिः

श्री ...........................उपभोक्ता समिति,

..........................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छौ ।

उपभोक्ता समितिको विवरणः-

(क) नामः

(ख) चारकिल्लाः

(ग) अन्दाजी क्षेत्रफलः

(घ) घरधुरीको संख्याः

(ङ) कूल जनसंख्याः

प्रमाणपत्र दिने अधिकृतको

नामः

दर्जाः

दस्तखतः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

**अनुसूची-३**

(नियम २१ को उपनियम (१) संग सम्बन्धित)

**मध्यवर्ती सामुदायिक वन दर्ताको लागि दिइने निवेदन**

श्री संरक्षकज्यू,

..................राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

..........................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही संलग्न कार्य योजना अनुसार मध्यवर्ती सामुदायिक वनको रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौंः-

(क) प्रस्तावित मध्यवर्ती सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगानाः-
चारकिल्लाः-
क्षेत्रफलः-

(ख) वन्यजन्तु छन् वा छैनन् ? छन् भने कुन कुन जातका वन्यजन्तु छन् ?

निवेदकहरु

उपभोक्ता समितिका तर्फबाट

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मितिः-..........................

## अनुसूची–४

(नियम २१ को उपनियम (३) संग सम्बन्धित)

**मध्यवर्ती सामुदायिक वन दर्ताको प्रमाणत्रप**

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
............राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

श्री ..........................उपभोक्ता समिति,
..........................
........................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही देहायको मध्यवर्ती वन क्षेत्र यसैसाथ संलग्न कार्य योजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

मध्यवर्ती सामुदायिक वनको विवरणः

नामः
चारकिल्लाः
क्षेत्रफलः

प्रमाणपत्र दिने संरक्षकको
नाम, थरः-
दस्तखतः-
मितिः-

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

## अनुसूची–५

(नियम २२ को उपनियम (१) संग सम्बन्धित)

**मध्यवर्ती धार्मिक वन दर्ताको लागि दिइने निवेदन**

श्री संरक्षकज्यू
..........................राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय
....................................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही संलग्न कार्य योजना अनुसार मध्यवर्ती धार्मिक वनको रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको मध्यवर्ती क्षेत्र वन यस धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गर्न हुन यो निवेदन पेश गरेको छु ।

प्रस्तावित मध्यवर्ती धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको मध्यवर्ती क्षेत्र

वनः-
नामः
चारकिल्लाः-
क्षेत्रफलः-

धार्मिक निकाय/समुदायको तर्फबाट
नामः
दस्तखतः
पदः
मितिः

**अनुसूची–६**
(नियम २२ को उपनियम (२) संग सम्बन्धित)

**मध्यवर्ती धार्मिक वन दर्ताको प्रमाणपत्र**

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
...................राष्ट्रिय निकुञ्ज/आरक्ष कार्यालय

श्री ............................
.............................
.............................

त्यस निकाय/समूह/समुदायलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही देहायको मध्यवर्ती वन क्षेत्र यसैसाथ संलग्न कार्य योजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न मध्यवर्ती धार्मिक वनको रुपमा सुम्पिएको छ।

मध्यवर्ती धार्मिक वनको विवरण:
नामः-
चारकिल्ला-:
क्षेत्रफलः-

प्रमाणपत्र दिने संरक्षकको
नाम, थरः-
दर्जाः-
दस्तखतः-
मितिः-

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ।

# शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति २०५३।५।२४

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय निकुञ्ज" भन्नाले शाही बर्दिया राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "सहायक संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(घ) "सवारी साधन" भन्नाले मोटर इन्जिन जडान भएको सवारी साधन सम्झनु पर्छ ।

(ङ) "राजमार्ग" भन्नाले कुनै निकुञ्जभित्र भएर गएको राजमार्ग सम्झनु पर्छ ।

३. राष्ट्रिय निकुञ्जको सीमाना : राष्ट्रिय निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिए बमोजिम हुनेछ ।

४. राष्ट्रिय निकुञ्जभित्र प्रवेशः (१) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो दस्तूर बुझाउने व्यक्तिलाई संरक्षक वा राष्ट्रिय निकुञ्जको कुनै कर्मचारीले अनुसूची-२ बमोजिमको प्रवेशपत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम २० बमोजिम सुविधा प्राप्त बाटो प्रयोग गर्ने व्यक्तिले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई राष्ट्रिय निकुञ्जभित्रबाट हिंडेमा कुनै दस्तूर तिर्नु पर्ने छैन ।

(३) राष्ट्रिय निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोली वा सरकारी कर्मचारीलाई संरक्षकले अनुसूची-३ बमोजिमको निःशुल्क प्रवेशपत्र दिन सक्नेछ ।

५. राष्ट्रिय निकुञ्जको प्रवेश आफ्नै दायित्वमा हुनेः प्रवेशपत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुनेछैन ।

६. राष्ट्रिय निकुञ्जभित्र निषिद्ध कार्यहरुः संरक्षक वा सो कामको लागि श्री ५ को सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र देहायका काम गर्न पाउने छैनः-

क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा आकार बनाउन वा भोग गर्न,

ख) कुनै भू-भाग कब्जा गर्न, फाड्न वा आवाद गर्न,

(ग) घरपालुवा पशु वा पंक्षी चराउन वा तिनीहरुलाई पानी खुवाउन,

(घ) रुख, विरुवा झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न, आगो लगाउन वा अरु कुनै किसिमले हानी पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुट्याइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्याईएको स्थान वा संरक्षकले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(छ) नियम २० बमोजिम तोकिएको बाटो बाहेक अन्य बाटो वा ठाउंबाट कुनै घरपालुवा पशु लैजान वा हिंडाउन ।

७. साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरु : संरक्षकको लिखित अनुमति विना कुनै व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा नियम २० अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका चिज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैन :-

(क) हात हतियार खरखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

(ग) धनुषवाण, भाला, जाल, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने अन्य त्यस्तै वस्तुहरु ।

तर राजमार्गबाट सवारी साधनद्वारा यात्रा गर्ने हिंड्ने यात्रुहरुले इजाजत प्राप्त हातहतियार साथमा लैजान कुनै बाधा पर्ने छैन ।

८. क्षति पुऱ्याउन नहुने :(१) राष्ट्रिय निकुञ्जको सिमानाभित्र वा बाहिरबाट आगो बाली वा अन्य कुनै प्रकारबाट राष्ट्रिय निकुञ्जभित्रको वनस्पति, झारपात वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन हुंदैन ।

(२) राष्ट्रिय निकुञ्जभित्रको बाटो, पुल, मचान, घर, कार्यालय भवन, तारबार, चिन्हपट वा अन्य कुनै चिजबस्तुलाई क्षति पुऱ्याउन हुंदैन ।

९. वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न सकिने : (१) राष्ट्रिय निकुञ्जको हितका लागि उपयुक्त हुने काम वा वैज्ञानिक अनुसन्धानको निमित्त ऐन बमोजिम नमूना सङ्कलन गर्न चाहने व्यक्तिले संरक्षक समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले ऐनको अनुसुची-१ मा उल्लेखित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुलाई पक्री अनुसन्धान गर्न आवश्यक शर्तहरु तोकी वा नतोकी अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिंदा लाग्ने दस्तुर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

१०. शिकार गर्न र चराहरुको गुंड हटाउन वा बिगार्न नहुने : राष्ट्रिय निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन अनूमति प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र कुनै पनि वन्यजन्तुलाई मार्न, पक्रन, लखट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंक्षीहरुको फुल वा गुंड हटाउन, भत्काउन, बिगार्न वा खल्वल्याउन हुंदैन ।

११. माछा मार्न अनुमति लिनु पर्ने : (१) राष्ट्रिय निकुञ्जभित्रको नदी, खोला, नाला, ताल, वा पोखरीमा माछा मार्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाएपछि संरक्षक वा राष्ट्रिय निकुञ्जका कर्मचारीले आवश्यक शर्त तोकी वा नतोकी अनुसूची-४ बमोजिमको माछा मार्ने अनुमतिपत्र दिनेछ ।

१२. श्री ५ को सरकारको पूर्व स्वकीृति लिनु पर्ने :(१) श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र माटो, ढुङ्गा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले राष्ट्रिय निकुञ्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एकप्रति श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. विज्ञापन टाँस्न वा राख्न नपाइने : ऐन बमोजिम राष्ट्रिय निकुञ्जभित्र स्थापित होटल, लज वा अन्य सेवा व्यवसायीहरुले बाहेक राष्ट्रिय निकुञ्जभित्र कुनै पनि व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरु टाँसी प्रचारप्रसार गर्नु गराउनु हुंदैन ।

१४. बाजाहरु बजाउन नपाउने: राष्ट्रिय निकुञ्जभित्रका सरकारी कार्यालय, भवन वा ऐन बमोजिम स्थापित होटल, लज वा रेष्टुराँमा बाहेक अन्य सेवास्थलहरुमा बाहेक अन्यत्र  रेडियो, टेपरेकर्डर संगीतका यस्तै अन्य बाजाहरु बजाउन पाइने छैन ।

१५. फोहर मैला फाल्न नपाइने :  कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र फोहर मैला गर्न वा फाल्न हुंदैन ।

१६. विषालु पदार्थ फ्याक्न नपाइने:  राष्ट्रिय निकुञ्जभित्र वा राष्ट्रिय निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्याक्न वा राष्ट्रिय निकुञ्ज भित्र भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा राष्ट्रिय निकुञ्जभित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुंदैन ।

१७. राष्ट्रिय निकुञ्ज भित्र सवारी साधन चलाउंदा पालना गर्नुपर्ने नियमहरु : (१) राष्ट्रिय निकुञ्जभित्र सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधिनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछः-

(क) पाँच टनभन्दा बढी वजनको सवारी साधन चलाउन पाइने छैन ।

(ख) बयलगाडा चलाउन पाइने छैन ।

(ग) सवारी साधन, पैदल यात्रु वा अन्य बस्तुको आवागमनमा बाधा पर्ने गरी सवारी साधन चलाउन वा अड्याई राख्नु हुंदैन ।

(घ) यस नियमावली बमोजिम सुविधा प्राप्त बाटो बाहेक अन्य बाटो वा ठाउँबाट कुनै घरपालुवा जीवजन्तु लैजान वा हिंडाउनु हुंदैन ।

(ङ) हर्न बजाउन वा ३० कि.मि. प्रतिघण्टाभन्दा बढी रफ्तारमा सवारी साधन चलाउनु हुंदैन ।

(च) नियम २० को उपनियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्ता बाटोबाट सवारी साधन चलाउन वा यात्रा गर्नु हुंदैन ।

(२) राजमार्गमा सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरुको अधिनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ ।

(क) राजमार्गबाट जाने सवारी साधनमा रहेका सबै सामानहरु प्रवेश चौकीमा जचाई लैजानु पर्नेछ ।

(ख) राजमार्गमा आवश्यकताअनुसार राखिएको तगारो र सवारी साधनको गति कम गराउन बनाइएको गति नियन्त्रकको पालना गर्नु पर्नेछ ।

(ग) राष्ट्रिय निकुञ्जभित्र राखिएको तगारो भाच्न, बिगार्न वा कुनै क्षति पुऱ्याउन हुँदैन ।

(घ) सवारी साधनले कुनै पनि वन्यजन्तुलाई लखेट्न, ठक्कर दिन, घाइते बनाउन, कुल्चिन वा मार्न हुँदैन ।

(ङ) राजमार्गमा सवारी साधन चलाउँदा प्रतिघण्टा ४० कि.मि.को गतिभन्दा बढी चलाउनु हुँदैन ।

१८. इशारा वा सङ्केत मान्नु पर्ने : राष्ट्रिय निकुञ्ज भित्र सबै सवारी साधनका चालकले राष्ट्रिय निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङ्केतलाई पालना गर्नु पर्नेछ र त्यस्तो इशारा वा संङ्केत जनाउनको लागि राखिएको कुनै चिन्हपट बमोजिम सवारी साधन चलाउनु पर्नेछ ।

१९. आवागमनमा प्रतिबन्ध : राष्ट्रिय निकुञ्जभित्रको होटल, लज, क्याम्प अनुमति विना प्राप्त स्थान वा राजमार्गमा बाहेक अन्य स्थानमा लिखित अनुमति बिना सूर्यास्तदेखि सूर्योदयसम्म पस्न, हिंडडुल गर्न वा सवारी साधन चलाउनु हुंदैन ।

२०. बाटोको सुविधा : (१) राष्ट्रिय निकुञ्जभित्र अनुसूची-५ बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घरपालुवा जीवजन्तु हिंडाउन वा सवारी साधन चलाउन संरक्षकले चिन्हपट लगाई तोकेको बाटोबाट सुविधा प्राप्त हुनेछ ।

(२) संरक्षकको लिखित अनुमति विना उपनियम (१) बमोजिमको चिन्हपट तोकिदिएको बाटो बाहेक अन्य बाटोको प्रयोग गर्न पाइने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा चिन्हपट लगाई तोकिदिएको कुनै बाटो बन्द गर्न संरक्षकले उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गरी अन्य कुनै बाटो तोक्न सक्नेछ ।

२१. दस्तूर बुझाउनु पर्नेः (१)राष्ट्रिय निकुञ्जभित्र देहायको काम कुरा गरे बापत अनुसुची-१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछः-

(क) सवारी साधन चलाएमा,

(ख) क्याम्प गरेमा,

(ग) राष्ट्रिय निकुञ्जको गाइडको सेवा उपलब्ध गरेमा,

(घ) खरखडाई वा वनकस काटेमा ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाउने व्यक्तिलाई अनुसूची-६ बमोजिमको दस्तूर बुझाएको रसिद दिइनेछ ।

२२. सवारी साधन वा वस्तु पक्राउ गरिनेः यस नियमावली बमोजिम राष्ट्रिय निकुञ्जभित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारी साधान वा वन्यजन्तु हिंडाएको भेटिएमा संरक्षकले तोकिदिएको दर्जाको राष्ट्रिय निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारी समक्ष कारवाहीका लागि बुझाउनेछ ।

२३. गिरफ्तार गर्न सकिनेः (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, रेञ्जर, वन्यजन्तु गार्ड वा राष्ट्रिय निकुञ्जका अन्य कर्मचारीहरुले ऐनको बर्खिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारी साधनको खानतलासी गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसमामान वा सवारी साधनको खानतलासी गर्न सकिनेछ ।

२४. दुर्घटना वा मृत्यु भएमा सूचना गर्नुपर्नेः (१) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्तिको दुर्घटना वा मृत्यु भएमा त्यस्तो व्यक्तिको साथमा गएका अन्य व्यक्तिले वा सो दुर्घटना वा मृत्यु भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा राष्ट्रिय निकुञ्जको कार्यालयमा दिनु पर्नेछ ।

२५. सरकारी कामको लागि राष्ट्रिय निकुञ्जभित्र प्रवेशमा छुटः यस नियमावलीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको

आदेशानुसार कुनै सरकारी काम कारवाही कार्यान्वयन गर्नको लागि राष्ट्रिय निकुञ्जभित्र कुनै पनि समयमा प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२६. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेन्जरलाई हुनेछः-

(क) नियम ४ विपरित अनुमति नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गरेमा,

(ख) दुईहजार पाँच सय रुपैयाँसम्म मोल पर्ने वन पैदावार अनियमित ढंगबाट हटाएमा, काटेमा वा झिकेमा,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षीलाई राष्ट्रिय निकुञ्जभित्र चराएमा वा पानी खुवाएमा,

(घ) छुट्याइएको क्याम्प वा स्थान बाहेक अन्यत्र रात बसेमा, क्याम्प गरेमा वा आगो बालेमा,

(ङ) नियम ११ विपरित अनुमति नलिई माछा मारेमा,

(च) नियम १३ को बर्खिलाप कुनै चिन्हपट, सूचना विज्ञापन वा पोष्टरहरु राखेमा वा टाँसेमा,

(छ) नियम १४ को बर्खिलाप कुनै बाजा बजाएमा,

(ज) नियम १५ को बर्खिलाप फोहरमैला गरेमा,

(झ) नियम १७ र १८ को बर्खिलाप हुने गरी सवारी साधन चलाएमा,

(ञ) नियम १९ विपरित सूर्यास्तदेखि सूर्योदयसम्म अनुमति विना निकुञ्जभित्र प्रवेश गरेमा वा हिंडडुल गरेमा,

तर राजमार्गमा चल्ने सवारी साधनको लागि २४ सै घण्टा खुल्ला रहनेछ ।

(ट) नियम २० विपरीत तोकेको बाटो बाहेक अन्य ठाउँबाट पैदल यात्रा गरे, घरपालुवा जीवजन्तु हिंडाए वा सवारी साधन चलाएमा ।

२७. अधिकार प्रत्यायोजन गर्न सकिने : संरक्षकले आफूले प्राप्त अधिकारमध्ये नियम २६ बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आफूमुनिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. सवारी साधन र पर्यटक संख्यामा नियन्त्रण : राष्ट्रिय निकुञ्जको वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा संरक्षकले त्यस्तो क्षेत्रमा प्रवेश गर्ने सावरी साधनमा प्रतिबन्ध लगाउन र पर्यटक संख्यामा नियन्त्रण गर्न सक्नेछ ।

२९. अनियमित तरिकाबाट संकलन गरेको वन पैदावार लिलाम बिक्री गर्ने : (१) कसैले राष्ट्रिय निकुञ्जभित्र गरैकानूनी तरिकाले संकलन गरेको वन पैदावारलाई संरक्षकले वा निजले खटाएको राष्ट्रिय निकुञ्जको अन्य कुनै कर्मचारीले त्यस्तो वन पैदावारको बिगो कायम गरी लिलाम बिक्री गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

३०. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने : श्री ५ को सरकारले आवशयक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीहरु आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१
(नियम ४, ११ र २१ संग सम्बन्धित)

**दस्तुर**

(क) राष्ट्रिय निकुञ्ज प्रवेश दस्तूर (प्रति व्यक्ति प्रतिदिन)
नेपाली नागरिकलाई रु. २०।-
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. १००।-
अन्य विदेशी नागरिकलाई रु. ५००।-
(दश वर्षभन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन ।)

(ख) माछा मार्ने (बल्छीले मार्न प्रति व्यक्ति प्रतिदिनको लागि):
नेपाली नागरिकलाई रु. १००।-
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. २००।-
अन्य विदेशी नागरिकलाई रु. ५००।-
(परम्परागत रुपमा माछा मारी जीविका चलाउने स्थानीय आदिवासीहरुलाई वार्षिक शुल्क रु. ५०।- तिरी माछा मार्न पाउने छन् ।)

(ग) सवारी साधन दस्तूर:
१. राजमार्ग बाहेक सुधिवा प्राप्त बाटोमा:-
(क) कार, जीप, ट्रक, बस, ट्रयाक्टर, लरी (५ टनसम्मको) रु. ५०।-
(ख) मोटर साइकल, बयल गाडा र टाँगाको लागि रु. १०।-
२. पर्यटक घुमाउने व्यवसायिक (jungle Drive)
कार रु. १,०००।-
जिप रु. २,०००।-
भ्यान रु. २,५००।-
३. हेलिकप्टर अवतरण प्रत्येक पटकको लागि रु २,०००।-

(घ) क्याम्पिङ (बासबस्ने) दस्तुर (प्रतिव्यक्ति प्रत्येक रातको लागि) :-
नेपाली नागरिकलाई रु. ५०।-
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. २००।-
अन्य विदेशी नागरिकलाई रु. ५००।-

(ङ) डुङ्गा वा र्‍याफ्टीङ्ग चलाए वापतको दस्तुर:-
निकुञ्जको नदी नालामा पर्यटक घुमाउन डुङ्गा वा र्‍याफ्टिङ चलाए वापत लाग्ने दस्तूर:
(१) डुंगा (प्रति ट्रिप) नेपाली नागरिकलाई रु. ५०।-
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. २००।-
अन्य विदेशी नागरिकलाई रु. ५००।-
(२) र्‍याफ्टिङ (प्रतिट्रिप) नेपाली नागरिकलाई रु. १००।-
सार्क मुलुक भित्रका अन्य नागरिकलाई रु. ४००।-
अन्य विदेशी नागरिकलाई रु. १,०००।-

(च) गाइडको सेवा उपलब्ध गरे वापत लाग्ने दस्तूर:
तालिम प्राप्त पञ्जीकृत गाईडले निकुञ्जभित्र गाईड सेवा उपलब्ध गराए वापत प्रति गाईड प्रति वर्ष गाईड शुल्क वापत रु. १,०००।-

(छ) प्रत्येक घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजाँदाको दस्तूर :

गाई, गोरु, भैंसी, रांगा, घोडा, खच्चर, भेडा, बाखा, कुकुर, सुंगुर र अन्य यस्तै जीवजन्तुलाई दस्तुर लाग्ने छैन ।

(ज) खरखडाई वन कस दस्तूर (प्रतिपूर्जी) रु. १०।-

(झ) □........................

द्रष्टव्य:

(क) रीतपूर्वक प्रवेशपत्र बाहकलाई मात्र निकुञ्जभित्र प्रवेश गर्न दिइनेछ ।

(ख) खरखडाईलाई पूर्जिको म्याद ७ दिनको हुनेछ ।

(ग) गाईड शुल्क बुझाउने गाईडलाई निकुञ्ज प्रवेश दस्तूर लाग्ने छैन ।

(घ) व्यवसायिक जंगल ड्राइभ (Jungle Drive) मा प्रयोग गरिने सवारी साधनमा देहायमा तोकिएको संख्याभन्दा बढी पर्यटक राख्न पाइने छैन ।

कार-४ जना

जिप- १० जना

भ्यान- १५ जना

(ङ) सिनेमा डकुमेन्ट्री खिच्ने अनुमतिपत्रको म्याद एक महिनासम्म बहाल रहनेछ ।

(च) प्रवेश वा अनुमतिपत्र नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश वा उपरोक्त बमोजिम कुनै काम गर्ने व्यक्तिलाई तोकिएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेशको अनुमति दिइनेछ ।

## अनुसूची–२

(नियम ४को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही बर्दिया राष्ट्रिय निकुञ्ज

**प्रवेशपत्र**

क.सं. मितिः

१. प्रवेशपत्र लिने व्यक्तिको नामः

२. ठेगानाः

३. राष्ट्रियताः

४. प्रवेशद्वारः

५. प्रवेश गर्ने दस्तूरः

६. प्रवेश गर्ने मितिः

७. प्रवेशपत्र बहाल रहने अवधिः

.......................................

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः (१) प्रवेशपत्र हस्तान्तरण गर्न पाइने छैन ।

(२) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र शाही बर्दिया राष्ट्रिय नियमावली, २०५३ को पालना गर्नु पर्नेछ ।

**अनुसूची–३**

(नियम ४को उपनियम (३) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही बर्दिया राष्ट्रिय निकुञ्ज

**नि:शुल्क प्रवेशपत्र**

क्र.सं. मितिः

१. प्रवेशपत्र लिने व्यक्ति वा संस्थाको नामः-

२. ठेगानाः

३. प्रवेश गर्ने व्यक्तिको संख्याः

४. प्रवेशद्वाराः

५. प्रवेश गर्ने उद्देश्यः

६. प्रवेशपत्र बहाल रहने अवधिः

.......................................

प्रवेशपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः (१) प्रवेशपत्र हस्तान्तरण गर्न पाइने छैन ।

(२) राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र शाही बर्दिया राष्ट्रिय नियमावली, २०५३ को पालना गर्नु पर्नेछ ।

**अनुसूची–४**

(नियम ११ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही बर्दिया राष्ट्रिय निकुञ्ज

**माछा मार्ने अनुमतिपत्र**

क्र.सं. मितिः

१. अनुमतिपत्र लिने व्यक्तिको नामः-

२. ठेगानाः

३. नागरिकताः

४. माछा मार्न पाइने नदी खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा किस्साको विवरणः

५. माछा मार्ने दस्तूर

६. अनुमतिपत्र बहाल रहने अवधिः

.......................................

अनुमति प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः यो अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले संरक्षकले तोकेको शर्तको अधिनमा रही माछा मार्नु पर्नेछ ।

**अनुसूची-५**

(नियम २० संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही बर्दिया राष्ट्रिय निकुञ्ज

**घर पालुवा जीवजन्तु, सवारी साधन पैदल यात्रुको लागि बाटोहरु**

१. बबईदेखि सैनावारसम्मको राजमार्ग ।

२. अम्रेनीदेखि कर्णाली पुलसम्मको राजमार्ग ।

३. अम्रेनी दानव ताल हुँदै तेलपानीसम्म ।

४. राँझागाँउबाट आउने बाटोको किनारा च्यामा खोलादेखि निकुञ्जको वनपथ हुँदै चिसापानी करेली खोलासम्म ।

**अनुसूची-६**

(नियम २१ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

शाही बर्दिया राष्ट्रिय निकुञ्ज

**दस्तुर बुझाएको रसिद**

क.सं. मितिः

दस्तूर बुझाउनेको नाम, थरः

ठेगानाः

दस्तूर बुझाउने प्रयोजनः

१. सवारी चलाउन

२. क्याम्प गर्न

३. निकुञ्जको गाइड सेवा उपलब्ध गर्न

४. खरखडाई वा वनकस काट्न

.......................................

अनुमति प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः यो रसिद दस्तूर बुझाउने व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र रहँदा साथमा राख्नु पर्नेछ ।

# संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति २०५३।८।१७

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ।

(ख) "विभाग" भन्नाले श्री ५ को सरकारको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ।

(ग) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले घोषणा गरेको संरक्षण क्षेत्र सम्झनु पर्छ।

(घ) "संस्था" भन्नाले ऐनको दफा १६ख. बमोजिम श्री ५ को सरकारले कुनै संरक्षण क्षेत्रको व्यवस्थापनको लागि सुम्पिएको संस्था सम्झनु पर्छ।

(ङ) "प्रधान कार्यालय" भन्नाले नियम ४ बमोजिम स्थापित संरक्षण क्षेत्रको प्रधान कार्यालय सम्झनु पर्छ।

(च) "प्रमुख" भन्नाले नियम ४ को उपनियम (२) बमोजिम नियुक्त भएको प्रधान कार्यालयको प्रमुख सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले नियम ६ बमोजिम स्थापित इलाका संरक्षण कार्यालय सम्झनु पर्छ।

(ज) "संरक्षण अधिकृत" भन्नाले नियम ६ को उपनियम (२) बमोजिम नियुक्त भएका कार्यालयको प्रमुख सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले नियम ८ बमोजिम गठित संरक्षण क्षेत्र व्यवस्थापन समिति सम्झनु पर्छ।

(ञ) "व्यवस्थापन कार्य योजना" भन्नाले नियम १५ बमोजिम स्वीकृत व्यवस्थापन कार्य योजना सम्झनु पर्छ।

## परिच्छेद–२
## संरक्षण क्षेत्रको सीमाना र व्यवस्थापन

३. संरक्षण क्षेत्रको सीमाना : संरक्षण क्षेत्रको सीमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. संरक्षण क्षेत्र प्रधान कार्यालयको स्थापना तथा प्रमुखको नियुक्ति : (१) संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको निमित्त संस्थाद्वारा संरक्षण क्षेत्रको प्रधान कार्यालयको स्थापना गरिनेछ।

(२) उपनियम (१) बमोजिमका प्रधान कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी संस्थाले एक प्रमुख नियुक्त गर्नेछ ।

(३) प्रमुखको पदावधि संस्थाले तोकिदिए बमोजिम हुनेछ ।

५. संरक्षण क्षेत्रको इलाका विभाजन : संस्थाले संरक्षण क्षेत्रको व्यवस्थापनको लागि प्राकृतिक सीमानाको आधारमा संरक्षण क्षेत्रलाई आवश्यकतानुसार विभिन्न संरक्षण इलाकाहरुमा विभाजन गर्नेछ ।

६. ईलाका संरक्षण कार्यालयको स्थापना : (१) नियम ५ बमोजिम विभाजित प्रत्येक ईलाकामा संस्थाले एउटा ईलाका संरक्षण कार्यालयको स्थापना गर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापित ईलाका संरक्षण कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी संस्थाले एक संरक्षण अधिकृत नियुक्त गर्नेछ ।

७. अन्य कार्यालयहरु खोल्न सक्ने: संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि संस्थाले आवश्यक देखेमा अन्य कार्यालयहरु खोल्न सक्नेछ र त्यस्ता कार्यालयहरुको काम, कर्तव्य र अधिकार संस्थाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–३
## संरक्षण क्षेत्र व्यवस्थापन समिति

८. संरक्षण क्षेत्र व्यवस्थापन समितिको गठन: (१) संरक्षण क्षेत्रमा गरिने सामुदायिक विकास सम्बन्धी निर्माण कार्य, सो क्षेत्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक सम्पदाको सन्तुलित उपयोग सम्बन्धी व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नका लागि सम्बन्धित संरक्षण अधिकृतले संरक्षण क्षेत्रभित्रको प्रत्येक गाउँ विकास समितिमा देहाय बमोजिमको एउटा संरक्षण क्षेत्र व्यवस्थापन समितिको गठन गर्नेछः-

(क) सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष - सदस्य

(ख) स्थानीय उपभोक्ताहरुले आफूमध्ये प्रत्येक वडाबाट एकजनाका दरले छानेका व्यक्तिहरु -सदस्य

(ग) संरक्षण अधिकृतले स्थानीय उपभोक्ताहरु मध्येबाट मनोनयन गरेका पाँच जना व्यक्तिहरु -सदस्य

(२) संरक्षण अधिकृतले सदस्यको मनोनयन गर्दा महिला, पिछडिएको जति र सामाजिक कार्यकर्ताहरुको प्रतिनिधित्व हुने गरी गर्नेछ ।

(३) समितिका सदस्यहरुले आफूमध्येबाट एकजना अध्यक्ष र एकजना सचिव छान्नेछन् ।

तर पदेन सदस्य अध्यक्ष र सचिव पदमा छनौट हुन सक्ने छैन ।

(४) समितिका पदाधिकारी र सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

९. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो क्षेत्रभित्रका प्राकृतिक वातावरणको संरक्षण, सामुदायिक विकास, प्राकृतिक सम्पदाको विकास तथा त्यसको सन्तुलित व्यवस्थापनको लागि व्यवस्थापन कार्य योजना बनाई संरक्षण अधिकृत मार्फत प्रमुख समक्ष पेश गर्ने ।

(ख) यस नियमावली बमोजिम माछा मार्ने दस्तूर, वन पैदावार उपभोग दस्तूर, पशु चरिचराउ दस्तूर वा प्राकृतिक श्रोत उपयोग दस्तूर उठाउने साथै अनुमतिपत्र दिने ।

(ग) प्रमुख वा संरक्षण अधिकृतलाई आवश्यक पर्ने विवरण वा तथ्यांकहरु उपलब्ध गराउने ।

(घ) आफ्नो क्षेत्रभित्र पहिरो, भू-क्षय जस्ता प्रकोपको रोकथाम, वन पैदावारको संरक्षण, प्राकृतिक स्रोत तथा वन्यजन्तुको संरक्षण, वातावरणीय सफाई तथा उपभोक्ताहरुको सामुदायिक विकासको निमित्ति विभिन्न रचनात्मक कृयाकलापहरु संचालन गर्ने ।

(ङ) प्रमुख तथा संरक्षण अधिकृतले समय समयमा दिएको निर्देशनको पालना गर्ने, गराउने ।

१०. समितिका बैठक तथा कार्यविधि : (१) समितिको बैठक दुई महिनाभन्दा बढीको अन्तर नपर्ने गरी वर्षको कम्तीमा छ पटक पस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(४) कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय बहुमतबाट गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकका निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा अध्यक्षले आवश्यकतानुसार कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

११. उपसमितिहरु गठन गर्न सक्ने : (१) समितिले आफूले गर्नुपर्ने काम सुव्यवस्थित रुपले संचालन गर्न आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन गरिने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१२. समितिको विघटन : (१) देहायको अवस्थामा संरक्षण अधिकृतले कुनै समितिलाई विघटन गर्न सक्नेछः-

(क) व्यवस्थापन कार्य योजना विपरित हुने गरी कुनै काम गरेमा,

(ख) नियम ९ बमोजिम पालन गर्नु पर्ने काम, कर्तव्य र अधिकारको पालना नगरेमा वा गर्न नसकेमा,

(ग) ऐन वा यस नियमावली विपरित कुनै काम कारवाही गरेमा,

(घ) समितिले कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न सकेको छैन वा स्थानीय उपभोक्ताहरुको हित विपरित हुने काम गरेको छ वा उपभोक्ताहरुको हित संरक्षण गर्न सकेको छैन भन्ने कुरामा संरक्षण अधिकृत विश्वस्त भएमा ।

(२) उपनियम (१) बमोजिम कुनै समिति विघटन गर्नु पर्ने भएमा संरक्षण अधिकृतले उक्त समितिलाई सुधारको निमित्त उचित म्याद दिई लिखित रुपमा सेचत गराउन वा निर्देशन दिन सक्नेछ । यसरी संरक्षण अधिकृतले सचेत गराएको वा निर्देशन दिएका कुराहरुको पालना गर्नु त्यस्तो समितिको कर्तव्य हुनेछ। यसरी दिएको निर्देशनको पालना नगरिएमा संरक्षण अधिकृतले त्यस्तो समितिलाई निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै समिति विघटन भएमा संरक्षण अधिकृतले पुनः अर्को समिति गठन गर्नु पर्नेछ ।

## परिच्छेद–४
## संरक्षण क्षेत्रको व्यवस्थापन योजना र कार्यान्वयन

१३. संरक्षण क्षेत्रको संरक्षण तथा विकास कार्यको संचालनः संरक्षण तथा विकास कार्यको व्यवस्थापन र संचालन स्वीकृत व्यवस्थापन कार्य योजना बमोजिम गरिनेछ ।

१४. व्यवस्थापन कार्य योजना तर्जुमा गर्नेः (१) प्रत्येक समितिले देहायका कुराहरु खुलाई आफ्नो क्षेत्रमा उपयोग गरिने प्राकृतिक श्रोत, वन्यजन्तुको संरक्षण तथा तिनीहरुको उपयोग, सामुदायिक विकास तथा स्थानीय उपभोक्ताहरुको हित अभिवृद्धि सम्बन्धी व्यवस्थापन कार्य योजना तर्जुमा गरी संरक्षण अधिकृत समक्ष पेश गर्नु पर्नेछः-

(क) उक्त गाउँ विकास समिति अन्तर्गत पर्ने संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल,

(ख) उक्त गाउँ विकास समिति अन्तर्गतको संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति तथा यस्तै अन्य प्राकृतिक श्रोत वा वनपैदावारको स्थिति,

(ग) स्थानीय उपभोक्ताहरुको संख्यात्मक विवरण र तिनीहरुलाई आवश्यक पर्ने वन पैदावार,

(घ) व्यवस्थापन कार्य योजना अवधिमा गरिने वृक्षारोपण,

(ङ) व्यवस्थापन कार्य योजना अवधिमा उपभोक्ताहरुको सामुदायिक विकास वा अन्य हित अभिबृद्धि सम्बन्धमा संचालन गरिने विस्तृत कार्यक्रमहरु,

(च) व्यवस्थापन कार्य योजना अवधिमा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा वन्यजन्तु तथा वनस्पतिको संरक्षण र पर्यटन विकास सम्बन्धमा संचालन गरिने कार्यक्रमको विस्तृत विवरण,

(छ) व्यवस्थापन कार्य योजना अवधिमा विभिन्न दस्तूर आदिबाट हुन सक्ने कुल आम्दानी,

(ज) व्यवस्थापन कार्य योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने साधन, स्रोत, जनशक्ति तथा रकम ।

(२) व्यवस्थापन कार्य योजना तर्जुमा गर्दा पाँच वर्षको अवधिको लागि तर्जुमा गरी उक्त पाँच वर्षभित्रको कुल लक्ष्य र कार्यक्रमहरुलाई वार्षिक रुपमा पूरा गरिने लक्ष्य र कार्यक्रमहरुमा समेत विभाजन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको व्यवस्थापन कार्य योजना आफ्नो इलाका अन्तर्गतका समितिहरुबाट प्राप्त गरेपछि संरक्षण अधिकृतले ती व्यवस्थापन कार्य योजनाहरुमा एकरुपता र समन्वय हुने गरी आवश्यक संशोधन गरी प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) इलाका संरक्षण कार्यलयहरुमार्फत समितिहरुको व्यवस्थापन कार्य योजना प्राप्त भएपछि प्रमुखले ती व्यवस्थापन कार्य योजनाहरुसंग समन्वय र एकरुपता हुने गरी देहायका कुराहरु खुलाई विस्तृत व्यवस्थापन कार्य योजना तयार गर्नुपर्नेछ :-

(क) संरक्षण क्षेत्रको कुल क्षेत्रफल र सीमाना विस्तारको सम्भावना,

(ख) संरक्षण क्षेत्र अन्तर्गत हाल गरिएको इलाका विभाजन र व्यवस्थापन कार्य योजना अवधिमा गरिने कुल इलाका विभाजन,

(ग) संरक्षण क्षेत्रभित्र रहेका कुल वन्यजन्तु वनस्पति तथा यस्तै अन्य प्राकृतिक श्रोत वा वन पैदावारको स्थिति,

(घ) स्थानीय उपभोक्ताहरुको संख्यात्मक विवरण र उनीहरुलाई आवश्यक पर्ने वन पैदावर,

(ङ) व्यवस्थापन कार्य योजना अवधिमा गरिने वृक्षारोपण,

(च) व्यवस्थापन कार्य योजना अवधिमा प्राकृतिक श्रोतको संरक्षण, सम्वर्द्धन, वन्यजन्तु तथा वनस्पतिको संरक्षण, पर्यटन विकास सम्बन्धमा संचालन गरिने कार्यक्रमहरुको विस्तृत विवरण,

(छ) व्यवस्थापन कार्य योजना अवधिमा उपभोक्ताहरुको सामुदायिक विकास वा अन्य हित अभिवृद्धि सम्बन्धमा संचालन गरिने कार्यक्रमहरुको विस्तृत विवरण,

(ज) व्यवस्थापन कार्य योजना अवधिमा विभिन्न दस्तूर आदिबाट हुनसक्ने कुल आम्दानी,

(झ) व्यवस्थापन कार्य योजनामा उल्लिखित कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत, जनशक्ति तथा रकम,

(ञ) व्यवस्थापन कार्य योजना अवधिमा प्रधान कार्यालय, इलाका संरक्षण कार्यालय र समितिहरु मार्फत व्यवस्थापन कार्य योजना बमोजिम गरिने कार्यगत खर्च र प्रशासनिक खर्चको विवरण ।

(५) व्यवस्थापन कार्य योजना तयार गर्दा पाँच वर्षको अवधिको लागि तयार गरी उक्त अवधिभित्रको कुल लक्ष्य र कार्यक्रमहरुलाई वार्षिक रुपमा पूरा गरिने लक्ष्य कार्यक्रमहरुमा समेत विभाजन गर्नु पर्नेछ ।

१५. व्यवस्थापन कार्य योजना स्वीकृत गर्ने : (१) नियम १४ बमोजिम व्यवस्थापन कार्य योजना तयार गरिसकेपछि संरक्षण अधिकृतहरुसंग आवश्यक परामर्श र समन्वय गरी प्रमुखले अन्तिम स्वीकृतिको निमित्त संस्था समक्ष पेश गर्नेछ र संस्थाले त्यस्तो व्यवस्थापन कार्य योजना स्वीकृत गर्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन कार्य योजना स्वीकृत गर्दा संस्थाले समितिहरुले आर्जन गरेको रकम कम्तीमा तीस प्रतिशत रकम स्थानीय उपभोक्ताहरुको सामुदायिक विकास सम्बन्धी कार्यक्रमहरुमा खर्च गर्न पाउने गरी स्वीकृत गर्नेछ ।

## परिच्छेद-५
## संरक्षण क्षेत्रभित्र निषेधित कार्यहरु

१६. संरक्षण क्षेत्रभित्र निषेधित कार्यहरु : (१) प्रमुखबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रभित्र देहायको कामहरु गर्न पाउने छैनः-

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, वनपैदावार नाश हुने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(ग) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंक्रिट, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(घ) वन्यजन्तु, पंक्षी वा सार्वजनिक जग्गालाई क्षति पुऱ्याउन,

(ङ) हातहतियार, खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(च) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोतको विद्युतीय करेण्ट प्रयोग गर्न,

(छ) संरक्षण क्षेत्रमा हेलिकप्टर वा अन्य यस्तै वायुयान अवतरण गर्न, त्यसबाट मानिस वा कुनै वस्तु अवतरण गराउन वा खसाउन ।

(२) प्रमुखले उपनियम (१) मा निषेध गरिएका कामहरुमध्ये केही कामहरु संरक्षण क्षेत्रभित्रको कुनै इलाका वा खण्डहरुमा निषेध नहुने गरी छुट दिन सक्नेछ ।

१७. निषेध गर्न सक्ने : (१) संरक्षण क्षेत्रभित्र वा बाहिरबाट भइरहेको वा हुन लागेको कुनै काम कारवाहीबाट संरक्षण क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने सम्भावना भएमा प्रमुखले वा संरक्षण अधिकृतले सम्बन्धित व्यक्तिलाई तत्काल त्यस्तो काम कारवाही रोक्न वा त्यसमा सुधार गर्ने आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आदेश दिंदा प्रमुख वा संरक्षण अधिकृतले त्यस्तो आदेश दिनु परेको कारण र गर्नुपर्ने सुधार स्पष्ट रुपले खुलाएको हुनु पर्नेछ ।

१८. क्षति पुऱ्याउन नहुने : कसैले पनि संरक्षण क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, घर, कार्यालय भवन, तारबार, चिन्ह, संकेत वा अन्य कुनै चिज, वस्तुलाई कुनै प्रकारले क्षति पुऱ्याउन पाइने छैन ।

१९. प्रवेशपत्र र अनुमतिपत्र लिनुपर्ने : (१) विदेशी नागरिकले संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा प्रधान कार्यालय वा प्रधान कार्यालयले तोकेको कार्यालयमा अनुसूची-१ बमोजिमको दस्तूर तिरी अनुसूची-२ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रवेशपत्र एक पटकको प्रवेशको लागि मात्र मान्य हुनेछ ।

(३) संरक्षण क्षेत्रभित्र माछा मार्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको दस्तूर तिरी अनुसूची-३ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(४) कसैले संरक्षण क्षेत्रभित्र कुनै सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन चाहेमा प्रधान कार्यालय वा प्रधान कार्यालयले तोकेको कार्यालयमा अनुसूची-१ बमोजिमको दस्तूर तिरी अनुसूची-४ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(५) संस्थाले मनासिब देखेमा कुनै व्यक्ति, संस्था वा निकायको हकमा यस नियमावली बमोजिम लाग्ने कुनै दस्तूर मिनाहा दिन सक्नेछ ।

२०. पुर्व स्वीकृति लिनु पर्ने : कुनै व्यक्तिले संरक्षण क्षेत्रभित्र वैज्ञानिक अनुसन्धान सम्बन्धी काम गर्न चाहेमा प्रमुखको स्वीकृति लिएर गर्न सक्नेछ । प्रमुखले स्वीकृति दिंदा कुनै शर्त राखी वा नराखी अनुसन्धान गर्ने विषय र समय खुलाएर मात्र स्वीकृति दिनु पर्नेछ ।

२१. अनुमतिपत्र लिनु पर्ने : (१) कुनै व्यक्तिले संरक्षण क्षेत्रभित्रको सरकारी स्वामित्वको जग्गामा व्यवसायिक वा अन्य कुनै काम गर्दा प्राकृतिक श्रोत प्रयोग गरी वा सो क्षेत्रको प्राकृतिक श्रोतमा असर पर्ने गरी निजी स्वामित्वको जग्गामा व्यवसायिक काम शुरु गर्नु भन्दा पहिले प्रमुखले तोकिदिएको दस्तूर तिरी प्रमुखबाट अनुसुची-५ बमोजिमको अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रमुखले अनुमतिपत्र दिंदा आवश्यक शर्तहरु तोक्न सक्नेछ र ती शर्तहरुको पालना नगरेमा वा गर्न नसकेमा प्रमुखले उक्त अनुमतिपत्र रद्द गरी काम बन्द गर्ने आदेश दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको कुनै काम गर्ने अनुमतिपत्र दिंदा स्थानीय उपभोक्ताहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

२२. संरक्षण क्षेत्रभित्र सेवा व्यवसाय संचालन गर्ने : (१) कुनै व्यक्तिले संस्थासंग करार गरेर संरक्षण क्षेत्रभित्रको कुनै जग्गामा होटेल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा व्यवसाय संचालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको करार गर्नु पूर्व संस्थाले सम्बन्धित समिति र संरक्षण अधिकृतसंग परामर्श लिन सक्नेछ ।

२३. संरक्षण क्षेत्रमा आवागमनको सुविधा : संरक्षण क्षेत्रभित्र सर्वसाधारणले साविकदेखि प्रयोग गर्दै आएको आवागमनको सुविधाको लागि प्रमुखले मानिस, घरपालुवा जनावर तथा ढुवानी साधनको निमित्त चिन्ह लगाई बाटो तोकिदिन सक्नेछ । त्यसरी बाटो तोक्दा संरक्षण क्षेत्रभित्रको वातावरण प्रदूषण हुने गरी कुनै सवारी साधन चलाउन वा आवागमनको सुविधा प्रयोग गर्न निषेध गर्न सक्नेछ ।

२४. संस्था वा श्री ५ को सरकार जिम्मेवार नहुने : प्रवेशपत्र लिई संरक्षण क्षेत्रभित्र प्रवेश गर्ने विदेशी नागरिकलाई कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्युको लागि श्री ५को सरकार वा संस्था जिम्मेवार हुनेछैन ।

२५. प्राकृतिक श्रोतको उपयोग वा परिचालन वापत दस्तूर बुझाउनु पर्ने : (१) संरक्षण क्षेत्रभित्रबाट दैनिक उपभोगका लागि आवश्यक पर्ने वन पैदावार उपयोग गर्दा जनावर चरिचराउको लागि वा अन्य प्राकृतिक श्रोतको उपयोग गर्दा लाग्ने दस्तूर समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) समितिले दस्तूर निर्धारण गर्दा प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको दस्तूर बुझाउने व्यक्तिलाई समितिले अनुसूची-६ बमोजिमको अनुमतिपत्र दिनेछ ।

## परिच्छेद–६
## आर्थिक व्यवस्था

२६. समितिले गरेको आम्दानी संस्थाको हुनेः (१) समितिले यस नियमावली बमोजिम उठाएको सम्पूर्ण दस्तूर संस्थाको हुनेछ ।

(२) समितिले आफूले आर्जन गरेको सम्पूर्ण रकम संस्थाको नाममा जम्मा गर्नु पर्नेछ ।

(३) स्वीकृत व्यवस्थापन कार्य योजना बमोजिम संचालन हुने विभिन्न कार्यक्रम तथा प्रशासनिक खर्चको लागि संस्थाले समितिलाई आवश्यकता अनुसार रकम उपलब्ध गराउनु पर्नेछ र समितिले उक्त रकम आफूलाई पायक पर्ने बैंकमा जम्मा गर्नु पर्नेछ ।

२७. पारिश्रमिकः समितिको सचिवले प्रमुखले तोकिदिए बमोजिमको पारिश्रमिक पाउनेछ ।

२८. समितिको लेखा र लेखा परीक्षण : (१) समितिको लेखा संस्थाले तोके बमोजिम राख्नु पर्नेछ र त्यस्तो लेखा राख्ने दायित्व सचिवको हुनेछ ।

(२) प्रमुख वा संरक्षण अधिकृतले समितिको काम कारवाही, लेखा तथा अन्य सम्बन्धित कागजातहरु जुनसुकै बखत हेर्न वा निरीक्षण गर्न सक्नेछ ।

(३) समितिको आम्दानी खर्चको वार्षिक लेखापरीक्षण संस्थाले नियुक्त गरेको दर्तावाला लेखा परीक्षकबाट हुनेछ ।

(४) उपनियम (२) बमोजिमको निरीक्षण गर्दा वा उपनियम (३) बमोजिम लेखा परीक्षण गर्दा कसैले लापरवाही वा बदनियत साथ रकम हिनामिना गरेको पाइएमा संस्थाले निजले त्यसरी हिनामिना गरेको रकम वा संस्थालाई पुऱ्याएको हानी नोक्सानीको रकम सरकारी बाँकी सरह असूल उपर गन सक्नेछ ।

२९. बैंक खाताको संचालन : समितिको बैंक खाताको संचालन अध्यक्ष र सचिव तथा अध्यक्षको अनुपस्थितिमा एकजना सदस्यको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

३०. आम्दानी तथा खर्चको विवरण : (१) समितिले गरेको आम्दानी तथा खर्चको मासिक तथा वार्षिक विवरण नियमित रुपले संरक्षण अधिकृतलाई पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिहरुबाट प्राप्त विवरणको आधारमा संरक्षण अधिकृतले सबै कार्यालयको छुट्टाछुट्टै र एकमुष्ट रुपमा देखिने गरी आम्दानी खर्चको विवरण खुलाई प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## विविध

३१. सम्पर्क अधिकारी : संस्था र श्री ५ को सरकार बीच सम्पर्क स्थापना गर्नको लागि विभागले कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृत कर्मचारीलाई सम्पर्क अधिकारी तोक्नेछ ।

३२. वारेन्ट जारी गर्ने अधिकार : ऐनको दफा २३ बमोजिम वारेन्ट जारी गर्ने अधिकार विभागले तोकेको कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृतलाई हुनेछ ।

३३. निरीक्षण, खानतलासी तथा गिरफ्तार गर्ने अधिकार : ऐनको दफा २३ को प्रयोजनको लागि यस नियमावली विरुद्ध काम कारवाही भएको कुराको निरीक्षण, खानतलासी तथा गिरफ्तार गर्ने अधिकार विभागले तोकेको कम्तीमा राजपत्र अनंकित द्वितीय श्रेणीको कर्मचारीलाई हुनेछ ।

३४. मुद्दा हेर्ने अधिकार: ऐनको दफा ३१ बमोजिमको मुद्दा हेर्ने अधिकार नियम ३१ बमोजिमको सम्पर्क अधिकारीलाई हुनेछ ।

३५. कारवाहीको निमित्त अनुरोध गर्न सक्ने : कसैले ऐन वा यस नियमाली विपरित निषेधित कार्य गरेकोले निज उपर ऐन वा यस नियमावली बमोजिम कारवाही गर्न आवश्यक छ भनि सम्बन्धित समिति वा संरक्षण अधिकृत वा प्रमुखले मुद्दाको तहकिकात गर्ने वा मुद्दा दायर गर्ने अधिकारीलाई लिखित अनुरोध गर्न सक्नेछ ।

३६. निर्देशन दिन सक्ने : (१) श्री ५ को सरकारले सोझै वा सम्पर्क अधिकारी मार्फत संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(२) प्रमुखले संरक्षण अधिकृत वा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संरक्षण अधिकृत वा समितिको कर्तव्य हुनेछ ।

३७. विवरण उपलब्ध गराउनु पर्ने : प्रमुखले आवश्यक देखेको कुनै विषयमा संरक्षण अधिकृत वा समितिसंग कुनै विवरण माग गर्न सक्नेछ र त्यस्तो विवरण उपलब्ध गराउनु संरक्षण अधिकृत वा समितिको कर्तव्य हुनेछ ।

३८. अधिकार प्रत्यायोजन : (१) संस्थाले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकताअनुसार केही अधिकार संरक्षण अधिकृत वा समितिको अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुखले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार संरक्षण अधिकृत वा समितिको अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. सहमति लिनु पर्ने : संरक्षण क्षेत्रभित्रको जलस्रोतको उपयोग गर्ने सम्बन्धमा कारवाही गर्नु पूर्व वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिनु पर्नेछ ।

४०. निर्देशिका बनाउन सक्ने: संस्थाले संरक्षण क्षेत्रको व्यवस्थापन र विकासको लागि आवश्यक निर्देशिका तयार गरी श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत गराई संरक्षण क्षेत्रमा लागू गर्न सक्नेछ ।

४१. अनुसूचीमा हेरफेर वा थपघट गर्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४२. यस नियमावली बमोजिम हुने: यस नियमावलीमा उल्लेख भएका कुरामा यसै नियमावली बमोजिम, जलस्रोत सम्बन्धी कुरामा जलस्रोत नियमावली, २०५० बमोजिम, संरक्षण क्षेत्रभित्र शिकार गर्ने कुरामा राष्ट्रिय निकुञ्ज तथा संरक्षण नियमावली, २०३० बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

## □अनुसूची–१

(नियम १९ संग सम्बन्धित)

**दस्तूर**

क) संरक्षण क्षेत्रको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रत्येक प्रवेशको लागि)

| | |
|---|---|
| नेपाली नागरिकलाई | निशुल्क |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. २,०००।- |

द्रष्टव्य:दश वर्षभन्दा मुनिका केटाकेटीलाई दस्तूर लाग्ने छैन)

(ख) माछा मार्ने दस्तूर:

| | |
|---|---|
| नेपाली नागरिकलाई | रु. ५०।- |
| सार्क मुलुक भित्रका अन्य नागरिकलाई | रु. २००।- |
| अन्य विदेशी नागरिकलाई | रु. ५००।- |

(ग) सवारी दस्तूर:

१. राजमार्ग बाहेक सुविधा प्राप्त बाटोको लागि:-

(क) कार, जीप, बस, ट्र्याक्टर, लरी वा ५ टनसम्म ट्रकको लागि रु. ५०।-

(ख) मोटरसाइकल र टाँगाको लागि रु. १०।-

(ग) हेलिकोप्टर अवतरण प्रति पटक रु. २,०००।-

२. संरक्षण क्षेत्रको अन्य पथको लागि:

(क) मोटर इन्जिन जडान भएको कुनै पनि सवारी साधनको लागि रु. २००।-

(ख) पर्यटक घुमाउने व्यवसायिक (जङ्गल ड्राइभ) सवारी साधनको लागि रु. १,०००।-

(ग) ग्लाइडर (इन्जिन जडान भएको वा नभएको) रु. ५००।-

(घ) □.....................

द्रष्टव्य:- संस्थाले तोकेको कार्यालयबाट सम्बन्धित क्षेत्रमा प्रवेशपत्र वा अनुमतिपत्र नलिई प्रवेश वा कुनै काम गरेमा तो किएको दस्तूरमा शत प्रतिशत अतिरिक्त दस्तूर लिई प्रवेश वा अनुमति दिइनेछ।

## अनुसूची–२
(नियम १९ को उपनियम (१) संग सम्बन्धित)

...................संरक्षण क्षेत्र

...................संरक्षण कार्यालय

**प्रवेशपत्र**

प्रवेशपत्र नं. मितिः

१. प्रवेशपत्र लिनेको नामः

२. उमेरः

३. नागरिकताः

४. प्रवेश गर्न चाहेको कारणः

५. प्रवेश शुल्क

प्रवेशपत्र दिने अधिकारीको
दस्तखतः
नाम,थर
दर्जाः

द्रष्टव्यः

(१) यो प्रवेशपत्र एकपटक प्रवेशका लागि मात्र मान्य हुनेछ । यसबाट संरक्षण क्षेत्रभित्र तोकेको क्षेत्रमा मात्र प्रवेश गर्न पाइनेछ ।

(२) संरक्षण क्षेत्रभित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तर्गत बनेको नियमहरुको पालना गर्नु पर्नेछ ।

(३) यस प्रवेशपत्रलाई आफ्नो साथमाराख्नु पर्नेछ र संरक्षण क्षेत्रको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा देखाउनु पर्नेछ ।

## अनुसूची–३
(नियम १९ को उपनियम (३) संग सम्बन्धित)

...................संरक्षण क्षेत्र

...................संरक्षण कार्यालय

...................समिति

**माछा मार्ने अनुमतिपत्र**

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम, थर........................

२. अनुमतिपत्र प्राप्त व्यक्तिको ठेगाना..........................

क. स्थायी :..................

ख. अस्थायीः..................

३. अनुमतिपत्र प्राप्त व्यक्तिको नागरिकता.............

४. माछा मार्न पाइने खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरण.........................

६. अनुमतिपत्र वापत बुझाएको दस्तूर..................

अनुमति प्रदान गर्ने अधिकारीको
दस्तखतः...........................
नाम,थरः............................
दर्जाः................................
मितिः...............................

## अनुसूची–४

(नियम १९ को उपनियम (४) संग सम्बन्धित)

...................संरक्षण क्षेत्र

...................संरक्षण कार्यालय

**सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्ने अनुमतिपत्र**

१. सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन चाहने व्यक्ति/ संस्थाको नाम:

२. अनुमति प्राप्त गर्नेको ठेगाना र नागरिकता:

३. सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन दिएको क्षेत्रको चार किल्ला:

४. सिनेमा वा डकुमेन्ट्री फिल्म खिच्न वा बनाउन दिएको अवधि र दस्तूर:

५. अनुमतिपत्र बुझिलिनेको दस्तखत:

नाम, थर:

उमेर:

नागरिकता:

ठेगाना: स्थायी :

अस्थायी:

अनुमतिपत्र दिने अधिकारीको

दस्तखत:

नाम,थर:

दर्जा:

मिति:

## अनुसूची–५

(नियम २१ को उपनियम (१) संग सम्बन्धित)

...................संरक्षण क्षेत्र

...................संरक्षण कार्यालय

**व्यावसायिक वा अन्य कार्य गर्ने अनुमतिपत्र**

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको नाम, थर, वतन र नागरिकता:

२. अनुमतिपत्र दिएको जग्गाको चार किल्ला र क्षेत्रफल:

३. अनुमतिपत्र दिएको प्रयोजन:

४. अनुमतिपत्र मान्य हुने अवधि:

अनुमतिपत्र दिने अधिकारीको

दस्तखत:

नाम,थर:

दर्जा:

मिति:

## अनुसूची–६

(नियम २५ को उपनियम (३) संग सम्बन्धित)

……………….संरक्षण क्षेत्र

……………….संरक्षण कार्यालय

………………..समिति

**<u>वन पैदावार/जनावर चरिचराउ/प्राकृतिक श्रोतको उपयोग अनुमतिपत्र</u>**

१. अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिको नाम, थरः

२. अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिको ठेगानाः

३. अनुमतिपत्र बहाल रहने अवधिः

४. अनुमतिपत्र लागू हुने क्षेत्रः

५. वन पैदावरको किसिम र परिमाणः

६. अनुमति दिएको जनावरको किसिम, संख्या र अवधिः

७. अन्यः

<u>अनुमतिपत्र दिने अधिकारीको</u>

दस्तखतः

नाम,थरः

दर्जाः

मितिः

# संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७

नेपाल राजपत्रमा प्रकाशित मिति २०५७।०५।१९

राष्ट्रिय निकुञ्ज तथा वन्जन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु वनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम 'संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ रहने छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन " भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ।

(ख) "मन्त्रायल" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ।

(ग) "विभाग" राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ।

(घ) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले घोषणा गरेको संरक्षण क्षेत्र सम्झनु पर्छ।

(ङ) "संरक्षक" भन्नाले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि श्री ५ को सरकारवाट नियम ५ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(च) "व्यवस्थापन कार्य योजना" भन्नाले नियम ७ बमोजिम तर्जुमा र स्वीकृत भएको प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि नियम ८ बमोजिम तर्जुमा र स्वीकृत भएको योजना सम्झनु पर्छ।

(छ) "एकीकृत योजना" भन्नाले संरक्षण क्षेत्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि नियम ८ बमोजिम तर्जुमा र स्वीकृत भएको योजना सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले नियम १० बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(झ) "परिषद" भन्नाले नियम २४ बमोजिम गठित संरक्षण क्षेत्र व्यवस्थापन परिषद् सम्झनु पर्छ।

## परिच्छेद–२
## संरक्षण क्षेत्रको सीमाना र व्यवस्थापन

३. संरक्षण क्षेत्रको सिमाना : संरक्षण क्षेत्रको सिमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. संरक्षण क्षेत्र कार्यालयको स्थापना : विभागले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नियम ३ बमोजिम संरक्षण क्षेत्र कार्यालयको स्थापना गर्नेछ।

५. संरक्षकः (१) श्री ५ को सरकारले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नियम ४ बमोजिम स्थापित कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी एक संरक्षक नियुक्त गर्नेछ।

(२) एकीकृत योजनाको कार्यान्वयन गर्ने गराउने प्रमुख जिम्मेवारी संरक्षकको हुनेछ।

६. संरक्षण क्षेत्रको इलाका विभाजन र इलाका कार्यालयः (१) संरक्षकले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि स्थानीय निकाय तथा समितिसंग समन्वय राखी संरक्षण क्षेत्रलाई आवश्यकता अनुसार विभिन्न संरक्षण इलाकामा विभाजन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम संरक्षण इलाका विभाजन गर्दा संरक्षण क्षेत्रको भौगोलिक स्वरुप, विस्तार, मानिसको बसोबास क्षेत्र र प्राकृतिक सिमानालाई आधार मानिनेछ ।

(३) उपनियम (१) बमोजिम विभाजन गरिएको इलाकामा आवश्यकता अनुसार इलाका कार्यालय स्थापना गर्न सकिनेछ ।

## परिच्छेद-३
## व्यवस्थापन कार्य योजना तथा एकीकृत योजनाको तर्जुमा र स्वीकृति

७. व्यवस्थापन कार्य योजना तर्जुमा र स्वीकृत गर्नेः (१) प्रत्येक समितिले उपभोक्ता समूहसंग छलफल गरी देहायका कुराहरु खुलाई आफ्नो क्षेत्रभित्रको प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि व्यवस्थापन कार्य योजना तर्जुमा गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछः-

(क) सम्बन्धित समितिको नाम,

(ख) सम्बन्धित समिति अन्तर्गत रहेको संरक्षण क्षेत्रको सिमाना,

(ग) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी तरिका,

(घ) वन पैदावारको सङ्कलन गर्ने तरिका,

(ङ) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,

(च) विरुवा छाँटकाँट गर्ने, पातलो पार्ने, सफा गर्ने र अन्य उपचारहरुको तरिका,

(छ) वृक्षारोपण र वन सुधार सम्बन्धी तरिका,

(ज) वन पैदावारको वितरण, प्रबन्ध र बिक्री वितरण गर्ने तरिका,

(झ) भूमी व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,

(ञ) सामुदायिक विकासका कार्यक्रम र कार्यान्वयन गर्ने तरिका, र

(ट) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम समितिले आ-आफ्नो क्षेत्रको व्यवस्थापन कार्य योजना तर्जुमा गर्दा पाँच वर्षको अवधिको लागि तर्जुमा गरी उक्त अवधि भित्रको कूल लक्ष्य र कार्यक्रमलाई वार्षिक रुपमा पूरा गरिने लक्ष्य र कार्यक्रममा समेत विभाजन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको व्यवस्थापन कार्य योजना तर्जुमा गर्दा संरक्षकले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

८. एकीकृत योजना तर्जुमा र स्वीकृति गर्नेः (१) संरक्षकले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नको लागि देहायका कुराहरु खुलाई सम्बन्धित समितिसंग समन्वय राखी स्वीकृत व्यवस्थापन कार्य योजनासंग एकरुपता हुने गरी पाँच वर्षको लागि एकीकृत योजना तर्जुमा गर्नेछः-

(क) आफ्नो क्षेत्रभित्र रहेका जंगल, झाडी, बुट्यान, घाँसे जग्गाले ओगटेको तथा पर्ति रहेको र आवादी क्षेत्रको विवरण,

(ख) वन सिमाको अवस्थिति,

(ग) नदी-नाला तथा अन्य जलस्रोत समेत देखिने गरी तयार गरिएको नक्सा,

(घ) स्थानीय जनसंख्या तथा जनघनत्व सम्बन्धी विवरण,

(ङ) आफ्नो क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति तथा यस्तै अन्य प्राकृतिक श्रोत वा वन पैदावारको स्थिति,

(च) आफ्नो क्षेत्रभित्रको सामुदायिक र धार्मिक वनको रुपमा सुम्पन सकिने वन क्षेत्र र वनको विवरण,

(छ) वृक्षारोपण, भू-संरक्षण र वन विकासको योजना,

(ज) स्थानीय जनताको मौलिक र परम्परागत ज्ञान तथा सीपको संरक्षण सम्बन्धी कार्यक्रम,

(झ) स्थानीय उपभोक्ताहरुलाई आवश्यक पर्ने वन पैदावार र सोको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक कार्यक्रम,

(ञ) आफ्नो क्षेत्रभित्र गरिने सामुदायिक विकास, पर्यटन विकास, वन्यजन्तु, वनस्पति र वातावरण संरक्षण तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ट) आफ्नो क्षेत्रमा हुन सक्ने वार्षिक आम्दानी,

(ठ) एकीकृत योजना कार्यान्वयन गर्न आवश्यक पर्ने साधन, श्रोत, जनशक्ति तथा रकम,

(ड) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावारको विवरण,

(ढ) वन पैदावारको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक विवरण,

(ण) भू-उपयोगिता प्रणाली लागु गर्नु पर्ने क्षेत्रको विवरण ।

(२) उपनियम (१) बमोजिम तर्जुमा भएको एकीकृत योजना संरक्षकले छलफलको लागि परिषद्मा पेश गर्नेछ ।

(३) उपनियम (१) बमोजिम परिषद्मा छलफल भई तयार भएको एकीकृत योजना परिषद्को सिफारिस सहित संरक्षकले विभाग समक्ष पेश गर्नु पर्नेछ र विभागले सो एकीकृत योजना स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश हुन आएको एकीकृत योजना उपर विचार गरी प्राप्त एकीकृत योजना कार्यान्वयन गर्न उपयुक्त देखेमा मन्त्रालयले उक्त एकीकृत योजनालाई स्वीकृत गर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृत एकीकृत योजनाको पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. <u>एकीकृत योजनामा संशोधन</u>: (१) नियम ८ बमोजिम स्वीकृत भएको एकीकृत योजनामा कुनै संशोधन गर्नुपर्ने देखेमा संरक्षकले परिषद्को सिफरिस र आफ्नो राय सहितको प्रतिवेदन विभागमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट एकीकृत योजनामा संशोधन गर्न उपयुक्त देखिएमा विभागले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदनको अध्ययन गरी मन्त्रालयले एकीकृत योजनामा संशोधन गर्न उपयुक्त देखेमा सोको स्वीकृति प्रदान गर्नेछ ।

## परिच्छेद-४

## <u>उपभोक्ता समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था</u>

१०. <u>उपभोक्ता समितिको गठन</u>: (१) एकीकृत योजना अनुसार संरक्षणको क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न संरक्षकले स्थानीय निकायसंग समन्वय राखी एक गाँउ विकास समितिमा बढीमा दुईवटा उपभोक्ता समिति गठन गर्नेछ ।

(२) समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्:

(क) समिति अन्तर्गतका उपभोक्ता समुहको अध्यक्षहरुले आफूहरुमध्येबाट छानेको पाँच जना -सदस्य

(ख) समिति अन्तर्गतका महिला उपभोक्ता समूहका अध्यक्षहरुले आफूहरुमध्येबाट छानेका तीन जना -सदस्य

(ग) समितिसंग सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष - पदेन सदस्य

(३) समितिका सदस्यहरुले उपनियम (२) को खण्ड (क) र (ख) बमोजिमका सदस्यहरुमध्येबाट एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्षको छनौट गर्नेछन् ।

(४) समितिका पदाधिकारीको छनौट प्रकृया समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिका सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

११. समितिको काम, कर्तवय र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका आयोजनाको संचालन र कार्यान्वयन गर्ने,

(ख) आफूले सम्पन्न गरेको आयोजनाको संचालन र मर्मत सम्भारको व्यवस्था मिलाउने,

(ग) आयोजनाको आम्दानी खर्चको हिसाब दुरुस्त राखी उपभोक्ता समूहहरुलाई जानकारी गराउने,

(घ) संरक्षकले समय समयमा माग गरेको विवरण पेश गर्ने,

(ङ) नियमित रुपमा कार्य प्रगति विवरण तयार गरी संरक्षक समक्ष पेश गर्ने,

(च) संरक्षण क्षेत्र अन्तर्गतका अन्य उपभोक्ता समितिसंग आवश्यक समन्वय राखी कार्य गर्ने,

(छ) आफ्नो कार्यक्षेत्रभित्रका स्थानीय बासिन्दाहरुको दैनिक उपभोगको लागि आवश्यक पर्ने वन पैदावार उपभोग गर्ने तरिका र दस्तूर तोक्ने,

(ज) वृक्षारोपण गर्ने वा गराउने,

(झ) चरिचरण गर्न वा गोठ राख्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र दस्तूर तोक्ने,

(ञ) पहिरो तथा भू-क्षयको नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ट) वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने वा गराउने,

(ठ) विभिन्न दातृ संघ संस्था एवं व्यक्तिबाट प्राप्त अनुदान सहयोगबाट संरक्षण तथा विकास निर्माणका कार्यक्रम एकीकृत योजनाको लक्ष्य अनुरुप संचालन गर्ने वा गराउने ।

(ड) स्वीकृत एकीकृत योजना वा व्यवस्थापन कार्य योजना र संरक्षकले दिएका मार्गदर्शनको पालना गर्ने वा गराउने,

(ढ) संरक्षण क्षेत्रको हितको लागि आवश्यक देखिएका अन्य काम गर्ने वा गराउने ।

१२. समितिको वैठक तथा कार्यविधिः (१) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सचिवले बोलाउनेछ ।

(३) कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । उपाध्यक्षको पनि अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकको निर्णय बहुमतबाट गरिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा अध्यक्षले आवश्यकतानुसार कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

१३. <u>समितिको दर्ता सम्बन्धी व्यवस्था</u> : (१) नियम १० बमोजिम पहिलो पटक समिति गठन भएपछि दर्ताको लागि अनुसूची-१ बमोजिमको ढांचामा समितिले तयार गरेको आफ्नो विधान समेत संलग्न गरी संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले सो समितिलाई दर्ता गरी अनुसूची-२ बमोजिमको ढांचामा समिति दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

१४. <u>उपसमिति गठन गर्न सक्ने</u> : (१) समितिले यस नियमावली बमोजिम आफूलाई सुम्पिएको काम कारवाहीलाई व्यवस्थित रुपले संचालन गर्न आवश्यक संख्यामा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>उपभोक्ता समूह</u> : (१) संरक्षण क्षेत्रबाट प्रत्यक्ष लाभ पाउने सम्बन्धित गाउँ विकास समिति अन्तर्गतका घरधुरीका सदस्यमध्येबाट प्रतिनिधित्व हुने गरी आवश्यक संख्यामा उपभोक्ता समूह गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिम समूह गठन गर्दा सम्बन्धित गाँउ विकास समिति अन्तर्गत महिलाको सहभागिता बढाउन आवश्यक संख्यामा महिला समूह समेत गठन हुनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको उपभोक्ता समूहमा एकजना अध्यक्ष, एकजना सचिव र प्रत्येक घर धुरीका प्रतिनिधि सदस्य हुनेछन् ।

(४) उपनियम (१) र (२) बमोजिम गठित उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

१६. <u>उपभोक्ता समूहको दायित्व</u> : नियम १५ बमोजिम गठित प्रत्येक उपभोक्ता समूहको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आयोजना सम्पन्न गर्न लाग्ने श्रमदान गर्ने,

(ख) आयोजनाको मर्मत सम्भार शुल्क बुझाउने,

(ग) आयोजना सम्पन्न गर्न, संचालन गर्न र आयोजनाको मर्मत संभार गर्न समितिलाई आवश्यक सहयोग गर्ने ।

१७. <u>समितिको विघटन</u> : (१) संरक्षकले देहायको अवस्थामा समिति विघटन गर्न सक्नेछः-

(क) समितिले व्यवस्थापन कार्य योजना स्वीकृत नगराई वा स्वीकृत व्यवस्थापन कार्य योजना विपरित हुने कुनै कार्य गरेमा,

(ख) समितिले नियम ११ बमोजिम आफ्नो काम, कर्तव्य पूरा नगरेमा वा गर्न नसकेमा,

(ग) ऐन वा यस नियमावली विपरित कुनै काम कारवाही गरेमा,

(घ) समितिले कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न नसकेको वा स्थानीय उपभोक्ताहरुको हित विपरित कुनै काम गरेको वा उपभोक्ताहरुको हित संरक्षण गर्न नसकेको भन्ने कुरामा संरक्षक विश्वस्त भएमा ।

(२) उपनियम (१) बमोजिम समिति विघटन गर्नु पूर्व संरक्षकले उक्त समिति विघटन गर्नु पर्ने कारण खोली पैंतीस दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा संरक्षकले आफैं वा आफ्नो मातहतका प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न, गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थलगत निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनको आधारमा संरक्षकले त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिका दुई तिहाई सदस्यहरुले सो समिति विघटन गर्न संरक्षक समक्ष कारण खुलाई लिखित रुपमा अनुरोध गरेमा संरक्षकले त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(६) यस नियम बमोजिम कुनै समिति विघटन भएमा संरक्षकले पुनः अर्को समिति गठन गर्न सक्नेछ ।

१८. उजूर गर्न सक्नेः (१) नियम १७ बमोजिम समिति विघटन गरिएकोमा सो उपर चित्त नबुझ्ने समितिका सदस्यहरुले समिति विघटन भएको मितिले पैतींस दिनभित्र विभाग समक्ष उजूरी दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम दिइएको उजूरी सम्बन्धमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–५
## आर्थिक व्यवस्था

१९. धरौटी खातामा जम्मा गर्ने र सामुदायिक विकासको लागि रकम छुट्याउनेः (१) संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम संरक्षण क्षेत्र कार्यालयको नाममा बैंकमा धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धेरौटी खातामा जम्मा गरेको रकमलाई मन्त्रालयले ऐनको दफा २५क. बमोजिम संरक्षण तथा सामुदायिक विकासको लागि वार्षिक रुपमा प्रतिशत छुट्याउनेछ ।

(३) उपनियम (१) बमोजिम सामुदायिक विकासको लागि छुट्याइएको प्रतिशतको रकम परिषद्ले विभिन्न समितिमा वितरण गर्नेछ र बाँकी रकम राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सामुदायिक विकासको लागि परिषद्ले विभिन्न समिति बीच रकम वितरण गर्दा देहायका कुराहरुलाई आधार मान्नु पर्नेछः-

(क) समितिको इलाका र जनसंख्या,

(ख) सामुदायिक विकासको माग र आवश्यकता,

(ग) संरक्षण क्षेत्रले सो क्षेत्रमा पुऱ्याएको असर,

(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक श्रोतको संरक्षण गर्न त्यस क्षेत्रमा बासिन्दाले गरेको योगदान,

(ङ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सक्रियता तथा सहभागिता,

(च) कुनै खास क्षेत्रमा संचालन हुने आयोजनाको लागत,

(छ) जैविक विधिताको संरक्षण ।

(५) उपनियम ४ बमोजिम सामुदायिक विकासको लागि वितरण गरिने रकम संरक्षकले त्रैमासिक रुपमा निकासा दिनु पर्नेछ ।

२०. समितिको कोष : (१) समितिको सानो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नियम १९ को उपनियम (३) बमोजिम समितिलाई प्राप्त हुने रकम,

(ख) विदेशी राष्ट्र, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम विदेशी राष्ट्र वा संस्थासंग कुनै किसिमको सहयोग वा ऋण लिंदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२१. समितिको खाता संचालन : (१) समितिले बैंकमा खाता खोली कोषको संचालन गर्नु पर्नेछ ।

(२) कोषको संचालन समितिले तोकेका समितिका कम्तिमा दुईजना पदाधिकारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२२. समितिको खर्च : (१) समितिले आफूलाई प्राप्त भएको रकम व्यवस्थापन कार्य योजनाले निर्दिष्ट गरेका कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(२) समितिको तर्फबाट उपनियम (१) बमोजिम गर्नुपर्ने खर्चहरु समितिको कोषबाट व्यहोरिनेछ ।

२३. समितिको लेखा परीक्षण : (१) समितिको प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण संरक्षकले खटाएको दर्तावाल लेखा परीक्षकबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम लेखा परीक्षण गर्न आउने लेखा परीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाब किताब समितिले जुनसुकै बखत देखाउनु पर्नेछ ।

(३) लेखा परीक्षणबाट समितिको कुनै पदाधिकारीले आर्थिक दुरुपयोग गरेको देखिएमा संरक्षकले सो रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गर्नु पर्नेछ ।

## परिच्छेद–६
## संरक्षण क्षेत्र व्यवस्थापन परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

२४. संरक्षण क्षेत्र व्यवस्थापन परिषद्: (१) संरक्षण क्षेत्रको व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्य भएको एक संरक्षण क्षेत्र व्यवस्थापन परिषद गठन हुनेछः-

(क) प्रत्येक समितिको अध्यक्ष -सदस्य

(ख) समितिमा महिला समूहबाट प्रतिनिधित्व गरी रहेका महिला सदस्यहरुले आफूहरुमध्येबाट छानेका दुईजना -सदस्य

(ग) प्रतिनिधि, सम्बन्धित जिल्ला विकास समिति -सदस्य

(घ) पिछडिएका वर्ग वा जाति मध्येबाट संरक्षकले मनोनित गरेका सामाजिक कार्यकर्ता एक जना -सदस्य

(ङ) संरक्षक -सदस्य सचिव

(२) परिषद्ले उपनियम (१) को खण्ड (क) र (ख) का सदस्य मध्येबाट एकजना अध्यक्षको छनौट गर्नेछ ।

(३) परिषद्ले आवश्यकता अनुसार दातृ संस्था एवं स्थानीय सामाजिक संघ संस्थाको प्रतिनिधित्व हुने गरी बढीमा दुई जनालाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

२५. परिषद्को काम, कर्तव्य र अधिकार: परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एकीकृत योजना स्वीकृतिको लागि सिफारिस गर्ने,

(ख) व्यवस्थापन कार्य योजना र संरक्षण क्षेत्रभित्रका संरक्षण तथा सामुदायिक विकास कार्यक्रमहरु स्वीकृत गर्ने,

(ग) संरक्षण योजना तर्जुमा गर्दा आवश्यक राय सुझाव दिने,

(घ) संरक्षण क्षेत्रको सामुदायिक विकासका लागि प्राप्त रकममध्ये समितिलाई कार्य योजना बमोजिमका कार्यक्रम संचालन गर्न रकम वितरण गर्ने,

(ङ) समितिले संचालन गरेका संरक्षण तथा सामुदायिक विकास कार्यक्रमको नियमित रुपमा अनुगमन तथा निर्देशन गर्ने ।

२६. परिषद्को वैठक: (१) परिषद्को वैठक परिषद्को अध्यक्षसंग परामर्श लिई आवश्यकतानुसार संरक्षकले बोलाउनेछ ।

(२) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. परिषद्को प्रशासनिक खर्च: ऐनको दफा २५क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि प्राप्त रकममध्येबाट परिषद्ले आफ्नो प्रशासनिक कार्यको लागि पन्ध्र प्रतिशतसम्म रकम खर्च गर्न पाउनेछ ।

## परिच्छेद-७
## संरक्षण क्षेत्रभित्र निषेधित कार्य

२८. संरक्षण क्षेत्रभित्र निषेधित : संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रभित्र एकीकृत योजनामा निषेधित कार्यको अतिरिक्त देहायका कार्य गर्न पाउनेछैन ।

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) जुनसुकैपदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) घरपालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन,

(ड) रुख, विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंकड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(छ) वन पैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुऱ्याउन,

(ज) हातहतियार, खर खजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा संरक्षण क्षेत्रभित्रको प्रचलित बाटोको यात्रुहरु बाहेक अरुले घरपालुवा वा अन्य किसिमको जीवजन्तु वा आखेटोपहार लैजान, र

(ञ) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको कुनै श्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विष्फोटक पदार्थहरु प्रयोग गर्न ।

२९. संरक्षकले निषेध गर्न सक्ने : (१) संरक्षकले संरक्षण क्षेत्रभित्र वा बाहिर भइरहेको वा हुन लागेको कुनै काम कारवाहीको कारणबाट संरक्षण क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने संभावना देखिएमा सम्बन्धित व्यक्तिलाई तत्काल त्यस्तो काम, कारवाही रोक्न वा निषेध गर्न वा त्यसमा सुधार गर्न लिखित आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेशमा के कति कारणले त्यस्तो काम, कारवाही रोक्न वा निषेध गर्न वा सुधार गर्न गरेको हो सो कुरा स्पष्ट रुपमा खुलेको हुनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम संरक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैतीस दिनभित्र विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम विभाग समक्ष पेश हुन आएको निवेदनमा विभागले आवश्यक जाँचबुझ गरी निर्णय दिनेछ । यस सम्बन्धमा विभागले दिएको निर्णय अन्तिम हुनेछ ।

३०. क्षति पुऱ्याउन नहुने : कसैले पनि संरक्षण क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, घर, कार्यालय, भवन, तारबार, चिन्हपट वा अन्य कुनै चिज वस्तुलाई कुनै प्रकारले क्षति पुऱ्याउन हुँदैन ।

३१. लिखित स्वीकृति लिनु पर्ने : (१) कसैले पनि संरक्षण क्षेत्रभित्रको माटो, ढुङ्गा, रोडा वा बालुवा झिक्न संरक्षकको लिखित स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षकले लिखित स्वीकृति दिंदा सम्बन्धित समितिको सिफारिस लिनु पर्नेछ ।

३२. अनुमति लिनु पर्ने : कसैले पनि संरक्षण क्षेत्रभित्रको प्राकृतिक श्रोत प्रयोग गरी वा सो क्षेत्रको प्राकृतिक श्रोतमा असर पर्ने गरी व्यावसायिक वा अन्य कुनै काम शुरु गर्नु भन्दा पहिले संरक्षकको अनुमति लिनु पर्नेछ । त्यसरी अनुमति दिंदा संरक्षकले समितिसंग समन्वय राखी आवश्यक शर्त तोक्न सक्नेछ ।

३३. सहमति लिनु पर्ने : (१) संरक्षण क्षेत्रमा वन पैदावारमा आधारित घरेलु उद्योग र साना पर्यटन उद्योग लगायत अन्य उद्योग संचालन गर्न पाउने गरी उद्योग दर्ता वा इजाजतपत्र प्रदान गर्नु भन्दा पूर्व विभागको सहमति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उद्योग संचालन गर्न सहमति दिने सम्बन्ध र त्यस्तो उद्योग संचालन गर्ने सम्बन्धमा विभागले निश्चित मापदण्ड तयार गर्नु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि संरक्षण क्षेत्रमा संचालन भैरहेको घरेलु उद्योग बाहेकको अन्य उद्योग र वन पैदावारमा आधारित घरेलु उद्योगले समेत ऐनको दफा ३ बमोजिम संरक्षण क्षेत्र घोषणा भएको मितिले दुई वर्षभित्र उपनियम (२) बमोजिम विभागले तयार गरेको मापदण्डको अधिनमा रही त्यस्तो उद्योग संचालन गर्नु पर्नेछ ।

३४. संरक्षण क्षेत्रभित्र सेवा वा सुविधा संचालन गर्नु: (१) संरक्षण क्षेत्रभित्रका सरकारी जग्गामा ऐनको दफा ६ बमोजिमका सेवा वा सुविधा संचालन गर्न चाहने व्यक्ति वा संस्थाले प्रस्ताव सहित संरक्षक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक छानविन गरी संरक्षकले आफ्नो राय सहित विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदनमा विभागले आफ्नो राय एवं सिफारिस सहित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएको निवेदनका सम्बन्धमा मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थासंग करार गरी त्यस्तो सेवा वा सुविधा संचालन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद–८
## वन व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था

३५. संरक्षण सामुदायिक वनको रुपमा सुम्पन सकिने : (१) संरक्षण क्षेत्रभित्रको कुनै वन क्षेत्रलाई एकीकृत योजना अनुसार संरक्षण सामुदायिक वनको रुपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने समितिले सो को दर्ताका लागि अनुसूची-३ बमोजिमको ढांचामा व्यवस्थापन कार्य योजना सहित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट निवेदनमा उल्लेखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिब देखेमा त्यस्तो संरक्षण सामुदायिक वन दर्ता गरी सम्बन्धित समितिलाई सुम्पन सक्नेछ । त्यसरी संरक्षण सामुदायिक वन सुम्पदा अनुसूची-४ बमोजिमको प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(३) एउटै वन क्षेत्र दुई वा सोभन्दा बढी समितिले संरक्षण सामुदायिक वनको रुपमा माग गरेमा संरक्षकले सम्बन्धित समितिसंग समन्वय गरी सहमतिको आधारमा सो वन क्षेत्र सुम्पन सक्नेछ ।

३६. संरक्षण सामुदायिक वन फिर्ता लिन सकिने : नियम ३५ बमोजिम संरक्षण सामुदायिक वन जिम्मा लिने समितिले वन व्यवस्थापन कार्य योजना बमोजिम कार्य नगरेमा संरक्षकले त्यस्तो समितिसंग बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण सामुदायिक वन फिर्ता लिन मनासिब देखिएमा संरक्षकले त्यस्तो वन फिर्ता लिन सक्नेछ । यसरी फिर्ता लिइएको संरक्षण सामुदायिक वनको संरक्षण अर्को व्यवस्था नभएसम्मको लागि संरक्षक आफैले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने समितिले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र विभाग समक्ष उजूरी दिन सक्नेछ र यस सम्बन्धमा विभागको निर्णय अन्तिम हुनेछ ।

(४) उपनियम (३) बमोजिम उजूरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन संरक्षक आफैंले गर्नेछ ।

३७. वन पैदावारको उपयोग : समिति आफैले विरुवा लगाई हुर्काएको वा समितिले संरक्षण सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएको वन पैदावारको उपयोग व्यवस्थापन कार्य योजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित समितिले तोकेको दस्तूर तिरी उपभोक्ता समूहहरुले उपयोग गर्न पाउनेछन् ।

३८. संरक्षण धार्मिक वनको रुपमा सुम्पन सकिने : (१) संरक्षण क्षेत्रभित्रको वन क्षेत्रलाई एकीकृत योजना अनुसार संरक्षण धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहने कुनै धार्मिक संस्था, समूह वा समुदायले सो को दर्ताका लागि अनुसूची-५ बमोजिमको ढांचामा वन व्यवस्थापन कार्य योजना सहित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट निवेदनमा उल्लेखित वन क्षेत्र पुरै वा आंशिक रुपमा सुम्पन्न मनासिव देखेमा त्यस्तो संरक्षण धार्मिक वन दर्ता गरी सम्बन्धित धार्मिक संस्था र समूह वा समुदायलाई सुम्पन सक्नेछ। त्यसरी संरक्षण धार्मिक वन सुम्पँदा अनुसूची-६ बमोजिमको प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(३) संरक्षण धार्मिक वनमा रहेका काठ दाउरा धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न पाइनेछ ।

तर वातावरणमा प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानी नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

३९. संरक्षण धार्मिक वन फिर्ता लिन सकिने : (१) नियम ३८ बमोजिम सुम्पिएको संरक्षण धार्मिक वन जिम्मा लिने सम्बन्धित धार्मिक संस्था, समूह वा समुदायले वन व्यवस्थापन कार्य योजना बमोजिम कार्य नगरेमा संरक्षकले त्यस्तो धार्मिक संस्था, समूह वा समुदायसंग बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण धार्मिक वन फिर्ता लिन मनासिब देखिएमा संरक्षकले त्यस्तो वन फिर्ता लिन सक्नेछ । यसरी फिर्ता लिएको संरक्षण धार्मिक वनको संरक्षण अर्को व्यवस्था नभएसम्मको लागि संरक्षक आफैले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक संस्था, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभाग समक्ष उजूरी दिन सक्नेछ र यस सम्बन्धमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) उपनियम (२) बमोजिम उजुरी परेकोमा सो को अन्तिम निर्णय नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन संरक्षक आफैले गर्नेछ ।

४०. संरक्षण निजी वन सम्बन्धी व्यवस्था : (१) संरक्षण क्षेत्रभित्रको जग्गाको धनीले संरक्षण क्षेत्रको एकीकृत योजनाको अधिनमा रही निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) यस नियम बमोजिम निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न संरक्षकले निजी वनको धनीलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने सक्नेछ ।

(३) संरक्षण निजी वनको धनीले सो वनको वन पैदावार संरक्षण क्षेत्रभित्र स्वतन्त्र रुपले ओसार पसार र विक्री वितरण गर्न पाउनेछ ।

(४) संरक्षण निजी वनका वन पैदावार सो को धनीले संरक्षण क्षेत्र बाहिर ओसार पसार र विक्री वितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित समितिको सिफारिस सहित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा संरक्षकले आवश्यक जाँचबुझ गर्दा उक्त वन पैदावार निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई काठको हकमा टाँचा लगाई संरक्षकले संरक्षण क्षेत्र बाहिर ओसार पसार गर्न अनुसूची-७ बमोजिम छोडपूर्जि दिनु पर्नेछ ।

## परिच्छेद-९

## सामुदायिक विकास सम्बन्धी आयोजना संचालन

४१. सामुदायिक विकास सम्बन्धी आयोजना संचालन : (१) समितिले सामुदायिक विकासको लागि प्राप्त रकमबाट संचालन गर्न सकिने आयोजनाको छनौट गरी सो आयोजनाको लगत इष्टिमेट सहितको प्रस्ताव तयार गरी उपभोक्ताको श्रमदानको अंश समेत उल्लेख गरी संरक्षक समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम लगत इष्टिमेट तयार गर्ने काममा संरक्षकले समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको आयोजना संरक्षकले परिषद्मा पेश गर्नेछ र परिषद्बाट पारित भएका आयोजना संरक्षकले समितिद्वारा कार्यान्वयन गराउनेछ ।

(४) यस नियम बमोजिम संचालित आयोजना सम्पन्न भएपछि सम्बन्धित समितिले संरक्षक समक्ष उक्त आयोजनाको जाँचपास गराई दिन अनुरोध गर्नु पर्नेछ र त्यसरी अनुरोध भई आएमा संरक्षकले सो जाँचपास गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(५) आयोजनाको कार्य सम्पन्न भएपछि समितिले सो आयोजनाको हिसाब किताब र जाँचपासको प्रतिवेदन संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम हिसाब किताब, विल भरपाई र जाँचपास प्रतिवेदन पेश भएपछि संरक्षकले आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी कार्य सम्पन्न भएको देखिएमा समितिले पेश्कीको रुपमा लिएको रकम फछ्र्यौट गरी दिनु पर्नेछ ।

(७) यस नियम बमोजिमको आयोजनाको लगत इष्टिमेट र जाँचपास गर्दा लागेको खर्च सम्बन्धित आयोजनाको खर्चमा समावेश गरिनेछ ।

४२. स्वीकृति लिनुपर्ने : संरक्षण क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले कुनै आयोजना वा कार्यक्रम संचालन गर्न चाहेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४३. दोहोरा नपर्ने गरी विकास आयोजना संचालन गर्नु पर्ने : संरक्षकले नियम ४१ बमोजिम सामुदायिक विकास सम्बन्धी कार्य गर्दा अन्य कुनै निकाय, संघ संस्था वा कार्यालयले संचालन गरी राखेको कुनै सामुदायिक विकास सम्बन्धी आयोजनामा दोहोरोपना नआउने गरी संचालन गर्नु पर्नेछ ।

## परिच्छेद–१०
## विविध

४४. संरक्षण क्षेत्रमा शिकार सम्बन्धी व्यवस्था : (१) संरक्षण क्षेत्रका बासिन्दाले आफ्नो परम्परागत संस्कृति र रीति रिवाज चलाउन संरक्षकले निर्धारण गरेको वार्षिक कोटा अनुसार निर्धारित स्थानमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमका वन्यजन्तु वा पंक्षीको शिकार गर्न पाउनेछन् ।

(२) शिकार सम्बन्धी अनुज्ञापत्र दस्तुर, पुरक शिकार अनुज्ञापत्र दस्तूर र अन्य व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

४५. प्रवेशपत्र लिनु पर्नेः (१) कुनै विदेशी पर्यटक वा व्यक्तिले संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा नजिकको प्रवेशद्वारमा अनुसूची–८ बमोजिमको दस्तूर तिरी अनुसूची–९ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विभाग वा संरक्षकले कुनै विदेशी पर्यटक वा कुनै व्यक्ति वा संघ, संस्था वा निकायका प्रतिनिधिलाई लाग्ने प्रवेश शुल्क मिनाहा दिन सक्नेछ ।

४६. संरक्षण क्षेत्रभित्र अवतरण गर्न अनुमति लिनु पर्ने : (१) कसैले संरक्षण क्षेत्रमा कुनै किसिमको हेलिकप्टर, हट एयर बेलुन वा त्यस्तै किसिमका उपकरणको अवतरण गर्न चाहेमा सो को अनुमति लिनको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि विभागले अनुसूची–८ बमोजिमको दस्तूर लिई संरक्षण क्षेत्रमा हेलिकप्टर, हट एयर बेलुन वा त्यस्तै किसिमको उपकरणको अवतरण गर्न अनुसूची–१० बमोजिमको अनुमतिपत्र दिन सक्नेछ ।

४७. फिल्म छनयाँङ्गनको लागि अनुमति लिनुपर्ने : संरक्षण क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाले व्यवसायिक डकुमेन्ट्री वा फिचर फिल्म छायांकन गर्न चाहेमा अनुसूची-११ बमोजिमको ढांचामा विभाग वा संरक्षण क्षेत्र कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा विभाग वा संरक्षण क्षेत्र कार्यालयले अनुसूची-८ बमोजिमको दस्तूर लिई अनुसूची-१२ बमोजिमको ढांचामा फिल्म छायांकन अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको फिल्म छाँयाङ्कन अनुमतिपत्र दिंदा विभाग वा संरक्षण क्षेत्र कार्यालयले आफ्नो कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी निजको रोहवरमा फिल्म छाँयाङ्कन गर्ने व्यवस्था गर्न सक्नेछ ।

४८. वैज्ञानिक अनुसन्धान गर्न स्वीकृत लिनुपर्ने : कसैले संरक्षण क्षेत्रभित्र वैज्ञानिक अनुसन्धान सम्बन्धी काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिई अनुसन्धान गर्दा सो को प्रतिवेदन विभागमा बुझाउनु पर्नेछ ।

४९. क्षतिपूर्तिको लागि जिम्मेवार नहुने : कुनै स्वदेशी वा विदेशी पर्यटकले प्रवेशपत्र लिई वा नलिई संरक्षण क्षेत्रभित्र प्रवेश गरेकोमा संरक्षण क्षेत्रभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा त्यस्तो हानी नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको लागि श्री ५ को सरकार वा संरक्षण क्षेत्र कार्यालय वा समिति जिम्मेवार हुनेछैन ।

५०. मुद्दा हेर्ने अधिकार : ऐन र यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

५१. भू-उपयोगिता प्रणाली लागू गर्ने : एकीकृत योजनामा भू-उपयोगिता प्रणाली लागू गर्नपर्ने भनी तोकिएको क्षेत्रका जग्गामा संरक्षकले सम्बन्धित समितिको सहमति लिई भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख विरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने व्यक्तिलाई संरक्षकले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

५२. संरक्षकलाई सहयोग गर्नु पर्ने: संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने काममा संरक्षकलाई स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी संस्था, समिति तथा सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

५३. निर्देशका बनाउन सक्ने : ऐन र यस नियमावलीको अधिनमा रही यो नियमावलीको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

५४. अनुसूचीमा हेरफेर वा थपघट गर्ने : श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा थपघट गर्न सक्नेछ ।

## अनुसूची– १

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

### उपभोक्ता समिति दर्ताको लागि दिइने निवेदन

मितिः

श्रीमान् संरक्षकज्यू,

...................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ मा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन गरी उस उपभोक्ता समितिको दर्ता गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं ।

१. उपभोक्ता समितिको नामः

२. चार किल्लाः-

पूर्वः-  पश्चिमः-  उत्तरः-  दक्षिणः-

३. अन्दाजी क्षेत्रः

४. घरधुरी संख्याः-

५. कूल जनसंख्याः-

६. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यः-

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|

..........उपभोक्ता समितिको तर्फबाट निवेदन दिने व्यक्तिको,

दस्तखतः

नाम, थरः-

ठेगानाः-

पदः-

## अनुसूची– २

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

...................... संरक्षण क्षेत्र कार्यालय

### उपभोक्ता समिति दर्ताको प्रमाणपत्र

दर्ता नं.:  मितिः

श्री ..................... उपभोक्ता समिति,

...............................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. उपभोक्ता समितिको नामः

२. चार किल्लाः-

पूर्वः-  पश्चिमः-  उत्तरः-  दक्षिणः-

३. अन्दाजी क्षेत्र:

४. घरधुरी संख्या:-

५. कूल जनसंख्या:-

६. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्य:-

प्रमाणपत्र दिने अधिकृतको-
दस्तखत:-
नाम, थर:-
दर्जा:-

द्रष्टव्य: यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

**अनुसूची–३**

(नियम ३५ को उपनियम (१) संग सम्बन्धित)

**संरक्षण सामुदायिक वन दर्ताको लागि दिइने निवेदन**

श्री संरक्षकज्यू,
..................संरक्षण क्षेत्र कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधिनमा रही संरक्षण सामुदायिक वनको रुपमा व्यवस्थापन, संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस समितिलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

१. संरक्षण सामुदायिक वनको रुपमा व्यवस्था गर्न चाहेको:
वनको चार किल्ला:-
चार किल्ला:-
क्षेत्रफल:-

(ख) वन्यजन्तु सम्बन्धी विवरण:-
१.
२.
३.

३. समितिको पदाधिकारी र सदस्यहरुको विवरण:-

| क्र.सं. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |

समितिको तर्फबाट निवेदन गर्ने व्यक्तिको
दस्तखतः-
नाम, थरः-
ठेगानाः-

द्रष्टव्यः संरक्षण सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्न निवेदन साथ छुट्टै पानामा सो को वन व्यवस्थापन कार्य योजना संलग्न गर्नु पर्नेछ ।

**अनुसूची-४**

(नियम ३५ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.................संरक्षण क्षेत्र कार्यालय

**संरक्षण सामुदायिक वन दर्ता प्रमाणपत्र**

दर्ता नं.: मितिः

श्री...............उपभोक्ता समिति,

.........................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधिनमा रही संरक्षण सामुदायिक वनको रुपमा देहायको वन क्षेत्र यसैसाथ संलग्न वन व्यवस्थापन कार्य योजना बमोजिम व्यवस्थापन संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ ।

(क) संरक्षण सामुदायिक वनको विवरणः

१. नामः-

२. चार किल्लाः-

पूर्वः- पश्चिमः- उत्तरः- दक्षिणः-

३. क्षेत्रफलः-

(ख) वन्यजन्तु सम्बन्धी विवरण :-

१.

२.

३.

प्रमाणपत्र दिने संरक्षकको
दस्तखतः-
नाम,थरः-
पदः-

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयां दस्तूर लाग्नेछ ।

## अनुसूची-५

(नियम ३८ को उपनियम (१) संग सम्बन्धित)

**संरक्षण धार्मिक वन दर्ताको लागि लिइने निवेदन**

श्री संरक्षकज्यू,

..................संरक्षण क्षेत्र कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधिनमा रही संरक्षण धार्मिक वनको रुपमा संरक्षण, व्यवस्थापन, सम्बर्द्धन, र सदुपयोग गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस धार्मिक संस्था/सूमह/समुदायलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

क. संरक्षण धार्मिक वनको रुपमा एकीकृत गर्न चाहेको
वनको नाम र क्षेत्रः-
चार किल्लाः-
पूर्वः- पश्चिमः- उत्तरः- दक्षिणः-
क्षेत्रफलः-

(ख). वन्यजन्तु सम्बन्धी विवरणः-
१.
२.
३.

(ग) धार्मिक संस्था/समूह र समुदाय सम्बन्धी विवरणः-
१.
२.
३.

मितिः- .........धार्मिक संस्था/समूह समुदायको
तर्फबाट दिने व्यक्तिको
दस्तखतः-
नामः-
पदः-

द्रष्टव्यः संरक्षण धार्मिक वन दर्ताको लागि निवेदन साथ छुट्टै पानामा सो को वन व्यवस्थापन कार्य योजना संलग्न गर्नु पर्नेछ ।

**अनुसूची-६**

(नियम ३८ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

...............संरक्षण क्षेत्र कार्यालय

**संरक्षण धार्मिक वन दर्ताको प्रमाणपत्र**

दर्ता नं.श्री संरक्षकज्यू, मितिः-

...........................संरक्षण क्षेत्र कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को अधिनमा रही देहायको वन क्षेत्र संरक्षण धार्मिक वनको रुपमा यसैसाथ संलग्न वन व्यवस्थापन कार्य योजना बमोजिम व्यवस्थापन संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ ।

क. धार्मिक सामुदायिक वनको विवरणः

१. नामः-

२. चार किल्लाः-

पूर्वः- पश्चिमः- उत्तरः- दक्षिणः-

३. क्षेत्रफलः-

ख. वन्यजन्तु सम्बन्धी विवरणः

१.

२.

३.

प्रमाणपत्र दिने संरक्षकको

दस्तखतः-

नाम, थरः-

दर्जाः-

मितिः-

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ दस्तूर लाग्नेछ ।

**अनुसूची-७**

(नियम ४० को उपनियम (५) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.............संरक्षण क्षेत्र कार्यालय

**छोडपूर्जी**

मितिः-

श्री.......................................

..........................................

मिति....................मा पेश गर्नु भएको निवेदन उपर जाँचबुझ गर्दा तपसिल बमोजिमको वन पैदावार तपाईको निजी वनको देखिएकोले .............दिनभित्र ................स्थानबाट............... ओसारपसार गर्न पाउने गरी यो छोडपूर्जी दिइएको छ । नजिकको चौकीमा अनिवार्य रुपमा दरपिठ गराई लैजानु होला ।

तपसिल

| क्र.सं. | वन पैदावारको नाम | परिमाण | कैफियत |
|---|---|---|---|

बोधार्थ तथा कार्यार्थः

१. ..........................कार्यालय

२. .............................समिति

..................

(संरक्षक)

## अनुसूची–८
(नियम ४५ को उपनियम (१), ४६ को उपनियम (२) र ४७ को उपनियम (२) संग सम्बन्धित)

### दस्तूर

१.  ...................

२.  संरक्षण क्षेत्रको प्रवेश दस्तूर (प्रतिव्यक्ति प्रति प्रवेशको लागि)

| | | |
|---|---|---|
| (क) सार्क मुलुकका नागरिकलाई | रु. | १००।- |
| (ख) अन्य विदेशी नागरिकलाई | रु. | १,०००।- |

३.  अवतरण दस्तूरः

| | | |
|---|---|---|
| (क) हेलिकप्टर अवतरणको निमित्त | रु. | २,०००।- |
| (ख) हट एयर बेलुन अवतरणको निमित्त | रु. | ५००।- |
| (ग) अन्य | रु. | ५००।- |

द्रष्टव्यः-दश वर्ष मुनिका केटाकेटीलाई प्रवेश दस्तूर लाग्ने छैन ।
नेपाली नागरिकलाई प्रवेश दस्तूर लाग्ने छैन ।

## अनुसूची–९
(नियम ४५ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
.............संरक्षण क्षेत्र कार्यालय

### प्रवेशपत्र

प्रवेश पत्र नं.                                                                 मितिः-

१.  प्रवेशपत्र लिनेको नाम, थरः-.................................

२.  लिङ्गः.................................

३.  उमेरः..............................

४.  नागरिकताः-

५.  पासपोर्ट नं.:-

प्रवेशपत्र दिनेको,-

दस्तखतः-

नाम, थरः-

दर्जाः-

द्रष्टव्यः-  यो प्रवेशपत्र एकपटक प्रवेशका लागि मात्र मान्य हुनेछ । यसबाट संरक्षण क्षेत्रभित्र मात्र प्रवेश गर्न पाइनेछ ।

**अनुसूची–१०**

(नियम ४६ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू–संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.............संरक्षण क्षेत्र कार्यालय

**अवतरण अनुमतिपत्र**

अनुमतिपत्र नं.

१. अवतरण अनुमति प्राप्त गर्न चाहेको व्यक्ति वा संस्थाको नाम र ठेगानाः-

२. अवतरण गर्न चाहेको उपकरणः-

३. अवतरण गर्न चाहेको क्षेत्रः

४. अवतरण गर्न दिएको अवधिः

५. अनुमति बुझि लिनेको नाम र दस्तखत

अनुमति दिने अधिकृतको,-

दस्तखतः-

नामः-

दर्जाः-

**अनुसूची–११**

(नियम ४७ को उपनियम (१) संग सम्बन्धित)

**फिल्म छायाँकनको लागि दिने दरखास्त**

श्री...................विभाग/कार्यालय

....................................

संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५६ बमोजिम डकुमेन्ट्री/फिचर फिल्म संरक्षण छायाङ्कन गर्न अनुमति दिन हुन देहाय बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

तपसिल

(क) फिल्म छायाङ्कन गर्ने व्यक्ति वा संघ, संस्थाको नाम, ठेगानाः-

(ख) कथा वस्तुको नाम र साराशंः-

(ग) फिल्म छायाङ्कन गरिने क्षेत्रः-

(घ) फिल्म छायाङ्कन संलग्न हुने व्यक्ति (स्वदेशी/विदेशी) को नाम र संख्याः-

(ङ) फिल्म छायाङ्कन गरिने अवधिः-

दरखास्त प्रस्तुतकर्ता,-

दस्तखतः-

नामः-

संस्थाको नाम र ठेगानाः-

मितिः-

**अनुसूची-१२**

(नियम ४७ को उपनियम (२) संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.............संरक्षण क्षेत्र कार्यालय

**फिल्म छायाङ्कन अनुमतिपत्र**

मितिः-

१. डकुमेन्ट्री/फिचर फिल्म छायाङ्कन वा बनाउन चाहने व्यक्ति संस्थाको नामः-

२. अनुमति प्राप्त गर्नेको ठेगाना र नागरिकताः-

३. डकुमेन्ट्री/फिचर फिल्म खिच्न दिएको क्षेत्रको चार किल्लाः-

४. डकुमेन्ट्री/फिचर फिल्म खिच्न दिएको अवधि र दस्तूरः-

५. अनुमतिपत्र बुझिलिनेकोः-

दस्तखतः-

नामः

ठेगानाः-

अनुमतिपत्र दिने अधिकृत,-

दस्तखतः-

नामः-

दर्जाः-

# कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) "आमा समूह वा महिला समूह" भन्नाले नियम १३ को उपनियम (२) बमोजिम गठन भएका उपभोक्ता समूह सम्झनुपर्छ ।

(ग) "उपभोक्ता समूह" भन्नाले नियम १३ बमोजिम गठन हुने उपभोक्ता समूह सम्झनुर्पछ र सो शब्दले आमा समूह वा महिला समूहसमेतलाई जनाउँदछ ।

(घ) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ङ) "कार्ययोजना" भन्नाले नियम ९ बमोजिमको कार्ययोजना सम्झनु पर्छ ।

(च) "परिषद्" भन्नाले ऐनको दफा १६ख. बमोजिम संरक्षण क्षेत्रको व्यवस्थापन गर्ने जिम्मेवारी पाई नियम १० बमोजिम गठित संरक्षण क्षेत्र व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "व्यवस्थापन योजना" भन्नाले नियम ६ बमोजिमको व्यवस्थापन योजना सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ञ) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा ३ बमोजिम नेपाल सरकारले घोषण गरेको कञ्चनजङ्घा संरक्षण क्षेत्र सम्झनु पर्छ ।

(ट) "संरक्षण अधिकृत" भन्नाले नियम ५७ को उपनियम (१) बमोजिम विभागले खटाएको संरक्षण अधिकृत वा प्रमुख संरक्षण अधिकृत सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले नियम १५ बमोजिम गठन हुने उपभोक्ता समिति सम्झनु पर्छ ।

## परिच्छेद –२
## संरक्षण क्षेत्रको सीमाना र कार्यालय स्थापना

३. संरक्षण क्षेत्रको सीमाना : संरक्षण क्षेत्रको सीमाना ऐनको दफा ३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गरे बमोजिम हुनेछ ।

४. कार्यालयको स्थापना : संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि परिषद्ले आफ्नो कार्यालयको स्थापना गर्न र आवश्यकतानुसार सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

५. संरक्षण क्षेत्रको इलाका विभाजन र इलाका कार्यालय : (१) परिषद्ले संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि स्थानीय गाउँ विकास समिति तथा समुदायमा आधारित संघ, संस्थासँग समन्वय गरी संरक्षण क्षेत्रलाई आवश्यकता अनुसार विभिन्न संरक्षण इलाकाहरुमा विभाजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षण इलाका विभाजन गर्दा संरक्षण क्षेत्रको भौगोलिक स्वरुप, विस्तार, वसोवास क्षेत्र र प्राकृतिक सीमानालाई आधार मान्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विभाजन गरिएको संरक्षण इलाकाहरुमा परिषद्ले आवश्यकता अनुसार संरक्षण इलाका कार्यालयहरु स्थापना गर्न सक्नेछ ।

## परिच्छेद -३

## संरक्षण क्षेत्रको व्यवस्थापन योजना तथा कार्ययोजनाको तर्जुमा र स्वीकृति

६. व्यवस्थापन योजना तर्जुमा र स्वीकृति : (१) परिषद्ले सम्वन्धित उपभोक्ता समूह र समितिसँग समन्वय गरी संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि अनुसूची-१ बमोजिमको विवरण खुलाई पाँच वर्षको लागि व्यवस्थापन योजना तर्जुमा गर्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन योजना तर्जुमा गर्दा परिषद्ले उपभोक्ता समूह र समितिका अध्यक्षको बैठक बोलाई व्यवस्थापन योजना तर्जुमा सम्वन्धमा छलफल गर्ने र राय सुझाव संकलन गर्नेछ र त्यसरी संकलन भएको राय सुझावको आधारमा व्यवस्थापन योजना तर्जुमा गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम व्यवस्थापन योजना तर्जुमा गर्दा प्राविधिक सेवा आवश्यक परेमा परिषद्ले सम्बन्धित विषयका प्राविधिकहरुको सेवा लिन सक्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम तर्जुमा गरिएको व्यवस्थापन योजनालाई परिषद्को बैठकबाट पारित गरी स्वीकृतिका लागि अध्यक्षले विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम विभागसमक्ष पेश हुन आएको व्यवस्थापन योजनालाई देहायका पदाधिकारी रहेको समितिले अध्ययन गरी परिमार्जन गर्न आवश्यक देखेमा परिर्माजन गरी सिफारिससाथ स्वीकृतिको लागि विभागमा पेश गर्नेछ :-

| | | |
|---|---|---|
| (क) | उप-महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | -सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, योजना तथा जनशक्ति महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | -सदस्य |
| (घ) | संरक्षण क्षेत्र व्यवस्थापन गर्न जिम्मेवारी पाएको संस्थाको अध्यक्ष | -सदस्य |
| (ङ) | व्यवस्थापन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | -सदस्य-सचिव |

(६) उपनियम (५) बमोजिमको समितिले व्यवस्थापन योजना र तत्सम्बन्धी अन्य विषयमा प्राविधिक राय परामर्शको लागि प्राविधिक उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति गठन नभएकोमा सम्बन्धित विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) उपनियम (४) बमोजिम पेश हुन आएको व्यवस्थापन योजना विभागले अध्ययन गरी सोही रुपमा वा परिमार्जन वा संशोधन गर्न आवश्यक देखेमा परिमार्जन वा संशोधन गरी स्वीकृत गर्नेछ ।

(८) उपनियम (७) बमोजिम स्वीकृत व्यवस्थापन योजनाको पालना गर्नु परिषद् र सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

७. व्यवस्थापन योजनामा संशोधन : नियम ६ बमोजिम स्वीकृत व्यवस्थापन योजनामा कुनै संशोधन गर्नुपरेमा नियम ६ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

तर व्यवस्थापन योजनाको अनुसूचीमा उल्लिखित कार्यक्रमहरुमा कुनै हेरफेर वा संशोधन गर्नु परेमा परिषद् स्वयम्ले हेरफेर वा संशोधन गर्न सक्नेछ ।

८. व्यवस्थापन योजनाको पुनः तर्जुमा : स्वीकृत व्यवस्थापन योजनाको कार्यान्वयन अवधि समाप्त भएपछि पनि परिषद्ले संरक्षण क्षेत्र व्यवस्थापन गर्ने जिम्मेवारी पाएको अवधि कायमै रहेमा पुनः नियम ६ बमोजिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

९. कार्ययोजना तर्जुमा र स्वीकृत गर्ने : (१) नियम ६ को उपनियम (७) बमोजिम स्वीकृत व्यवस्थापन योजनाले निर्दिष्ट गरे बमोजिम प्रत्येक उपभोक्ता समितिले मातहतका उपभोक्ता समूहसँग छलफल गरी अनुसूची-२ बमोजिमका विवरणहरु खुलाई आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोत र वातावरणको संरक्षण, प्राकृतिक सम्पदाको सन्तुलित उपयोग तथा सामुदायिक विकासको लागि कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि परिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले कार्ययोजना तर्जुमा गर्दा पाँच वर्षको अवधिको लागि तर्जुमा गर्नुपर्नेछ । यसरी तर्जुमा गरिएको कार्ययोजनामा पाँच वर्ष भित्र सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमको लक्ष्य वार्षिक रुपमा छुट्टिने गरी विभाजन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएको कार्ययोजनालाई अध्यक्षले परिषद्को बैठकमा प्रस्तुत गर्नेछ त्यस उपर कुनै संशोधन गर्नुपर्ने भएमा सो समेत गरी कार्ययोजनालाई परिषद्ले स्वीकृत गर्नेछ ।

(४) समितिले कार्ययोजना वनाउने सिलसिलामा कुनै प्राविधिक सहयोग उपलब्ध गराउन परिषद्समक्ष अनुरोध गरेमा त्यस्तो प्राविधिक सेवा उपलव्ध गराउने व्यवस्था परिषद्ले गर्नेछ ।

## परिच्छेद –४
## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को गठनः(१) कञ्चनजङ्घा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि देहायबमोजिमको एक कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् गठन हुनेछ :-

(क) संरक्षण क्षेत्रभित्रका उपभोक्ता समितिका अध्यक्षहरु -सदस्य

(ख) समितिमा आमा वा महिला समूहवाट प्रतिनिधित्व गरिरहेका महिला सदस्यले प्रत्येक गाउँ विकास समितिबाट एक एक जनाको प्रतिनिधित्व हुने गरी आफूहरुमध्येबाट छानेका चार जना -सदस्य

(ग) समितिमा सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट प्रतिनिधित्व गरिरहेका सदस्य मध्येबाट एक जना -सदस्य

(घ) संरक्षण क्षेत्रभित्रका गाउँ विकास समितिहरुको प्रतिनिधित्व गर्ने जिल्ला विकास समितिका प्रतिनिधि एक जना -सदस्य

(ङ) समितिभित्रका पिछडिएका वर्ग, जाति वा सामाजिक कार्यकर्ताहरुमध्येबाट अध्यक्षले तोकेको एकजना -सदस्य

(च) संरक्षणको लागि उल्लेखनीय योगदान पुऱ्याएका वा निर्वाह गरेका संरक्षण क्षेत्रभित्रका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(२) परिषद्ले उपनियम (१) को खण्ड (क), (ख), (ग) र (ङ) का सदस्य मध्येवाट एक जना अध्यक्ष, एकजना सदस्य सचिव र एक जना कोषाध्यक्षको छनौट गर्नेछ । छनौट प्रक्रिया परिषद् स्वयम्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम गठित परिषद्ले परिषद् दर्ताको लागि अनुसूची-३ बमोजिमको ढाँचामा विभागसमक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम निवेदन दिएमा विभागले आवश्यक छानबिन गरी परिषद् दर्ता गर्न उपयुक्त देखेमा परिषद्को दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

११. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने र परिषद्को दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) संरक्षण क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि व्यवस्थापन योजना तयार गर्ने,

(ग) स्वीकृत व्यवस्थापन योजनाको कार्यान्वयन गर्ने,

(घ) समितिले पेश गरेको कार्ययोजना स्वीकृत गर्ने,

(ङ) संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन र सामुदायिक विकास कार्य गर्न गराउन समितिलाई परिचालन गर्ने,

(च) संरक्षण क्षेत्रभित्रको स्रोत साधन वा संरक्षण सेवा उपलब्ध गराए वापत शुल्क तोक्ने,

(छ) संरक्षण क्षेत्रभित्र संरक्षण क्षेत्र पर्यटनसम्बन्धी व्यवस्थापन गर्ने वा गराउने,

(ज) कार्ययोजना बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न समितिलाई रकम वितरण गर्ने,

(झ) समितिले सञ्चालन गरेका संरक्षण तथा सामुदायिक विकास कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्ने र आवश्यकतानुसार निर्देशन दिने,

(ञ) स्वीकृत कार्ययोजना कार्यान्वयन गर्नका लागि स्रोत जुटाउने,

(ट) संरक्षण क्षेत्रभित्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक वा अन्य यस्तै प्रकारका महत्वपूर्ण सम्पदाहरुको संरक्षण र सम्वर्धन गर्ने,

(ठ) महिला, जनजाति, दलित तथा विपन्न वर्गहरुको उत्थानको लागि विशेष कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ड) परिषद्को वार्षिक कार्यक्रम, आयव्यय विवरण तथा लेखापरीक्षण प्रतिवेदनहरु उपभोक्ता समूह र समितिको भेला बोलाई सार्वजनिक गर्ने र सो को एक एकप्रति मन्त्रालय र विभागलाई उपलब्ध गराउने,

(ढ) संरक्षण तथा सामुदायिक विकासमा संलग्न जिल्ला तथा स्थानीयस्तरका गैरसरकारी संघसंस्था तथा सरकारी निकायहरुसँग आवश्यक समन्वय गर्ने,

(ण) संरक्षण क्षेत्रको बृहत्तर हितको लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

१२. परिषद्को बैठक : (१) अध्यक्षको निर्देशन बमोजिम परिषद्को सदस्य सचिवले परिषद्को बैठक बोलाउने छ ।

(२) बैठकसम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -५

## उपभोक्ता समूह र समितिको गठन, काम, कर्तव्य र अधिकारसम्वन्धी व्यवस्था

१३. उपभोक्ता समूहको गठनः(१) संरक्षण क्षेत्रको संरक्षण कार्यमा सक्रिय रुपमा सहभागी गराउन र सो क्षेत्रबाट प्रत्यक्ष लाभ पाउने संरक्षण क्षेत्रभित्रका सम्वन्धित गाउँ विकास समिति अन्तर्गत बसोबास गरेका प्रत्येक घरधुरीको प्रतिनिधित्व हुने गरी उपभोक्ता समूह वा उपभोक्ता समूहहरु गठन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम समूह गठन गर्दा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा महिलाहरुको सक्रिय सहभागितालाई सुनिश्चित गराउन सम्वन्धित समिति अन्तर्गतका महिला उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी आवश्यक संख्यामा आमा समूह वा महिला समूह गठन गरिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम गठन भएका उपभोक्ता समूहहरु सम्वन्धित समितिको सिफारिसमा परिषद्को कार्यालयमा दर्ता गर्नुपर्नेछ र दर्ता गर्ने प्रयोजनका लागि अनुसूची-५ को ढाँचामा सम्बन्धित उपभोक्ता समूहको विधान र कार्ययोजना संलग्न गरी परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा परिषद्ले सो समूहलाई दर्ता गरी अनुसूची-६ को ढाँचामा प्रमाणपत्र दिनेछ ।

(५) उपनियम (१) र (२) बमोजिमको उपभोक्ता समूहमा प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु समूहका सदस्य हुनेछन् त्यस्तो सदस्यले आफूहरुमध्येबाट एकजना अध्यक्ष र एकजना सचिव छनौट गर्नेछन् ।

१४. उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार : नियम १३ बमोजिम गठन भएको उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वन, वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि जनचेतना अभिबृद्धि गर्ने,

(ख) आफ्नो क्षेत्रका वन, वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने,

(ग) आफ्नो क्षेत्रमा भएका पर्ति जग्गामा वृक्षारोपण गर्ने,

(घ) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका योजनाहरुको सञ्चालन र कार्यान्वयन गर्ने,

(ङ) आफ्नो क्षेत्रभित्रको वनको अतिक्रमण हुनबाट जोगाउने,

(च) आफूले सम्पन्न गरेका योजनाको सञ्चालन र मर्मत सम्भारको व्यवस्था मिलाउने,

(छ) आफू मातहतका उपभोक्ताहरुलाई आफ्नो क्षेत्रको जैविक विविधताको संरक्षण तथा व्यवस्थापनका लागि परिचालन गर्ने,

(ज) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने योजनाहरु सम्पन्न गर्न आवश्यक पर्ने श्रमदान जुटाउने,

(झ) योजना सञ्चालन गर्न र मर्मत सम्भार गर्न सम्वन्धित समितिलाई आवश्यक सहयोग गर्ने,

(ञ) आफ्नो क्षेत्रमा सम्पन्न भएका योजनाहरुको मर्मत सम्भार शुल्क उपभोक्ताहरुबाट संकलन गर्ने,

(ट) आफूले सञ्चालन गर्ने कार्यक्रमहरुको आर्थिक तथा अन्य आवधिक विवरण उपभोक्ताहरुलाई भेला गराई सार्वजनिक गर्ने,

(ठ) आफूले कार्यान्वयन गरेका योजनाको आम्दानी खर्चको हिसाव दुरुस्त राखी उपभोक्ताहरुलाई भेला गराई जानकारी गराउने,

(ड) आफूले सञ्चालन गर्ने योजनाको बारेमा त्यस्तो योजना कार्यान्वयन गर्नु अघि उपभोक्ताको भेला गराई सम्पूर्ण विवरण सार्वजनिक गर्ने,

(ढ) समितिले दिएको मार्गदर्शनको पालन गर्ने, गराउने,

(ण) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

१५. <u>उपभोक्ता समितिको गठन</u>:(१) व्यवस्थापन योजना अनुसार संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नका लागि परिषद्ले स्थानीय उपभोक्ता समूह र स्थानीय गाउँ विकास समितिसँग समन्वय राखी एक गाउँ विकास समितिमा वढीमा दुई उपभोक्ता समिति गठन गर्नेछ ।

(२) उपभोक्ता समितिमा देहायबमोजिमका सदस्य रहने छन् :-

(क) समितिअन्तर्गतका उपभोक्ता समूहका अध्यक्षले आफूहरुमध्येबाट छानेको पाँच जना -सदस्य

(ख) समितिअन्तर्गतका आमा समूह वा महिला समूहका अध्यक्षले आफूहरुमध्ये बाट छानेका तीनजना -सदस्य

(ग) सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षले आफुहरु मध्येबाट छानेको एकजना -सदस्य

(घ) पिछडिएका वर्ग, जाति वा सामाजिक कार्यकर्ताहरु मध्येबाट एकजना -सदस्य

(ङ) सम्वन्धित गाउँ विकास समितिको अध्यक्ष -पदेन सदस्य

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको मनोनयन खण्ड (क), (ख) र (ग) का सदस्यको भेलाले गर्नेछ ।

(४) समितिका सदस्यले उपनियम (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यमध्येबाट एक/एकजना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको छनौट गर्नेछन् ।

(५) समितिका पदाधिकारीको छनौट प्रकृया समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) समितिका पदाधिकारी तथा सदस्यको पदावधि गठन भएको मितिबाट पाँच वर्षको हुनेछ ।

१६. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वन, वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने,

(ख) वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने गराउने,

(ग) वृक्षारोपण गर्ने वा गराउने,

(घ) पहिरो तथा भू-क्षयको नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ङ) आफ्नो कार्य क्षेत्रभित्रका स्थानीय बासिन्दाहरुको दैनिक उपभोगको लागि आवश्यक पर्ने वन पैदावार उपभोग गर्ने तरिका र शुल्क तोक्ने,

(च) आफ्नो वार्षिक तथा पञ्चवर्षीय कार्ययोजना बनाउने,

(छ) चरिचरण गर्न वा गोठ राख्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र शुल्क तोक्ने,

(ज) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका योजनाहरुको सञ्चालन र कार्यान्वयन गर्ने,

(झ) संरक्षण क्षेत्रको संरक्षणका लागि स्थानीयस्तरका गैर सरकारी संस्था र सामुदायिक संस्थालाई परिचालन गर्ने,

(ञ) योजनाको आम्दानी र खर्चको हिसाव दुरुस्त राखी उपभोक्ता समूहलाई जानकारी गराउने,

(ट) विभिन्न दातृ संघसंस्था एवं व्यक्तिबाट प्राप्त अनुदान सहयोगबाट संरक्षण तथा विकास निर्माणका कार्यक्रम कार्ययोजनाको लक्ष्य अनुरुप सञ्चालन गर्ने गराउने,

(ठ) स्वीकृत व्यवस्थापन योजना वा कार्ययोजना बमोजिमका कामकारबाही गर्ने गराउने,

(ड) नियमावलीको उद्देश्य पूर्तिका लागि परिषद्का अध्यक्षले दिएको मार्गदर्शनको पालना गर्ने गराउने,

(ढ) परिषद्ले समय समयमा माग गरेको विवरण पेश गर्ने,

(ण) नियमित रुपमा कार्यप्रगति विवरण तयार गरी परिषद्को अध्यक्षसमक्ष पेश गर्ने,

(त) संरक्षण क्षेत्र अन्तर्गतका अन्य समितिसँग आवश्यक समन्वय राखी कार्य गर्ने,

(थ) आफ्नो मातहतका उपभोक्ता समूहलाई खण्ड (क) देखि (ञ) सम्मका कुराहरु सम्पन्न गर्न वा गराउन परिचालन गर्ने, तिनीहरुबीच समन्वय गर्ने र तिनीहरुका कार्यक्रमहरुको अनुगमन गर्ने ।

(द) समितिको क्षेत्रभित्र सञ्चालनमा रहेका र सञ्चालन हुने पर्यटनसँग सम्वन्धित व्यवसायहरु (होटल, लज, चियापसलहरु र क्याम्पसाइटहरु आदि) को लगत राखी स्तर निर्धारण गर्ने र त्यस्ता व्यवसायीहरुबाट लिन पाउने शुल्क निर्धारणको लागि परिषद्समक्ष पेश गर्ने,

(ध ) संरक्षण क्षेत्रको हितको लागि आवश्यक देखिएका अन्य काम गर्ने गराउने ।

१७. समितिको बैठक तथा कार्यविधि : (१) समितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको सचिवले बोलाउने छ ।

(३) कम्तीमा एकाउन्न प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकको निर्णय सामान्य बहुमतवाट गरिनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सचिवद्वारा प्रमाणित गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(७) समितिको बैठकमा आवश्यकतानुसार कुनै प्राविधिक वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) कुनै महत्वपूर्ण विषयमा छलफल र निर्णय गर्नु परेमा समितिको कुल सदस्य संख्याको कम्तिमा एक तिहाइ सदस्यले बैठक बोलाउन लिखित रुपमा माग गरेमा वा मातहतका उपभोक्ता समूहका अध्यक्षहरुको कुल संख्याको कम्तिमा पच्चीस प्रतिशतले बैठक बोलाउन समितिको अध्यक्षलाई लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ ।

१८. समितिको दर्तासम्वन्धी व्यवस्था : (१) नियम १५ बमोजिम पहिलो पटक समिति गठन भएपछि दर्ताको लागि अनुसूची- ५ बमोजिमको ढाँचामा आफ्नो विधानसमेत संलग्न राखी परिषद्को कार्यालयसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा परिषद्ले सो समिति दर्ता गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम एक पटक दर्ता भै सकेको समितिका पदाधिकारी र सदस्यको पदावधि समाप्त भएपछि पुनः निर्वाचित हुने समितिका पदाधिकारी तथा सदस्यको नामावली समितिका अध्यक्षले परिषद्समक्ष पेश गर्नु पर्नेछ ।

१९. <u>उप-समिति गठन गर्न सक्ने</u> : (१) समितिले यस नियमावली बमोजिम आफूलाई सुम्पिएको कामलाई व्यवस्थित रुपले सम्पादन गर्न वा गराउन उपसमिति गठन गर्न आवश्यक देखेमा विषयगत उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उप-समितिको काम, कर्तव्य, अधिकार र कार्यावधि समितिले त्यस्तो उपसमिति गठन गर्दाका वखत निर्धारण गरे बमोजिम हुनेछ ।

२०. <u>समितिको विघटन</u> : (१) कुनै समितिको कामकारबाहीका सम्बन्धमा परिषद्ले अनुगमन गर्दा वा कुनै उपभोक्ताले लिखित रुपमा देहायको अवस्था विद्यमान रहेको भनी उजुरी गरेमा र त्यस्तो उजुरी मनासिब देखिएमा परिषद्ले समिति विघटन गर्न सक्नेछ :-

(क) कार्ययोजना स्वीकृत नगराई वा स्वीकृत कार्ययोजना विपरीत कुनै कार्य गरेको,

(ख) नियम १६ बमोजिमका काम, कर्तव्य र जिम्मेवारी पूरा नगरेमा वा गर्न नसकेको,

(ग) कुनै कार्यक्रम सञ्चालन र सम्पन्न गर्न प्राप्त रकम तथा नियम २१ बमोजिमको कोषको दुरुपयोग वा हिनामिना गरेको,

(घ) कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न नसकेको,

(ङ) स्थानीय उपभोक्ताहरुको हित विपरीत कुनै काम गरेको वा उपभोक्ताहरुको हित संरक्षण गर्न नसकेको ।

(२) परिषद्ले सम्बन्धित समितिलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न वा आफ्नो कामकारबाहीमा सुधार गर्न निर्देशन दिन वा असल नियतले काम गर्दा ऐन र यस नियमावली विपरीत कुनै कार्य भएमा वा कुनै त्रुटी भएमा निर्देशन दिई सच्याउन लगाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम समितिको विघटन गर्नुअघि विघटन गर्नु पर्नाको कारण खोली पैंतीस दिनको म्याद दिई सम्बन्धित समितिसँग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम स्पष्टीकरण माग गरिएकोमा समितिले निर्धारित अवधि भित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा परिषद्ले आफ्ना सदस्यमध्ये बाट तीन जनाको एक टोली गठन गरी समितिको काम कारवाहीको आवश्यक छानबिन गराउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम छानबिन गर्दा उपनियम (१) को अवस्था विद्यमान रहेको र उपनियम (२) बमोजिम दिएको निर्देशनको पालना पनि नगरेको प्रतिवेदन प्राप्त भएमा परिषद्ले त्यस्तो समिति विघटन गर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समितिका दुईतिहाई सदस्यले त्यस्तो समिति विघटन गर्न परिषद्समक्ष कारण खुलाई लिखित अनुरोध गरेमा परिषद्ले आवश्यक छानबिन गरी त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(८) उपनियम (६) वा (७) बमोजिम कुनै समिति विघटन भएमा परिषद्ले पुनः अर्को समिति गठन गर्न सक्नेछ । त्यसरी गठन हुने समितिको पदावधि परिषद्को बाँकी अवधिको लागि मात्र कायम रहनेछ ।

(९) उपनियम (८) बमोजिम अर्को समिति गठन नभएसम्मका लागि विघटन गरिएको समितिले सम्पादन गर्दै आएको कामकारबाही परिषद् स्वयम्ले नै गर्नेछ ।

२१. समितिको कोष : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नियम १६ को खण्ड (ङ) बमोजिम उपभोक्ता समितिले तोकेबमोजिमको शुल्क,

(ख) नियम २९ को उपनियम (१) बमोजिम समितिलाई प्राप्त हुने रकम,

(ग) कुनै संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) सामुदायिक वनबाट प्राप्त हुने रकमबाट परिषद्ले तोकेको रकम,

(ङ) वन पैदावार उपभोगबाट प्राप्त रकम,

(च) गैरकाष्ठ वन पैदावार र जडीवुटी उपभोग गर्न सिफारिस दिएवापत प्राप्त हुने रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) कुनै संघ संस्थाबाट कुनै किसिमको सहयोग प्राप्त भएमा सो कुराको जानकारी यथाशीघ्र परिषद्लाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जम्मा हुने रकम कुनै वाणिज्य वैंकमा खाता खोली राख्नु पर्नेछ र त्यसको संचालन समितिको अध्यक्ष तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

२२. समितिको खर्चः(१) समितिले आफूलाई प्राप्त भएको रकम कार्ययोजनाले निर्दिष्ट गरेको कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(२) समितिको तर्फबाट गर्नुपर्ने खर्च र अन्य प्रशासनिक खर्च समितिको कोषबाट व्यहोरिनेछ ।

तर प्रशासनिक खर्च समितिको कुल खर्चको पच्चीस प्रतिशतभन्दा बढी हुने छैन ।

२३. समितिको लेखापरीक्षण : (१) समितिको लेखाको लेखापरीक्षण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र परिषद्ले नियुक्त गरेको दर्तावाल लेखापरीक्षकबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्दा लेखापरीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाबकिताब समितिको अध्यक्ष समक्ष माग गर्न सक्नेछ र त्यसरी माग भएकोमा माग भए बमोजिमको श्रेस्ता कागजात तथा हिसाब किताव उपलव्ध गराउनु अध्यक्षको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिम लेखापरीक्षकबाट भएको लेखापरीक्षणको प्रतिवेदनको एकप्रति परिषद्समक्ष पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षणको प्रतिवेदनबाट समितिको कुनै पदाधिकारीले आर्थिक दुरुपयोग गरेको पाइएमा परिषद्ले सो रकम निजबाट तुरुन्त असुल उपर गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम रकम असुल उपर हुन नसकेमा प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असूलउपर गर्नुपर्नेछ र सो प्रयोजनका लागि सम्बन्धित निकायलाई परिषद्ले अनुरोध गर्नेछ ।

## परिच्छेद –६
## परिषद्को आर्थिक व्यवस्था

२४. शुल्क वा दस्तुर लगाउन सक्ने:(१) परिषद्ले संरक्षण क्षेत्रको दीगो संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमका शुल्क वा दस्तुर निर्धारण गरी असुल गर्न सक्नेछ :-

(क) संरक्षण क्षेत्रभित्र पर्यटक प्रवेश वापतको प्रवेश शुल्क,

(ख) पर्वतारोहीहरु र पदयात्रीहरुबाट प्राप्त हुने सरसफाई शुल्क,

(ग) संरक्षण क्षेत्र भित्रका वन पैदावार र जडीवुटी संकलन र ओसारपसार गर्न अनुमति दिएवापतको दस्तुर,

(घ) संरक्षण क्षेत्रभित्र व्यापारिक प्रयोजनको लागि डकुमेण्ट्री वा फिचर फिल्म छायांकन अनुमति दिएवापतको दस्तुर,

(ङ) संरक्षण क्षेत्रभित्र हेलिकप्टर वा अन्य उपकरण अवतरण वापतको दस्तुर,

(च) संरक्षण क्षेत्रभित्र अन्य कुनै मनोरञ्जनात्मक वा रोमाञ्चकपूर्ण (बंजी जम्पिङ्ग, माउण्टेन वाइकिङ्ग, कनोइङ, स्कीङ्ग, रक क्लाइबिङ्ग, ह्यांग ग्लाइडिङ्ग, पारा ग्लाइडिङ्ग आदि) कार्य गर्न अनुमति दिएवापतको दस्तुर,

(छ) संरक्षण क्षेत्रभित्र पर्यटन सेवा सञ्चालन गर्न अनुमति दिए वापतको दस्तुर,

(ज) संरक्षण क्षेत्रभित्र लघु जलविद्युत परियोजना सञ्चालन अनुमति दिए वापतको दस्तुर,

(झ) परिषद्ले आफ्नै वा आफूलाई प्राप्त हुन आएको अन्य स्रोतबाट निर्माण भएको ऊर्जा (लघु जल विद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा आदि) बाट उत्पादन हुने ऊर्जा विक्रीबाट प्राप्त हुने दस्तुर, र

(ञ) मन्त्रालयको स्वीकृति लिई तोकेका अन्य विषय वापत प्राप्त हुने शुल्क वा दस्तुर ।

(२) उपनियम (१) मा उल्लिखित कुराहरुमध्ये कुनै कार्यको अनुमतिपत्र जारी गरी संरक्षण क्षेत्रको नाममा संकलन गरिने शुल्क वा दस्तुर ऐनको दफा २५क बमोजिम मन्त्रालयबाट प्रतिशत निर्धारण भएबमोजिम परिषद्को खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उद्धार सम्बन्धी कार्यमा कुनै दस्तुर लाग्ने छैन ।

२५. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ र कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :-

(क) ऐनको दफा २५क. बमोजिम प्राप्त हुने रकम,

(ख) नेपाल सरकार वा जिल्ला विकास समितिबाट प्राप्त हुने रकम,

(ग) स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम विदेशी संस्था वा व्यक्तिबाट कुनै किसिमको सहयोग लिंदा नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ ।

२६. परिषद्को कोष र खाताको सञ्चालन : (१) परिषद्को कोषमा प्राप्त हुन आएको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

तर एकपटकमा पाँचहजार रुपैयासम्मको रकम सानो नगदी कोषमा जम्मा गरी खर्च गर्न सकिनेछ ।

(२) परिषद्को खाताको सञ्चालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । अध्यक्ष वा कोषाध्यक्षमध्ये कुनै एकको अनुपस्थितिमा कोषको खाता सञ्चालन परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

२७. परिषद्को खर्च : परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि परिषद्लाई वार्षिक रुपमा प्राप्त हुने आम्दानीको बढीमा पच्चीस प्रतिशत रकम छुट्याउन सक्नेछ ।

२८. परिषद्को लेखापरीक्षण: (१) परिषद्ले प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखा दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको लेखा परीक्षक परिषद्ले नियुक्ति गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्न आउने लेखा परीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाबकिताब परिषद्का अध्यक्षले उपलब्ध गराउनु पर्नेछ ।

(४) लेखापरीक्षणबाट परिषद्को कुनै पदाधिकारी वा सदस्यले र परिषद्को स्रोत, साधन र कोषको हिनामिना वा दुरुपयोग गरेको पाइएमा परिषद्ले सो रकम निजबाट तुरुन्त असुल उपर गर्नेछ ।

(५) उपनियम (४) बमोजिम रकम असुल उपर हुन नसकेमा प्रचलित कानूनबमोजिम सरकारी बाँकीसरह असूल उपर गर्नेछ र सो प्रयोजनका लागि सम्बन्धित निकायलाई परिषद्ले अनुरोध गर्नेछ ।

(६) लेखापरीक्षण प्रतिवेदन परिषद्को बैठकमा पेश गरी सोको एक प्रति विभागमा पठाउनु पर्नेछ ।

२९. समितिलाई रकम उपलव्ध गराइने : (१) परिषद्ले समितिको कार्ययोजना बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न समितिलाई वार्षिक रुपमा आवश्यक रकम उपलव्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम समितिलाई रकम उपलब्ध गराउँदा कार्य प्रगतिका आधारमा चौमासिक रुपमा निकासा दिनु पर्नेछ ।

(३) परिषद्ले देहायको आधारमा विभिन्न समितिलाई उपनियम (१) बमोजिम रकम उपलब्ध गराउनेछ :-

(क) समितिको इलाका र जनसंख्याको आकार,

(ख) सामुदायिक विकासको माग र आवश्यकता,

(ग) वन्यजन्तुले समितिको इलाका क्षेत्रमा पुऱ्याएको असर,

(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक स्रोतको संरक्षण गर्न त्यस क्षेत्रका बासिन्दाले पुऱ्याएको योगदान,

(ङ) जैविक विविधताको संरक्षण र सामुदायिक विकासमा स्थानीय जनताको सक्रियता तथा सहभागिता,

(च) कुनै खास क्षेत्रमा सञ्चालन हुने साझेदारीमा गरिने आयोजनाको लागत,

(छ) समितिले संचालन गरेका कार्यक्रमको परिणाम र गुणस्तर ।

## परिच्छेद–७
## संरक्षण क्षेत्रभित्रका निषेधित कार्य

३०. संरक्षण क्षेत्रभित्र निषेधित कार्य : अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्ति वा संस्थाले संरक्षण क्षेत्रभित्र देहायको कुनै पनि कार्य गर्न पाउने छैन :-

(क) वन्यजन्तुको शिकार गर्न,

(ख) सरकारी जग्गामा जस्तोसुकै घर, छाप्रो, आश्रम वा यस्तै प्रकारको कुनै निर्माण कार्य गर्न वा भोग गर्न,

(ग) सरकारी जग्गाको भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा कटान गर्न,

(घ) सरकारी जग्गाभित्र रहेका रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(ङ) सरकारी जग्गामा खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कंकड, माटो वा अन्य यस्तै पैदावारमा हानी नोक्सानी पुऱ्याउन,

(च) हातहतियार, खर खजाना वा कुनै किसिमको विषालु पदार्थ साथमा लैजान वा प्रयोग गर्न,

(छ) संरक्षण क्षेत्रभित्र कुनै प्रकारको जीवजन्तु वा आखेटोपहार लैजान, वा आखेटोपहार संकलन गर्न,

(ज) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

(झ) खोरिया फडानी गर्न ।

३१. काम कारबाही निषेध गर्न सक्ने : (१) परिषद्ले संरक्षण क्षेत्रभित्र भइरहेको वा हुन लागेको कुनै काम कारबाहीको कारणवाट संरक्षण क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने संभावना देखिएमा तत्काल त्यस्तो काम कारबाही रोक्न वा निषेध गर्न वा त्यस्तो कार्यमा सुधार गर्न लिखित आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेशमा के कति कारणले त्यस्तो काम कारबाही रोक्न वा निषेध गर्न वा सुधार गर्न परेको हो सो कुरा स्पष्ट रुपमा खुलेको हुनु पर्नेछ ।

३२. लिखित स्वीकृति लिनु पर्ने : संरक्षण क्षेत्रभित्रका बासिन्दाले आफ्नो निजी प्रयोजनको लागि संरक्षण क्षेत्रभित्रको सरकारी जग्गाबाट माटो, ढुंगा, रोडा वा बालुवा झिक्न चाहेमा परिषद्को लिखित स्वीकृति लिनु पर्नेछ । परिषद्ले त्यस्तो स्वीकृति दिंदा समितिको सिफारिसमा दिनु पर्नेछ ।

३३. क्षति पुऱ्याउन नहुने : कसैले पनि संरक्षण क्षेत्रभित्रको सार्वजनिक बाटो, पुल, घर, कार्यालय भवन, तारबार, चिन्हपट वा अन्य कुनै पनि वस्तुलाई कुनै पनि प्रकारले क्षति पुऱ्याउन हुंदैन ।

३४. अनुमति लिनु पर्ने :(१) कसैले पनि संरक्षण क्षेत्रभित्रको प्राकृतिक स्रोत प्रयोग हुने गरी वा सो क्षेत्रको प्राकृतिक स्रोतमा प्रतिकुल असर पर्ने गरी व्यापारिक प्रयोजनको लागि कुनै काम शुरु गर्नुभन्दा पहिले परिषद्को सहमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि परिषद्ले त्यसमा आवश्यक छानबिन गरी आवश्यक शर्तहरु तोकी सहमति दिन सक्नेछ ।

३५. सहमति लिनु पर्नेः(१) संरक्षण क्षेत्रभित्र रहेका निजी जग्गामा कुनै उद्योग सञ्चालन गर्न इजाजतपत्र प्रदान गर्नुअघि परिषद्को सहमति लिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम सहमति दिंदा त्यस्तो उद्योगले पालना गर्नुपर्ने गरी परिषद्ले निश्चित शर्तहरु तोक्न सक्नेछ ।

(३) यो नियम प्रारम्भ हुनुअघि संरक्षण क्षेत्रमा सञ्चालन भइरहेका उद्योगको हकमा समेत परिषद्ले आवश्यक शर्त तोक्न सक्नेछ ।

## परिच्छेद –८
## वन व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था

३६. वनको व्यवस्थापन सुम्पन सकिनेः(१) संरक्षण क्षेत्रभित्रको कुनै वन क्षेत्रलाई व्यवस्थापन योजनाअनुसार वन पैदावारको दिगो व्यवस्थापन र सदुपयोग गर्नका लागि संरक्षण सामुदायिक वनको रुपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने संरक्षण वन उपभोक्ता समूहले सो वन क्षेत्र आफूले संरक्षण सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको व्यहोरा खुलाई अनुसूची-७ बमोजिमको ढाँचामा कार्ययोजना र समितिको सिफारिस सहित परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन पर्न आएमा परिषद्ले सो सम्वन्धमा आवश्यक जाँचबुझ गर्नेछ । जाँचवुझबाट निवेदनमा उल्लिखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिव देखिएमा त्यस्तो संरक्षण सामुदायिक वन सम्वन्धित समूहलाई सुम्पन सक्नेछ । त्यसरी संरक्षण सामुदायिक वन सुम्पदा अनुसूची-८ बमोजिमको प्रमाणपत्रसमेत प्रदान गर्नु पर्नेछ ।

(३) एउटै वन क्षेत्र दुई वा दुईभन्दा बढी समितिले संरक्षण सामुदायिक वनको रुपमा माग गरेमा परिषद्ले सम्बन्धित समितिसँग समन्वय गरी सहमतिको आधारमा सो वन क्षेत्र उपयुक्त समितिलाई सुम्पन सक्नेछ ।

३७. संरक्षण सामुदायिक वन फिर्ता लिन सकिने : (१) नियम ३६ बमोजिम संरक्षण सामुदायिक वन जिम्मा लिने उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा परिषद्ले त्यस्तो समितिसँग पन्ध्र दिनसम्मको म्याद दिई स्पस्टीकरण माग गर्नु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम माग गरिएको स्पष्टिकरण नदिएमा वा दिएको स्पष्टिकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण सामुदायिक वन फिर्ता लिन मनासिव देखिएमा परिषद्ले त्यस्तो वन फिर्ता लिन सक्नेछ । यसरी फिर्ता लिएको संरक्षण सामुदायिक वनको संरक्षण अर्को व्यवस्था नभएसम्म परिषद् आफैले वा कुनै उपभोक्ता समूहमार्फत संरक्षण तथा व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम परिषद्ले गरेको निर्णयउपर चित्त नवुझ्ने समूहले त्यस्तो निर्णयको सूचना पाएको पैतीस दिनभित्र विभागसमक्ष उजुरी दिन सक्नेछ ।

(४)उपनियम (३) बमोजिम उजुरी दिएमा विभागले आफ्नो निर्णय दिनुपर्नेछ र विभागले दिएको निर्णय अन्तिम हुनेछ ।

(५)उपनियम (३) बमोजिम उजुरी परेकोमा सोको अन्तिम निर्णय नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन परिषद् आफैंले गर्नेछ ।

३८. संरक्षण धार्मिक वनको रुपमा सुम्पन सकिनेः (१) संरक्षण क्षेत्रभित्रको वन क्षेत्रलाई व्यवस्थापन योजना अनुसार संरक्षण धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहने कुनै धार्मिक संस्था, समूह वा समुदायले सोको दर्ताका लागि अनुसूची-९ बमोजिमको ढाँचामा वन व्यवस्थापन कार्ययोजनासहित परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२)उपनियम(१) बमोजिमको निवेदन पर्न आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट निवेदनमा उल्लिखित वन क्षेत्र पूरै वा आंशिक रुपमा सुम्पन मनासिब देखेमा त्यस्तो संरक्षण/धार्मिक वन दर्ता गरी सम्बन्धित धार्मिक संस्था, समूह वा समुदायलाई सुम्पन सक्नेछ ।

(३)उपनियम (२) बमोजिम संरक्षण  धार्मिक वन सुम्पँदा अनुसूची-१० बमोजिमको ढाँचामा सो सम्बन्धी प्रमाणपत्र समेत प्रदान गर्नु पर्नेछ ।

(४) संरक्षण/धार्मिक वनमा उपलब्ध भएका काठ दाउरा धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न  पाइनेछ । यसरी उपयोग गर्दा वातावरणमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न सकिने छैन ।

३९. संरक्षण  धार्मिक वन फिर्ता लिन सकिनेः (१) नियम ३८ बमोजिम सुम्पिएको संरक्षण  धार्मिक वन जिम्मा लिने सम्बन्धित धार्मिक संस्था, समूह वा समुदायले वन व्यवस्थापन कार्ययोजना बमोजिम कार्य नगरेमा परिषद्ले त्यस्तो धार्मिक संस्था, समूह वा समुदायसँग पन्ध्र दिनसम्मको म्याद दिई स्पष्टिकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरिएको स्पष्टिकरण नदिएमा वा दिएको स्पष्टिकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट संरक्षण  धार्मिक वन फिर्ता लिन मनासिव देखिएमा परिषद्ले त्यस्तो संरक्षण धार्मिक वन फिर्ता लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम परिषद्ले गरेको निर्णयउपर चित्त नबुझ्ने धार्मिक संस्था, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभागसमक्ष उजुरी दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम उजुरी दिएकोमा विभागले आफ्नो निर्णय दिनु पर्नेछ र विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) उपनियम (२) बमोजिम उजुरी परेमा सोको अन्तिम निर्णय र फिर्ता लिएको वनको संरक्षण अर्को व्यवस्था नभएसम्म सो वनको संरक्षण तथा व्यवस्थापन परिषद् आफैंले गर्नेछ ।

४०. संरक्षण निजी वन सम्वन्धी व्यवस्थाः (१) संरक्षण क्षेत्रभित्रको जग्गाधनीले संरक्षण क्षेत्रको व्यवस्थापन योजनाको अधीनमा रही निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) यस नियमबमोजिम निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न परिषद्ले निजी वनको धनीलाई आवश्यक प्राविधिक सहायता उपलव्ध गराउन सक्नेछ ।

(३) संरक्षण  निजी वनको धनीले सो वनको वन पैदावार संरक्षण क्षेत्रभित्र उपयोग गर्ने गरी ओसारपसार र विकी वितरण गर्न पाउने छ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संरक्षण निजी वनका वन पैदावार सो को धनीले संरक्षित क्षेत्रबाहिर लैजान र बिक्रीवितरण गर्नुपरेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित समितिको सिफारिससाथ परिषद्समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएमा परिषद्ले आवश्यक जाँचवुझ गरी त्यस्तो वन पैदावार निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई काठको हकमा टाँचा लगाई परिषद्ले संरक्षण क्षेत्र बाहिर लैजान अनुसूची-११ बमोजिमको ढांचामा छोडपूर्जी दिनु पर्नेछ ।

तर नेपाल बाहिर काठ निर्यात गर्न छोडपूर्जी दिइने छैन ।

४१. वन पैदावारको उपयोग : आँफैले विरुवा लगाई हुर्काएको वा समिति वा वन उपभोक्ता समूहले संरक्षण/सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएको वन पैदावारको उपयोग कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित समिति वा वन उपभोक्ता समूहले तोकेको दस्तुर तिरी उपभोक्ता समूहहरुले उपयोग गर्न सक्ने छन् ।

४२. गैर काष्ठ वन पैदावार र जडीवुटी उपयोग गर्न पाइने : (१) प्रचलित कानूनबमोजिम निषेध गरिएका गैर काष्ठ वन पैदावार र जडीबुटी बाहेक संरक्षण क्षेत्रभित्र पाइने गैर काष्ठ वन पैदावार र जडीबुटीको दिगो संकलन, उपयोग गर्न र संरक्षण क्षेत्रबाहिर लैजान स्वीकृत कार्ययोजना र प्राविधिक प्रतिवेदनका आधारमा परिषद्ले इजाजत दिन सक्नेछ ।

(२) परिषद्ले गैर काष्ठ वन पैदावार र जडीबुटी संकलन गर्न र क्षेत्रबाहिर लैजान इजाजतवापत लाग्ने दस्तुर तोक्नेछ ।

तर त्यसरी तोकिने दस्तूर वन नियमावली, २०५१ बमोजिम तोकिएको दस्तूरभन्दा कम हुने गरी तोक्न सकिने छैन ।

(३) संरक्षण क्षेत्रबाट संकलन र उपयोग गर्न तथा संरक्षण क्षेत्रबाहिर लैजान पाइने गैर काष्ठ वन पैदावार र जडीबुटीको सूची परिषद्ले निर्धारण गर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्धारित गैर काष्ठ वन पैदावार र जडीबुटी संरक्षण/सामुदायिक वनको भएमा त्यस्ता गैर काष्ठ वन पैदावार र जडीबुटीको दिगो संकलन, उपयोग र संरक्षण क्षेत्रबाहिर लैजान सम्बन्धित समितिका अध्यक्षको सिफारिस र नियम ५७ को उपनियम (१) बमोजिम नेपाल सरकारले खटाएको प्राविधिकको प्रतिवेदनको आधारमा परिषद्को अध्यक्षले इजाजत दिन सक्नेछ ।

(५) उपनियम (२) बमोजिम जडीबुटीको संकलन, उपयोग गर्न र संरक्षण क्षेत्रबाहिर लैजान इजाजत दिएको अवस्थामा सो वापत प्राप्त हुने दस्तुरको पचहत्तर प्रतिशत रकम जुन समितिको क्षेत्रबाट इजाजत दिएको हो, सोही समितिलाई परिषद्ले उपलब्ध गराउनु पर्नेछ ।

(६) यस नियम बमोजिम कुनै जडीवुटी संकलन, उपयोग गर्न वा संरक्षण क्षेत्रबाहिर लैजान चाहने व्यक्ति वा संस्थाले अनुसूची-१२ बमोजिमको ढाँचामा परिषद्समक्ष निवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निवेदन पर्न आएमा परिषद्ले अनुसूची- १३ बमोजिमको ढाँचामा जडीबुटी संकलन इजाजत दिन सक्नेछ ।

(८) उपनियम(७) बमोजिम संकलित जडीबुटी संरक्षण क्षेत्रबाहिर लैजान परेमा अध्यक्षले अनुसूची-१४ बमोजिमको ढाँचामा छोडपूर्जी दिनेछ ।

तर त्यसरी छोडपूर्जी दिनुअघि अध्यक्षले जडीबुटी संकलन गर्न दिएको परिमाणअनुसार भए-नभएको जाँचबुझ गर्न सक्नेछ ।

(९) संरक्षण क्षेत्रबाहिरबाट कुनै जडीबुटी संरक्षण क्षेत्रभित्र ल्याउनु परेमा वा संरक्षण क्षेत्रको बाटो प्रयोग गरी अन्यत्र लैजान चाहने व्यक्ति वा संस्थाले सो जडीबुटी त्यसरी लैजान सम्बन्धित जिल्ला वन कार्यालयबाट जारी गरिएको इजाजतपत्र अध्यक्षसमक्ष पेश गर्नुपर्नेछ र अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो जडीबुटी संरक्षण क्षेत्रभित्र ल्याउन वा संरक्षणक्षेत्र बाहिर लैजान अनुमति दिनेछ ।

## परिच्छेद-९
## सामुदायिक विकास सम्बन्धी आयोजना सञ्चालन

४३. सामुदायिक विकास सम्वन्धी योजना सञ्चालन : (१) समितिले आफ्नो कार्ययोजनामा उल्लेख भए अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राथमिकताका आधारमा योजनाको छनौट गर्नु पर्नेछ । त्यसरी छनौट गरिएको कार्यक्रम वा योजनाको लागत अनुमान सहितको प्रस्ताव तयार गरी परिषद्समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको प्रस्तावमा उपभोक्ताको श्रमदानको अंश समेत उल्लेख गर्नु पर्नेछ र यस्तो श्रमदानको अंश कूल लागतको कम्तिमा दशदेखि तीस प्रतिशतसम्म हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लागत अनुमान तयार गर्ने कार्यमा आवश्यक परेमा परिषद्ले समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्राप्त भएको कार्यक्रम वा योजना परिषद्ले आफ्नो बैठकमा छलफलको लागि पेश गर्नेछ र त्यसमा आवश्यकतानुसार संशोधन गर्नु पर्ने भए सो समेत गरी बैठकले त्यस्तो कार्यक्रम वा योजना स्वीकृत गर्नेछ । त्यसरी स्वीकृत कार्यक्रम वा योजनाको कार्यान्वयनका लागि परिषद्ले कार्य प्रगतिका आधारमा चौमासिक रुपमा रकम निकासा दिनेछ ।

(५) उपनियम (३) बमोजिम स्वीकृत कार्यक्रम वा योजना कार्यान्वयन गर्नुअघि समितिले आफू मातहतका समूहका पदाधिकारीको भेला गराई सार्वजनिक गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम सञ्चालित कार्यक्रम वा योजना सम्पन्न भएपछि सम्बन्धित समितिले परिषद् समक्ष उक्त योजनाको जाँचपास गराइदिन अनुरोध गर्नु पर्नेछ र त्यसरी अनुरोध भई आएमा परिषद्ले सोको जाँचपास गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई दिनु पर्नेछ ।

(७) कार्यक्रम वा योजनाको कार्य सम्पन्न भएपछि समितिले त्यसको हिसाब किताब, लेखापरीक्षण र जाँचपासको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम हिसाब किताब, बिल भर्पाइ र जाँचपास प्रतिवेदन पेश भएपछि परिषद्ले आवश्यकता अनुसार स्थलगत निरीक्षणसमेत गरी कार्य सम्पन्न भएको देखिएमा कार्यक्रम वा योजनाको जाँचपास गरी दिनु पर्नेछ ।

(९) यस नियम बमोजिम जाँचपास गर्नको लागि परिषद्सँग सम्बन्धित विषयको प्राविधिक नभएमा जिल्ला विकास समितिलाई सम्बन्धित प्राविधिक उपलब्ध गराई दिन अनुरोध गर्न सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम प्राविधिक उपलब्ध गराउन अनुरोध भै आएमा जिल्ला विकास समितिले प्राविधिक खटाई पठाई दिनु पर्नेछ ।

(११) यस नियम बमोजिमको कार्यक्रम वा योजनाको लगत अनुमान र जाँचपास गर्दा लागेको खर्च सम्बन्धित योजना वा कार्यक्रमको खर्चमा समावेश गरिनेछ ।

४४. स्वीकृति लिनुपर्ने : संरक्षण क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले विदेशी संघ संस्थासँग मिलेर कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्न चाहेमा मन्त्रालयको पूर्वस्वीकृति लिनु पर्नेछ ।

४५. दोहोरो नपर्ने गरी विकास आयोजना सञ्चालन गर्नु पर्ने : परिषद्ले नियम ४३ बमोजिम सामुदायिक विकाससम्बन्धी कार्य गर्दा गराउँदा अन्य कुनै निकाय, संघ संस्था वा कार्यालयले सञ्चालन गरिराखेको कुनै सामुदायिक विकाससम्बन्धी कार्यक्रम वा आयोजनामा दोहोरोपना नआउने गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद–१०

## विविध

४६. वन्यजन्तुको व्यवस्थापन : (१) संरक्षण क्षेत्रमा संरक्षित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुको संख्यामा वृद्धि भई स्थानीय उपभोक्ताको कृषि बाली, पशुधन क्षति गर्ने अवस्था देखिएमा सम्बन्धित प्रजातिको वस्तुस्थिति अध्ययनबाट कोटा निर्धारण गरी त्यस्ता वन्यजन्तुको व्यवस्थापनको लागि स्थानहरु तोकी व्यावसायिक शिकार गराउन परिषद्ले विभागमा सिफारिस पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यावसायिक शिकारको लागि वन्यजन्तु र तिनीहरुको संख्या (कोटा) तोक्दा परिषद्ले संरक्षण अधिकृतको राय सुझाव लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पठाइएको सिफारिसको आधारमा विभागले प्रजाति, स्थान र संख्या खोली शिकार अनुमति पत्र दिन सक्नेछ ।

(४) शिकारसम्बन्धी दस्तुर, पुरक शिकार अनुमतिपत्र दस्तुर र अन्य व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

(५) उपनियम (३) बमोजिम शिकार अनुमतिपत्र दिएवापत प्राप्त हुने रकमको पचास प्रतिशत रकम विभागले परिषद्को कोषमा जम्मा गर्नेछ ।

४७. प्रवेशपत्र लिनु पर्ने : (१) कुनै विदेशी पर्यटकले संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा परिषद्को कार्यालय वा सम्पर्क कार्यालयले तोके बमोजिमको प्रवेश दस्तुर तिरी प्रवेशपत्र लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने प्रवेशपत्रको ढाँचा अनुसूची-१५ बमोजिम हुनेछ ।

४८. संरक्षण क्षेत्रभित्र अवतरण गर्न अनुमति लिनुपर्ने : (१) कसैले संरक्षण क्षेत्रमा कुनै किसिमको हेलिकप्टर, हटएयर बेलुन वा त्यस्तै किसिमका हवाई उपकरणको अवतरण गर्न चाहेमा अनुमति लिनको लागि अनुसूची-१६ बमोजिमको ढाँचामा विभाग वा परिषद्समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि विभाग वा परिषद्ले तोके बमोजिमको दस्तुर लिई संरक्षण क्षेत्रमा हेलिकप्टर, हटएयर बेलुन वा त्यस्तै किसिमको उपकरणको अवतरण गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम यसरी अनुमति दिंदा अनुसूची-१७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

(४) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि आपतकालीन अवतरण वा उद्धार संबन्धी कार्यका सिलसिलामा अवतरण गर्दा पूर्व अनुमति लिनु पर्नेछैन ।

(५) उपनियम (४) बमोजिम आपतकालीन अवतरण वा उद्धार सम्बन्धी कार्यका सिलसिलामा अवतरण गरेको कुराको जानकारी यथासक्य छिटो गरी विभाग वा परिषद्लाई दिनु पर्नेछ ।

४९. फिल्म छायाङ्कनको लागि अनुमति लिनु पर्ने : (१) संरक्षण क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाले व्यावसायिक डकुमेन्टी वा फिचर फिल्म छायाङ्कन गर्न चाहेमा विभागमा वा परिषद्मा अनुसूची-१८ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा विभागले तोके बमोजिमको दस्तुर लिई अनुसूची-१९ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम विभागले अनुमतिपत्र दिएको अवस्थामा अनुमतिपत्र वापतको दस्तुरको पचास प्रतिशत रकम परिषद्को कोषमा जम्मा गर्नेछ ।

(४) उपनियम (२) बमोजिम दिइएको अनुमतिपत्र अनुसार फिल्म छायाङ्कन गर्दा फिल्म छायाङ्कन गर्ने व्यक्ति वा संस्थासँग छायाङ्कन अवधिभर परिषद्ले आफ्नो कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी निजको रोहवरमा मात्र फिल्म छायाङ्कन गर्ने व्यवस्था गर्न सक्नेछ ।

५०. वैज्ञानिक अनुसन्धान गर्न स्वीकृति लिनुपर्ने : (१) संरक्षण क्षेत्रभित्र कसैले वैज्ञानिक अनुसन्धान, अवलोकन सम्बन्धी काम गर्न चाहेमा विभागले स्वीकृति दिन सक्नेछ । यसरी स्वीकृति दिएको जानकारी परिषद्‌लाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति लिई अनुसन्धान सम्पन्न गरेपछि सम्बन्धित व्यक्ति वा संस्थाले सो को प्रतिवेदन विभाग र परिषद् समक्ष एक एकप्रति बुझाउनु पर्नेछ ।

५१. क्षतिपूर्तिको लागि जिम्मेवार नहुने : कुनै व्यक्ति संरक्षण क्षेत्रभित्र प्रवेश गरेकोमा सो क्षेत्रभित्र निजलाई कुनै किसिमको हानी नोक्सानी भएमा, चोटपटक लागेमा वा निजको मृत्यु भएमा निज आफै जिम्मेवार हुनेछ र सो वापत क्षतिपूर्तिका लागि नेपाल सरकार वा परिषद् जिम्मेवार हुने छैन ।

५२. मुद्दा हेर्ने अधिकार : (१) संरक्षण क्षेत्रभित्र ऐन र यस नियमावली अन्तर्गतका कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार संरक्षण अधिकृतलाई हुनेछ ।

(२) उपनियम (१) को सर्व सामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले खटाएको राजपत्र अनंकित प्रथम श्रेणीको प्राविधिक रेञ्जरलाई हुनेछ :-

(क) अनुमति नलिई संरक्षण क्षेत्रमा प्रवेश गरेमा,

(ख) पाँच हजार रुपैँयासम्म विगो कायम हुने वन पैदावार अनियमित तरिकाले क्षति पुऱ्याएमा, काटेमा, वा झिकेमा,

(ग) नियम ३० को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) मा उल्लिखित निषेधित कार्य गरेमा ।

५३. मुद्दाको तहकिकात र दायरी : नियम ५२ को उपनियम (१) बमोजिम कारवाही र किनारा हुने मुद्दाको तहकिकात र दायरी नेपाल सरकारबाट खटिएको राजपत्र अनंकित प्रथम श्रेणीको प्राविधिक रेञ्जर कर्मचारीले गर्नेछ ।

५४. कार्ययोजना विपरीत गर्नेलाई हुने सजाय : संरक्षण  सामुदायिक वनमा कसैले कार्ययोजना विपरीत कुनै काम गरेमा निजलाई सम्बन्धित समितिले कार्ययोजनामा उल्लेख भएबमोजिम कार्वाही गर्न सक्नेछ । कार्ययोजना विपरीत कार्य गरी कुनै हानी नोक्सानी गरेको पाइएमा त्यस्तो हानी नोक्सानीको विगो कायम गरी प्रचलित कानून बमोजिम असुलउपर गर्नु पर्नेछ ।

५५. भू-उपयोगिता प्रणाली लागू गर्ने : (१) व्यवस्थापन योजनामा भू-उपयोगिता प्रणाली लागू गर्नुपर्ने भनी तोकिएको क्षेत्रका जग्गामा परिषद्‌ले सम्बन्धित समितिको सहमति लिई कार्ययोजना अनुसार भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख बिरुवा वा घाँस लगाउन वा अन्य कुनै कार्य गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भू-उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने व्यक्तिलाई परिषद्‌ले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

५६. परिषद्‌लाई सहयोग गर्नु पर्ने : संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने काममा परिषद्‌लाई स्थानीय निकाय, स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी संघ संस्था, समिति तथा सम्वन्धित सवैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

५७. सरकारी कर्मचारी खटाउन सकिने : (१) संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउन विभागले कम्तीमा एकजना राजपत्रांकित तृतीय श्रेणीको संरक्षण अधिकृत र आवश्यकता अनुसार थप प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएका कर्मचारीहरुले परिषद्लाई देहाय बमोजिम सहयोग पुऱ्याउनु पर्नेछ :-

(क) आवश्यक प्राविधिक तथा कानूनी राय, सुझाव उपलब्ध गराउने,

(ख) जैविक विविधताको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित कुराहरुको अनुगमन गर्ने,

(ग) संरक्षण क्षेत्रभित्र रहेका वा पाइने वन्यजन्तुहरुको स्थितिको बारेमा तथ्याङ्क संकलन गर्ने,

(घ) प्राकृतिक स्रोत तथा सम्पदाहरुको संरक्षण तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउने,

(ङ) परिषद् र समितिले गरेका मुख्य मुख्य कार्यहरुको बारेमा विभाग समक्ष समय समयमा प्रतिवेदन पेश गर्ने र

(च) यस नियमावली बमोजिम तोकिएका र नेपाल सरकारले समय समयमा दिएका अन्य निर्देशन कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

५८. तदर्थ समितिः (१) उपभोक्ता समूह, समिति र परिषद्को सदस्यको पदावधि समाप्त भएपछि पुनः अर्को उपभोक्ता समूह, समिति र परिषद्को गठन गर्नको लागि एक तदर्थ समितिको गठन हुनेछ । त्यस्तो समितिमा देहाय बमोजिमका व्यक्तिहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | संरक्षण अधिकृत | -संयोजक |
| (ख) | समूह वा समितिका कुनै पनि पदका लागि उम्मेदवारी दिन नचाहने व्यक्तिहरु मध्येबाट महिला र पुरुष गरी तीन जना | -सदस्य |
| (ग) | परिषद्को कार्यालयको कार्यालय सचिव | -सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्य तोक्दा परिषद्को सिफारिस बमोजिम संरक्षण अधिकृतले तोक्नेछ ।

(३) तदर्थ समितिले परिषद्को कार्य अवधि समाप्त हुनु भन्दा तीन महिनाअघि नै उपभोक्ता समूह, समिति र परिषद्को गठन गरि सक्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम गठित परिषद्ले अघिल्लो परिषद्को पदावधि सकिएको मितिबाट आफ्नो जिम्मेवारी वहन गर्नेछ ।

५९. पदावधि थप सम्बन्धी व्यवस्था : (१) असाधारण वा काबु बाहिरको परिस्थितिको सिर्जना भई परिषद्को म्याद समाप्त भएपश्चात् अर्को परिषद् गठन गर्न तत्काल सम्भव नभएमा नियम ५८ बमोजिमको तदर्थ समितिको सिफारिसमा विभागले परिषद्को पदावधि एक वर्षको लागि थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्को पदावधि थप भएमा परिषद्ले समिति र उपभोक्ता समूहको पदावधि पनि एक वर्षको लागि थप गर्न सक्नेछ ।

६०. परिषद् विघटन गर्न सकिने : (१) देहायको अवस्थामा विभागले परिषद् विघटन गर्न सक्नेछ :-

(क) परिषद्ले व्यवस्थापन योजना स्वीकृत नगराई वा स्वीकृत व्यवस्थापन योजनाविपरीत हुने कुनै कार्य गरेमा,

(ख) परिषद्ले नियम ११ बमोजिमका आफ्नो काम, कर्तव्य पूरा नगरेमा वा गर्न नसकेमा,

(ग) परिषद्लाई प्राप्त रकम र परिषद्को कोषको हिनामिना गरेको पाइएमा,

(घ) परिषद्को जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यले सो परिषद् विघटन गर्न विभागसमक्ष कारण खुलाई लिखित रुपमा अनुरोध गरेमा ।

(२) उपनियम (१) बमोजिम परिषद् विघटन गर्नुपर्ने भएमा विभागले परिषद्लाई विघटन गर्नु परेको कारण खोली पैंतीस दिनको म्याद दिई सफाइको मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम माग गरिएको सफाइ सन्तोषजनक भएमा परिषद्लाई आफ्नो काम कारबाहीमा सुधार ल्याउन एक पटकको लागि अवसर दिन सकिनेछ ।

तर यसरी आफ्नो कामकारबाहीमा सुधार गर्ने मौका दिंदादिदै पनि आफ्नो जिम्मेवारी निर्वाह गर्न नसकेमा वा परिषद्ले पेश गरेको सफाई सन्तोषजनक नभएमा विभागले परिषद् विघटन गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम परिषद् विघटन भएपछि यसै नियमावली बमोजिमको प्रक्रिया अवलम्बन गरी नयाँ परिषद्को गठन गर्नु पर्नेछ ।

६१. विनियम तथा निर्देशिका बनाउन सक्ने : (१) परिषद्ले परिषद्का पदाधिकारी तथा कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी विनियम बनाई मन्त्रालयको स्वीकृति प्राप्त गरी लागू गर्न सक्नेछ ।

(२) परिषद्ले यस नियमावलीको अधीनमा रही नियमावलीको कार्यान्वयन गर्ने प्रयोजनको लागि निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६२. अनुसुचीमा हेरफेर वा थपघट : मन्त्रालयले आवश्यक देखेमा परिषद्को सिफारिसमा अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

६३. नेपाल सरकारसँग सम्पर्क : परिषद्ले नेपाल सरकारसँग सम्पर्क गर्दा विभाग मार्फत सम्पर्क गर्नु पर्नेछ ।

६४. बचाउ : (१) कञ्चनजङ्घा संरक्षण क्षेत्रमा संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ बमोजिम गठन भएका उपभोक्ता समूह, उपभोक्ता समिति र संरक्षण क्षेत्र व्यवस्थापन परिषद् एवं सो नियमावली बमोजिम भए गरेका काम कारबाही यो नियमावली लागू भएपछि यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(२) उपनियम (१) मा उल्लिखित नियमावली बाहेक प्रचलित कानून बमोजिम संरक्षण क्षेत्रभित्रका प्राकृतिक सम्पदा उपयोग वा व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकारबाट कुनै अनुमति लिएको भएमा अनुमतिको म्यादसम्म सोही अनुमति बमोजिम र सो को म्याद समाप्त भएपछि यस नियमावली बमोजिम हुनेछ ।

## अनुसूची–१

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**व्यवस्थापन योजनामा समावेश हुनुपर्ने कुराहरु**

(१) संरक्षण क्षेत्रभित्र रहेका वन, जंगल, झाडी, बुट्यान, खर्क वा चरन, पर्ति, आवादी र अन्य जग्गाहरु (भू–उपयोगिता) को विवरण,

(२) वनसीमाको अवस्थिति,

(३) नदी नाला तथा अन्य जलस्रोतसमेत देखिने गरी तयार गरिएको नक्सा,

(४) स्थानी जनसंख्या तथा जनघनत्व सम्बन्धी विवरण,

(५) संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति र अन्य प्राकृतिक स्रोतहरुको विवरण,

(६) संरक्षण क्षेत्रभित्रको सामुदायिक, धार्मिक वनको रुपमा सुम्पन सकिने वन क्षेत्र र वनको विवरण,

(७) बृक्षारोपण, भू–संरक्षण र वन विकास सम्बन्धी कार्यक्रमहरुको विवरण,

(८) स्थानीय जनताको मौलिक र परम्परागत ज्ञान तथा सीपको संरक्षण सम्बन्धी कार्यक्रम,

(९) स्थानीय उपभोक्तालाई आवश्यक पर्ने वन पैदावार, सो को सङ्कलन र उपभोग सम्बन्धी वार्षिक कार्यक्रम,

(१०) आफ्नो क्षेत्रभित्र गरिने सामुदायिक विकास, संरक्षण क्षेत्र पर्यटन विकास, वन्यजन्तु, वनस्पति र वातावरण संरक्षण, ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(११) आफ्नो क्षेत्रमा हुन सक्ने वार्षिक आम्दानी तथा स्रोतको विवरण,

(१२) व्यवस्थापन योजना कार्यान्वयन गर्न आवशयक पर्ने साधन, स्रोत, जनशक्ति तथा रकमको विवरण,

(१३) जडीबुटीको सङ्कलन र उपयोग सम्बन्धी वार्षिक विवरण,

(१४) भू–उपयोगिता प्रणाली लागू गर्नुपर्ने क्षेत्रको विवरण,

(१५) संरक्षण क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा केन्द्रहरु, विद्यालयहरु, मठमन्दिर, गुम्बा, पुलपुलेसाहरु लगायत अन्य आवश्यक पूर्वाधारहरु ।

## अनुसूची–२

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**उपभोक्ता समितिको कार्ययोजनामा समावेश हुनुपर्ने विवरणहरु**

(१) उपभोक्ता समितिको नाम, ठेगाना,

(२) उपभोक्ता समिति अर्न्तात रहेको संरक्षण क्षेत्रको सीमाना,

(३) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाइने व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(४) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,

(५) वृक्षारोपण, विरुवा काटछाट गर्ने, सफा नर्गे र अन्य वन सम्वर्धन कलाका पद्धतिहरु,

(६) जडीवुटी एवं वन पैदावारको सङ्कलन र विक्री वितरण गर्ने तरिका,

(७) भूमि व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,

(८) सामुदायिक विकासका कार्यक्रम र कार्यान्वयन गने तरिका,

(९) जैविक विविधता संरक्षण गर्ने पद्धति,

(१०) आय आर्जन र क्षमता अभिवृद्धिका कार्यक्रम,

(११) संरक्षण शिक्षा र प्रचार प्रसार कार्यक्रम,

(१२) संरक्षण क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा केन्द्रहरु, विद्यालयहरु, मठमन्दिर, गुम्बा, पुलपुलेसाहरु लगायत अन्य आवश्यक पूर्वाधारहरु ।

**अनुसूची–३**

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

**कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को दर्ताको लागि दिइने निवेदन**

श्रीमान् महानिर्देशकज्यू,
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थान नियमावली, २०६४ बमोजिम व्यवस्थापन परिषद्को गठन गरी दर्ता गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो निवदेन पेश गरेका छौं ।

१. व्यवस्थापन परिषद्को नामः
२. उपभोक्ता समूहको संख्या :
३. उपभोक्ता समितिको संख्याः
४. कुल जनसंख्याः
५. परिषद्को पदाधिकारी तथा सदस्यः

| सि.नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |

निवेदन दिने व्यक्तिकोः-

दस्तखतः

नाम, थरः.................

ठेगानाः .....................

पदः............................

मितिः :.......................

## अनुसूची-४

(नियम १० को उपनियम (४) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**परिषद् दर्ताको प्रमाण-पत्र**

दर्ता नं.: मितिः

श्री कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्

.......................................

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली,२०६४ ले दिएको अधिकार प्रयोग गरी त्यस व्यवस्थापन परिषद्लाई दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्रमाण-पत्र दिने अधिकारीकोः-

दस्तखतः

नाम, थरः

दर्जाः

द्रष्टव्यः यो प्रमाण-पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण-पत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।

## अनुसूची-५

(नियम १० को उपनियम (३) र नियम १८ कमो उपनियम (१) सँग सम्बन्धित)

**उपभोक्ता समूह/समिति दर्ताको लागि दिइने निवेदन**

मितिः

श्रीमान् अध्यक्षज्यू,
कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ बमोजिम उपभोक्ता समूह/समिति गठन गरी यस उपभोक्ता समूह/समितिको दर्ता गरी दिनु हुन देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं ।

१. उपभोक्ता समूह/समितिको नामः

२. चार किल्लाः

    पूर्वः

    पश्चिमः

    उत्तरः

    दक्षिणः

३. अन्दाजी क्षेत्रः

४. उपभोक्ताहरुको /उपभोक्ता समूहको संख्याः

५. घरधुरी संख्याः

६. कुल जनसंख्याः

७. उपभोक्ता समूह/समितिका पदाधिकारी तथा सदस्यको विवरणः

| सि.नं. | नाम | ठेगाना | बाबु/आमाको नाम | बाजे/बजैको नाम | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |

उपभोक्ता समूह/समितिको तर्फबाट निवेदन दिने व्यक्तिकोः-
दस्तखत :
नाम, थरः
ठेगाना :
मिति :

**अनुसूची-६**

(नियम १३ को उपनियम (४) र नियम १८ कमो उपनियम (२) सँग सम्बन्धित)

**उपभोक्ता समूह/समितिको दर्ताको प्रमाण-पत्र**

दर्ता नं.: मितिः

श्री ....................उपभोक्ता समूह/समिति

.............................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६४ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूह/समितिलाई दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

१. उपभोक्ता समूह/समितिको नामः

२. चार किल्ला :
पूर्व :
पश्चिम :
उत्तर :
दक्षिण :

३. अन्दाजी क्षेत्रफल (हेक्टर):

४. उपभोक्ताहरुको /उपभोक्ता समूहको संख्याः

५. घरधुरी संख्याः

६. कुल जनसंख्याः

प्रमाण-पत्र दिने पदाधिकारीको :

दस्तखतः

नाम, थरः

दर्जाः

*द्रष्टव्यः*

*यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।*

**अनुसूची–७**

(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

**संरक्षण सामुदायिक वन दर्ताको लागि दिइने निवेदन**

श्रीमान् अध्यक्ष,

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६४ को अधीनमा रही संरक्षण सामुदायिक वनको रुपमा संरक्षण, सम्वर्द्धन, सदुपयोग र व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस समितिलाई हस्तान्तरण गरी दिनुहुन यो निवेदन पेश गरेका छौं ।

(क) संरक्षण सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको :

१. वनको नाम र क्षेत्रफलः

२. वनको किसिमः

३. चारकिल्लाः

(क) पूर्वः (ख) पश्चिमः

(ग) उत्तरः (घ) दक्षिणः

४. क्षेत्रफलः

(ख) वन्यजन्तु सम्बन्धी विवरणः १. २. ३. ४. ५.

(ग) समितिको पदाधिकारी र सदस्यको विवरणः

| सि.नं. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५. | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

वन उपभोक्ता समितिको तर्फबाटः

दस्तखतः

नाम, थरः

पदः

मितिः

उपभोक्ता समितिको तर्फबाट सिफारिस गर्नेकोः

दस्तखतः

नाम, थरः

पदः

मितिः

*द्रष्टव्यः संरक्षण सामुदायिक वनको संरक्षण र व्यवस्थापन सम्बन्धी वन व्यवस्थापन कार्य योजना संलग्न गर्नु पर्नेछ ।*

## अनुसूची–८
(नियम ३६ को उपनियम (२)सँग सम्बन्धित)

**संरक्षण सामुदायिक वन दर्ताको प्रमाण–पत्र**

दर्ता नं.:

मितिः

श्री ……………..उपभोक्ता समिति

……………………………………

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६४ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई निम्नानुसारको संरक्षण सामुदायिक वन संरक्षण तथा व्यवस्थापन गर्न हस्तान्तरण गरी यो दर्ता प्रमाणपत्र दिइएको छ ।

(क) संरक्षण सामुदायिक वनको विवरणः

१. नामः

२. चारकिल्लाः

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

३. क्षेत्रफल

(ख) वन्यजन्तु सम्बन्धी विवरणः

१.

२.

३.

प्रमाण-पत्र दिने अधिकारीकोः

दस्तखतः

नाम, थरः

पदः

*द्रष्टव्यः*

*यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैयाँ दस्तुर लाग्नेछ ।*

**अनुसूची-९**

(नियम ३८ को उपनियम (१) सँग सम्बन्धित)

**<u>संरक्षण धार्मिक वन दर्ताको लागि दिइने निवेदन</u>**

श्रीमान् अध्यक्ष,
कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६४ को अधीनमा रही संरक्षण सामुदायिक वनको रुपमा संरक्षण, सम्वर्द्धन, सदुपयोग र व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्र यस समितिलाई हस्तान्तरण गरिदिनु हुन यो निवेदन पेश गरेका छौं ।

<u>संरक्षण धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको :</u>

१. वनको नाम र क्षेत्रः

२. चारकिल्लाः

(क) पूर्वः (ख) पश्चिमः

(ग) उत्तरः (घ) दक्षिणः

३. क्षेत्रफलः

४. वन्यजन्तु सम्बन्धी विवरणः
१.
२.
३.

५. धार्मिक संस्था/समूह र समुदायक सदस्यको विवरणः
१.
२.
३.

……… धार्मिक संस्था/समूह
समुदायको तर्फबाट सिफारिस गर्नेकोः
दस्तखतः
नाम, थरः
पदः
मितिः

*द्रस्टव्यः संरक्षण सामुदायिक वनको संरक्षण र व्यवस्थापन सम्बन्धी वन व्यवस्थापन कार्य योजना संलग्न गर्नु पर्नेछ ।*

**अनुसूची-१०**

(नियम ३८ को  उपनियम (२) सँग सम्बन्धित)

**<u>संरक्षण धार्मिक वन दर्ताको प्रमाण-पत्र</u>**

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

दर्ता नं. मितिः

श्री...............................

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०६४ को अधीनमा रही देहायको संरक्षण सामुदायिक वनको रुपमा संरक्षण, सम्बर्द्धन, सदुपयोग र व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायको वन क्षेत्रलाई संरक्षण धार्मिक वनको रुपमा यसै साथ संलग्न वन व्यवस्थापन कार्य योजना बमोजिम संरक्षण, सम्वर्द्धन, सदुपयोग र व्यवस्थापन गर्न निम्नानुसारको विवरणको वन क्षेत्र त्यस संस्था /समूहलाई हस्तान्तरण गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

<u>संरक्षण  धार्मिक वनको रुपमा एकीकृत गर्न चाहेको :</u>

१. वनको नाम र क्षेत्रः

२. चारकिल्लाः

(क) पूर्वः

(ख) पश्चिमः

(ग) उत्तरः

(घ) दक्षिणः

३. क्षेत्रफलः

४. वन्यजन्तु सम्बन्धी विवरणः

१.

२.

३.

प्रमाण-पत्र दिने अधिकारीकोः

दस्तखतः

नाम, थरः

पदः

*द्रष्टव्यः*

*यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रुपैंया दस्तुर लाग्नेछ ।*

**अनुसूची–११**

(नियम ४० को  उपनियम (५) सँग सम्बन्धित)

**<u>छोडपूर्जी</u>**

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

मितिः

श्री.................................

.....................................

मिति ........................ मा पेश गर्नु भएको निवेदन उपर जाँचबुझ गर्दा तपसिल बमोजिमको वन पैदावार तपाईंको निजी वनको देखिएकोले...................... दिनभित्र .................... स्थानबाट ......................... स्थानसम्म ओसार पसार गर्न पाउने गरी यो छोडपूर्जी  दिइएको छ । नजिकको चौकीमा दरपिठ गराई लैजानु होला ।

तपसिल

| क.सं. | वन पैदावारको नाम | परिमाण (तौल/भारी) | कैफियत |
|---|---|---|---|
| | | | |

बोधार्थ तथा कार्यार्थः

१. श्री .........................समिति

२. वाटोमा पर्ने सम्पूर्ण चेक /जाँच चौकी.......

छोडपूर्जी दिने अधिकारीकोः

दस्तखतः

नाम, थरः

पदः

## अनुसूची-१२

(नियम ४२ को  उपनियम (६)सँग सम्बन्धित)

**जडीबुटी/गैरकाष्ठ वन पैदावारको सक्तलन/उपयोग गर्न र संरक्षण क्षेत्र बाहिर लैजान दिइने निवेदन**

श्री अध्यक्षज्यू
कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय ।

कंचनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली ,२०६४ को नियम ४२ को उपनियम (४) बमोजिम तपसिलमा लेखिएका जडीबुटी/गैरकाष्ठ वन पैदावारको सङ्कलन /उपयोग  गर्ने वा संरक्षण क्षेत्र बाहिर लैजाने अनुमतिको लागि रु. ५।- यसै साथ संलग्न राखी अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | जडीबुटी/गैरकाष्ठ वन पैदावारको नाम | परिमाण (तौल/भारी) | सङ्कलन /उपयोग/ओसार पसार गर्ने क्षेत्र र माध्यम | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | ..........देखि<br>........ सम्म | |

दरखास्त दिने व्यक्तिको:
नाम, ठेगाना:
दस्तखत:

## अनुसूची-१३

(नियम ४२ को  उपनियम (७) सँग सम्बन्धित)

**जडीबुटी सङ्कलन इजाजत-पत्र**

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

श्री ....................
............................

तपाईले मिति.............. मा पेश गर्नु भएको निवेदन उपर कारवाही हुँदा तपसिलमा उल्लिखित जडीबुटी सङ्कलन गर्न इजाजत पत्र दिइएको छ ।

तपसिल

| क्र.सं. | जडीबुटी/गैरकाष्ठ वन पैदावारको नाम | परिमाण (तौल/भारी) | सङ्कलन /उपयोग/ओसार पसार गर्ने क्षेत्र र माध्यम | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | ..........देखि<br>........ सम्म | |

इजाजत पत्र दिने व्यक्तिको:
नाम:
पद:
दस्तखत:
मिति:

## अनुसूची-१४

(नियम ४२ को उपनियम (८)सँग सम्बन्धित)

**जडीबुटी / गैरकाष्ठ वन पैदावार संरक्षण क्षेत्र बाहिर लैजाने छोडपूर्जी**

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय

श्री ....................

............................

तपाईले मिति............... मा पेश गर्नु भएको निवेदन उपर जाँचबुझ गर्दा नियमानुसार जडीबुटी सङ्कलन गरेको पाइएकोले तपसिल बमोजिमको जडीबुटी संरक्षण क्षेत्र बाहिर मिति .................देखि ....................सम्म लैजाने छोडपूर्जी दिइएको छ । बाटोमा परेका उपभोक्ता समितिमा छोडपूर्जी दरपिठ गराई लैजानु होला ।

तपसिल

| क्र.सं. | जडीबुटी नाम | परिमाण | संरक्षण क्षेत्र बाहिर लैजाने मार्ग र स्थान | कैफियत |
|---|---|---|---|---|
| | | | | |

जडीबुटी संरक्षण क्षेत्र बाहिर लैजान छोडपूर्जी दिने अधिकारीको:

नामः

पदः

दस्तखतः

मितिः

## अनुसूची-१५

(नियम ४७ को उपनियम (२)सँग सम्बन्धित)

कञ्चनजङ्घा संरक्षण क्षेत्र परिषद्को कार्यालय/सम्पर्क कार्यालय........

**प्रवेश-पत्र**

प्रवेश पत्र नं.: मितिः

१. प्रवेश-पत्र लिनेको नाम, थरः...........................
२. लिङ्गः....................................
३. उमेरः .................................
४. नागरिकताः............................
५. पासपोर्ट नं............................
६. प्रवेश दस्तुरः .............................
७. प्रवेश पत्रको समय अवधिः .......

प्रवेश पत्र दिनेको:

दस्तखतः

नाम, थरः

दर्जाः

दृष्टव्यः

(१) यो प्रमाणपत्र एक पटछक प्रवेशका लागि मात्र मान्य हुनेछ । यसबाट कञ्चनजङ्घा संरक्षण क्षेत्रभित्र मात्र प्रवेश गर्न पाइनेछ ।

(२) प्रवेश पत्र नलिई संरक्षण क्षेत्रमा प्रवेश गरेको पाइएमा प्रवेश पत्र दस्तुरको दोव्वर दस्तुर बुझाउनु पर्नेछ ।

## अनुसूची-१६

(नियम ४८ को उपनियम (१)सँग सम्बन्धित)

हेलिकप्टर, हटएयर बेलुन वा अन्य हवाई उपकरणको अवतरण गर्नका लागि दिइने निवेदन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय

कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ बमोजिम हेलिकप्टर, हटएयर बेलुन वा अन्य उपकरण अवतरण गर्न अनुमतिको लागि देहाय बमोजिमको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. अवतरण गर्न चाहेको उदेश्य:

२. अवतरण गर्न चाहेको उपकरण:

३. अवतरण गर्न चाहेको क्षेत्र वा पटक:

४. अवतरण गर्न लाग्ने अवधि:

अनुमतिको लागि निवेदन दिनेको :

दस्तखत:

नाम, थर:

दर्जा:

## अनुसूची-१७

(नियम ४८ को उपनियम (३) सँग सम्बन्धित)

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय

**अवतरण अनुमती पत्र**

अनुमति पत्र नं.:

१. अवतरण अनुमति प्राप्त गर्न चाहेको व्यक्ति वा संस्थाको नाम र ठेगाना:

२. अवतरण गर्न चाहेको उद्देश्य:

३. अवतरण गर्न चाहेको उपकरण:

४. अवतरण गर्न चाहेको क्षेत्र वा पटक:

५. अवतरण गर्न लाग्ने अवधि:

६. अनुमति बुझिलिनेको नाम र दस्तखत:

७. लेखा शाखाबाट प्राप्त रसिद नं.:

८. अवतरण शुल्क:

अनुमतिपत्र दिने अधिकारीको :

दस्तखत:

नाम, थर:

दर्जा:

## अनुसूची-१८

(नियम ४९ को उपनियम (१) सँग सम्बन्धित)

**<u>फिल्म छायांकनको लागि दिने दरखास्त</u>**

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय ................. ।

कञ्चनलङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ बमोजिम डकुमेन्ट्री/फिचर फिल्म कञ्चनजङ्घा संरक्षण क्षेत्रमा छायाङ्कन गर्न अनुमति दिनु हुन देहाय बमोजिमको विवरण खुलाई रु. ५।- को टिकट संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

तपसिल

क. फिल्म छायाङ्कन गर्ने व्यक्ति वा संघ, संस्थाको नाम, ठेगानाः

ख. कथा वस्तुको नाम र सारांशः

ग. फिल्म छायाङ्कन गरिने क्षेत्रः

घ. फिल्म छायाङ्कनमा संलग्न हुने व्यक्ति (स्वदेशी) को नाम र संख्याः

ङ. फिल्म छायाङ्कनमा संलग्न हुने व्यक्ति (विदेशी) को नाम र संख्याः

च. फिल्म छायाङ्कन गरिने अवधिः

दरखास्तवालाको :
दस्तखतः
नामः
संस्थाको नाम र ठेगानाः
मितिः

## अनुसूची-१९

(नियम ४९ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कार्यालय

**<u>फिल्म छायाङ्कन अनुमति पत्र</u>**

मितिः

१. डकुमेन्ट्री वा फिचर फिल्म छायाङ्कन वा बनाउन चाहने व्यक्ति वा संस्थाको नामः

२. अनुमति प्राप्त गर्नेको ठेगाना र नागरिकताः

३. डकुमेन्ट्री वा फिचर फिल्म खिच्न दिएको अवधि र दस्तुरः

अनुमति पत्र बुझिलिनेकोः
नामः
ठेगानाः

अनुमति पत्र दिने अधिकृतको :
दस्तखतः
नाम, थरः
दर्जाः

# हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२

नेपाल राजपत्रमा प्रकाशित मिति २०२३।१।१६

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छः-

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "हात्तीसार" भन्नाले हात्तीहरुको व्यवस्था गर्ने श्री ५ को सरकारले खडा गरेको हात्तीसार अड्डा सम्झनु पर्छ ।

(ख) "हाकिम" भन्नाले हात्तीसार अड्डाहरुमा रहेका मुख्य अधिकृत सम्झनु पर्छ ।

३. हाकिमको कर्तव्य : हाकिमको कर्तव्यहरु देहाय बमोजिमका हुनेछन्-

(क) हात्तीसारलाई हात्तीको स्वास्थ्य अनुकूलको ठाउँमा स्थापित गर्न श्री ५ को सरकारमा सिफारिस पेश गर्ने,

(ख) हात्तीको स्वास्थ्य र सुव्यवस्था गर्दा हात्तीको नुहाउने, निद्रा समय र घँस दाना आदिको पूर्ण जिम्मेवारी साथ प्रबन्ध गर्ने,

(३) हात्तीको स्वास्थ्यलाई हानी नपुग्ने गरी हात्तीहरुको प्रयोगको उचित व्यवस्था गर्ने,

(४) अन्य आवश्यक काम कुरा जस्तै घाँस र फोहरमैला फ्याक्ने व्यवस्था मिलाउने ।

४. हात्तीको प्रयोगमा शर्त बन्देज : (१) वन सेवामा रहेका कर्मचारीहरुले आफ्नो कर्तव्यको पालना गर्ने सिलसिलामा बाहेक अन्य सरकारी वा गैर सरकारी व्यक्तिहरुले श्री ५ को सरकारबाट तोकिएको दरले भाडा तिरेर मात्र हात्तीको प्रयोग गर्न पाउने छन् ।

(२) हात्तीले हात्तीसार छोडेको दिनदेखि हात्तीसार फिर्ता पुगेकोदिनसम्मको हिसाब गरी भाडा असूल उपर गरिनेछ ।

(३) हात्तीको प्रयोग गर्न निमित्त सम्बन्धित इलाकाको कन्जरभेटर कार्यालयमा वा सम्बन्धित हात्तीसारमा रु. १।- एकको टिकट टाँसी दरखास्त दिनु पर्दछ र कन्जरभेटरले वा हाकिमले हात्तीलाई फुर्सद भै प्रयोग गर्न दिन मनासिब ठानेमा प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(४) आवश्यक परेमा श्री ५ को सरकारले विना भाडामा पनि हात्ती दिन सक्नेछ । तर राजनैतिक काम र बोझ बोक्ने कामको लागि हात्तीहरु दिइने छैन ।

५. हात्ती मरेमा गर्ने : (१) कुनै हात्ती केही कारणले मर्न गएमा सम्बन्धित इलाकाको कन्जरभेटरले आवश्यक जाँच पडताल गरी वा गर्न लगाई हात्तीको अन्त्येष्टी कर्म गर्न आदेश दिनेछ ।

(२) कन्जरेभटरले आफ्नो जाँच पडतालको प्रतिवेदनमा हात्ती मर्नाको सबै कारण राम्रोसंग खुलाई चीफ कन्जरभेटर कार्यालयमा चाँडो पठाउनु पर्दछ। प्रतिवेदन साथ त्यस्तो हात्तीको हस्तिहाड, दाँत र गजमोती भए सो समेत चलानी गरी पठाउनु पर्दछ।

६. चीफ कन्जरभेटरको अधिकार : चीफ कन्जरभेटरले हात्तीको सुव्यवस्थाको लागि आवश्यक ठानेको आदेश वा निर्देश कन्जरभेटरहरु वा हाकिमलाई दिन सक्नेछ।

द्रष्टव्य: केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरु:

"अफिसर" "अफिस" र "रिपोर्ट" को सट्टा, "अधिकृत" "कार्यालय" र "प्रतिवेदन"

# नीति तथा कार्यनीति

# वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०

**पृष्ठभूमि :**

नेपाल अधिराज्यको जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा दीगो र बुद्धिमत्तापूर्ण उपयोग गरी आम जनताको जीवनस्तरमा वाञ्छित सुधार ल्याउनेतर्फ हाम्रा संरक्षण प्रयासहरू केन्द्रित छन् । राष्ट्रिय निकुञ्ज एवं वन्यजन्तु आरक्षहरूको स्थापनाबाट लोप हुन सक्ने खतराको स्थितिमा पुगेका वन्यजन्तुहरूको संरक्षणमा उल्लेखनीय उपलब्धी हासिल भएको अनुभव गरिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लागू भएपछि यस दिशामा अझै थप योगदान पुग्न गएको छ। यसैबीच वन्यजन्तु एवं वनस्पतिहरूको संरक्षणमा भएका प्रयास एवं त्यस कार्यमा हुने गरेको राष्ट्रको लगानी पनि मानवीय हित र भलाईको लागि हुनु पर्दछ भन्ने मान्यता पनि विश्वव्यापीकरण हुँदै गएको पाइएको छ। आजको सन्दर्भमा नेपाल पनि यस प्रकारको मान्यताबाट अलग रहन नसक्ने हुँदा त्यस्ता जीवजन्तु र वनस्पतिको संरक्षण कार्यमा सरकारी क्षेत्रको अलावा अन्य क्षेत्रको पनि संलग्नता रहनु वाञ्छनीय देखिन्छ।

भौगोलिक विविधताको कारणले जैविक विविधतामा नेपाल अत्यन्तै धनी भएपनि केही दुर्लभ वन्यजन्तु र वनस्पतिहरू लगभग सिमित वन क्षेत्रमा मात्र सिमित हुन गै प्रायः लोप हुन सक्ने स्थितिमा देखिन्छन् । दिन प्रतिदिन बढ्दै गएको जनसंख्याको चाप तथा तथाकथित विकासको नाममा वन क्षेत्र अन्य प्रयोजनको लागि भएको प्रयोगको कारणले हाल उपलब्ध वन क्षेत्रहरू पनि सांघुरिंदै गएको सन्दर्भमा हाम्रा त्यस्ता अमूल्य निधिहरूलाई चीरकाल पर्यन्त जोगाई राख्ने नीतिहरू विकास गर्नुपर्ने भएको छ। त्यस्ता संरक्षण कार्यको साथै यसबाट राष्ट्र एवं जनताले प्रत्यक्ष फाईदा उठाउन सक्ने वातावरण बनाउनु परेको छ। यसको लागि वन क्षेत्र बाहिर पनि एउटा निश्चित मापदण्ड तयार गरी व्यक्ति, संघ र संस्था आदिको संलग्नतामा वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान (Farming) कार्य हुनु अत्यावश्यक भैसकेको पनि महसुस हुन गएको छ। चालु दशौं पञ्च वर्षीय योजनाले पनि उपरोक्त कमिलाई महसुस गरी सहभागितात्मक वन व्यवस्थापनलाई प्रमुख रणनीतिको रुपमा अंगिकार गरी बहुमूल्य जडिबुटी, वन्यजन्तु एवं पशुपंछी पालन कार्यमा आवश्यक कानूनी व्यवस्था गरी निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने नीति लिएको छ।

दशौं पञ्चवर्षीय योजनाले अंगिकार गरेको जनताको सहभागितामूलक संरक्षण तथा यसबाट मानव जातिको हित र राष्ट्रको समग्र दिगो विकासमा वन तथा वन्यजन्तु क्षेत्रबाट पुऱ्याउन सकिने योगदानलाई विशेष ध्यान दिनुपर्ने भएको छ। खुला र उदार आर्थिक नीति, प्रतिस्पर्धात्मक वातावरण तथा उपलब्ध प्राकृतिक श्रोत र साधन र संभाव्यतालाई अधिकतम सदुपयोग गर्न सकिने वातावरण तयार गर्न पनि पारदर्शी रुपमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने भएको छ। केही समय यता विभिन्न क्षेत्रबाट बहुमुल्य जडिबुटी एवं दुर्लभ वन्यजन्तु आदिको पालन, प्रजनन एवं अनुसन्धान कार्य गरी त्यस्ता जैविक विविधताको संरक्षणमा निरन्तरता दिनुको साथै आयआर्जन समेत गर्ने उद्देश्यले व्यक्ति, संघ र संस्थाहरूबाट थुप्रै मागहरू पनि प्राप्त हुन आएका देखिन्छन् । यी कुराहरूलाई दृष्टिगत गरी श्री ५ को सरकारको मिति २०६०।५।११ को निर्णयानुसार यस सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको छ।

**उद्देश्यः**

वन्यजन्तुहरूको दीगो संरक्षण, संवर्द्धन र सदुपयोग गरी आय एवं रोजगारीका अवसरहरूको वृद्धि गर्न र चालू दशौं पञ्च वर्षीय योजनाको नीति तथा कार्यनीतिमा समेत उच्च मूल्यका हरिण, कस्तुरी, जरायो, बंदेल जस्ता वन्यजन्तु एवं पशुपंक्षी पालन कार्य गरिने उल्लेख भएको र सोही योजनाको कार्यान्वयन व्यवस्थामा वन्यजन्तु पालन (Wildlife Farming) र अनुसन्धान कार्यमा समूह, व्यक्ति एवं संस्थालाई अभिप्रेरित गरी जैविक विविधता संरक्षण कार्यबाट महिला, गरिब तथा पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउन अपनाउनु पर्ने प्रकृया र कार्यक्रमलाई सुनिश्चित गरिनेछ भन्ने उल्लेख

भएकोले उक्त योजनाको लक्ष्य प्राप्तिको लागि देहायको नीति तथा कार्य प्रकृया व्यवस्थित गर्नु प्रस्तुत कार्यनीतिको प्रमुख उद्देश्य हुनेछ ।

**नीतिः**

उपर्युक्त उद्देश्य प्राप्तिको लागि देहाय वमोजिमका नीतिहरू अवलम्बन गरिएका छन् :

(क) दुर्लभ एवं उच्च मूल्यका अन्य वन्यजन्तुहरूको पालन, प्रजनन् तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

(ख) दुर्लभ एवं अस्तित्व संकटमा परेका वन्यजन्तुहरूलाई लोप हुनवाट जोगाउन प्राकृतिक बासस्थानमै संरक्षण (In-situ conservation) गर्नुका साथसाथै परस्थानीय संरक्षण (Ex-situ conservation) लाई समेत बढावा दिइनेछ ।

(ग) उच्च मूल्यका वन्यजन्तुहरूको पालन, प्रजनन् तथा वैज्ञानिक अध्ययन र अनुसन्धानका क्रियाकलापहरूलाई स्थानीय जनताको आय एवं रोजगारीका अवसरहरूसँग आवद्ध गर्दै ग्रामीण गरिबीलाई घटाउँदै लैजाने नीति लिइनेछ ।

(घ) वन्यजन्तुहरूको प्रजनन, पालन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा सरकारको भूमिकालाई नियन्त्रक (Controller) को रुपमाभन्दा नियामक (Regulator), प्रवर्द्धक (Promotor) र सहजकर्ता (Facilitator) को रुपमा विकसित गर्दै लगिनेछ ।

(ङ) जैविक विविधताको संरक्षण, दुर्लभ एवं अन्य वन्यजन्तु तथा वनस्पतिहरूको अन्तर्राष्ट्रिय व्यापार नियम सम्बन्धमा विद्यमान अन्तर्राष्ट्रिय कानूनहरूको पालनाप्रति प्रतिबद्ध रहँदै दुर्लभ एवं अन्य वन्यजन्तुहरूको पालन, प्रजनन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा निजी क्षेत्रको सहभागिता बढाउन उपयुक्त कानूनी एवं संस्थागत आधारशिला तयार गर्दै लगिनेछ।

(च) वन्यजन्तुहरूको पालन, प्रजनन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा राष्ट्रिय हित र स्वार्थलाई सर्वोपरि ध्यान दिइनेछ ।

**कार्यप्रक्रियाहरू**

**क. अध्ययन, अनुसन्धान, प्रजनन र पालन गर्न स्विकृती लिनु पर्नेः**

१) वन्यजन्तुको पालन, निकासी तथा पैठारी गर्ने पक्षले दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरूको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धि (CITES) र यस्तै प्रकारका संरक्षणसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय कानूनका प्रावधानहरूको अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

२) वन्यजन्तुको संरक्षण र सम्बर्द्धनमा दिगो रुपमा सघाउ पुऱ्याउने उद्देश्यले निजी स्तरमा वन्यजन्तुको व्यावसायिक रुपमा प्रजनन, पालन र अनुसन्धान गर्न इच्छुक संघ  संस्था वा व्यक्तिले संलग्न अनुसूची–१ मा उल्लेखित संरक्षित वन्यजन्तुको हकमा वन तथा भू–संरक्षण मन्त्रालयबाट र अन्य वन्यजन्तुको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट निवेदन दिई इजाजत लिनुपर्नेछ। इजाजत लिँदा निवेदकले अनुसूची–२ मा उल्लेख भए अनुसारको राजश्व रकम बुझाउनु पर्नेछ ।

३) वन्यजन्तुको पालन, प्रजनन् तथा अनुसन्धान गर्न इच्छुक संघ, संस्था वा व्यक्तिले प्रकरण (२) बमोजिम विभाग समक्ष निवेदन दिँदा आफूले पालन, प्रजनन तथा अनुसन्धान गर्न चाहेको वन्यजन्तु सम्बन्धी विस्तृत कार्य योजना (Work Plan) समेत पेश गर्नु पर्नेछ ।

**ख. बीउ प्राणी (Seed Animal) उपलब्ध गराउन सकिनेः**

१) वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धानको लागि स्वीकृति प्राप्त संघ, संस्था वा व्यक्तिको लागि आवश्यक पर्ने बीउ प्राणी (Seed Animal) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले उपलब्ध गराउन सक्नेछ । यसरी बीउ प्राणी उपलब्ध गराउँदा विभागले सम्बन्धित संघ संस्था वा व्यक्तिसँग अनुसूची-३ मा उल्लेख गरिए वमोजिमको रकम लिनेछ ।

२) वन्यजन्तुको पालन, प्रजनन् तथा अनुसन्धान गर्न स्वीकृत पाएको संघ, संस्था वा व्यक्तिले आफ्नो फर्मका लागि विभागबाट प्राप्त गरेका तथा आयात गरेका बीउ प्राणी (Seed Animal) र सोबाट उत्पादित वन्यजन्तु, तिनीहरूका आखेटोपहार वा उत्पादन भएका वस्तुहरूको अद्यावधिक तथ्याङ्क, विवरण र अन्य आवश्यक सूचनाहरूको अभिलेख राख्नु पर्नेछ र सो को एकप्रति हरेक ६।६ महिनामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पेश गर्नु पर्नेछ ।

३) प्राकृतिक वासस्थानबाट संकलन गरिएका वा बीउ प्राणीको रुपमा उपलब्ध गराइएका वन्यजन्तुहरू कुनैपनि प्रयोजनको लागि नेपाल अधिराज्य बाहिर निकासी गर्ने अनुमति दिइने छैन ।

**ग. समितिको गठनः**

१) वन्यजन्तुको पालन, प्रजनन र अनुसन्धान कार्यलाई बढी व्यवस्थित र प्रभावकारी तुल्याउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा देहाय वमोजिमको एक समिति गठन गरिएको छ ।

अ) उप–महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - संयोजक

आ) इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - सदस्य

इ) व्यवस्थापन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - सदस्य

२) उक्त समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम तोकिएको छः

अ) स्वीकृति प्राप्त संघ, संस्था वा व्यक्तिलाई के कति संख्यामा बीउ प्राणी (Seed Animal) कहाँबाट उपलब्ध गराउने भन्ने कुराको निर्धारण गर्ने र यसरी उपलब्ध गराइएका बीउ प्राणी र सोबाट उत्पादित वन्यजन्तु, आखेटोपहार वा उत्पादन भएका वस्तुहरूको अद्यावधिक तथ्याङ्क, विवरण र अन्य आवश्यक सूचनाहरूको अभिलेख राख्ने ।

आ) नेपाल अधिराज्य बाहिरबाट बीउ प्राणीको रुपमा वन्यजन्तु आयात गर्ने स्वीकृतिको लागि विभाग समक्ष सिफारिस गर्ने ।

इ) वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान गर्ने स्वीकृति पाएको संघ, संस्था वा व्यक्तिले संचालन गरेका कार्यहरूको नियमित अनुगमन गर्ने ।

**घ. निरीक्षण, अनुगमन र अन्य शर्तहरूः**

१) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान गर्न स्वीकृति पाएको संघ संस्था वा व्यक्तिले संचालन गरेका कार्यहरूको वार्षिक रुपमा अनुगमन गरी स्थिति प्रतिवेदन लिई राख्नेछ । अनुगमनका लागि विभागबाट खटी आएका कर्मचारीले सो कार्यहरूसँग सम्बन्धित सबै प्रकारका सूचना तथा तथ्याङ्क हेर्न वा जाँच गर्न मागेको खण्डमा उक्त सूचना तथा तथ्याङ्क हेर्न वा जाँच गर्न दिनु सम्बन्धित संघ संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।

२) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वन्यजन्तुको पालन तथा प्रजनन गर्न इच्छुक संघ, संस्था वा व्यक्तिले सो प्रयोजनको लागि तयार गर्नुपर्ने न्यूनतम पूर्वाधार वा शर्तहरू निर्धारण गर्न सक्नेछ ।

३) वन्यजन्तुहरूको परस्थानीय संरक्षण (Ex-situ Conservation) गरी तिनीहरूलाई कृत्रिम बासस्थानमा प्रजनन (Captive Breeding) गराई पैदा भएका F1 Generation देखिका वन्यजन्तुहरू मात्रै वैज्ञानिक अध्ययन अनुसन्धानको लागि देश बाहिर लान अनुमति दिन सकिनेछ । यस्तो अनुमति संरक्षित वन्यजन्तुको हकमा वन तथा भू-संरक्षण मन्त्रालयले र अन्य वन्यजन्तुको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दिनेछ । यस्तो अनुमति दिंदा वन्यजन्तु पैठारी गर्ने मुलुकको अधिकार प्राप्त निकायद्वारा अन्तर्राष्ट्रिय कानून अनुरुप जारी गरिएको पैठारी इजाजत पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै मन्त्रालयले आवश्यक ठानेका शर्तहरू तोक्न सक्नेछ ।

४) प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट अनुमति प्राप्त गरेको अवस्थामा बाहेक स्वीकृति प्राप्त गरी पालन तथा नेपाल अधिराज्य वाहिर निकासी गरिएका वन्यजन्तुको अनुवांशिक स्रोत तथा आनुवांशिक पदार्थको उपयोग गर्न पाइने छैन ।

५) वीउ प्राणीको रुपमा बाहेक अन्य मुलुकबाट व्यवसायिक प्रयोजनको लागि कुनैपनि वन्यजन्तु नेपाल अधिराज्यभित्र पैठारी गर्न र नेपाल अधिराज्यको बाटो गरी तेश्रो मुलुकमा निकासी गर्न अनुमति दिइने छैन ।

६) Biomedical अनुसन्धानका लागि नेपालमा प्रजनन केन्द्र स्थापना गरिएका सन्दर्भमा अनुसन्धानको लागि नमूना परिक्षण गर्ने सुविधा नेपालमा उपलब्ध छैन भन्ने भएमा परिक्षणको लागि रगत, भुत्ला जस्ता पदार्थमात्र DNA analysis को लागि पूर्व स्वीकृति लिएरमात्र विदेश लान पाइनेछ ।

७) नेपाली पक्ष समेतको संलग्नतामा र नेपालमा पालन र प्रजनन् गराईएका वन्यजन्तुहरूको अनुसन्धान गर्दा निस्किएको परिणामहरूको हकाधिकार नेपाली पक्षमा समेत रहने गरी अनुसन्धान नतिजा प्रकाशित गर्नु पर्नेछ ।

**अनुसूची–१**

व्यवसायिक पालनका लागि स्वीकृति दिन सकिने वन्यजन्तु

१. संरक्षित वन्यजन्तु तर्फ

(क) घडियाल गोही (ख) कृष्णसार

(ग) डांफे (घ) मोनाल

(ङ) चिर

२. अन्य वन्यजन्तु तर्फ

(क) रतुवा मृग (ख) चित्तल

(ग) जरायो (घ) बांदर (रेसस मङ्की)

(ङ) लगुना (च) बनेल

(छ) सर्प (ज) सबै किसिमका चरा

**अनुसूची–२**

वन्यजन्तु पालन इजाजत वापत बुझाउनु पर्ने राजश्व दस्तुर

१. संरक्षित वन्यजन्तु तर्फ

| | | |
|---|---|---|
| (क) | घडियाल गोही | रु. ४०,०००।- |
| (ख) | कृष्णसार | रु. २५,०००।- |
| (ग) | डाँफे | रु. १०,०००।- |
| (घ) | मोनाल | रु. ५,०००।- |
| (ङ) | चिर | रु. ५,०००।- |

२. अन्य वन्यजन्तु तर्फ

| | | |
|---|---|---|
| (क) | रतुवा मृग | रु. १५,०००।- |
| (ख) | चित्तल | रु. १५,०००।- |
| (ग) | जरायो | रु. २०,०००।- |
| (घ) | बांदर (रेसस मङ्की) | रु. १५,०००।- |
| (ङ) | लगुना | रु. १५,०००।- |
| (च) | बनेल | रु. १०,०००।- |
| (छ) | सर्प | रु. १०,०००।- |
| (ज) | सबै किसिमका चरा | रु. ५,०००।- |

**अनुसूची–३**

बीउ प्राणी उपलब्ध गराए वापत लाग्ने दस्तुर

१. संरक्षित वन्यजन्तु तर्फ (प्रति)

| | | |
|---|---|---|
| (क) | घडियाल गोही | रु. ४०,०००।- |
| (ख) | कृष्णसार | रु. २५,०००।- |
| (ग) | डाँफे | रु. ५,०००।- |
| (घ) | मोनाल | रु. ५,०००।- |
| (ङ) | चिर | रु. ५,०००।- |

२. अन्य वन्यजन्तु तर्फ (प्रति)

| | | |
|---|---|---|
| (क) | रतुवा मृग | रु. १५,०००।- |
| (ख) | चित्तल | रु. १५,०००।- |
| (ग) | जरायो | रु. २०,०००।- |
| (घ) | बांदर (रेसस मङ्की) | रु. २५,०००।- |
| (ङ) | लगुना | रु. १५,०००।- |
| (च) | बनेल | रु. १०,०००।- |
| (छ) | सर्प | रु. ५,०००।- |
| (ज) | सबै किसिमका चरा | रु. ५,०००।- |

# घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०

**पृष्ठभूमी :**

अवैध शिकार एवं विभिन्न कारणवश बासस्थानमा आएको ह्रासको कारण संकटापन्न स्थितिमा पुगेको हुंदा हात्तीलाई दुर्लभ वन्यजन्तु र वनस्पतिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धी (CITES) को अनुसूची-१ मा समावेश गरिएको छ । उक्त अनुसूचीमा समाविष्ट भएको कारण हात्तीको शिकार, ओसारपसार लगायतका कार्यहरू निषेध एवं नियमित गरिएका छन् । नेपाल समेत सो महासन्धिको पक्षराष्ट्र भै आएको छ । उक्त महासन्धि नेपालको हकमा १६ सेप्टेम्बर १९७५ देखि लागू भै सकेको छ । नेपाल सन्धी ऐन, २०४७ मा भएको व्यवस्था अनुसार उक्त महासन्धिका प्रावधानहरू समेत नेपाल अधिराज्यभित्र राष्ट्रिय कानून सरह लागू हुन्छन् । त्यसै गरी राष्ट्रिय स्तरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० अनुसार हात्तीलाई संरक्षित वन्यजन्तुको रुपमा अनुसूची-१ मा समावेश गरी यसको शिकारलाई निषेध गरिएको छ ।

कुनै वन्यजन्तु साइटिस महासन्धिको अनुसूची-१ मै परेको भएपनि उक्त महासन्धिको धारा ७ (४) अनुसार त्यस्ता वन्यजन्तुहरूको पालन गरी तिनीहरू मार्फत प्रजनन (Captive Breeding) गराई जन्मिएका दोश्रो पुस्ताका वन्यजन्तुहरू स्वतः अनुसूची-२ मा परेको मानिने र निश्चित प्रक्रिया तथा कार्यविधि पूरा गरी Captive Breeding बाट जन्मिएका त्यस्ता वन्यजन्तुहरूको व्यापारिक प्रयोजनको लागि ओसारपसार हुन सक्ने व्यवस्था गरेको छ । महासन्धिको यही प्रावधान अन्तर्गत रहेर नै घरपालुवा हात्तीहरू र तिनीहरूका आखेटोपहारको अन्तर्राष्ट्रिय व्यापार समेत हुने गरेको पाइन्छ ।

अत्यन्तै ठूलो आकारको जनावर भएको कारण हात्तीको पालनबाट तत् क्षेत्रको वन पैदावारको गुणस्तर र आहार उपलब्धिमा समेत असर पर्न जाने तथ्य अवश्यम्भावी छ । निजी क्षेत्रमा पालिएका र पालिने हात्तीहरूको उपयोग मूलतः पर्यावरणीय पर्यटनको लागि हुने गरेको र तिनीहरूको ओहोरदोहोर (Movement) संरक्षित क्षेत्र तथा आसपासका पर्यावरणीय दृष्टिले अत्यन्तै सम्वेदनशील क्षेत्रहरूमा हुने हुंदा ठूलो संख्यामा हात्तीहरू त्यस्ता क्षेत्रमा निर्वाध आवतजावत गर्ने स्थिति आएमा संरक्षित क्षेत्रहरूको पर्यावरणीय सन्तुलन खल्बलिन जाने र अन्य दुर्लभ वन्यजन्तु र वानस्पतिक प्रजातिहरूको प्राकृतिक वासस्थान खतरामा पर्न जाने हुंदा पनि यस दिशामा उपयुक्त नीतिगत व्यवस्थाको आवश्यकता देखिएको छ ।

श्री ५ को सरकारद्वारा पालिएका हात्तीहरू मूलतः दैविकप्रकोप, गैंडा, बाघ पक्रने, समारोह व्यवस्थापन जस्ता अत्यावश्यकीय कार्यहरूको निमित्त उपयोग हुँदै आइरहेका र यस्ता कार्यहरूमा निजीस्तरबाट पालिएका हात्तीहरूको उपयोग गर्नु तात्कालिक रुपमा व्यावहारिक र उपयोगी समेत नदेखिएको हुंदा अझै केही समयसम्म हात्तीपालन कार्यमा सरकारी संलग्नता पनि कायमै रहनु आवश्यक देखिएको छ । यसै गरी पर्यावरणीय पर्यटन एवं आय र रोजगारीका अवसर बढाउने सिलसिलामा हात्तीको उपयोग निजी क्षेत्रको सहभागितालाई प्रतिस्पर्धात्मक ढंगले अघि बढाउनु पनि उत्तिकै वाञ्छनीय छ । प्रकृतिको अनुपम उपहारको रुपमा रहेको हात्तीको पालन र त्यसबाट प्राप्त हुने फाइदाहरूमा अवाञ्छित एकाधिकार कायम हुने गरी केही व्यक्ति वा संस्थाहरूले सरकारी रुपमै संरक्षण प्राप्त नगरुन् भन्ने तर्फ पनि विशेष चनाखो हुनुपर्ने आवश्यकता छ । यसै सिलसिलामा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनलाई समेत दृष्टिगत गर्दै हात्तीपालनको सम्बन्धमा सरकार र निजी क्षेत्रको भूमिका बीच उपयुक्त सन्तुलन कायम गर्न र स्वस्थ प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गरी पर्यावरणीय (Ecological) र आर्थिक Economic फाइदालाई अधिकतम तुल्याउन यस सम्बन्धमा बेग्लै नीति तर्जुमा हुनु आवश्यक ठानिएको छ ।

**२. वर्तमान व्यवस्थाः**

नेपालमा घरपालुवा हात्ती व्यवस्थापन गर्ने सम्बन्धमा सरकारी एवं निजी क्षेत्रबाट निकै अघिदेखि विभिन्न प्रयासहरू हुँदै आइरहेका छन् । सौखको रुपमा वा आर्थिक सम्पन्नताको प्रतीकको रुपमा निजी स्तरमा र समारोह प्रबन्ध वा अति

महत्वपूर्ण व्यक्तिहरूको आवागमन वा यस्तै अन्य प्रयोजनको लागि सरकारी स्तरमा हात्तीहरूको पालन र व्यवस्थापन गर्ने कार्य ऐतिहासिक रुपमै भए गरेको पाइन्छ । यसो भए पनि हात्ती पालन कार्यलाई नियमित र व्यवस्थित तुल्याउने कार्यको सुरुवात भने वि.सं. २०२२ सालमा हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२ लागू भएपछि भयो । उक्त नियमावली मूलतः हात्तिसारहरूको समुचित व्यवस्थापन गर्ने, हात्तीहरूको स्वास्थ्योपचार र सुव्यवस्था गर्ने र हात्तीहरूको स्वास्थ्यलाई हानी नपुग्ने गरी तिनीहरूको प्रयोगको उचित व्यवस्था गर्ने उद्देश्यले लागू गरिएको पाइन्छ । २०४२ सालमा जाँचबुझ केन्द्र, राजदरवारबाट नेपाल अधिराज्यका विभिन्न हात्तिसारमा रहेका हात्तीहरूको अतिरिक्त वनैया हात्तीहरूको संख्या समेत क्रमिक रुपमा ह्रास हुंदै गएको तथ्यलाई दृष्टिगत गरी हात्तीहरूको संख्या क्रमशः बढाउँदै लैजान, हात्तीहरूको संचालनमा प्रभावकारिता ल्याउन र हात्तिसारमा कार्यरत कर्मचारीहरूलाई अझ बढी योग्य र दक्ष बनाउन समेत के कस्तो व्यवस्था गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्न गठित कार्य टोलीले आफूलाई तोकिएको कार्यादेशको अधिनमा रही हात्ती व्यवस्थापन योजना तर्जुमा प्रतिवेदन तयार गरी पेश गरेको पाइन्छ ।

संरक्षित क्षेत्रमा पर्यटन प्रवर्द्धन, संरक्षित क्षेत्रको व्यवस्थापन लगायतका गतिविधिहरूमा हात्तीको उपादेयता बढ्न थालेको फलस्वरुप घरपालुवा जनावरको रुपमा हात्तीपालन गर्ने र यसलाई अर्थोपार्जनको क्रियाकलापमा उपयोग गर्ने अभ्यास हुंदै आएको छ भने निजी स्तरमा पालिएका हात्तीहरूको उपयोग मूलतः पर्यावरणीय पर्यटनको लागि हुंदै आएको छ । हाल नेपालमा जम्मा १७४ वटा घरपालुवा हात्तीहरू छन् । ती मध्ये सरकारी स्वामित्वमा रहेका ६ वटा हात्तिसारहरू तथा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको हात्तिसारमा रहेका गरी जम्मा ८६ वटा हात्तीहरू पालिएका छन् भने बांकी ८८ वटा हात्तीहरू निजी स्तरमा पालिएका छन् । निजी स्तरमा पालिएका हात्तीहरू मध्ये २२ वटालाई लाई छोडेर वांकी ६६ वटा संरक्षित क्षेत्रभित्रका होटलहरूले त्यस्ता क्षेत्रभित्रै आश्रित रही पाल्ने गरेका छन् (तथ्यांक साभार : Hattisars, Managing Domesticated Elephants in Nepal, DNPWC & WWF, 2003) । संरक्षित क्षेत्र भित्र हात्ती पालन गरे वापत त्यस्ता होटलहरूले श्री ५ को सरकारलाई घाँसपात र चरिचरण वापत प्रति हात्ती वार्षिक रु. १,०००।- अर्थात दैनिक ३।- भन्दा कम महसुल बुझाउँदै आएका छन् । जबकि श्री ५ को सरकारद्वारा हात्तिसारहरूमा पालिएका हात्तीहरूको लागि प्रति हात्ती प्रति वर्ष औसत एक लाख पचास हजार रुपैंया खर्च लाग्ने देखिएको छ । हात्तीको व्यापार र अन्तर्राष्ट्रिय सीमा वारपार गर्ने सम्बन्धमा हालसम्म नेपालमा कुनै वैधानिक व्यवस्था भएको देखिदैंन ।

हात्तीको दैनिक जीवन चर्यामा पर्या-पर्यटनको लागि सामान्यतया विहानको समयमा ७-९ बजेसम्म र साँझमा ४-६ बजेसम्म गरी करिब ४ घण्टा पर्यटकहरूलाई घुमाउने कार्यमा उपयोग हुने गरेको छ भने ६ घण्टा बढी समय हात्तीहरू संरक्षित क्षेत्रभित्रै चरिचरण गर्ने, धुलोमा खेल्ने र पानी हिल्याउने जस्ता कार्यहरू गरी ज्यादै थोरै समय मात्रै सुत्ने गर्दछन् । यस्ता क्रियाकलापहरूबाट संरक्षित क्षेत्रको जैविक विविधता र पर्यावरणीय स्थितिमा बढी मात्रामा नकारात्मक असर पर्न गएको देखिएको छ । हाल हात्ती प्रजनन केन्द्रहरू संचालनमा रहेपनि पर्याप्त श्रोत, साधन र पोषणको अभावमा गर्भ तुहिने, जन्मिएका हात्तीहरू पनि असमयमै मर्ने र जीवित हात्तीहरूको स्वास्थ्य स्थिति पनि कमजोर रहने गरेको तथ्य देहायको तालिकाबाट स्पष्ट हुन्छ :

उपर्युक्त तथ्यांकबाट वर्तमान अवस्थामा हात्तीहरूको प्रजनन स्वास्थ्यको स्थिति अत्यन्तै भयावह रहेको स्पष्ट देखिन्छ । यस्तो स्थितिको निराकरणको लागि पनि हात्तीहरूको पालन एवं प्रजननसंग सम्बन्धित क्रियाकलापलाई वैज्ञानिक ढंगले सोच्नु पर्ने आवश्यकता देखिएको छ । अन्तर्राष्ट्रिय स्तरमा विभिन्न मुलुकहरूले घरपालुवा हात्ती व्यवस्थापन सम्बन्धमा बेग्लै नीति तर्जुमा गरेको परिप्रेक्ष्यमा नेपालमा पनि यस सम्बन्धमा छुट्टै नीतिगत व्यवस्था गरी त्यस्ता हात्तीहरूको जन्म, स्वास्थ्य एवं पोषणको स्थिति र मृत्युको सम्बन्धमा अद्यावधिक जानकारी प्राप्त हुने गरी पञ्जीकरणको व्यवस्था गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ । त्यसै गरी दुर्लभ वन्यजन्तुको रुपमा सूचीकृत हात्तीको पालन कार्य सरकारी एवं निजी दुवै क्षेत्रबाट उल्लेखनीय संख्यामा हुंदै आइरहेको परिप्रेक्ष्यमा यस कार्यलाई बढी व्यवस्थित, समयानुकूल र लाभदायी तुल्याउन पनि उपयुक्त नीतिगत व्यवस्था हुनुपर्ने देखिन्छ ।

३. **नीति तर्जुमा गर्दा अपनाइएका प्रक्रियाहरू:**

कुनै पनि नीति निर्माण गर्दा सम्वद्ध सरोकारवालाहरूसंग व्यापक छलफल र परामर्श गरी टुंगोमा पुग्न उपयुक्त हुन्छ भन्ने मान्यतामा आधारित रहेर नै वन तथा भू-संरक्षण मन्त्रालयले प्रस्तुत नीतिको मस्यौदालाई तर्जुमा कालदेखि नै सार्वजनिक बहसमा ल्याएको हो । चालू दशौं पञ्चवर्षीय योजनाले उच्च मूल्यका वन्यजन्तुहरूको प्रजनन तथा पालन कार्यमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने नीतिगत उद्घोष गरे अनुरुप घरपालुवा जनावरको रुपमा हात्तीको पालन कार्य विस्तार हुंदै जाने सम्भावना छ ।

घरपालुवा हात्ती व्यवस्थापन नीतिको मस्यौदा तयार भैसकेपछि मध्यवर्ती क्षेत्र व्यवस्थापन समूहका पदाधिकारीहरू तथा वार्डेनहरूसंग प्रारम्भिक छलफल गरिएको थियो । छलफलबाट प्राप्त सुझावहरू समेतको आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरी मिति २०६०।२।३० को निर्णयानुसार अर्थ, पर्यटन, जनसंख्या तथा वातावरण मन्त्रालय जस्ता सरकारी निकाय, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष, विश्व वन्यजन्तु कोष, नेपाल वातावरण पत्रकार समूह (NEFEJ) जस्ता राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र होटल संघ नेपाल (HAN), नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI), जस्ता व्यावसायिक संघ संस्थाहरूबाट समेत राय सुझाव र प्रतिक्रिया आव्हान गरिएको थियो । नीतिको मस्यौदाको वारेमा सर्वसाधारणलाई समेत अधिकाधिक जानकारी गराउने उद्देश्यले मिति २०६० साल श्रावण १६ गते एक पत्रकार अन्तरक्रिया समेत आयोजना गरिएको थियो । त्यसै गरी नीतिको मस्यौदामा उल्लेखित विषयहरूको वारेमा जनचेतना वढाउने उद्देश्यले छापा एवं विद्युतीय संचार माध्यमहरूबाट पनि यस सम्बन्धमा विचार मन्थन, छलफल, अन्तरक्रियालाई प्रोत्साहित गरिएको थियो ।

हात्तीको प्रजनन, पालन लगायतका कार्यहरू मूलतः सरकारी स्तरबाटै हुने गरेको वर्तमान परिप्रेक्ष्यमा यस्ता कार्यहरूमा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न र यस कार्यमा सरकारको भूमिकालाई नियन्त्रक (Controller) को रुपमाभन्दा पनि प्रवर्द्धक (Promotor), सहजकर्ता (Facilitator) र नियामक (Regulator) को रुपमा बढाउँदै लैजान यस सम्बन्धमा बेग्लै नीतिको व्यवस्था गर्नु अत्यावश्यक देखिएको छ । यसै परिप्रेक्षमा हात्तीको प्रजातीय संरक्षण गर्नुको साथै यसको वैज्ञानिक व्यवस्थापन, व्यावहारिक उपयोगिता र व्यवसायिक सम्भाव्यता अभिबृद्धि गर्ने दृष्टिकोणले निजी स्तरमा हात्तीहरूको पालन र प्रजनन्लाई प्रोत्साहन र नियमन गर्न सम्वद्ध सवै सरोकारवालाहरू (Stakeholders) समेतको सहभागितामा प्रस्तुत घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६० तर्जुमा गरिएको हो र उक्त नीतिलाई श्री ५ को सरकारले २०६०।५।३० मा स्वीकृत गरेको छ ।

४. **उद्देश्यः**

४.१ लोपोन्मुख स्थितिमा पुगेको हात्तीको संरक्षणलाई प्रोत्साहन गर्दै घरपालुवा हात्तीको समुचित व्यवस्थापन गरी यसबाट प्राप्त हुने आर्थिक एवं पर्यावरणीय फाइदालाई अधिकतम तुल्याउने ।

४.२ हात्तीपालनबाट जैविक विविधता र प्रकृति संरक्षणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गरी संगठित संघ संस्था र निजी क्षेत्रको समेत सहभागितामा जैविक विविधताको संरक्षण र सदुपयोग गर्ने ।

४.३ घरपालुवा हात्तीको व्यवस्थापनबाट प्राप्त हुने आर्थिक लाभलाई न्यायिक एवं समन्यायिक ढंगले वितरण गरी स्थानीय जनताको जीवनस्तर सुधार गर्ने ।

५. **नीतिहरू:**

५.१ हात्तीको प्रजनन, संरक्षण र व्यवस्थापन कार्यमा विद्यमान सरकारी क्षेत्रको संलग्नतामा अनुसन्धान, प्राकृतिक प्रकोप नियन्त्रण र अन्य अत्यावश्यक सेवाको लागि कायम गरी अन्य विस्तार र व्यावसायिक सेवामा निजी क्षेत्रको सहभागितामा बढाउने गरी सरकारी संलग्नता क्रमशः घटाउँदै लगिनेछ ।

५.२ घरपालुवा हात्तीको संरक्षण, प्रजनन, व्यवस्थापन र उपयोगलाई सुव्यवस्थित तुल्याउन श्री ५ को सरकार र निजी क्षेत्रबीच पारस्परिक सहकार्यलाई अभिवृद्धि गर्दै लगिनेछ। संरक्षित क्षेत्र वाहिर गरिने यस्ता कार्यहरूमा निजी क्षेत्रको भूमिकालाई प्रोत्साहन र प्रवर्द्धन गर्दै लगिनेछ।

५.३ निजी क्षेत्रबाट हात्तीको पालन र व्यवसायिक एवं लाभदायक उपयोगलाई बढावा दिन आवश्यक नीतिगत एवं कानूनी पूर्वाधारहरूको विकास गर्दै लगिनेछ।

५.४ हात्तीको परस्थानीय संरक्षणको आर्थिक उपादेयता अभिवृद्धि गर्न यस्ता क्रियाकलापहरूलाई पर्यावरणीय पर्यटन (Eco-tourism) संग घनिष्ट रुपले आवद्ध गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

६. **कार्यनीतिहरू:**

६.१ हात्तीको प्रजनन, संरक्षण, पालन र व्यवसायिक एवं लाभदायक उपयोगमा निजी क्षेत्रको सहभागितालाई अभिवृद्धि गर्न श्री ५ को सरकारले सहयोगी (Facilitator), नियामक (Regulator) र प्रवर्द्धनकर्ता (Promoter) को भूमिका निर्वाह गर्दै जाने गरी नीतिगत सामन्जस्य, समन्वय र परिमार्जन गरिनेछ।

६.२ सरकारी स्तरमा हाल कायम रहेका हात्ती प्रजनन केन्द्र तथा हात्तिसारहरूलाई हात्तीको पालन, प्रजनन, संरक्षण र उपयोग सम्बन्धी वैज्ञानिक, प्राविधिक सेवा, सूचना र तालीम उपलब्ध गराउने केन्द्रको रुपमा स्तरोन्नति गर्दै लगिनेछ। त्यसै गरी ती केन्द्रहरूलाई हात्ती सम्बन्धी वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने केन्द्र र हात्तीको वंशानुगत श्रोत (Genetic resources) संरक्षण गर्ने Gene bank को रुपमा विकसित गर्दै लगिनेछ। ती केन्द्रहरू मार्फत हात्तीको बीउ वा बीउ प्राणी (Seed Animal) पनि उपलब्ध गराउन सकिनेछ।

६.३ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत हाल कायम रहेका हात्तिसारहरूलाई अत्यावश्यक सेवाहरू, जस्तै गैंडा पक्डिने, बाघ पक्डिने, चोरी शिकार नियन्त्रण, दैवी प्रकोप उद्धार आदि कार्यमा उपयोगी हुने गरी हात्तीहरूलाई तालीम दिने तालीम केन्द्रको रुपमा विकसित गर्दै लगिनेछ।

६.४ निजी हात्तीहरू पालिने सम्भावित क्षेत्रको भारवहन क्षमता (Carrying capacity) लाई समेत ध्यानमा राखी त्यस्ता क्षेत्रको वातावरणमा प्रतिकूल असर नपर्ने गरी हात्तीको संख्या निर्धारण गर्ने नीति लिइनेछ।

६.५ नेपालमा भएका घरपालुवा हात्तीहरूको संख्या र स्थिति निर्धारण गर्नको लागि पञ्जीकरण गर्ने र अभिलेखको लागि चिन्ह वा नम्बर अंकित गर्ने (Tagging) कार्य गरिनेछ। यसरी नम्बर अंकित (Tagging) भएका घरपालुवा हात्तीहरूको विवरण साइटिस सचिवालय लगायत सम्बन्धित निकायमा उपलब्ध गराइनेछ।

६.६ हात्तीहरूको वासस्थानको संरक्षण एवं आहारको व्यवस्थापनको लागि श्री ५ को सरकार, निजी क्षेत्र, सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र मध्यवर्ती क्षेत्र वन उपभोक्ता समूह बीच पारस्परिक सहभागिताको प्रवर्द्धन र लाभको न्यायोचित बाँडफाँडका लागि उपयुक्त संयन्त्रको विकासमा जोड दिइनेछ।

६.७ संरक्षित क्षेत्र भित्र निजी घरपालुवा हात्ती राख्न पाइने छैन। विश्व सम्पदा सूचीमा रहेको शाही चितवन राष्ट्रिय निकुञ्जभित्र पनि घरपालुवा हात्ती राख्ने र चराउने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ। सरकारी हात्ती पनि चरिचरण क्षेत्रको उपलब्धतालाई हेरी संरक्षित क्षेत्र वाहिरका मध्यवर्ती क्षेत्र र अन्य क्षेत्रहरूमा पाल्नु पर्ने व्यवस्था क्रमशः गर्दै लगिनेछ।

६.८ घरपालुवा हात्तीलाई संरक्षित क्षेत्रभित्र चरिचरण गर्न अनुमति दिइने छैन। यस्तो चरिचरण कुनै सम्झौता अन्तर्गत उपलब्ध गराई आएको भए पनि सो सम्झौता अवधि भरको लागि चरिचरणको कारणले हुन सक्ने रुख बिरुवाको क्षतिलाई पूर्ति हुने गरी हात्तीको चरिचरण शुल्कमा उपयुक्त संशोधन गरिनेछ।

६.९ वासस्थानको क्षय (Habitat Loss), अप्रत्याशित दैवी विपत्ति वा रोगब्याधिको कारण हात्तीको अस्तित्वमा संकटमा नपरोस् भन्नाका लागि नेपाल अधिराज्यभित्र सम्भाव्य ठहरिएका ठाउँहरूमा हात्तीहरूको प्रजनन, पालन र संरक्षण कार्यलाई प्रोत्साहित गरिनेछ । साथै हात्तीहरूको स्वास्थ्य र सुरक्षाको लागि आवश्यक औषधोपचार, दाना पदार्थ, सेडघर आदि व्यवस्थालाई प्रभावकारी तुल्याई राख्न नियमित निरीक्षण र अनुगमनको व्यवस्था मिलाइनेछ ।

६.१०. इजाजत प्राप्त घरपालुवा हात्तीहरूबाट पनि निश्चित मार्ग, समय र शुल्कको आधारमा संरक्षित क्षेत्रभित्र पर्यटकहरूलाई घुमाउन सकिने व्यवस्था गरिनेछ । यसरी शुल्क वापत उठेको रकमको केही भाग सरकारी हात्ती प्रजनन केन्द्र तथा हात्तिसारको व्यवस्थापनमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

६.११ निजी हात्तीद्वारा पर्यटकहरू घुमाउने इजाजत दिने प्रक्रिया, दस्तुर, अनुगमन र नियन्त्रण, पर्यटक घुमाउने क्षेत्र र संख्या लगायतका अन्य आवश्यक प्रक्रियागत व्यवस्थाहरू कार्यान्वयनका लागि हात्तीको व्यवस्था गर्ने नियमहरू २०२२ मा समयानुकूल संशोधन एवं परिमार्जन गरिनेछ ।

**नीति कार्यान्वयनका लागि सुझाव दिने कार्यदलहरू:**

घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६० लाई कार्य रुप दिन देहायका दुई वटा कार्यदलहरूले स्वीकृत नीतिको अवधारणाभित्र रहेर प्रक्रियागत र संस्थागत सुधारका लागि श्री ५ को सरकारमा राय, सुझाव पेश गर्नेछन् ।

**(क) हात्ती सफारी सम्बन्धमा**

इजाजत प्राप्त घरपालुवा हात्तीहरूबाट संरक्षित क्षेत्रभित्र पर्यटकहरूलाई घुमाउने सम्बन्धमा हात्तीले ओहोरदोहोर गर्ने मार्ग, समय, इजाजत दिन सकिने हात्तीहरूको संख्या, सो वापत बुझाउनु पर्ने शुल्क आदि निर्धारण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक कार्यदल गठन गरिएको छ ।

| | | |
|---|---|---|
| (क) | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संयोजक |
| (ख) | उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| (ग) | अध्यक्ष, होटल संघ नेपाल | सदस्य |

**(ख) हात्ती प्रजनन केन्द्रको व्यवस्थापन सम्बन्धमा**

हाल सरकारी स्तरमा संचालित हात्ती प्रजनन केन्द्र र हात्तिसारहरूको उपयुक्त व्यवस्थापन तथा हात्तिसारमा राखिएका र निजीस्तरमा पालिएका घरपालुवा हात्तीहरूको स्वास्थ्य र सुरक्षाको लागि आवश्यक औषधोपचार, दाना पदार्थ, सेडघर आदि व्यवस्थालाई वैज्ञानिक एवं प्रभावकारी तुल्याई राख्न नियमित अनुगमन र निरीक्षण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक कार्यदल गठन गरिएको छ ।

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | संयोजक |
| (ख) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | विभागद्वारा मनोनित पशु स्वास्थ्य विशेषज्ञ एक जना | सदस्य |
| (ङ) | मध्यवर्ती क्षेत्र विकास मञ्चको संयोजक | सदस्य |

# निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र गैर सरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीतिको सम्बन्धमा अवलम्बन गरिने कार्य प्रक्रिया, २०६०

## १. पृष्ठभूमी

आर्थिक वर्ष २०६०।०६१ को बजेट वक्तव्यमा “पर्यटन विकास र गरिबी निवारणका लागि आरक्षहरूको प्रभावकारी उपयोग गर्न आर्थिक वर्ष २०६०।०६१ देखि वातावरण र जैविक विविधता संरक्षणमा कुनै कमी नल्याउने शर्तमा इच्छुक गैर सरकारी वा अन्य संस्थालाई शाही चितवन राष्ट्रिय निकुञ्ज, शाही वर्दिया राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज र शाही शुक्लाफांटा वन्यजन्तु आरक्ष बाहेक अन्य संरक्षण क्षेत्रहरूको व्यवस्थापन गर्न दिइनेछ” भन्ने कुरा उल्लेख भएको छ । श्री ५ को सरकारको उपर्युक्त नीतिगत उदघोषलाई दृष्टिगत गर्दै मुलुकको वातावरणमा उल्लेखनीय योगदान पुऱ्याउने, संरक्षणजन्य क्रियाकलाप र त्यसबाट प्राप्त हुने लाभको बाँडफाँडमा अधिकतम जनसहभागिता सुनिश्चित गर्ने, पर्या-पर्यटनको विकास गर्ने र यस मार्फत गरिबी निवारणमा वाञ्छित योगदान पुऱ्याउने उद्देश्यलाई केन्द्रबिन्दुमा राखी नेपाल अधिराज्यका विभिन्न राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रहरूको व्यवस्थापन इच्छुक गैरसरकारी वा अन्य संस्थालाई गर्न दिने सम्बन्धमा उपयुक्त कार्यपद्धतिको विकास गर्नु वाञ्छनीय देखिएको यो कार्य प्रक्रिया तयार गरी श्री ५ को सरकारबाट मिति २०६०।४।३० मा स्वीकृत गरिएको छ ।

## २. उद्देश्य

राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष लगायतका संरक्षित क्षेत्रहरूको व्यवस्थापन गैर सरकारी वा अन्य संस्थाहरूमार्फत गराउनुका उद्देश्यहरू देहाय बमोजिम निर्धारण गरिएका छन् ।

२.१ संरक्षित क्षेत्र सम्बन्धी आधारभूत अवधारणामा कुनै किसिमको बिचलन नआउने गरी पर्यावरणीय पर्यटन (Eco-tourism) को प्रवद्धन गर्ने र यस मार्फत त्यस्ता संरक्षित क्षेत्रहरूको आसपासमा बस्ने स्थानीय बासिन्दाहरूको आय र रोजगारीका अवसरहरूमा वृद्धि गरी गरीबी निवारणमा योगदान पुऱ्याउने,

२.२ स्थानीय जनताको सामाजिक एवं आर्थिक समुन्नति तथा प्रकृति र प्राकृतिक सम्पदाहरूको संरक्षणका कार्यहरू एकसाथ अघि बढाई दिगो विकासको लक्ष्य हासिल गर्ने,

२.३ संरक्षित क्षेत्रहरूको संरक्षण र व्यवस्थापनमा हाल भैरहेको सरकारी खर्च घटाई यसरी बचत हुन आउने रकम अन्य उपयोगी र अत्यावश्यकीय क्षेत्रमा प्रवाहित गर्ने,

२.४ संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा सरकारी क्षेत्रको भूमिकालाई प्रबर्द्धनकर्ता (Promotor), सहजकर्ता (Facilitator) / नियामत (Regulator) को रुपमा बढाउँदै लैजाने,

२.५ संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा आधुनिक व्यवस्थापकीय अवधारणामार्फत नवीन पद्धति र दृष्टिकोणको सुरुआत गरी सरकार र गैरसरकारी क्षेत्र बीच पारस्परिक सहकार्य अभिवृद्धि गर्ने ।

## ३. अपरिवर्तनीय व्यवस्था

संरक्षित क्षेत्रहरूको व्यवस्थापन गैर सरकारी संस्थाहरूलाई गर्न दिएको अवस्थामा पनि देहायका कुराहरूमा कुनै पनि प्रकारले अन्यथा गर्न पाइने छैन :

३.१. संरक्षित क्षेत्र सम्बन्धी सैद्धान्तिक अवधारणासंग मेल नखाने वा जैविक विविधताको संरक्षण र सम्बर्द्धनमा प्रतिकूल असर पुऱ्याउने गरी कुनै किसिमका गतिविधिहरू सञ्चालन गर्न पाइने छैन ।

३.२ संरक्षित क्षेत्रहरू र त्यहाँ रहेका वन्यजन्तु तथा वनस्पति एवं जैविक, सांस्कृतिक तथा अन्य प्राकृतिक सम्पदाहरू उपरको स्वामित्व श्री ५ को सरकारमा निहित रहनेछ ।

३.३ संरक्षित क्षेत्र वरिपरि प्रचलित कानून बमोजिम घोषित मध्यवर्ती क्षेत्रका बासिन्दाहरूले साविकमा प्राप्त गरी आएको सेवा सुविधा तथा लाभको बाँडफाँडमा कुनै कमी हुने छैन ।

**४ कार्य प्रक्रियाहरू**

४.१ आ.व. २०६०।०६१ को वजेट वक्तव्यमा उल्लेख भए वमोजिम शाही चितवन राष्ट्रिय निकुञ्ज, शाही बर्दिया राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज र शाही शुक्लाफांटा वन्यजन्तु आरक्ष बाहेक अन्य संरक्षित क्षेत्रहरूको व्यवस्थापन गर्न इच्छुक गैर सरकारी वा अन्य संस्थाहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमार्फत श्री ५ को सरकार समक्ष व्यवस्थापन गर्ने आशय सहितको निवेदन दिनु पर्नेछ ।

४.२ उपदफा ४.१ वमोजिम संरक्षित क्षेत्रको व्यवस्थापनका लागि इच्छुक संस्थाबाट पर्न आएको निवेदनको सम्बन्धमा श्री ५ को सरकारले देहायका पक्षहरूलाई समेत दृष्टिगत गरी त्यस्तो निवेदनलाई सिद्धान्ततः स्वीकृत गरी संरक्षित क्षेत्रको व्यवस्थापन सबन्धमा अध्ययन गर्न र कार्य योजना बनाउन सक्ने गरी आशय पत्र (Letter of Intent) दिन सक्नेछ :

(क) संरक्षित क्षेत्रको व्यवस्थापन गर्न इच्छुक निवेदन दिने संस्थाको क्षमता

(ख) जैविक विविधताको संरक्षण, सुरक्षा र व्यवस्थापन गर्न आर्थिक, प्राविधिक र भौतिक पूर्वाधारको विद्यमानता,

(ग) यस्तै प्रकृतिका कामहरूमा उक्त संस्थाको पूर्व अनुभव आदि ।

४.३ कुनै संस्थाले उपदफा ४.२ वमोजिम आसय पत्र प्राप्त गरेमा सो प्राप्त गरेको मितिले ६ महिनाभित्र आफूले व्यवस्थापन गर्न चाहेको संरक्षित क्षेत्रको विस्तृत व्यवस्थापन योजना (Management Plan) तयार गरी स्वीकृतिको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पेश गर्नु पर्नेछ । यस्तो व्यवस्थापन योजना देहायका पदाधिकारीहरू रहेको एक समितिले अध्ययन गरी आवश्यकतानुसार परिमार्जन गर्न लगाई माथि उल्लेखित उद्देश्य र आधारहरूको परिधिमा रही स्वीकृतिको लागि सिफारिस सहित मन्त्रालयमा पेश गर्नेछ ।

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, रा.नि तथा व.ज.सं. विभाग | संयोजक |
| (ख) | प्रतिनिधि, वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | प्रस्तावकको कार्यकारी प्रमुख | सदस्य |
| (ङ) | इकोलोजिष्ट, रा.नि.तथा व.ज.स. विभाग | सदस्य सचिव |

४.४ उपदफा ४.३ वमोजिमको समितिले व्यवस्थापन योजनाको सम्बन्धमा र अन्य आवश्यक विषयमा प्राविधिक राय परामर्श प्राप्त गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न वा सम्बन्धित विषयका विशेषज्ञहरूलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४.५ उपदफा ४.३ बमोजिमको व्यवस्थापन योजनामा अन्य कुराहरूको अतिरिक्त देहायका कुराहरू अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ :

(क) संरक्षित क्षेत्रको विवरण : नाम, सिमाना, क्षेत्रफल

(ख) व्यवस्थापनको तरिका,

(ग) जैविक विविधता संरक्षणका तरिकाहरू,

(घ) पर्या-पर्यटन प्रवर्द्धनका उपायहरू,

(ङ) संरक्षित क्षेत्र वरपर स्थानीय स्तरमा आय एवं रोजगारी अभिवृद्धिका अवसर र चुनौतीहरू

(च) राजश्वको उठ्ती र सो को बाँडफाँडसंग सम्बन्धित विषयहरू

(छ) वातावरण संरक्षण ऐन र नियमावली बमोजिम वातावरणीय प्रभाव मूल्यांकनसंग सम्बन्धित कुराहरू

(ज) प्राकृतिक सम्पदा तथा श्रोतहरूको विवरण र

(झ) अन्य उपयोगी र सान्दर्भिक विषयहरू

४.६ उपदफा ४.३ बमोजिम पेश हुन आएको उपयुक्त व्यवस्थापन योजनालाई श्री ५ को सरकारले स्वीकृत गर्नेछ र त्यस्तो व्यवस्थापन योजना पेश गर्ने इच्छुक गैर सरकारी वा अन्य संस्थासँग अवधि तोकी व्यवस्थापन सम्झौता गर्नेछ ।

**५. सुरक्षा व्यवस्था**

५.१ प्रस्तावकले श्री ५ को सरकारलाई सम्झौता बमोजिम व्यवस्थापन गर्न दिइएका संरक्षित क्षेत्रहरूको भरपर्दो र विश्वसनीय सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउनु पर्नेछ ।

५.२ सम्झौता बमोजिम व्यवस्थापन गर्न दिइएका संरक्षित क्षेत्रहरूको सुरक्षाको लागि सम्बन्धित व्यवस्थापकबाट अनुरोध भै आएमा तत्कालको लागि श्री ५ को सरकारले त्यस्तो सुरक्षाको प्रबन्ध गर्नेछ ।

५.३ सम्झौता बमोजिम व्यवस्थापन गर्न दिइएका संरक्षित क्षेत्रहरूको सुरक्षार्थ खटिएका शाही नेपाली सेनाको सुरक्षा टोलीसंग उक्त संरक्षित क्षेत्रको लागि श्री ५ को सरकारकोतर्फबाट सम्पर्क अधिकारीको रुपमा खटिने संरक्षण अधिकृतमार्फत समन्वय कायम गरिनेछ ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था**

६.१ सम्बन्धित संस्था र श्री ५ को सरकारबीच सम्पर्क स्थापना गर्न र मुद्दा हेर्ने प्रयोजनको लागि श्री ५ को सरकारले सम्पर्क अधिकारीको रुपमा एकजना संरक्षण अधिकृत तोक्नेछ ।

६.२ मन्त्रालयले संरक्षित क्षेत्रको व्यवस्थापन गैर सरकारी वा अन्य संस्थालाई गर्न दिएपछि श्री ५ को सरकारको स्वीकृत दरबन्दीमा त्यहाँ कार्यरत निजामती एव अन्य कर्मचारीहरूलाई फिर्ता वोलाउनेछ । तर व्यवस्थापन कार्य योजनामा उल्लेख भएका वा सम्बन्धित संस्थाले आवश्यक ठहऱ्याएका केही कर्मचारीहरूलाई सो संस्थाको अनुरोधमा मन्त्रालयले प्रचलित कानून बमोजिम काजमा खटाउन सक्नेछ ।

६.३ सम्झौता बमोजिम व्यवस्थापन गर्न दिइएका संरक्षित क्षेत्रहरूभित्र प्रचलित कानूनले कसूर ठहरिने कार्यको अनुसन्धान तहकीकात गर्ने प्रयोजनको लागि श्री ५ को सरकारले आवश्यक संख्यामा कर्मचारीहरू खटाउन सक्नेछ ।

६.४ उपदफा ६.१ बमोजिम सम्पर्क अधिकारी वा उपदफा ६.२ बमोजिम काजमा खटिएका कर्मचारी र उपदफा ६.३ बमोजिमका कर्मचारीहरूको पारिश्रमिक र अन्य सुविधाहरू सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

**७. व्यवस्थापन सम्बन्धी व्यवस्था**

७.१ संरक्षित क्षेत्रको व्यवस्थापन गर्ने संस्थाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ का प्रावधानहरूको पूर्ण प्रतिवद्धताका साथ पालना गर्नु पर्नेछ ।

७.२ संरक्षित क्षेत्रको व्यवस्थापन गर्न इच्छुक गैर सरकारी वा अन्य संस्थाले संरक्षित क्षेत्र वरपर रहेका बासिन्दाहरूलाई लक्षित गरी हाल संचालित मध्यवर्ती क्षेत्र र सामुदायिक विकासका कार्यक्रमहरूलाई निरन्तरता दिन छुट्टै संस्थागत संयन्त्रको व्यवस्था गर्नु पर्नेछ ।

७.३ संरक्षित क्षेत्रको व्यवस्थापन गर्ने संस्थाले प्रचलित कानून तथा राष्ट्रिय निकुञ्जको सैद्धान्तिक अवधारणाको प्रतिकूल नहुने गरी निकुञ्ज क्षेत्रभित्र व्यवस्थापन कार्य योजनामा उल्लेख भए बमोजिम वातावरण-मैत्री (environment-

friendly) रुपमा अत्यावश्यक भौतिक पूर्वाधारहरूको मात्र निर्माण तथा विकास गर्न सक्नेछ । यस्तो पूर्वाधार निर्माणको लागि विभागबाट छुट्टै सहमति लिनु पर्नेछ ।

७.४ संरक्षित क्षेत्रको व्यवस्थापन जिम्मा लिने संस्थाले सो क्षेत्रभित्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा उल्लेखित कामहरूको अतिरिक्त देहायका कामहरू गर्न गराउन पाउने छैन ।

(क) वनस्पतिको विकासमा अवरोध पुऱ्याउने, जीवजन्तुको वासस्थानमा हानी नोक्सानी पुऱ्याउने, प्राकृतिक वा भौतिक स्वरुप बिगार्ने वा सिमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउने ।

(ख) जलचर वा अन्य कुनै किसिमका जनावर, पशुपन्छी वा जीवजन्तुलाई कुनै किसिमबाट हानी नोक्सानी पुऱ्याउने ।

(ग) संरक्षित क्षेत्र वरिपरिका स्थानीय बासिन्दाको सामाजिक रीतिरिवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो, खोलानालाको निर्वाध उपयोग जस्ता पारम्परिक अधिकारको उपयोगमा व्यवधान उत्पन्न गराउने,

(घ) साविक वमोजिम उपयोग गरिदैं आएको खानेपानीको आपूर्तिमा कुनै किसिमको अवरोध पुऱ्याउने वा जलश्रोतको उपयोगमा कुनै किसिमको शुल्क वा दस्तूर लगाउने ।

७.४ व्यवस्थापनको जिम्मा लिने संस्थाले कुनै तरिकाबाट संरक्षित क्षेत्रभित्रका जडीबुटी लगायतका वन पैदावार, वन्यजन्तु, जलश्रोत एवं अन्य प्राकृतिक श्रोतहरूको संकलन, बेचविखन वा अन्य कुनै किसिमबाट उपयोग वा हक हस्तान्तरण गर्न पाउने छैन ।

## ८. अनुगमन तथा मूल्यांकन

८.१ निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको व्यवस्थापन गैर सरकारी संस्था वा अन्य संस्थालाई दिएपछि त्यस्ता संस्थाहरूले ती क्षेत्रहरूको व्यवस्थापन तोकिएको शर्त अनुसार गरे नगरेको निरन्तर अनुगमन र मूल्यांकन गर्ने व्यवस्था मिलाइनेछ । तोकिएको शर्त अनुसार व्यवस्थापन नगरेको अवस्थामा त्यस्तो क्षेत्र फिर्ता लिने र त्यस्तो संस्थालाई दण्ड, सजाँय गर्ने व्यवस्था पनि गरिनेछ ।

८.२ संरक्षित क्षेत्रको व्यवस्थापनको जिम्मा लिने संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सो क्षेत्रको भौतिक स्थिति तथा पर्यावरणीय एवं जैविक विविधता सम्बन्धी विस्तृत तथ्यहरू, संरक्षण तथा व्यस्थापनको क्षेत्रमा अघिल्लो आर्थिक वर्षमा भए गरेका कार्यहरू स्पष्ट खुल्ने गरी परिमाण सहितको विवरणात्मक प्रतिवेदन रा.नि. तथा व.ज.सं. विभाग मार्फत श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

८.३ व्यवस्थापन हस्तान्तरण गरिएको संरक्षित क्षेत्रको संरक्षण, विकास र व्यवस्थापन कार्यमा सघाउ पुऱ्याउन वन तथा भू-संरक्षण मन्त्रालयले आवश्यक नियमावलीको तर्जुमा गरी स्वीकृतिको निमित्त श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ ।

## ९. विविध

९.१ संरक्षित क्षेत्रको व्यवस्थापन गर्ने जिम्मा पाएको संस्थाले सो प्रयोजनको लागि स्वदेश वा विदेशबाट ऋण, अनुदान, दान-दातव्य वा अन्य कुनै किसिमको सहायता प्राप्त गरेमा सो को जानकारी सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ ।

९.२ संरक्षित क्षेत्रको व्यवस्थापन गर्ने जिम्मा पाएको संस्थाले सो प्रयोजनको लागि स्वदेश वा विदेशबाट ऋण, अनुदान, दान-दातव्य वा अन्य कुनै किसिमको सहायता प्राप्त गर्ने सिलसिलामा श्री ५ को सरकारले कुनै किसिमको दायित्व वहन गर्ने वा जमानी बस्ने छैन ।

९.३ गैर सरकारी संस्थाहरूलाई व्यवस्थापन गर्न दिइएका संरक्षित क्षेत्रहरूभित्र अध्ययन, अनुसन्धान गर्दा निस्किएका परिणामहरूको हकाधिकार श्री ५ को सरकारमा समेत रहने गरी अनुसन्धान नतिजा प्रकाशित गर्नुपर्नेछ ।

# राष्ट्रिय सिमसार नीति, २०५९

श्री ५ को सरकार (मं.प.) बाट मिति २०५९।११।२२ मा स्वीकृत

## १. पृष्ठभूमि

सिमसार क्षेत्रलाई कृषि उत्पादनका दृष्टिकोणले उर्वर भूमि र जैविक विविधताका दृष्टिकोणले अत्यन्तै धनी क्षेत्रका रूपमा लिइने गरिन्छ । सिमसारले धेरै किसिमका प्राणीहरूलाई वासस्थान प्रदान गर्दछ । तराईको समथर भूभागदेखि हिमालको उच्च पहाडी भूभागसम्म पाइने विविध पारिस्थितिक प्रणालीभित्र सिमसारहरू विद्यमान रहेका छन् । नेपालको तराईका सिमसार क्षेत्रहरूमा मात्रै पनि ३२ प्रजातिका स्तनधारी, ४६१ प्रजातिका चराहरू (जसमध्ये १५ प्रजाति दुर्लभ श्रेणीका), ९ प्रजातिका कछुवा, २० प्रजातिका सर्प र २८ प्रजातिका माछा पाइन्छन् ।

सिमसारले वनस्पति, जीवजन्तु तथा तिनका महत्वपूर्ण प्रजातिहरूलाई वासस्थान प्रदान गर्दछ । कृषियोग्य भूमि, घाँसपात, जीवजन्तु, माछा र सम्पूर्ण जैविक विविधताका लागि सिमसारले महत्वपूर्ण भूमिका खेल्दछ । भूमिगत जलस्रोतलाई कायम राख्न, पानीको स्रोत कायम राख्न, पहिरो रोकथाम गर्न एवं पोषक तत्वलाई चुहावट हुन नदिन समेत यसको अहम् भूमिका रहन्छ । वैज्ञानिक अनुसन्धानका लागि पनि सिमसारले महत्वपूर्ण श्रोत उपलब्ध गराउँदछ । यस्तो महत्वको सिमसार क्षेत्रलाई योजनाबद्ध रूपमा संरक्षण, सम्बर्द्धन र विकासका साथसाथै सो क्षेत्रको युक्तिपूर्ण प्रयोग गरी आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासमा टेवा पुऱ्याउने र सिमसारमा आश्रित स्थानिय समुदायको जिवनस्तरमा सुधार गर्न आवश्यक भएको हुनाले यो नीति तर्जुमा गरिएको छ । नेपालले अन्तरराष्ट्रिय महत्वका खासगरी जलपंछीको बासस्थान सम्बन्धी सिमसार महासन्धि (रामसार महासन्धि), १९७१ मा हस्ताक्षर गरी आफ्नो प्रतिबद्धता जाहेर गरेको र सो महासन्धिको धारा ३ (१) ले निदृष्ट गरे अनुसार राष्ट्रका हैसियतले  राष्ट्रिय सिमसार नीति तयार गर्नुपर्ने आवश्यकता रहेको एवं रामसारमा सूचीकृत सिमसार, अन्य सिमसार र तिनका जलाधार क्षेत्रलाई उपयुक्त संरचनाबाट व्यवस्थापनमा स्थानीय व्यक्तिहरूलाई प्रत्यक्ष रुपमा सक्रिय सहभागी गराउने सम्बन्धमा सन् १९९६ मा भएको पक्ष राष्ट्रहरूको सम्मेलनले समेत पक्ष राष्ट्रलाई नीति निर्माण गर्न निर्देशन गरे बमोजिम यो नीति तर्जूमा गरिएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७, नेपाल सन्धि ऐन, २०४७, स्थानीय स्वायत्त शासन ऐन, २०५५, वन ऐन, २०४९, जलस्रोत ऐन, २०४९, विद्युत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, जलचर संरक्षण ऐन, २०१७, भू तथा जलाधार संरक्षण ऐन, २०३९ र वातावरण संरक्षण ऐन, २०५३, एवं यी ऐनहरूसंग सम्बन्धित विभिन्न नियमावलीहरू विद्यमान भए तापनि यिनीहरूले सिमसारलाई परिभाषित नगरेको, सिमसार व्यवस्थापनको सम्बन्धमा उल्लेख नगरेको र सामुदायिक सहभागितामा सिमसारको संरक्षण, व्यवस्थापन नगरेको एवं सिमसारको युक्तिपूर्ण प्रयोगको सम्बन्धमा समेत व्यवस्था नगरेको हुनाले ती सबै पक्षहरुलाई दृष्टिगत गरी प्रस्तुत नीति तर्जूमा गरिएको छ ।

## २. सिमसारको परिभाषा

साधारणतया सिमसार भन्नाले नदी, ताल, जलासय एवं वनजंगल तथा आवादी क्षेत्रमा पानीले भिजेको वा पानी भएको स्थान भन्ने बुझिन्छ । सिमसारमा वनस्पति, जीवजन्तु तथा चराचुरूङ्गीको प्रचुरता हुने गर्दछ । सिमसार शब्दको “सिम” ले पानी नसुक्ने जमिन र “सार” ले पानी भन्ने बुझाउँछ । नेपालमा साधारणतया मानिसहरू सिमसार भन्नाले धानखेतको धाप, पानी जमेको ठाउं वा दह भन्ने बुझ्छन् । विश्वमा हालसम्म करिव पचास थरिका सिमसारका परिभाषाहरू छन् भने बाह्र थरिका शब्दहरू नेपालमा मात्रै प्रयोगमा आउने गरेका छन् । यस परिप्रेक्षमा सिमसारलाई निम्न रुपमा परिभाषित गर्नुपर्ने हुन्छ ।

भूमिगत जलस्रोतबाट वा वर्षात्‌का कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp), दलदले जमिन (Marsh), नदीबाट प्रभावित

जमिन Riverine floodplain), ताल (Lake), पोखरी (Pond), जलभण्डार क्षेत्र (Water storage areas) र कृषि जमिन (Agricultural land) समेतले सिमसारलाई जनाउँछ ।"

### ३. लक्ष्य

यस राष्ट्रिय नीतिको प्रमुख लक्ष्य स्थानीय जनसहभागितामा सिमसार क्षेत्रहरूको संरक्षण, व्यवस्थापन र युक्तिपूर्ण तरिकाले स्रोतहरूको दिगो प्रयोग गर्नु हो । यस नीतिले सिमसारको व्यवस्थापन र संरक्षणको पक्षलाई एउटा बृहत् वातावरणीय व्यवस्थापनको दायराभित्र राख्ने लक्ष्य लिएको छ ।

### ४. उद्देश्य

नेपालका सिमसारहरू र तिनमा भएका जैविक विविधताको संरक्षण गरी युक्तिपूर्ण प्रयोग गर्नका लागि सिमसारको व्यवस्थापनमा स्थानीय जनतालाई सहभागी बनाउनु यस नीतिको प्रमुख उद्देश्य रहेको छ ।

अन्य उद्देश्यहरू,

४.१ नेपालका विभिन्न भागमा रहेका सिमसार क्षेत्रहरूको पहिचान गरी लोप हुनबाट बचाउन र बिग्रन नदिन तिनको दिगो संरक्षण तथा विकास गर्दै त्यस्ता स्रोतहरूको युक्तिपूर्ण प्रयोग गर्न प्रत्येक सिमसार क्षेत्रका विस्तृत व्यवस्थापन योजना तयार गरी प्राथमिकता, संभाव्यता र आवश्यकताको आधारमा कार्यान्वयन गर्दै लैजाने ।

४.२ स्थानीय समुदायको सिमसारसम्बन्धी ज्ञान, सीप, अभ्यास र आविष्कारलाई पहिचान गरी सिमसार स्रोतको संरक्षण एवं दिगो उपयोगका लागि यस्ता ज्ञान, सीप, अभ्यास र पारम्परिक अनुसन्धानलाई बढावा दिने ।

४.३ वैज्ञानिक प्रविधि र ज्ञानका आधारमा आवश्यकता अनुसार सिमसारको संरक्षण एवं व्यवस्थापन गर्ने ।

४.४ सिमसारको संरक्षण, व्यवस्थापन र युक्तिपूर्ण प्रयोगमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने ।

४.५ सिमसार क्षेत्र व्यवस्थापनका लागि भएका अन्तर्राष्ट्रिय सन्धिप्रतिको प्रतिबद्धतालाई क्रमशः कार्यान्वयन गर्दै लाने ।

४.६ सिमसार क्षेत्रबारे सर्वसाधारणमा जानकारी पुऱ्याउन प्रचार प्रसार गर्ने ।

### ५. स्थानीय सहभागितामा आधारित सिमसार व्यवस्थापन नीति

५.१ रामसार[१♣] महासन्धिको भावना अनुरूप पर्यावरणीय अक्षुणता कायम गर्दै स्थानीय समुदायको हित कायम गर्न सिमसारको संरक्षण र व्यवस्थापनका लागि स्थानीय व्यक्तिहरूलाई सहभागी गराउने ।

५.२ स्थानीय सहभागितामा आधारित सिमसार व्यवस्थापनका माध्यमद्वारा सिमसारका स्रोतहरूमाथि समन्यायिक अवसर दिलाउँदै युक्तिपूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने ।

५.३ स्थानीय व्यक्ति, समुदाय, निकाय एवं नीजि क्षेत्र समेतलाई संलग्न गराउंदै सिमसारको संरक्षण र व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

५.४ वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय बासिन्दाका लागि दिगो प्रकारका सामाजिक र आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

५.५ सिमसारमा आश्रित संकटापन्न जीवजन्तु, जलचर, जंगली आफन्त (Wild relatives) तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने ।

[१♣] अन्तरराष्ट्रिय महत्वको विशेषगरी जलपंछीको वासस्थान महासन्धि, १९७१ लाई रामसार महासन्धि भन्ने गरिन्छ ।

५.६ वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा पर्या–पर्यटन विकास गर्दै सोबाट प्राप्त हुने लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितका लागि परिचालन गर्ने ।

५.७ सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार पारिने कार्ययोजनाहरूमा स्थानीय जनताहरूको सहभागितालाई अभिवृद्धि गर्ने ।

५.८ सिमसार क्षेत्रमा आश्रित विभिन्न जाति जनजातिहरूको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सो अभ्यास, ज्ञान र सिपको आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने ।

५.९ सिमसार व्यवस्थापनमा देखापर्ने समस्याहरूको पहिचान गरी स्थानीय रूपमा समाधानका उपयाहरू खोजी जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने ।

५.१० सिमसार व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायको साथै संघ/संस्थाको प्रतिनिधित्व गर्न गराउन आवश्यक कानूनी एवं प्रशासनिक व्यवस्था तर्जुमा गर्ने ।

**६. सिमसारको वर्गिकरण र व्यवस्थापन नीति**

व्यवस्थापनको दृष्टिकोणले वर्तमान अवस्थामा नेपालमा सिमसारहरु तीन प्रकारका रहेका छन् । ती निम्नानुसार छन् :-

क) संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रभित्रका सिमसार

ख) संरक्षित क्षेत्र वाहिरका सरकारी एवं सार्वजनिक सिमसार

ग) निजी क्षेत्रभित्रका सिमसार

६.१ संरक्षित क्षेत्र[२♠] र मध्यवर्ती क्षेत्रभित्रका सिमसार, संरक्षित क्षेत्रबाहिर रहेका सरकारी एवं सार्वजनिक सिमसार एवं निजी सिमसारको अवस्था के कस्तो रहेको छ र तुलनात्मक रूपमा राम्रो संरक्षण र व्यवस्थापन कहाँ भएको छ भन्ने बारेमा नियमित रूपमा अध्ययन गराउने ।

६.२ राष्ट्रिय निकुञ्ज एवं आरक्षभित्र रहेका सिमसारको व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागद्वारा नै गर्ने गराउने ।

६.३ संरक्षण क्षेत्रभित्र रहेका सिमसारलाई व्यवस्थापनको जिम्मेवारी भएका निकायहरूद्वारा नै संरक्षण एवं व्यवस्थापन गर्ने गराउने ।

६.४ हाल सिमसारको व्यवस्थापन कुनै एक निर्दिष्ट निकायबाट नभइ भिन्दा भिन्दै निकायबाट हुने गरेको सन्दर्भमा सम्बन्धित निकायहरूको अधिकार र क्षेत्राधिकारलाई समन्वय गरी सिमसार व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक कानूनी व्यवस्था तर्जुमा गर्ने ।

६.५ संरक्षित क्षेत्र बाहिर रहेका सार्वजनिक सिमसार क्षेत्रहरूको संरक्षण र व्यवस्थापनलाई प्रभावकारी एवं चुस्त बनाउनका लागि कबुलियत सिमसार, सामुदायिक सिमसार, निजी व्यवस्थापन सिमसार र संयुक्त व्यवस्थापन सिमसार जस्ता विभिन्न नमूनाहरू निर्धारण गरी उपयुक्त स्थानमा उपयुक्त नमूना आकर्षित गरी सिमसारको व्यवस्थापन गर्ने ।

६.६ मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा समेत स्थानीय समुदायको संलग्नतालाई अभिवृद्धि गरी युक्तिपूर्ण प्रयोगलाई बढावा दिने ।

---

[२♠] संरक्षित क्षेत्र भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रलाई जनाउँछ ।

६.७ निजी सिमसार अर्थात् व्यक्तिहरूको स्वामित्व रहेको जग्गामा भएका सिमसारलाई व्यक्तिगत सिमसारका रूपमा मान्यता दिँदै त्यस्ता सिमसारका धनीहरूलाई प्राविधिक एवं व्यवस्थापन क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक तालीम र प्राविधिक सहयोग प्रदान गरी सिमसारको प्रयोग, आनुवंशिक स्रोतहरूको संरक्षण र प्रयोग, जीव एवं प्राणीहरूको संरक्षण, जलाश्रित पन्छीहरूको संरक्षण र सिमसारको युक्तिपूर्ण र दिगो प्रयोगलाई नियमित र व्यवस्थित गर्ने ।

६.८ निजी सिमसारको संरक्षणलाई सुनिश्चित गर्न सिमसारको भू उपयोग परिवर्तन गर्ने वा सिमसार नष्ट गर्ने वा प्रतिकूल प्रभाव पार्ने जस्ता कार्यलाई हतोत्साहित गर्ने ।

६.९ सिमसारमा आश्रित स्थानिय समुदायहरुलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायौचित बांडफांड गर्नका लागि आवश्यक व्यवस्था गर्ने वा

६.१० सिमसारको संरक्षण सम्बन्धि बहुआयामिक नमूनालाई प्रोत्साहन गर्न र बढावा दिन संरक्षण सम्बन्धी एकीकृत कार्य योजना तर्जुमा गरी लागू गर्ने ।

**७. सिमसारको युक्तिपूर्ण प्रयोग सम्बन्धि नीति**

मानवजातिको हितका लागि पारिस्थितिक प्रणालीको प्राकृतिक सम्पदालाई जगेर्ना गर्न सिमसारको युक्तिपूर्ण र दिगो प्रयोग गर्नु पर्दछ । रामसारमा सूचीकृत भएका वा नभएका सबै सिमसार क्षेत्रहरूको संरक्षण र व्यवस्थापनका लागि युक्तिपूर्ण प्रयोग गर्ने तौरतरिका लागू हुन्छ । युक्तिपूर्ण प्रयोगको नीतिले सिमसारका स्रोतहरूको विवेकपूर्ण, सोचपूर्ण र बुद्धिमतापूर्ण उपयोग गर्न जोड पुऱ्याउँदछ । युक्तिपूर्ण प्रयोगको यस नीतिले निम्न पक्षहरूलाई आत्मसात गर्दछ :

७.१ सिमसारसम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क सूचि तयार गर्ने,

७.२ सिमसार व्यवस्थापन र युक्तिपूर्ण प्रयोगसम्बन्धी आधारभूत सूचना एवं तथ्याङ्कहरू संकलन गरी सिमसारको महत्व र फाइदाहरूको पहिचान गर्ने,

७.३ महत्वपूर्ण सिमसार क्षेत्रहरूलाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक अवस्थाका आधारमा मान्यता र प्राथमिकता दिने,

७.४ सिमसारबाट उपलब्ध स्रोतहरूको दिगो उपयोग र यसको संरक्षणलाई बढावा दिने किसिमका आयोजनाका लागि रकम छुट्याउने,

७.५ सिमसारलाई दुरुपयोग वा अतिउपयोग हुनबाट जोगाई चराचुरूङ्गी, जीवजन्तु र वनस्पतिलाई संरक्षण गर्ने ।

७.६ सिमसार क्षेत्र वरिपरि हुने विकास निर्माणका क्रियाकलाप र कार्यक्रमहरू स्वीकृत गर्नु अगाडि प्रचलित कानून वमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने ।

७.७ सिमसार क्षेत्र वरिपरि हुने विकासका क्रियाकलाप र कार्यक्रमहरूलाई नियमित रूपमा अनुगमन गरी वातावरणीय संरक्षण भएको कुरालाई सुनिश्चित गर्ने ।

**८. चेतना अभिवृद्धि सम्बन्धि नीति**

८.१ सिमसार क्षेत्रमा बसोबास गरिरहेका समुदायमा संरक्षणसम्बन्धी चेतना अभिवृद्धि गर्न आवश्यक कार्यक्रम तयार गरी सो कार्यक्रमलाई स्थानीय समुदायका साथै व्यापारी, उद्योगपति, राजनीतिज्ञ र कानून कार्यान्वयन गर्ने निकाय एवं सरोकारका पक्षहरू समक्ष पनि लैजाने ।

८.२ स्थानीय समुदायले आफ्नो आवश्यकता पूरा गर्ने सिलसिलामा सिमसारका स्रोतहरूको अत्यधिक दोहन गर्न सक्ने सम्भावनालाई मध्यनजर राखी सोको नियन्त्रण गर्न चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गराउने ।

८.३ सिमसार संरक्षण र व्यवस्थापनका दृष्टिकोणले प्रमुख ठहरिएका सरोकारवालाहरूको पहिचान गरी सिमसारबाट हुने फाइदा, यसका विविध कार्य र महत्वका बारेमा उनीहरूलाई जानकारी दिई जागरूक तुल्याउने ।

८.४ सिमसार र सिमसारका स्रोतको युक्तिपूर्ण प्रयोग र संरक्षणको सफलता स्थानीय बासिन्दाहरूको सक्रिय सहभागितामाथि निर्भर गर्ने भएकाले स्थानीय बासिन्दा खासगरि सिमसार क्षेत्र वरिपरि बसोबास भई सिमसार बाट आ-आफ्नो जिविकोपार्जन गर्ने जनजाति (जस्तैः माझी) का पुरुष तथा महिला वर्गहरूलाई सिमसारका स्रोतहरूको युक्तिपूर्ण प्रयोग गर्ने सम्बन्धमा सक्रिय रूपमा सहभागी हुन सचेत र सक्षम बनाउने ।

८.५ स्थानीय जनतालाई सिमसार सम्बन्धी कानूनी एवं प्रशासनीक तौरतरिका एवं सिमसारको पारिस्थितिकिय प्रणाली (Ecosystem) को महत्वका बारेमा जानकारी प्रदान गराउन र चेतना जगाउन स्थानीय निकाय, शैक्षिक एवं अन्य निजी सघ संस्था र सञ्चार माध्यमलाई सक्रिय भूमिका निभाउन प्रोत्साहन गर्ने ।

८.६ सिमसारसम्बन्धी सूचना, तथ्याङ्क, नीति, कानून, नक्सा तथा श्रव्यदृश्य आदिको माध्यमबाट प्रचार प्रसार गर्ने ।

९. **मिचाहा प्रजातिलाई रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्ने**

९.१ सिमसार क्षेत्रको जैविक विविधता एवं रैथाने प्रजातिलाई नष्ट गर्ने, विस्थापित गर्ने र अतिक्रमण गर्ने खालका मिचाहा प्रजातिका जीवजन्तु, बिरुवा, जिवाणु, वंशाणुगत रूपमा परिवर्तित जिवाणु एवं जीवित रूपमा परिवर्तित जिवाणुलाई देशभित्र प्रवेश गर्न नदिन, प्रवेश भएकालाई नियन्त्रण, रोकथाम र व्यवस्थापन गर्ने दिशामा ठोस र आवश्यक कार्य गर्ने ।

**१०. सिमसार व्यवस्थापन सम्बन्धि संस्थागत नीति**

१०.१ सिमसार संरक्षण र व्यवस्थापनका लागि उत्तरदायि निकायहरू र तिनको क्षेत्राधिकार सुनिश्चित एवं सामञ्जस्य गर्नका लागि सिमसार सम्बन्धि ऐन, नियम र निर्देशिका तर्जुमा गर्ने ।

१०.२ सिमसारको प्रभावकारी संरक्षण र युक्तिपूर्ण प्रयोगका लागि सिमसार क्षेत्रलाई निम्न रूपमा व्यवस्थापन गर्ने गराउने ।

१०.२.१ समुदायद्वारा व्यवस्थित सिमसार,

१०.२.२ निजी सिमसार,

१०.२.३ कबुलियत सिमसार,

१०.२.४ संयुक्त व्यवस्थापन सिमसार,

१०.२.५ धार्मिक सिमसार, र

१०.२.६ राज्यद्वारा व्यवस्थित सिमसार ।

**११. सिमसार प्रतिकूल कार्य रोक लगाउने नीति**

११.१ सिमसारलाई लोप गराउने, मास्ने, व्यवधान श्रृजना गर्ने जस्ता कारणहरु पत्ता लगाई तिनको निराकरण गर्ने ।

११.२ पानी कम गर्ने वा सुकाउने, पानी बगेर आउने श्रोत बन्द गर्ने वा अन्यत्र स्थानमा लैजाने, भू–क्षय गराउने, परम्परागत प्रयोगमा ह्रास गराउने, सिमसारलाई कृषि योग्य जमीनमा परिवर्तन गर्ने वा नगदे बाली लगाउने,

सिमसार वरिपरि अनियन्त्रित रुपमा उद्योग व्यवसाय गर्ने, उत्खनन कार्य गर्ने, भूमिगत जलश्रोत निकाल्ने र अति चरिचरन गर्ने जस्ता विभिन्न कार्यबाट सिमसार उपर पर्ने असरलाई मध्यनजर गरी रोक लगाउने वा हतोत्साही गर्ने ।

११.३ सिमसार क्षेत्रमा रसायनिक एवं घरायसी फोहर मैला फाल्न, औद्योगिक निकाश गर्न, विषादी प्रयोग गर्न, विद्युत्तिय तरंग प्रयोग गर्न र विस्फोटक पदार्थ आदि फाल्न रोक लगाउने ।

११.४ श्री ५ को सरकारले ऐन नियम तर्जुमा गरी सिमसार वरिपरिको तोकेको क्षेत्रमा वातावरण प्रतिकूल कार्यलाई निरुत्साहित गर्ने ।

११.५ निजी सिमसार क्षेत्रलाई संरक्षण गर्न प्रोत्साहन गर्न सुविधाहरुको (Incentives) को व्यवस्था गर्ने ।

**१२. मासिएका एवं मासिने खतरामा पुगेका सिमसार सम्बन्धी नीति**

१२.१ मासिएका सिमसार पत्ता लगाई त्यस्ता सिमसारलाई पुर्नस्थापना गर्नका लागि आवश्यक कार्यहरु कार्यान्वयन गर्ने, गराउने ।

१२.२ स्थानीय समुदाय र स्थानीय निकायको संलग्नता अभिवृद्धि गर्दै मासिएका सिमसारको पुनःर्स्थापनका लागि विशेष कार्यक्रमहरू निर्धारण गरी सञ्चालन गर्ने ।

१२.३ मासिने खतरामा पुगेका सिमसारहरु पहिचान गरी त्यस्ता सिमसारलाई जगेर्ना, सुधार एवं संरक्षण गर्न आवश्यक पर्ने कार्यहरु गर्ने, गराउने ।

**१३. सिमसारको संरक्षण र व्यवस्थापनका लागि तत्काल गरिने कार्यहरू**

१३.१ सिमसारको संरक्षण, व्यवस्थापन र युक्तिपूर्ण प्रयोगका लागि विशेष ऐन, नियम र निर्देशिका तर्जुमा गर्ने ।

१३.२ रामसार सूचिमा सूचिकृत गर्न योग्य सिमसारहरूको पहिचान गरि सूचिकृत गराउन पहल गर्ने ।

१३.३ नेपालमा भएका सिमसारहरूको तथ्याङ्क सूचि (Inventory) तयार गरी सिमसारलाई प्राथमिकरण गरी क्रमशः सिमसार व्यवस्थापन कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

१३.४ सिमसारको दिगो विकासका लागि आवश्यक सामुदायिक, आन्तरिक तथा बाह्य आर्थिक सहयोग जुटाउन आवश्यक व्यवस्था गर्ने ।

१३.५ सिमसारको संरक्षण र व्यवस्थापन सम्बन्धि स्थानीय सीप, ज्ञान र प्रविधिलाई बौद्धिक सम्पत्ति कानून अनुसार संरक्षण गर्न पहल गर्ने ।

**१४. सिमसारको संरक्षण र व्यवस्थापनका लागि गरिने भावी कार्यहरू**

१४.१ व्यवस्थापन एवं संरक्षणका दृष्टिकोणले अति महत्वपूर्ण तर रामसार क्षेत्रका रूपमा घोषणा नभएका सिमसार क्षेत्रहरूलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा चिनाउने र रामसारमा सूचिकृत गर्दै जाने ।

१४.२ अति विशिष्ट एवं सङ्कटग्रस्त सिमसारक्षेत्रको पहिचान गरी संरक्षण गर्न प्राथमिकता दिने ।

१४.३ सिमसारको संरक्षण र व्यवस्थापनका नमूना तयार गरी सिमसार क्षेत्रको विकास गर्ने ।

१४.४ ग्रामिण जनजीवन र तौरतरिका अनुसार सिमसारका स्रोतहरूको व्यवस्थापन गर्न स्थानीय समुदायहरूलाई नै केन्द्रविन्दु बनाउने ।

१४.५ भौगोलिक रूपले सिमसार क्षेत्रको अस्तित्व यसै क्षेत्र वरिपरि वा यसको उपल्लो भेगको जलाधार क्षेत्रले निर्धारण गर्ने भएकाले त्यस्ता जलाधार क्षेत्रलाई कायम राख्ने, सोको दोहनलाई कम गर्ने र रोक्ने दिशामा आवश्यक पहल गर्ने ।

१४.६ भूमिगत पानीको दोहनलाई नियोजित गर्ने र जल प्रदूषण रोक्ने ।

१४.७ सिमसारको उचित व्यवस्थापनका लागि समन्वयात्मक संस्थाको विकास गर्ने ।

१४.८ सिमसार क्षेत्रमा रहेको जैविक विविधता नष्ट हुन नदिन आवश्यक कदम चाल्ने ।

१४.९ पर्वतीय क्षेत्रहरूमा रहेका जलकुण्ड, जलाशय र अन्य सिमसार क्षेत्रहरूको व्यवस्थापन गर्न जोड दिने ।

१४.१० अन्तर्राष्ट्रिय सिमा क्षेत्रमा रहेका सिमसार क्षेत्रहरूको प्रभावकारी संरक्षण र व्यवस्थापनका लागि सम्बन्धित मुलुकसंग समन्वय गरी संरक्षण तथा व्यवस्थापन गर्ने ।

१४.११ देशका सरकारी एवं निजी विद्यालय र विश्वविद्यालयका पाठ्य सामग्रीमा सिमसारको संरक्षण, यसको दिगो विकास र यसबाट हुने लाभको वितरणलाई समाविष्ट गर्ने ।

१४.१२ सिमसार सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम अनौपचारिक क्षेत्र एवं स्थानीय जनता माझ पुऱ्याउने ।

१४.१३ सिमसार सम्बन्धी ज्ञानलाई बढी प्रभावकारी बनाउनको निम्ति आवश्यक श्रव्य दृश्य एवं अन्य साधनको विकास र विस्तार गरी प्रचार प्रसार गर्ने ।

१४.१४ देशमा भएका सम्पूर्ण सिमसारको जानकारी उपलब्ध गराउन सक्ने किसिमको सिमसार सूचना केन्द्रको विकास गर्ने ।

१४.१५ ग्रामीण क्षेत्रमा सम्भव भएसम्म स–साना सिमसार सूचना केन्द्रहरूको स्थापना गरी त्यहा चित्रहरू, पोष्टरहरू, पाठ्यक्रम पाठ्यपुस्तकहरू र अन्य श्रव्य दृश्यका साधनहरू क्रमशः उपलब्ध गराउँदै जाने ।

१४.१६ देशको विभिन्न भागमा सिमसारसम्बन्धी गोष्ठी, तालिम र छलफल जस्ता कार्यक्रमहरू आयोजना गर्दै स्थानीय निकाय, स्थानीय गैरसरकारी संस्था, जनसाधारण र निजी निकायमा रहेका निर्णयकर्ताहरूलाई सिमसार संरक्षण व्यवस्थापन र युक्तिपूर्ण प्रयोग सम्बन्धमा ज्ञान, सिप र तालीम प्रदान गरी सिमसार संरक्षण गर्न प्रोत्साहित गर्ने ।

१४.१७ सिमसारको संरक्षण र व्यवस्थापनका लागि समुदाय आफैले आवश्यक स्रोत जुटाउन सक्ने किसिमबाट क्षमता अभिवृद्धि कार्यक्रमको विकास गर्ने ।

१४.१८ महिलावर्गले चालु गरेका सिमसारसंग सम्बन्धित गैरसरकारी संघ संस्थाहरूलाई मद्धत गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने र महिलावर्गको सिमसार संरक्षणमा रहने भूमिकालाई प्रश्रय दिने ।

१४.१९ स्थानीय व्यक्तिलाई प्रत्यक्ष लाभ दिने, उनीहरूको जीवनस्तर उकास्ने किसिमका सिमसार संरक्षणसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

१४.२० सिमसार संरक्षण र व्यवस्थापनमा जनतालाई उत्साहित गर्न आयमूलक कार्यक्रमहरू विकास एवं सञ्चालन गर्दै जाने ।

१४.२१ सिमसार संरक्षण, व्यवस्थापन र यसका जैविक स्रोतहरूको दिगो प्रयोगको बारेमा स्थानीय जनताको सिप तथा ज्ञानलाई वैज्ञानिक रूपले सुधार गरी अघि बढाउने र नयां सिप र ज्ञानलाई आवश्यक कार्यक्रमहरू बनाई विकास र प्रयोग गर्ने ।

१४.२२ आवधिक मूल्याङ्कन प्रगति विवरण संगसंगै सिमसार संरक्षण र व्यवस्थापनको प्रभाव र परिणामबारे अनुगमन गर्ने ।

१४.२३ सिमसार क्षेत्रको अनुसन्धान कार्य गर्नका लागि विभिन्न सरकारी एवं गैरसरकारी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थालाई प्रोत्साहन गर्ने ।

१४.२४ श्री ५ को सरकार वन तथा भू–संरक्षण मन्त्रालय अन्तर्गत रहेको सिमसार सूचना केन्द्रका तथ्याङ्कलाई दुरुस्त राख्ने ।

१४.२५ राष्ट्रियस्तरका सिमसारहरूको सूचना प्रणालीलाई गुणात्मक एवं परिमाणात्मक रूपमा अभिवृद्धि गर्दै लैजाने ।

१४.२६ सिमसारको संरक्षण र दिगो विकासका लागि आवश्यक पर्ने आर्थिक स्रोत व्यवस्था गर्न "सिमसार संरक्षण कोष" व्यवस्था गर्ने ।

१४.२७ सिमसार संरक्षण कार्यलाई प्रोत्साहनको लागि आर्थिक लगायत अन्य आवश्यक सहयोग जुटाउने ।

१४.२८ सिमसारको संरक्षण र व्यवस्थापनका परियोजनामाथि लगानी गर्न सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संस्थाहरूलाई प्रोत्साहन गर्ने ।

१४.२९ आर्थिक एवं वित्तीय नीतिलाई सिमसार नीतिसंग सुहाउने किसिमबाट विकास गरी सिमसारबाट सम्बन्धित कर, राजश्व उठाउने ।

१४.३० सिमसार संरक्षण एवं व्यवस्थापनका लागि दीर्घकालीन रूपमा आन्तरिक स्रोत परिचालन गर्ने तर्फ जोड दिने ।

१४.३१ स्थानीय जनता वा उपभोक्ता समूहले सिमसारको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरेवापत निश्चित समयसम्म आर्जित आय उपर आयकर सुविधा दिई मूल्य अभिवृद्धि कर लगायतका अन्य कर ऐनहरूमार्फत आवश्यक सुविधा र सहुलियत प्रदान गर्ने ।

१४.३२ उपभोक्ता समूहहरूको भूमिका र महत्वलाई बुझी सिमसारको व्यवस्थापन, संरक्षण एवं दिगो विकासका बारेमा निर्माण गरिने योजना एवं एकीकृत विकास आयोजनाहरूमा त्यस्ता स्थानीय उपभोक्ता समूहको भूमिका अभिवृद्धि गर्ने ।

१४.३३ सिमसारसंग सम्वन्धित ऐनहरुको समिक्षा गरी तिनीहरुमा रहेका द्विविधा, बाधा अडचन फुकाउन नीतिगत तहमा छलफल गराई आवश्यक सुधार गर्ने र सिमसार संरक्षण तथा व्यवस्थापनको लागि छुट्टै कानूनको तर्जुमा गर्ने ।

# संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं संचालन सम्बन्धि कार्यनीति, २०६५

म.प. बाट स्वीकृति मिति २०६५।१२।२०

**पृष्ठभूमि** :

जैविक विविधताको हिसाबले धनी राष्ट्र नेपालमा राष्ट्रको समुन्नतिका लागि भौतिक पूर्वाधारहरुको निर्माण अपरिहार्य छ । विकास आयोजनाहरुका निर्माणबाट पर्ने नकरात्मक वातावरणीय प्रभावहरुबाट प्राकृतिक सुन्दरता र जैविक विविधतालाई जोगाउनु पनि आवश्यक छ । भौतिक पूर्वाधारहरुको निर्माण गर्दा आर्थिक-प्राविधिक दृष्टिकोणले अर्को उपयुक्त विकल्प नहुने अवस्था पनि देखा परेका छन् । यस किसिमका विरोधाभास पूर्ण समस्याहरुको न्यूनिकरण गर्न जैविक विविधता संरक्षण र दिगो विकासको मूल्य र मान्यतालाई अनुसरण गर्दै संरक्षित क्षेत्रभित्र वातावरण अनुकूल जलविद्युत उत्पादन गर्ने लगायतका भौतिक पूर्वाधारहरुको निर्माण एवं संचालन गर्नु आजको आवश्यकता छ ।

**जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि वर्तमान कानुनी व्यवस्था** :

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

यो ऐनको दफा ६(१) मा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरिहितको निमित्त नेपाल सरकार स्वयम वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटेल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

२. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

यो नियमावलीको नियम १७ (घ) मा "मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी खोला वा पानीको स्रोतमा कुनै हानिकारक विषादी वा विष्फोटक पदार्थहरु प्रयोग गर्न" निषेध गरेको छ तर जलविद्युत उत्पादन लगायतका भौतिक पूर्वाधारहरुको निर्माण कार्य गर्न निषेध गरेको छैन ।

३. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३

यो नियमावलीको नियम ३९ मा "संरक्षण क्षेत्र भित्रको जलस्रोतको उपयोग गर्ने सम्बन्धमा कारवाही गर्नुपूर्व वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिनु पर्नेछ" भनी उल्लेख भएको छ ।

४. वातावरण संरक्षण ऐन, २०५३

यो ऐनमा प्रस्तावित आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याँकन गर्नु पर्ने कानूनी व्यवस्था गरेको छ ।

५. वातावरण संरक्षण नियमावली, २०५४

यस नियमावलीको नियम ३ ले प्रस्तावित आयोजनाको आकार प्रकारको आधारमा वर्गीकरण गरी अनुसूची-१ मा उल्लेख भएका कार्यहरुको प्रारम्भिक वातावरणीय परिक्षण र अनुसूची-२ मा उल्लेख भएका कार्यहरुको वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने भनी तोकेको छ । (वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा कुनै प्रस्तावित आयोजना कार्यान्वयन गर्ने भएमा आयोजनाको आकार प्रकारलाई आधार मानी वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने अनुसूची-२ को (७) मा उल्लेख छ) ।

**कार्यनीतिको उद्धेश्य** :

क. जैविक विविधता र प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिने गरी संरक्षित क्षेत्रभित्र जलविद्युत उत्पादन लगायतका भौतिक पूर्वाधारहरुको निर्माण तथा संचालनमा निजी तथा सरकारी क्षेत्रबाट गरी राष्ट्रको उन्नतिमा टेवा पुऱ्याउने ।

ख. संरक्षित क्षेत्रभित्र निर्माण तथा संचालनमा रहेका र यसपछि निर्माण तथा संचालन हुने भौतिक पूर्वाधारहरुको निर्माण र संचालनमा एकरुपता कायम गर्ने ।

ग. संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनको लागि थप आर्थिक तथा प्राविधिक स्रोत जुटाउने ।

***नोट :*** *संरक्षित क्षेत्र भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष (वन्यजन्तु आरक्ष, शिकार आरक्ष), संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रलाई जनाउँदछ ।*

**कार्यनीतिको प्रयोग गर्नुपर्ने अवस्था :**

क. राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रको सिमानामा भौतिक पूर्वाधार निर्माण तथा संचालन गर्न तथा उक्त क्षेत्र भई वग्ने नदी/खोलाहरुबाट जलविद्युत लगायतका अन्य भौतिक पूर्वाधारहरु निर्माण र संचालन गर्ने क्रममा भौतिक पूर्वाधारहरुको सम्भाब्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न सहमति दिनु परेमा ।

ख. "वातावरण संरक्षण ऐन, २०५३" र वातावरण संरक्षण नियमावली, २०५४" अनुसार प्रस्तावित आयोजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याँकन प्रतिवेदन स्विकृति भै कार्यान्वयन गर्न सकिने भनी प्रस्ताव गरिएका आयोजनाहरुको निर्माण गर्ने स्विकृति दिनु परेमा ।

ग. राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्र भित्र वैकल्पिक ईन्धनको रुपमा जलविद्युत उत्पादन गर्ने लगायतका अन्य भौतिक पूर्वाधारहरुको निर्माण तथा संचालन गर्नु परेमा ।

**कार्यनितिहरु :**

१. नेपाल सरकारको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु बाहेक अन्य आयोजना संचालन गर्न राष्ट्रिय निकुञ्ज, आरक्ष संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको जग्गा उपलब्ध गराईने छैन । राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हो भनी खुलाइएको पत्र साथै राखी उपरोक्त क्षेत्र माग गर्नु पर्दछ । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हो/होइन भन्ने निर्णय नेपाल सरकार (मन्त्रिपरिषद्) वाट हुनेछ ।

२. राष्ट्रिय निकुञ्ज/आरक्षको सिमानामा पर्ने नदी/खोलाको पानी प्रयोग गरी जलविद्युत उत्पादन गर्ने आयोजनाहरुलाई अधिकांश निर्माणका संरचनाहरु राष्ट्रिय निकुञ्ज र आरक्षको सिमाना बाहिर पार्ने, उक्त नदी/खोलामा हुने Monthly dischsarge को कम्तिमा १०% (दश प्रतिशत) पानी अनिवार्य छाड्ने र विद्युत उत्पादन गर्न तयार गरिने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले तोकेको परिमाणको पानी आयोजना निर्माण र संचालन गर्दा छाड्ने शर्तमा मात्र अनुमति दिइनेछ ।

३. आयोजनाको सम्भाब्यता अध्ययन शुरु गर्दा देखि नै सकभर निकुञ्ज/आरक्ष नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नु पर्नेछ । राष्ट्रिय निकुञ्ज/आरक्ष नै प्रयोग गर्नुपर्ने अवस्था पर्न आएमा विकल्पहरुको निर्धारण गरी अति आवश्यक पर्ने न्यूनतम राष्ट्रिय निकुञ्ज/आरक्षको क्षेत्र मात्र उपलब्ध गराइनेछ । राष्ट्रिय निकुञ्ज/आरक्षको सिमानाभित्र नदी/खोला थुन्दा वा फर्काउँदा उक्त नदी/खोलामा Monthly Discharge को कम्तिमा ५०% (पचास प्रतिशत) प्राकृतिक प्रवाह (Natural Flow) हुने गरी निर्वाध खुल्ला छाड्नु पर्नेछ ।

४. राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरुको सिमानाभन्दा बाहिरबाट बगी राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रभित्र आउने नदी/खोलाको पानी प्रयोग गरी अधिकाँश निर्माणका संरचनाहरु राष्ट्रिय निकुञ्ज र आरक्षको सिमाना बाहिर पर्ने गरी जलविद्युत उत्पादन गर्ने आयोजनाहरुको निर्माण र संचालन गरी Monthly Discharge को कम्तिमा १०% (दश प्रतिशत) पानी अनिवार्य छाड्ने र विद्युत उत्पादन गर्न तयार गरिने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकेको परिमाणको पानी आयोजना निर्माण र संचालन गर्दा छाड्ने शर्तमा मात्र अनुमति दिइनेछ ।

५. राष्ट्रिय निकुञ्ज र आरक्षभित्र सम्पूर्ण संरचना पर्ने गरी विद्युत लगायतका कुनै संरचना बनाउन पाइने छैन तर स्थानीय उपभोक्ताहरुको हितको लागि १ मेघावाट भन्दा कम क्षमताको (राष्ट्रिय प्रसारण लाईनमा जोड्न नपाउने शर्तमा) विद्युत उत्पादन गर्न सहमति दिन सकिनेछ । यसरी विद्युत उत्पादन गर्न नदी/खोला थुन्दा वा फर्काउंदा उक्त नदी/खोलामा Monthly discharge को कम्तिमा ५०% (पचास प्रतिशत) प्राकृतिक प्रवाह (Natural flow) हुने गरी निर्वाध खुल्ला छाड्नु पर्नेछ ।

६. राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रभित्र वा सिमानामा बग्ने नदी /खोलाहरुमा सम्भावित जलविद्यतु आयोजनाहरुको संभाव्यता अध्ययन तथा निर्माण गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र सो अन्तर्गत बनेका नियमावलीहरुको अधिनमा रही गर्नु पर्नेछ । पूर्व स्वीकृति लिनुपर्ने हकमा वन तथा भू-संरक्षण मन्त्रालयले ४५ दिनभित्र निर्णय दिनेछ ।

७. जलविद्युत प्रवर्द्धकहरुले जलविद्यतु उत्पादन शुरु गरेपछि सरकारलाई बुझाउने राजश्वको १०% (दश प्रतिशत) रोयल्टी वातावरणीय संरक्षण र सामुदायिक विकासका लागि सम्वन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको राजश्व खातामा र संरक्षण क्षेत्रको हकमा सम्बन्धित कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ ।

८. प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरुमा निर्दिष्ट गरेको प्रभाव न्यूनिकरणका उपायहरु प्रवर्द्धकले आफ्नै श्रोत साधनबाट अवलम्बन गरे/नगरेको सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालय, जलस्रोत मन्त्रालय, विद्यतु विकास विभाग (अन्य सम्बन्धित मन्त्रालय तथा विभाग) र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट नियमित वार्षिक अनुगमन हुनेछ ।

९. वातावरण संरक्षण गर्ने दृष्टिकोणले प्रत्येक एक रुख काटिएको वा हटाइको बदलामा २५ रुखहरु रोप्ने र हुर्काउने कार्य अनिवार्य रुपमा प्रवर्द्धकले गर्नु पर्नेछ ।

१०. राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने सरकारी जग्गामा आयोजनाको भौतिक संरचनाले ओगट्ने क्षेत्रफल बराबरको जग्गामा प्रवर्द्धकले आफ्नै खर्चमा सम्बन्धित कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार र संरक्षण गरी सम्बन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । प्रवर्द्धक आफैले वृक्षारोपण र संरक्षण गर्न नसकेमा वृक्षारोपण गर्न र पाँच वर्षसम्म संरक्षण र स्याहारसम्भार गर्न लाग्ने लागत अनुसारको रकम सम्वन्धित कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र सम्बन्धित कार्यालयले सो अनुसार वृक्षारोपण तथा संरक्षण कार्य गर्नेछ ।

११. आयोजना निर्माण गर्दा लाग्ने वन पैदावारहरु जस्तै माटो, बालुवा, गिट्टी, काठ, दाउरा, ढुङ्गा आदिको राजश्व वन नियमावली, २०५१ ले तोकेको दरमा सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. आयोजना निर्माण र संचालन गर्न राष्ट्रिय निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र कार्यालयका प्राविधिक, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका प्रतिनिधि र सम्बन्धित आयोजनाका संचालन समेत रहने गरी एक संयन्त्र बनाई अनुगमन गर्नु पर्नेछ ।

१३. जलविद्युत बाहेक अन्य भौतिक पूर्वाधारहरुको निर्माण तथा संचालन गर्नु परेमा यस कार्यनीतिको अतिरिक्त वन तथा भू-संरक्षण मन्त्रालयले तोकेको अन्य कार्यनीतिहरु पनि पालना गर्नु पर्नेछ ।

१४. सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्षको व्यवस्थापन योजनामा परेका भौतिक पूर्वाधारहरु निर्माण गर्ने कार्यको हकमा यो कार्यनीति आकर्षित हुनेछैन ।

**विवाद निरुपणः**

यो कार्यनीति कार्यान्वयन गर्दा पर्न आउने विवाद तथा समस्याहरुको अन्तिम निर्णय नेपाल सरकार (मं.प.) बाट हुनेछ ।

# निर्देशिका

# मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय निकुञ्ज निकुञ्ज तथा आरक्षको दिगो संरक्षणमा सघाउ पुऱ्याउन मध्यवर्ती क्षेत्रको प्राकृतिक सम्पदाको सतत् उपयोग र संरक्षणका साथ साथै मध्यवर्ती क्षेत्रका स्थानीय जनताको सामुदायिक विकासका कार्यक्रमहरु उपभोक्ता मार्फत् प्रभावकारी र सुचारु रुपले संचालन गर्नको लागि श्री ५ को सरकारले निम्नानुसारको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम तथा प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६" रहनेछ ।

(ख) यो निर्देशिका वन तथा भू-संरक्षण मन्त्रालयको स्वीकृति भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ सम्झनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ सम्झनु पर्छ ।

(घ) "संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्ज/आरक्ष र सो निकुञ्ज/आरक्षको मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न श्री ५ को सरकारबाट नियुक्त प्रमुख संरक्षण अधिकृत वा संरक्षण अधिकृत वा सहायक संरक्षण अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समूह" भन्नाले नियम १० मा उल्लेखित उपभोक्ता समितिहरुको काम, कर्तव्यलाई सरल, व्यवहारिक र प्रभावकारी बनाउन मध्यवर्ती क्षेत्रका इकाई अन्तरगतका गाँउ, टोल वा बस्तीका प्रत्येक घरधुरीबाट प्रतिनिधित्व हुने व्यक्तिहरुको समूहलाई सम्झनु पर्छ ।

(च) "उप-समिति" भन्नाले दफा १३ को उप-दफा (१) बमोजिम गठन हुने उप-समितिलाई सम्झनु पर्छ ।

(छ) "मध्यवर्ती क्षेत्र" भन्नाले ऐनको दफा ३ क बमेजिम घोषणा भएको राष्ट्रिय निकुञ्ज वा आरक्षको वरिपरिको मध्यवर्ती क्षेत्र र सो दफाले मध्यवर्ती क्षेत्र भनि छुट्याएको राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र अवस्थित गाउँ, बस्ती टोल समेतलाई जनाउँछ ।

(ज) "मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति" भन्नाले नियमावलीको नियम २६ (३) अनुसार गठन हुने समितिलाई सम्झनु पर्छ ।

(झ) "गाँउ टोल वा बस्ती" भन्नाले मध्यवर्ती क्षेत्रभित्र परेका कुनै गा.वि.स.वा न.पा. वडा अन्तर्गत कुनै निश्चित क्षेत्रमा अवस्थित घरधुरीहरुको समष्टिगत स्वरुपलाई जनाउँछ ।

(ञ) "इकाई" भन्नाले मध्यवर्ती क्षेत्रको समुचित संरक्षण, व्यवस्थापन तथा मध्यवर्ती क्षेत्रका स्थानीय जनताको सामुदायिक विकास गर्नका लागि नियम ४ बमोजिम छुट्याइएको मध्यवर्ती क्षेत्रको इकाईलाई सम्झनु पर्छ ।

३. **मध्यवर्ती क्षेत्र सम्बन्धी व्यवस्थाः**

(१) राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्र वरिपरिका प्रभावित क्षेत्र वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र अवस्थित गाउँ, बस्ती, टोलहरुलाई मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गर्ने क्रममा नियमावलीको नियम ३ मा उल्लेख भएका आधारका अतिरिक्त, मध्यवर्ती क्षेत्रको उद्देश्य प्राप्तिलाई अझ प्रभावकारी र उपलब्धीमूलक बनाउन निम्न कुराहरुलाई समेत विशेष ध्यान दिनु पर्नेछ ।

(क) मध्यवर्ती क्षेत्रको सिमाना कायम गर्दा कुनै टोल, गाउँ, बस्ती वा वडाको कुनै क्षेत्र परेमा सम्भव भएसम्म सो गाउँ, नगर वा वडाको पूरै क्षेत्र मध्यवर्ती क्षेत्रमा समावेश गर्ने ।

(ख) खण्ड (क) मा उल्लेखित गाँउ, नगर वा वडाको सिमावर्ती क्षेत्रमा अवस्थित जैविक विविधता संरक्षणको साथै पर्या-पर्यटन (Eco-tourism) विकासका लागि संभावित क्षेत्रलाई समावेश गर्ने दृष्टिकोणले महत्वपूर्ण क्षेत्रलाई पनि समावेश गर्ने ।

(ग) मध्यवर्ती क्षेत्र घोषणा गर्ने सिलसिलामा राष्ट्रिय निकुञ्ज तथा आरक्षको कारणबाट प्रभावित हुनसक्ने क्षेत्र (Impact Zone) निर्धारण गर्दा निम्न आधारलाई पनि लिन सकिने छ ।

(१) निकुञ्ज वा आरक्षको वन पैदावारको उपयोगको प्रतिवन्धबाट प्रत्यक्ष रुपमा प्रभावित हुन पुगेका क्षेत्र ।

(२) निकुञ्ज वा आरक्षमा चरिचरण गराउन प्रतिबन्धबाट प्रत्यक्ष रुपमा प्रभावित क्षेत्र ।

(३) निकुञ्ज वा आरक्षका वन्यजन्तुबाट नियमिति वा आंशिक रुपमा हुने हानी नोक्सानीबाट प्रत्यक्ष रुपमा प्रभावित क्षेत्र ।

**४. इकाई विभाजन सम्बन्धी व्यवस्थाः**

(१) नियम ४ (१) र ४ (२) बमोजिम इकाई विभाजन गर्दा सो क्षेत्रको सामाजिक, भौगोलिक तथा प्राकृतिक स्रोतको साथ साथै जैविक विविधताको संरक्षणलाई आधार मानी निम्न कुराहरुलाई समेत ध्यान दिनु पर्नेछ ।

(क) मध्यवर्ती क्षेत्रमा अवस्थित गाँउ/नगर, बस्ती वा टोलको स्थिति,

(ख) प्राकृतिक सम्पदा खासगरी वन पैदावारको उपलब्धता तथा उपयोगको सम्भावना,

(ग) सो क्षेत्रको जनसंख्या र समुदायको स्वरुप,

(घ) भौगोलिक स्थिति, दुरी, पहुंच तथा अन्य दृष्टिकोणले सामुहिक हितका लागि सो क्षेत्र, इकाई भित्रका बासिन्दाहरुलाई एकै ठाउँमा भेला गराउन सकिने संभावना,

(ङ) मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति गठनका लागि अनुकूल र व्यवस्थित संख्यामा प्रतिनिधित्व कायम गराउन सकिने संभावना ।

(२) उपदफा (१) मा उल्लेखित कुराहरुलाई ध्यानमा राखेर मध्यवर्ती क्षेत्रको इकाई विभाजन गर्दा एउटा मध्यवर्ती क्षेत्रमा बढीमा २१ वटासम्म इकाई रहने गरी इकाई विभाजन गर्नु पर्दछ ।

**५. उपभोक्ता समूहको कार्य योजनाः**

(१) उपभोक्ता समूहले आफ्नो क्षेत्रमा गरिने प्राकृतिक स्रोतको संरक्षण, सामुदायिक विकास कार्यक्रम एवं वन पैदावारको उपयोग समेतका कार्यक्रम संचालन गर्नका लागि कार्य योजना तयार गर्दा निम्नानुसारका कार्यक्रम स्पष्ट रुपमा देखिने गरी कार्यक्रम र बजेट छुट्याई कार्य योजना तयार गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| (क) | संरक्षण कार्यक्रम | ३० प्रतिशत |
| (ख) | सामुदायिक विकास कार्यक्रम | ३० प्रतिशत |
| (ग) | आयआर्जन तथा सीप विकास कार्यक्रम | २० प्रतिशत |
| (घ) | संरक्षण शिक्षा कार्यक्रम | १० प्रतिशत |
| (ङ) | प्रशासनिक खर्च | १० प्रतिशत |

(२) उप-दफा (१) बमोजिम समूहले आफ्नो कार्य योजना तर्जुमा गर्दा समूहका सदस्यहरुको बैठक बोलाई आफ्नो क्षेत्रमा संचालन गर्नु पर्ने सामुदायिक विकास एवं संरक्षणमूलक कार्यक्रमका बारेमा छलफल गरी उनीहरुबाट राय, सुझाव संकलन गरी कार्य योजना तयार गर्नु पर्दछ र त्यस्तो कार्य योजनामा समावेश गर्ने कार्यक्रम तथा आयोजनाको बारेमा सकभर सर्वसम्मत आधारमा छनौट गराई तयार गर्नु पर्नेछ ।

(३) उप-दफा (२) बमेजिम तयार गरिएको कार्य योजना समूहबाट पारित गरिएको कुरा समूहको निर्णय कापीमा उतार गरी उपस्थिति सवै समूहका सदस्यरुको सहीछाप गराई अभिलेख राख्नु पर्दछ र तयार गरिएको कार्य योजना सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिम पेश हुन आएका समूहहरुको कार्य योजनाहरुलाई समितिले एकत्रित कार्य योजना तयार गरी कार्यक्रम स्वीकृतिका लागि संरक्षक समक्ष पेश गर्नु पर्नेछ र त्यसरी पेश गरिएको कार्य योजना अनुसार लगत इष्टिमेट आवश्यक पर्ने कार्यक्रमको लागि लगत इष्टिमेट समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(५) उपभोक्ता समूह गठन भई आ-आफ्नो कार्य योजना बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा पर्न सक्ने अप्ठेरा, द्विविधा आदिलाई हटाउनको लागि संरक्षकले समय समयमा कर्मचारी पठाई सम्पर्क कायम गरी आवश्यक राय सुझाव दिनु पर्नेछ ।

(६) कार्य योजना बनाउंदा आफ्नो क्षेत्रमा संचालन हुने सामुदायिक विकास कार्यक्रम र संरक्षण कार्यक्रम स्पष्ट रुपमा झल्कने गरी ५ वर्षको लागि बनाउनु पर्नेछ । त्यसरी ५ वर्षको लागि कार्य योजना बनाउंदा प्रत्येक आर्थिक वर्षको कार्यक्रम र बजेट छुट्टा छुट्टै देखिने गरी बनाउनु पर्नेछ ।

(७) उपभोक्ता समूहहरुले तयार गर्नुपर्ने कार्य योजनामा समावेश हुनुपर्ने कुराहरु र ढांचा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजनाः**

(१) संरक्षकले नियम ५ बोमोजिम मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजना तयार गर्दा नियम ४ बमोजिम विभाजन भएका इकाईहरुका समितिहरुबाट प्रस्तुत गरिएको कार्य योजनालाई आधार मानी मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम कार्य योजना तयार गर्दा संरक्षकले नियमावलीको नियम ५ को उप-नियम (२) मा उल्लेखित विषयवस्तुको बारेमा नक्शा, तथ्यांक, विवरण लगायत तत्सम्बन्धमा अन्य आवश्यक सूचनाहरु संकलन गरी सोलाई समेत कार्य योजनामा समावेश गर्नु पर्नेछ ।

(३) दफा (१) र (२) बमोजिम क्रमशः संकलन भएका कार्य योजना र विवरणका सम्बन्धमा मध्यवर्ती क्षेत्रमा कार्य गर्न खटिएका कर्मचारी समेतको सहयोग लिई सम्पूर्ण मध्यवर्ती क्षेत्रलाई समेटी कार्यान्वयन गर्न सरल, व्यावहारिक र एकरुपता कायम हुने गरी व्यवस्थापन कार्य योजना तयार गर्नु पर्नेछ ।

**७. मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजनामा संशोधनः**

(१) संरक्षकले नियमावलीको नियम ६ वमोजिम व्यवस्थापन कार्य योजना संशोधन गर्नु परेमा सो संशोधन गर्नु अघि उपभोक्ता समितिहरुलाई संशोधन प्रस्तावको मस्यौदा १-१ प्रति उपलब्ध गराई समितिको राय, सुझाव पेश गर्न ३० दिनको म्याद दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम प्राप्त हुन आएको संशोधन प्रस्तावमाथि छलफल गर्नको लागि समितिले ७ दिनको समय दिई आफ्नो इकाईको उपभोक्ता समूहहरुका तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरुको बैठक बोलाई सो संशोधन प्रस्ताव माथि व्यापक छलफल गराई राय सुझाव संकलन गरी संरक्षक समक्ष पेश गर्नु पर्दछ ।

(३) संरक्षकले उप-दफा (२) वमोजिम प्रस्तुत हुन आएका राय सुझावहरुका सम्बन्धमा समितिहरुसंग बसी छलफल गर्नु पर्ने आवश्यकता देखेमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको बैठक बोलाई व्यवस्थापन कार्य योजना संशोधन गर्नु परेको कारण तथा त्यसको महत्वको बारेमा उपभोक्ता समितिहरुलाई अवगत गराई सो माथि छलफल गरी उनीहरुको लिखित सुझावहरु संकलन गरी सो संकलित सुझावहरुलाई समेत दृष्टिगत गरी संशोधन प्रस्ताव विभाग समक्ष पेश गर्नु पर्दछ ।

८. **उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः**

(१) उपभोक्ता समितिले नियमावली र यस निर्देशिका बमोजिम आफ्नो क्षेत्रको प्राकृतिक स्रोतको संरक्षण, सामुदायिक विकास, वन पैदावारको उपयोग समेतका लागि आफ्नो क्षेत्रमा गठन भएका उपभोक्ता समूहहरु मार्फत कार्यक्रमहरु संचालन गर्न समूह र परिषद् बीच माध्यमकर्ताको रुपमा कार्य गर्नेछ ।

(२) संरक्षकले नियमावलीको नियम ८ अनुसार उपभोक्ता समितिहरुको गठन गर्दा नियम ४ बमोजिम विभाजन गरिएका इकाईहरुमा एक-एक वटा उपभोक्ता समिति कायम रहने गरी गठन गर्नु पर्नेछ । सो समिति गठन गर्नुअघि उक्त इकाईमा यस निर्देशिकाको दफा १२ अनुसार उपभोक्ता समूह गठन गर्नु पर्नेछ ।

(३) उपभोक्ता समितिका पदाधिकारीको चयन गरिंदा देहायका कुनै व्यक्ति समितिको पदाधिकारीहरुका लागि चयन हुन सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) १८ वर्ष उमेर नपुगेको ।

ग) मगज बिग्रेको ।

घ) नैतिक पतन सम्बन्धी अभियोगमा अदालतबाट सजांय पाएको ।

ङ) समितिको हित विपरित काम, कारवाही गरेको प्रमाणित भएको ।

(च) मध्यवर्ती क्षेत्रभित्र स्थायी रुपमा बसोबास नगरेको व्यक्ति ।

(छ) समितिको दुई तिहाई सदस्यहरुको बहुमतले समितिबाट हटाइएको व्यक्ति ।

४. संरक्षकले आफ्नो इकाईमा उपभोक्ता समूह गठन भई व्यवस्थापन कार्य योजना गर्ने एवं उपभोक्ता समूहको कार्य योजना कार्यान्वयन गर्ने क्रममा उपभोक्ता समूहहरुलाई सरल, व्यवहारिक र सक्षम बनाउनको निमित्त आवश्यक तालीम, अन्तरक्रिया, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्नेछ। उक्त तालीम, अन्तर क्रिया, अध्ययन भ्रमण आदि गराउंदा लाग्ने खर्च सम्बन्धित उपभोक्ता समूहको कोषबाट व्यहोरिनेछ

५. नियम ९ बमोजिम उपभोक्ता समितिको दर्ता गर्दा अनुसूची-२ वमोजिमको उपभोक्ता समितिको विधान संलग्न रहेको हुनुपर्छ । उक्त विधान बनाउन संरक्षकले वा निजले खटाएको व्यक्तिले सहयोग गर्नु पर्नेछ ।

६. उपभोक्ता समितिमा रहने पदाधिकारीहरुको पदीय दायित्व उपभोक्ता समितिको विधानमा उल्लेख गरे बमोजिम हुनेछ ।

७. उपभोक्ता समितिको पदाधिकारीको छनौट उपभोक्ता समूहहरुबाट प्रतिनिधित्व गर्ने एक-एक जना महिला र पुरुष प्रतिनिधिहरुबाट हुनेछ । प्रत्येक उपभोक्ता समितिका अन्य गठन विधि अनुसूची-३ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(८) उपभोक्ता समितिको पदावधि सकिनु कम्तिमा तीन महिना अघि नयां समितिको पदाधिकारीहरुको चयन गर्नु पर्नेछ ।

९. उपदफा (८) बमोजिम गठन भएको नयां समितिलाई पुरानो समितिले आफ्नो पदावधि समाप्त भएको एक महिना भित्र बुझ बुझारथ गर्नु पर्नेछ ।

## ९. उपभोक्ता समितिको कार्य योजनमा:

(१) कार्य योजना बनाउंदा आफ्नो क्षेत्रमा संचालन हुने सामुदायिक विकास कार्यक्रम र संरक्षण कार्यक्रम स्पष्ट रुपमा झल्किने गरी ५ वर्षको लागि बनाउनु पर्नेछ। त्यसरी कार्यक्रम बनाउंदा प्रत्येक आर्थिक वर्षको लागि वार्षिक रुपमा कार्यान्वयन गरिने कार्यक्रमहरु छुट्टाछुट्टै देखिने गरी तयार गर्नु पर्नेछ । समितिको कार्य योजना नै समूहको एकिकृत कार्य योजना हुनेछ ।

(२) उपभोक्ता समिति गठन भई आ-आफ्नो कार्य योजना बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा पर्नसक्ने अप्ठेरा, द्विविधा आदिलाई हटाउनको निमित्त संरक्षकले समय समयमा कर्मचारी खटाई पठाई सम्पर्क कायम गरी आवश्यक राय सुझाव दिनु पर्नेछ ।

## १०. उपभोक्ता समितिको बैठक र निर्णय:

(१) नियम १२ बमोजिम बैठक गर्दा अध्यक्षले बैठक गर्ने मिति, समय र के विषयमा बैठक गरिन लागेको हो सोको सूची समेतको विवरण तयार गरी समितिका सबै पदाधिकारीहरुलाई कम्तिमा ७ दिन अगावै पुग्ने गरी लिखित रुपमा जानकारी दिनु पर्नेछ। त्यस्तो विवरणको एक प्रति सबैले देख्ने सार्वजनिक स्थानमा पनि टाँस गर्नु पर्नेछ ।

(२) बैठक बसेपछि बैठकमा छलफल भएका विषय, सो सम्बन्धमा भएका निर्णयहरु निर्णय उतार पुस्तिकामा उतार गरी सोमा उपस्थित पदाधिकारीहरु सवैको दस्तखत गराई समितिको सचिवको जिम्मामा सो निर्णय उतार पुस्तिका सुरक्षित साथ राख्नु पर्नेछ। बैठकको निर्णयको निर्णय उतार पुस्तिका सुरक्षित साथ राख्नु पर्नेछ। बैठकको निर्णयको निर्णय उतार पुस्तिकामा स्रेस्ता राख्ने नमूना अनुसूची- ४ मा दिइएको छ ।

(३) उपदफा (२) बमोजिम बसेको बैठकमा आफ्नो क्षेत्रमा संचालित आयोजनाको प्रगति समीक्षा, भावी कार्यक्रम, कमी कमजोरी, खर्च विवरण आदि समेत पेश गरी छलफल गर्नु पर्नेछ ।

(४) उपभोक्ता समितिको बैठकमा आमन्त्रित प्रतिनिधिको रुपमा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) नियम १२ बमोजिम अध्यक्षले उपभोक्ता समितिको बैठक बोलाउंदा हरेक ३-३ महिनामा ननघाई कम्तिमा वर्षको ४ पटक हुने गरी बैठक बोलाउनु पर्नेछ ।

(६) उप-दफा (५) बमोजिम वोलाउनु पर्ने बैठक अध्यक्षले उप-दफा (१) वमोजिम नबोलाएमा समितिका एक चौथाई सदस्यदले समितिको बैठक बोलाउने निर्णय गरी समितिको बैठक बोलाउन सक्नेछ ।

## ११. उपभोक्ता समितिको लेखा परीक्षण:

(१) नियम १६ बमोजिम संरक्षकले उपभोक्ता समितिको लेखा परीक्षण गर्ने व्यक्ति खटाउँदा इजाजत प्राप्त लेखा परीक्षकलाई खटाउनु पर्छ । लेखा परीक्षक खटाउँदा सकभर स्थानीय व्यक्ति वा फर्मलाई प्राथमिकता दिनु पर्दछ ।

(२) उपभोक्ता समितिको लेखा परीक्षण गर्न आउने लेखा परीक्षकलाई पारिश्रमिक सम्बन्धित समितिको कोषबाट व्यहोर्नु पर्नेछ र सो को लागि चाहिने बजेट समितिले आफ्नो कार्य योजनामा समावेश गर्नु पर्नेछ ।

(३) लेखा परीक्षक प्रतिवेदन १ प्रति संरक्षक पेश गर्नु पर्नेछ ।

**१२. उपभोक्ता समूह सम्बन्धी व्यवस्था:**

(१) संरक्षकले नियमावलीको नियम १० मा उल्लेखित उपभोक्ता समितिको काम, कर्तव्यहरुलाई बढी व्यवस्थित र विकेन्द्रीत गरी सरल र प्रभावकारी बनाउनको साथ साथै नियम २१, २२, २४, २७, २९ र ३० मा उल्लेखित उपभोक्ता समितिका जिम्मेवारी उपभोक्ता समूहमार्फत् प्रभावकारी किसिमबाट कार्यक्रम संचालन गर्नको लागि मध्यवर्ती क्षेत्रका इकाईहरुमा अवस्थित गाँउ, टोल, वा बस्तीहरुमा उपभोक्ताहरुलाई अनुकूल हुने गरी सम्भव भएसम्म महिला तथा पुरुषको समानुपातिक प्रतिनिधित्व हुने गरी उपभोक्ता समूहरु गठन गर्न सकिनेछ ।

(२) उप-दफा (१) वमोजिम गठन गरिने उपभोक्ता समूहको सदस्यमा समूहले ओगटेको गाउँ टोल वा बस्तीमा अवस्थित प्रत्येक घर धुरीबाट एक-एक जना वयस्क प्रतिनिधिका दरले प्रतिनिधित्व गराउनु पर्नेछ ।

(३) उपभोक्ता समूहहरुले आफ्नो क्षेत्रमा संचालन हुने सामुदायिक विकास आयोजना एवं मध्यवर्ती क्षेत्रसंग सम्बन्धित आयोजना/कार्यक्रम, आय आर्जन तथा वचत कार्यक्रम संचालनको लागि समूहका तर्फबाट जिम्मेवारी वहन गर्नको निमित्त एकजना अध्यक्ष, एकजना उपाध्यक्ष र एक जना सचिवको चयन गर्नेछन् ।

(४) अध्यक्ष, उपाध्यक्ष र सचिवले समूहको दैनिक कार्य संचालको लागि र समूहद्वारा गरिएको निर्णयहरुको कार्यान्वनको लागि कार्यकारी प्रतिनिधिको रुपमा कार्य गर्ने, समूहको कामको अभिलेख राख्ने, खाता संचालन गर्ने जस्ता कार्य गर्नेछन् ।

(५) समूहले आफ्नो क्षेत्रमा संचालन गर्ने आयोजना संचालनको लागि प्राप्त रकमलाई समूहको नाममा सम्भव भएसम्म बैंकमा खाता खोली रकमको परिचालन गर्नु पर्दछ ।

(६) समूहको नाँउमा बैंकमा खोलिएको खाता संचालन समूहको अध्यक्ष वा उपाध्यक्ष र सचिवले संयुक्त रुपमा गर्नेछन् ।

(७) कार्यक्रम संचालनको लागि समूहले खर्च गरेको हिसाब किताब सम्बन्धित इकाईको उपभोक्ता समितिलाई प्रत्येक चार-चार महिनामा बुझाउनु पर्दछ ।

(८) आफ्नो क्षेत्रको मध्यवर्ती क्षेत्र इकाईमा गठन हुने उपभोक्ता समितिमा प्रतिनिधित्व गर्नका लागि समूहले समूहको अध्यक्ष, उपाध्यक्ष वा सचिव मध्ये २ जनालाई पठाउनु पर्दछ ।

(९) उपभोक्ता समूहको बैठक प्रत्येक दुई दुई हप्तामा एक पटक अनिवार्य रुपमा बसाल्नु पर्दछ ।

(१०) उपभोक्ता समूहको बैठक समूहका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(११) उप-दफा (९) र (१०) वमोजिम बैठक नबोलाएमा समूहका सदस्य संख्याको २५ प्रतिशतले बैठक बोलाउने निर्णय गरी बैठक बोलाउन सक्नेछ ।

(१२) समूहको बैठकमा सम्भव भएसम्म समूहको सबै सदस्यहरुको अनिवार्य उपस्थिति हुनु पर्नेछ ।

(१३) समूहको बैठकको निर्णय सकभर सर्वसम्मतबाट हुनेछ ।

(१४) बैठकको निर्णयमा उपस्थित सदस्यहरुले हस्ताक्षर गर्नु पर्दछ र सोलाई अध्यक्ष वा उपाध्यक्ष र सचिवले प्रमाणित गर्नु पर्दछ ।

(१५) समूहले आफ्नो वैठकमा आवश्कयता अनुसार सम्बन्धित निकुञ्ज वा आरक्षका प्रतिनिधिहरुलाई पनि पर्यवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ ।

(१६) समूहको वैधानिकताको लागि समूहको विधान अनुसार समूहलाई सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(१७) समूहले आफ्नो सदस्यहरुबाट साप्ताहिक रुपमा सबैलाई मान्य हुने रकम वचत संकलन तथा संकलित रकम लगानी गर्न सक्नेछ ।

(१८) प्रत्येक अढाई-अढाई वर्षमा समूहको अध्यक्ष, उपाध्यक्ष वा सचिवको निर्वाचन हुनेछ ।

(१९) इकाईमा गठन भएका उपभोक्ता समूह मध्ये समान उद्देश्यका लागि गठन भएका समूहले आपसी हित र विकासका लागि सहकारीमूलक समूह गठन गर्न सक्ने छन् ।

(२०) समूह गठन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुसूची-५ मा दिइएको छ ।

(२१) उप-दफा (१) वमोजिम गठन हुने समूहको गठन विधि काम, कर्तव्य, अधिकार समूहका सदस्यहरु स्वयंले निर्धारण गरे वमोजिम हुनेछ ।

**१३. उप-समिति सम्बन्धी व्यवस्थाः**

(१) नियम १० मा उल्लेखित कार्य सुचारु रुपले संचालन गर्ने गराउने कार्यको अतिरिक्त कुनै खास खास आयोजना वा कार्यक्रमहरु संचालन गर्न गराउनका लागि नियम ११ वमोजिम छुट्टै उप-समिति पनि गठन गर्न सकिनेछ । उदाहरणका लागि वन व्यवस्थापन उप समिति, कुलो निर्माण तथा संचालन उप-समिति, चरिचरण व्यवस्थापन उप-समिति, पर्यटन व्यवस्थापन उप-समिति आदि ।

(२) उप-दफा (१) बमोजिम उप-समितिहरु गठन गरिदा संचालन हुने आयोजना एक वा एकभन्दा बढी उपभोक्ता समूह वा उपभोक्ता समितिको क्षेत्रमा सामुहिक रुपमा सेवा पुग्ने आयोजना भएमा ती सबै समूह वा समितिको पुरुष तथा महिलाको समानुपातिक प्रतिनिधित्व हुने गरी संयुक्त उप-समिति गठन गर्न सकिने छ ।

(३) उप-दफा (२) वमोजिम गठन गरिने उप-समितिहरुमा कम्तिमा एक जना अध्यक्ष र एक जना सचिव र हनेछ । अध्यक्ष तथा सचिवको मनोनयन यथासक्य सर्वसम्मत रुपमा आपसी सहमतिद्वारा गरिनेछ ।

(४) उप-समितिहरुले संचालन गर्ने आयोजनाको दीर्घकालीन संरक्षण तथा संचालनका लागि सो आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ता समूहहरुबाट निर्णय गराई सेवा शुल्क, मर्मत संभार शुल्क जस्ता शुल्क तोकी असूल गर्न वा श्रमदान जुटाउन श्रम दिन तोक्न सक्नेछ ।

(५) उप-समितिहरुले आफूले संचालन गर्ने आयोजनाको लागि प्राप्त रकम लगायत सेवा शुल्क, मर्मत संभार शुल्क आदि संचालनको लागि मर्मत संभार कोष खडा गरी उप-समितिको नाँउमा बैंकमा खाता खोली कोष संचालन गर्नु पर्दछ । मर्मतसम्भार कोषमा अध्यक्ष तथा सचिवको संयुक्त दस्तखतबाट खाता संचालन गर्नु पर्दछ ।

(६) उप-समितिको बैठक हरेकमहिना कम्तिमा एकपटक बस्नेछ। सो बैठकमा संचालित आयोजनाबाट लाभान्वित हुने सम्पूर्ण उपभोक्ता समूहहरुलाई आमन्त्रण गर्नु पर्नेछ र उक्त बैठकमा उप-समितिबाट भए गरेका काम कारवाहीको समिक्षा लगायत भावि योजनाको बारेमा उपभोक्ताहरुलाई जानकारी दिनु पर्दछ ।

(७) उप-समितिको बैठकमा सकेसम्म सम्बन्धित सबै उपभोक्ता समूहका प्रतिनिधित्व हुनु पर्नेछ ।

(८) उप-समितिको बैठकको निर्णय यथासक्य सर्वसम्मत हुनेछ ।

(९) बैठकको निर्णयमा उपस्थित उपसमितिका उपभोक्ताहरुको दस्तखत गराउनु पर्दछ । सो निर्णयलाई अध्यक्ष र सचिवले प्रमाणित गर्नु पर्दछ ।

(१०) उप-समितिले आफूले संचालन गरेका आयोजना सम्बन्धी सम्पूर्ण कागजात, तथ्यांक, विवरण, उपभोक्ताहरुको उपस्थित संख्या, हर हिसाब आदि राख्नु पर्दछ ।

(११) उप-समिति गठन गर्दा अध्यक्ष वा सचिव मध्ये कम्तिमा एक जना महिला तथा पिछडिएको वर्गको प्रतिनिधित्व गराउनु पर्दछ ।

(१२) उप-समिति कुन प्रयोजनको लागि गठन गरिएको हो सो र उप-समितिका पदाधिकारीको नाम, उपसमितिको अधिकार तथा कर्तव्य आदिका बारेमा यथाशिघ्र संरक्षकलाई जानकारी उपलब्ध गराउनु पर्दछ ।

**१४. वन विकास सम्बन्धी व्यवस्थाः**

(१) नियम २१ बमोजिम उपभोक्ता समितिहरुलाई सुम्पन भनी नियम ५ अनुसार मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजनामा छुट्याएको मध्यवर्ती सामुदायिक वन संरक्षकले वास्तविक उपभोक्ता समूहहरुको पहिचान गरी ती वन क्षेत्रहरु सम्बन्धित उपभोक्ता समूहहरुलाई समिति मार्फत् हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उप-दफा (१) वमोजिम समितिमार्फत् समूहलाई मध्यवर्ती सामुदायिक वन हस्तान्तरण गर्दा सम्बन्धित निकुञ्ज/आरक्ष, समिति र समूह बीच उक्त वन संरक्षण तथा व्यवस्थापन गर्ने विषयमा त्रिपक्षीय सम्झौता गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उप-दफा (२) बमोजिम छुट्याइएको वन क्षेत्र एक उपभोक्ता समितिभन्दा बढी उपभोक्ता समिति वा समूहरुहको इलाकामा र एकभन्दा बढी उपभोक्ता समितिले वा समूहले व्यवस्थापन गर्न माग गर्न सक्ने संभावना भएमा उक्त वन क्षेत्रलाई अलग अलग समिति वा समूहहरुलाई हस्तान्तरण गर्न दिन व्यवस्थापन र संरक्षणको दृष्टिकोणले सम्भव भए नभएको भन्ने विषयमा आवश्यक नक्सा, तथ्यांक एवं विवरण संकलन गरी सम्भव भएसम्म एउटा समूहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(४) एउटै वन क्षेत्र दुई वा दुईभन्दा बढी उपभोक्ता समिति वा समूहबाट माग गरेमा व्यवस्थापन र संरक्षणको दृष्टिकोणबाट दुई वा दुईभन्दा बढी उपभोक्ता समिति वा समूहहरुलाई सो वन क्षेत्र हस्तान्तरण गर्न उपयुक्त भएमा संरक्षण तथा व्यवस्थापनका लागि स्पष्ट जिम्मेवारीहरु तोकी हस्तान्तरण गर्नु पर्दछ ।

(५) उपदफा (४) वमोजिम उक्त वन क्षेत्र दुई वा दुई भन्दा बढी उपभोक्ता समिति/समूहहरुलाई व्यवस्थापन र संरक्षणको दृष्टिकोणले हस्तान्तरण गर्न संभव नभएमा संरक्षकले सो वन क्षेत्र माग गर्ने उपभोक्ता समिति वा समूहहरुको बैठक बोलाई सम्भव भएसम्म सो क्षेत्रको व्यवस्थापन र संरक्षण गर्नको लागि उपर्युक्त समिति वा समूहलाई हस्तान्तरण गर्न सहमत गराउनु पर्दछ । सो सम्भव नभएमा ती उपभोक्ता समिति वा समूहहरुको समानुपातिक प्रतिनिधित्व र समानुपातिक रुपमा लाभ पाउने गरी एक संयुक्त उप-समिति गठन गर्न लगाई सोही उप-समिति मार्फत् सो वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न लगाउनु पर्दछ ।

(६) उपदफा (५) वमोजिम उप-समिति गठन भएमा सो उप-समितिलाई हस्तान्तरण हुने वन क्षेत्रको व्यवस्थापन संरक्षण र उपयोग गर्ने सम्बन्धमा पछिसम्म विवाद उत्पन्न नहुने परिस्थितिको सृजना गर्न आवश्यक शर्त तथा करारनामा गर्न लगाई संरक्षण तथा उपयोग गर्ने व्यवस्था गर्नु पर्दछ ।

(७) कुनै मध्यवर्ती सामुदायिक वन संरक्षण, व्यवस्थापन र उपयोग गर्नको लागि उपभोक्ता समितिले हस्तान्तरण गरी लिएको अवस्थामा सो समितिले सम्बन्धित वन रहेको क्षेत्रको उपभोक्ता समूहलाई संरक्षकको पूर्व स्वीकृति लिएर पुनः हस्तान्तरण गर्नु पर्नेछ । तर त्यसरी हस्तान्तरण गर्दा संरक्षकले उपभोक्ता समितिलाई सो वन क्षेत्रहरु हस्तान्तरण गर्दा साविकमा तोकेका शर्त तथा वन्देजहरुमा कुनै किसिमको तात्विक असर पार्न पाईने छैन ।

(८) नियम २२ बमोजिम मध्यवर्ती क्षेत्रभित्रका धार्मिक वन कुनै धार्मिक निकाय, समूह वा समुदायलाई हस्तान्तरण गर्ने सम्बन्धमा संरक्षकले उपदफा (१), (२) (३), (४), (५) र (६) वमोजिमकै व्यवस्थाहरुको अवलम्बन गर्नु पर्नेछ ।

**१५. सामुदायिक विकास सम्बन्धि व्यवस्थाः**

(१) नियम २६ वमोजिम मध्यवर्ती क्षेत्रको सामुदायिक विकास सम्बन्धि रकमको प्रतिशत निर्धारण मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा गर्नेछ र त्यसरी मन्त्रालयले प्रतिशत निर्धारण गर्दा प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र निर्धारण गरी सक्नु पर्नेछ ।

(२) मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको लागि नियमावलीको नियम २६ (३) वमोजिम गठन भएको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले मध्यवर्ती क्षेत्रका इकाईहरुमा गठन भएका उपभोक्ता समितिलाई रकम बाँडफाँड गर्दा प्रत्येक आर्थिक वर्षमा बाँडफाँड गर्नु पर्दछ ।

(३) इकाईका उपभोक्ता समितिहरुले आ-आफ्नो क्षेत्रमा संचालन गरिने प्रस्तावित आयोजना आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रमहरुको लागि प्रत्येक वर्षको जेष्ठ महिनाभित्र संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(४) नियम २७ वमोजिम उपभोक्ता समितिले संचालन गर्ने सामुदायिक विकास निर्माणका लागि लगत इष्टिमेट, निर्माण, सुपरीवेक्षण जस्ता प्राविधिक सेवा उपलब्ध गराउन मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले आवश्यकतानुसार काम गर्ने गरी करारमा कर्मचारीहरु नियुक्ति गर्न र समिति/समूहहरुको कार्यक्रमहरु सुचारु रुपले संचालनका लागि टेवा पुऱ्याउन केही प्रतिशत रकम प्रशासनीक खर्चको रुपमा छुट्याउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम नियुक्त कर्मचारीहरुको सेवा लिए वापत उनीहरुलाई दिनुपर्ने पारिश्रमिक संचालन गरिने सम्बन्धित आयोजनाको खर्चबाट व्यहोर्नु पर्दछ ।

(६) उपदफा (५) वमोजिम छुट्याइएको रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको नाममा जम्मा गर्नु पर्दछ र समितिले सो रकम उप दफा (४) वमोजिम नियुक्त कर्मचारीको सेवा वापत पारिश्रमिक भुक्तानीको लागि खर्च गर्नु पर्दछ ।

(७) सामुदायिक विकासका लागि छुट्याइएको रकम उपभोक्ता समूहलाई स्वीकृत कार्य योजनामा खर्च गर्न रकम निकासा दिनुअघि संरक्षकले अनुसूची-६ को ढांचामा सम्बन्धित समूहसंग सम्झौता गरेर मात्र रकम अनुसूची-७ बमोजिमको शर्त पालना गर्ने गरी निकासा दिनु पर्नेछ ।

## १८. प्राथमिकताको आधारमा आयोजना छनौट गर्नुपर्नेः

(१) नियम २९ अनुसार स्थानीय जनताको आवश्यकता परिपूर्ति गर्ने र प्राकृतिक स्रोत संरक्षण गर्ने किसिमका आयोजना छनौट गर्दा निम्नानुसार प्राथमिकता दिनु पर्नेछ ।

(क) वन, वन्यजन्तु तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यवस्थापन

(ख) अन्य प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण

(ग) वैकल्पिक इन्धनको विकास

(घ) सामुदायिक विकास

१. ग्रामीण स्तरका उत्पादनमूलक स-साना भौतिक विकासका कार्यक्रम

२. आयमूलक कार्यक्रम

३. अन्य

(ङ) संरक्षण शिक्षा

१. श्रव्य दृश्य

२. पोष्टर, पम्प्लेट, पत्र-पत्रिका

३. तालीम, गोष्ठी, अध्ययन भ्रमण

४. अनौपचारिक शिक्षा

५. स्थानीय लोक साँस्कृतिक प्रवर्द्धन कार्यक्रम

(२) उपदफा (१) वमोजिम प्राथमिकता निर्धारण गर्दा आयोजना सम्पन्न हुन लाग्ने श्रम, पूँजी, सामग्री, समय र उक्त आयोजनाबाट स्थानीय उपभोक्तालाई प्रत्यक्ष फाईदा हुने, जनसहभागिता जुट्ने, स्थानीय उपभोक्ताको दैनिक जीवनलाई नभई नहुने, गाँउ घरमै श्रम पूंजी र सामग्री वा साधनबाट छिटै सम्पन्न गर्न सकिने र बढी उपलब्धिमूलक हुने कुराहरुलाई मनन गरी सोही अनुसारका आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उप दफा (१) र (२) बमोजिम प्राथमिकता निर्धारण छानिएका आयोजनाहरु उपभोक्ताहरुले छनौट गरी संचालन गर्दा उपलब्ध आर्थिक स्रोत र श्रमले कार्यान्वयन गर्न सम्भव नभएमा दोस्रो, तेस्रोलाई क्रमशः प्राथमिकता दिनु पर्नेछ ।

(४) समूहले आफ्नो कार्य योजना अनुसारको कार्यक्रम संचालन गर्दा अन्य स्रोतबाट पनि रकम जुटाई कार्यक्रम सम्पन्न गर्न सक्ने छन् ।

(५) उप-दफा (२), (३) र (४) वमोजिम छानिएका आयोजनाहरु मध्ये मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले मध्यवर्ती इकाईका कार्यक्रमहरुको लागि रकम बाँडफाँड गदा निकुञ्ज/आरक्षको सीमा क्षेत्रको नजिक र निकुञ्ज, आरक्षबाट बढी प्रभावित क्षेत्रमा संचालन हुने कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(६) समूहले आफ्नो क्षेत्रमा संचालन गर्ने आयोजनाहरुको लागतको कम्तिमा २५ प्रतिशत पूंजीगत सेवा वा श्रममूलक सेवा उपलब्ध गराउने गरी आयोजना प्रस्ताव गर्नु पर्दछ ।

(७) स्वीकृत कार्यक्रमको लागि प्राप्त रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको पूर्व स्वीकृत विना अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(८) समूहलाई कार्यक्रमहरु कार्यान्वयनको लागि प्राप्त रकम कार्यक्रम कार्यान्वयन गर्दा वचत हुन आएमा समूहले आफ्नो खातामा जम्मा गर्नु पर्दछ र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको स्वीकृति लिएर अन्य स्वीकृत कार्यक्रममा खर्च गर्न पाउने छ ।

**१७. मर्मत सम्भारको व्यवस्थाः**

(१) आफ्नो क्षेत्रमा सम्पन्न भएका आयोजनाहरुबाट प्राप्त सेवालाई निरन्तरता दिन र दीर्घकालसम्म चालू राख्नको लागि नियम १० र ३० बमोजिम सम्बन्धित समूह वा उप-समितिले आयोजनाबाट प्रत्यक्ष फाइदा पाउने उपभोक्ताहरुबाट मर्मत संभार खर्च असूल गर्नु पर्दछ ।

(२) उप दफा (१) वमोजिम मर्मत संभार अशुल गर्न तथा संभार व्यवस्था गर्दा अपनाउनु पर्ने कार्यविधि अनुसूची-८ मा दिइएको छ ।

**१८. जनसहभागिता तथा श्रमको परिचालनः**

नियम १० खण्ड (घ) वमोजिम उपभोक्ता समिति आफैले वा समूह वा उप-समितिबाट संचालित आयोजना सम्पन्न गर्दा लाग्ने जनसहभागिता र श्रमको परिचालन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुसूची-९ मा दिइएको छ ।

**१९. मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

(१) नियम २६ को उप नियम (३) वमोजिम मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको लागि रकम वितरण गर्न गठन हुने मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले रकम वितरण गर्नु अघि आवश्यकतानुसार पेश भएका कार्यक्रमहरुको सम्बन्धमा जाँचवुझ गर्न स्थलगत भ्रमण गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिमको समितिले अनुगमन टोली गठन गरी सामुदायिक विकासका लागि दिएको र कमबाट संचालन भएका आयोजनाहरुको प्रत्येक ४ महिनामा कम्तिमा एक पटक निरीक्षण तथा अनुगमन गर्नु पर्दछ ।

(३) उपदफा (२) वमोजिम निरीक्षणबाट देखिएको कमी कमजोरी, प्रगति तथा तत्सम्बन्धमा भए गरेका अन्य कामहरुको वारेमा १ प्रति प्रतिवेदन सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा र १ प्रति प्रतिवेदन मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(४) समितिको बैठक तीन महिनामा ननघाई कम्तिमा वर्षको ४ पटक अध्यक्ष वा समितिको एक तिहाई सदस्यले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) मध्यवर्ती क्षेत्रमा गठन हुनु पर्ने समितिहरु कुनै कारणवश उचित समय कुनै समिति वा समितिहरु गठन हुन नसकेको अवस्थामा मध्यवर्ती क्षेत्रमा त्यसरी गठन हुने उपभोक्ता समितिहरुको संख्याको पचहत्तर प्रतिशत उपभोक्ता समितिहरु गठन भै सकेको अवस्थामा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति गठन गर्न वाधा पर्ने छैन ।

**२०. अनुसन्धान सम्बन्धी व्यवस्थाः**

नियम ३६ वमोजिम अनुसन्धान कार्य गर्न चाहने विदेशी व्यक्ति वा संस्थालाई वन्यजन्तु, वनस्पति, स्थानीय जनता र प्राकृतिक स्रोत वीचको अन्तर सम्बन्ध, स्थानीय जनताको आर्थिक तथा सामाजिक अवस्था, मध्यवर्ती क्षेत्र र जनता वीचका सम्बन्ध जस्ता विषयहरुमा विभागले निर्धारण गरेको नीति अनुसार अनुसन्धान गर्न दिइने छ । त्यसरी अनुसन्धान गर्न दिंदा विभागले निम्न आधारमा दस्तुर तोक्नेछ ।

(क) अनुसन्धानको अवधि ।

(ख) श्री ५ को सरकारसंग सम्झौताको योजना अन्तर्गतको कार्यक्रम वा छुट्टै कार्यक्रम ।

(ग) श्री ५ को सरकार वा नेपालीको संलग्नता ।

(घ) अनुसन्धानको लागि लाग्ने खर्च व्यक्तिगत वा अन्य स्रोतबाट व्यहोरिने ।

(ङ) प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्धन गर्ने उद्देश्यबाट स्थापित संघ संस्थाहरुलाई अनुसन्धान शुल्क लाग्ने छैन ।

२१. **आयोजनाको हस्तान्तरणः**

(१) मध्यवर्ती क्षेत्रका इकाईहरुमा नियम १५ वमोजिमको कोषबाट संचालन भएका आयोजनाहरु वा अन्य दातृ संस्था वा स्रोतबाट संचालन र सम्पन्न भएका आयोजनाहरु सम्बन्धित उपभोक्ता समिति वा समूहलाई सम्बन्धित संस्थाले हस्तान्तरण गर्न सक्नेछ ।

(२) उप-दफा (१) वमोजिम हस्तान्तरण गरिने आयोजनाहरु हस्तान्तरण गर्नु अघि उक्त आयोजनाको सम्पूर्ण हर हिसाब तथा जिम्मेवारी फछ्र्यौट गरेरमात्र हस्तान्तरण गर्नु पर्नेछ । त्यसरी हस्तान्तरण गर्दा फर-फारक भए नभएको जाँचबुझ गर्न र फर-फारक गर्ने कार्यमा राय सल्लाह दिन सम्बन्धित संरक्षक वा निजले खटाएको प्रतिनिधि, समिति, उप-समिति र समूहका अध्यक्षहरु र सम्बन्धित विषयको एक जना प्राविधिक रहेको टोली गठन गर्न सकिनेछ ।

(३) उप-दफा (१) वमोजिम आयोजना हस्तान्तरण गर्नु अघि सम्बन्धित उपभोक्ता समिति वा समूहले उक्त आयो जना सुचारु रुपले संचालन, रेखदेख, मर्मत संभार तथा संरक्षण गर्ने स्पष्ट व्यवस्था मिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(४) सामुदायिक विकासका लागि प्राप्त रकमद्वारा निर्माण गरिएका कार्यक्रमहरुको निर्माण सम्पन्न भएपछि संरक्षकले खटाएको सम्बन्धित प्राविधिकबाट आवश्यक छानवीन गरी जाँच पास गरिनेछ ।

(५) समूह वा उप-समितिले आफ्नो क्षेत्रमा विकास निर्माण सम्बन्धी कार्यको लागि अन्य निकायबाट प्राप्त रकममा नियमावली वमोजिम सामुदायिक विकासका लागि प्राप्त हुने रकम समेत मिलाई सम्पन्न गर्न चाहे मा उक्त विकास निर्माणका कुन कार्यको लागि कति अंश व्यहोर्नु पर्ने हो सो स्पष्ट छुट्टिने गरी लगत इष्टिमेट गर्नु पर्दछ । जस्तो ज्याला वापत, निर्माण सामग्री खरीद वापत आदि ।

(६) आयोजना हस्तान्तरणको नमूना अनुसूची-१० मा उल्लेख गरे वमोजिम हुनेछ ।

२२. **मध्यवर्ती क्षेत्रमा संचालन हुने सेवाः**

(१) नियम ३३ वमोजिम मध्यवर्ती क्षेत्रमा स्थापना भई संचालन हुने सेवा व्यवसाय संचालन गर्दा स्वीकृत पर्यटन विकास योजना अनुसार संचालन गर्नु पर्नेछ ।

(२) संरक्षकले नियम ३३ बमोजिम मध्यवर्ती क्षेत्रमा संचालन हुने सेवा व्यवसायलाई व्यवस्थित गर्नका लागि व्यवसायिक आचरण (कोड अफ कण्डक्ट) वनाई मन्त्रालयबाट स्वीकृति प्राप्त गरी लागू गर्न सक्नेछ ।

(३) मध्यवर्ती क्षेत्रमा सेवा, व्यवसाय संचालन गर्न दिनु अघि सम्बन्धित उपभोक्ता समितिसंग समन्वय गरेर मात्र सेवा, व्यवसाय संचालन गर्ने स्वीकृति दिनु पर्नेछ ।

(४) नियम ३३ र यस दफा वमोजिम मध्यवर्ती क्षेत्रमा पर्यटन सेवा व्यवसाय संचालन गर्दा प्रचलित कानून वमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

२३. **सम्मिलित गर्न सकिने:**

यस निर्देशिकामा व्यवस्था भएका प्रावधान लागू गर्दा निर्देशिका लागू हुनुअघि स्थापना भई कार्यान्वयनमा रहेका उपभोक्ता समितिहरुको स्वरुप र कार्य क्षेत्रमा असर पर्न जाने भएमा संरक्षकले आवश्यकतानुसार सम्बन्धित समितिहरुसंग समन्वय कायम गरी दुई वा दुईभन्दा बढी उपभोक्ता समितिहरुलाई सम्मिलन गरी एउटा उपभोक्ता समिति कायम गर्न सक्नेछ ।

२४. **मध्यवर्ती क्षेत्रमा अन्य आयोजना संचालन:**

(१) मध्यवर्ती क्षेत्रमा अन्य कुनै सरकारी, स्थानीय वा बाह्य संघ, संस्थाले कुनै आयोजना संचालन गरिरहेको वा संचालन गर्ने निकायले आयोजना संचालन गर्नुअघि संरक्षक, सम्बन्धित क्षेत्रको उपभोक्ता समितिसंग सम्पर्क तथा समन्वय गरेर मात्र आयोजना संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम आयोजना संचालन गर्दा प्रचलित कानून वमोजिम श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिनु पर्ने भएमा सोही अनुसार मन्त्रालयको सहमति लिनु पर्नेछ ।

२५. **विविध:**

(१) उपभोक्ता समिति वा समूहलाई हस्तान्तरण गरिएको क्षेत्रको सार्वजनिक वा सरकारी जमीनमा अतिक्रमण भएमा सो अतिक्रमणलाई हटाई सो जमीनको सुरक्षा गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समूह वा समितिको हुनेछ । उपभोक्ता समिति वा समूहले आफ्नो क्षेत्रका सरकारी वा सार्वजनिक जमीनको सुरक्षाको लागि सहयोग मागेको अवस्थामा सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालय तथा स्थानीय प्रशासनले सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(२) नियमावली वमोजिम उपभोक्ता समिति वा समूहहरुलाई सुम्पिएको क्षेत्र वा मध्यवर्ती क्षेत्र वनमा कसैले पनि कुनै पनि किसिमको घर, छाप्रो, टहरा वा कुनै पनि किसिमले भौतिक वनावटहरु वनाउन पाईने छैन ।

(३) उप-दफा (१) र (२) विपरीतको कार्य गरेको पाइएमा सो कार्य गर्ने व्यक्तिलाई निजले अतिक्रमण गरेको जग्गाबाट हटाई घर, छाप्रो आदि बनाएको भएमा सो लाई भत्काई भत्काउन लागेको खर्च निजबाट असूल गर्नु पर्नेछ ।

(४) नियमावली वा निर्देशिकामा उल्लेखित आधारमा मध्यवर्ती क्षेत्रको घोषणा गर्दा साविकमा कुनै उपभोक्ता समूह वा समितिले उपयोग गरी आएको सामुदायिक वन क्षेत्र मध्यवर्ती क्षेत्रभित्र पर्न गएमा र सो प्रयोग गर्ने बासिन्दा मध्यवर्ती क्षेत्रभन्दा बाहिर पर्न गएको अवस्थामा सो वनको उपयोग उक्त समिति वा समूहले गर्न सक्नेछन् ।

(५) उपभोक्ता समिति वा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीको चयन सम्बन्धमा कुनै विवाद उठेमा त्यस्तो विवादको निर्णय संरक्षकले गर्नेछ । सो निर्णय उपर चित्त नबुझेमा महानिर्देशक समक्ष ३५ दिनभित्र पुनरावेदन दिन सकिनेछ र महानिर्देशकले दिएको निर्णय अन्तिम निर्णय हुनेछ ।

२६. **कार्य दिग्दर्शन बनाउन सकिने:**

संरक्षकले नियमावली तथा यस निर्देशिकामा उल्लेखित विषयगत् कार्यक्रमहरुलाई व्यवहारिक, सरल र स्पष्ट रुपमा कार्यान्वयन गर्नका लागि कार्य दिग्दर्शन तयार गरी विभागबाट स्वीकृत गराई आफ्नो क्षेत्रमा लागू गर्न सक्नेछ ।

**अनुसूची-१**

(दफा ५(७) संग सम्बन्धित)

**<u>उपभोक्ता समूहको कार्य योजना</u>**

१) उपभोक्ता समूहको नाम र ठेगानाः-

२) उपभोक्ता समूहको सिमानाः-

३) साधारण परिचय र नक्शाः-

- वन क्षेत्रहरु, बुट्यान क्षेत्र, घांसे मैदान र बाँझो जग्गा आदि ।
- कृषिजन्य भूमि ।
- सम्भावित वृक्षारोपण क्षेत्रहरु, सामुदायिक वन तथा चरिचरण क्षेत्रहरु ।
- पानीका श्रोतहरु जस्तैः नदी, खोला, ताल, पोखरी आदि ।
- विकासका पूर्वाधारहरु जस्तैः सडक, सिंचाई सुविधा, स्कूल, स्वास्थ्य चौकी, कृषि तथा पशु स्वास्थ्य सेवा केन्द्र, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु ।

४) उपभोक्ता समूहको लक्ष्य तथा उद्देश्यहरुः-

५) कार्यक्रम संचालनको लागि सामुदायले बनाएको नीति नियमहरुः-

६) योजनाको उद्देश्यः-

७) आफ्नो क्षेत्र भित्रका प्रमुख समस्याहरु, तिनीहरुको सम्भावित कारण तथा समाधानका उपायहरुः-

८) संस्थागत विकासका लागि गरिने क्रियाकलापहरुः-

- क्षमता वृद्धि विकासका लागि चाहिने तालीम
- सामुदायिक वचत तथा त्यसको परिचालन
- समूहको अभिलेख तथा रिपोर्ट
- समूहको दर्ता
- समूह/समितिहरु बीच समन्वय
- अन्य सरकारी तथा गैर सरकारी संघ संस्थासंगको सम्बन्ध
- लेखापरीक्षण

९) प्राकृतिक श्रोतहरुको संरक्षण तथा व्यवस्थापन कार्यहरुः-

- वन्यजन्तु संरक्षण
- प्राकृतिक वन व्यवस्थापन
- मध्यवर्ती सामुदायिक वन कार्यक्रम
- सामुदायिक तथा नीजि वृक्षारोपण
- कृषि, वन बाली/बालीमा विविधता
- बहुद्देश्यीय नर्सरी
- माटो तथा जल संरक्षण
- चरिचरण व्यवस्थापन
- वैकल्पिक ऊर्जा कार्यक्रम
- अन्य

१०) वन पैदावार संकलन तथा विक्री वितरण व्यवस्थाहरुः-

११) सामुदायिक तथा आर्थिक विकास कार्यक्रमः-

- उत्पादनमूलक तथा संरक्षण कार्यमा सघाउ पुऱ्याउने खालका भौतिक पूर्वाधारहरु
- जंगली जनावरबाट बालीनाली नोक्सानीबाट रोकथाम कार्यक्रम
- सीप विकासका तालीम तथा उपयुक्त प्रविधिहरु
- महिला विकास कार्यक्रमहरु
- उद्यमशील कार्यक्रमहरु

१२) संरक्षण शिक्षा कार्यक्रमहरुः-

- सामुदायिक संरक्षण शिक्षा कार्यक्रम
- स्कूल संरक्षण शिक्षा कार्यक्रम
- चेतनामूलक संरक्षण शिक्षा सामग्रीको विकास तथा वितरण
- अध्ययन भ्रमण
- सांस्कृतिक तथा संरक्षण क्रियाकलापहरु
- अनौपचारिक शिक्षा

१३) सामुदायिक विकास कार्यक्रमका लागि श्रोत संकलन तथा परिचालनः-

- निकुञ्ज/आरक्षको राजश्व
- मध्यवर्ती सामुदायिक वनबाट प्राप्त आम्दानी
- आयोजना तथा दातृ संघ संस्थाबाट प्राप्त सहयोग
- सामुदायिक सहभागिता
- जरिवाना तथा अन्य शुल्कहरु
- अन्य सहयोगी संस्था/कार्यालयबाट प्राप्त सहयोग

१४) निकुञ्ज/आरक्षसंग सम्झौतामा सहमती भएका बुंदाहरुको पालना तथा कार्यान्वयनः-

- सामुहिक विकासका कार्यक्रमहरु
- निकुञ्ज/आरक्षलाई संरक्षण तथा सहयोग पुऱ्याउने खालका क्रियाकलापहरु

१५) सम्पन्न भएका कार्यक्रमहरुको मर्मत तथा संभारको व्यवस्थाः-

## अनुसूची-२

(दफा ८(५) संग सम्बन्धित)

## उपभोक्ता समितिको विधान

प्रस्तावनाः

स्थानीय सामुदायिक विकासका कार्यक्रम सुचारु र प्रभावकारी रुपमा संचालन जनसहभागिताबाट गर्न, वन पैदावारका लागि निकुञ्ज र आरक्ष प्रतिको परवालम्वीपन हटाई आत्मनिर्भर वन्न, संरक्षणमूलक कार्यक्रमहरु संचालन गरी निकुञ्ज र आरक्षसंग सुमधुर सम्वन्ध कायम गरी आपसी सहयोगको अभिवृद्धि गर्नका लागि मध्यवर्ती क्षेत्रभित्र अवस्थित................गाँउ टोल, बस्ती, इलाकाका मानिसहरु संगठित हुनका लागि ................उपभोक्ता समितिको गठन गरिएको छ ।

## परिच्छेद–१
## *प्रारम्भिक*

१. संक्षिप्त नाम र प्रारम्भः- यस विधानको नाम.......... उपभोक्ता......................समितिको विधान २०५........... रहने छ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछ ।

२.१ "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, लाई जनाउँछ ।

२.२ "नियमावली" भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ लाई जनाउँछ ।

२.३ "समिति" भन्नाले.........उपभोक्ता समितिलाई जनाउँछ ।

२.४ "उपभोक्ता समितिका सदस्य" भन्नाले उपभोक्ता समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष र उपभोक्ता समितिका अन्य सदस्य समेतलाई जनाउँछ ।

२.६ "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई जनाउँछ ।

२.७ "सचिव" भन्नाले समितिको सचिवलाई जनाउँछ ।

२.८ "कोषाध्यक्ष" भन्नाले समितिको कोषाध्यक्षलाई जनाउँछ ।

२.९ "सदस्य" भन्नाले समितिको सदस्य भन्ने जनाउँछ ।

२.१० "उपभोक्ता" भन्नाले समिति इकाईमा बसाबास गर्ने उपभोक्ताहरुको समूहलाई सम्झनुपर्छ ।

२.११ "क्षेत्र" भन्नाले समितिको भौगोलिक कार्यक्षेत्र सम्झनुपर्दछ ।

२.१२ "आयोजना" भन्नाले समितिले संचालन गर्ने कार्यक्रमलाई जनाउँछ ।

२.१३ "सेवा शुल्क" भन्नाले समितिले संचालन गरेको आयोजनाबाट सेवा उपभोग गरेवापत मासिक वा वार्षिक रुपमा उठाउने गरी तोकिएको रकमलाई जनाउँछ ।

३. <u>चिन्ह र छापः</u> समितिको औपचारिक प्रयोगको निमित्त निम्नानुसारको चिन्ह र छाप हुनेछ ।

३.१ चिन्हको विवरणः

३.२ छापको विवरणः

४. <u>कार्यालय</u> : समितिको कार्यालय......................... मा राखिनेछ ।

## परिच्छेद–२
## *उद्देश्य र कार्य क्षेत्र*

५. <u>उपभोक्ता समितिको उद्देश्यः</u>- समितिको मुख्य उद्देश्यहरु प्रचलित कानूनको परिधिभित्र रही कार्य संचालन गर्ने गरी निम्नानुसार हुनेछ ।

५.१ आफ्नो क्षेत्रमा संचालन हुन लागेका आयोजनाका उपभोक्ताहरुलाई उपभोक्ता समितिमा एकजुट गराउने ।

५.२ आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई परेको खाँचो पूरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

५.३ आफ्नो क्षेत्रमा संचालन हुने सबै विकास निर्माणका कामका लागि आयोजनाका सबै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

५.४ आफ्नो क्षेत्रमा कार्यान्वयन पूरा भएका आयोजनाको समय समयमा चाहिने मर्मत, संभार, रेखदेख तथा फाइदा बाँडफाँड व्यवस्था न्यायोचित तरिकाले गर्ने ।

५.५ आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजना छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि चाहिने पूंजी, श्रम र साधनको व्यवस्था गर्ने । यी श्रोतको परिचालनको व्यवस्था समेत गर्ने ।

५.६ आफ्नो क्षेत्रको वन जंगल तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, व्यवस्थापन तथा उपयोग गर्ने ।

५.७ आफ्नो क्षेत्रका स्थानीय जनताहरुको जीवन्नोतिको लागि सहकारीतामूलक वचत कार्यक्रम संचालन गर्ने, गराउने ।

५.८ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावलीले तोकेको अन्य जिम्मेवारी वहन गर्ने, गराउने ।

## परिच्छेद–३

### *सदस्यता*

६.१. साधारण सदस्यः- मध्यवर्ती क्षेत्रको आफ्नो इकाई भित्रका क्षेत्रमा कार्यान्वयन हुन लागेको आयोजनाबाट पाइने सेवा तथा सुविधाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट उपयोग गर्ने प्रत्येक घरधुरीबाट प्रतिनिधित्व हुने गरी बनेको महिला तथा पुरुष उपभोक्ता समूहको प्रतिनिधित्व गर्ने व्यक्ति उपभोक्ता समितिको साधारण सदस्य हुनेछन् ।

६.२ कार्यकारी सदस्यः साधारण सदस्यहरुले आफूहरु मध्येबाट छानेका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पाँच जना सदस्यहरु कार्यकारी सदस्य हुनेछ ।

७. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार तल उल्लेख गरे अनुसार हुनेछ ।

७.१ उपभोक्ता समूहले पेश गरेको प्रतिवेदन माथि विचार गरी निर्णय गर्ने ।

७.२ लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

७.३ उपभोक्ता समूहले विचार र निर्णय गर्ने भनी विधानमा उल्लेखित कुराहरुमा छलफल र निर्णय गर्ने ।

७.४ उपभोक्ता समूहले विचार, छलफल र निर्णयका लागि पेश गरेको विषयमा निर्णय दिने ।

७.५ समितिको विधानले तोकेको उद्देश्य, नीति र कार्यक्रमभित्र पर्ने कुराहरुलाई कार्यान्वयन गर्न आवश्यक नीति निर्धारण गर्ने र निर्देशन दिने ।

८. उपभोक्ता समिति गठन प्रक्रियाः

उपभोक्ता समितिका पदाधिकारीहरु छनौट गर्दा मध्यवर्ती क्षेत्र इकाई अन्तरगत रहेका उपभोक्ता समूहहरुको प्रतिनिधि मध्येबाट उपभोक्ता समितिका पदाधिकारीको चयन हुनेछ । यसरी चयन गरिंदा समितिको कार्य क्षेत्रलाई उपभोक्ता संख्या र घरहरु रहेको ठाउं हेरी बढीमा ९ क्षेत्रमा बाँडी हरेक क्षेत्रबाट कम्तिमा १ जना प्रतिनिधित्व हुने गरी छानिनेछ । समितिका पदाधिकारीहरुको संख्या बढीमा ९ हुनेछ । यी ९ जना मध्येबाट १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र बाँकी ५ जना सदस्यहरुको जमघट नै उपभोक्ता समिति हुनेछ । यस समितिमा कम्तिमा ३ जना महिलाको अनिवार्य रुपमा प्रतिनिधित्व हुनेछ । यसरी समिति बनाउँदा एकै गाँउ वा वस्तीको दुई व्यक्ति समितिको सदस्य वन्न सक्ने छैनन् ।

९. उपभोक्ता समितिमा रहने पदाधिकारीको पदीय दायित्व विवरण :

क. अध्यक्षको काम, कर्तव्य र अधिकारः

१. समितिले सुम्पेको सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।

२. समितिको वैठकको अध्यक्षता गर्नुका साथै तोकिएको अवस्थामा मात्र निर्णायक मत दिने ।

३. समितिलाई सकृय नेतृत्व प्रदान गरी समिति र अन्तर्गतका समूहको उद्देश्य पुरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन प्रयास गर्ने ।

४. समितिको दैनिक कार्य संचालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।

५. समितिको बैठक आवश्यकता अनुसार बोलाउने ।

६. बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।

७. समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने ।

८. सरकारी र गैह्रसरकारी निकायसंग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।

९. आफ्नो क्षेत्रका उपभोक्ताहरुको आयोजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने ।

१०. आयोजनाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने ।

११. आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।

२. विधानमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकार:

१. समितिको कार्यक्रम र काम कार्यवाहीलाई प्रभावकारी ढंगबाट संचालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।

२. समितिको बैठकको लागि आवश्यक तयारी व्यवस्था मिलाउने ।

३. समितिको निर्णय बैठक कापीमा लेख्ने ।

४. प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।

५. आयोजनाको कार्यान्वयन सम्बन्धमा राख्नुपर्ने सबै श्रेस्ताहरु राख्ने र सो को जानकारी वैठकमा पेश गर्ने ।

६. आफ्नो उपक्षेत्रका उपभोक्ताको आयोजना सम्बन्धी सहभागिता जुटाउने ।

घ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

१. आयोजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।

२. आम्दानी खर्च र बजेट समितिमा पेश गरी पारित गराउने ।

३. समितिले असूल गर्नु पर्ने शुल्कहरु असूल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसब मिलाउने ।

४. समितिले तोकको अन्य काम गर्ने ।

५. लेखा परीक्षण गराउने ।

६. आयोजनाका लागि प्राप्त श्रम, सीप, पूंजी र साधनहरु प्राप्त भएको श्रम, सीप, पूजी र सामाग्री जस्तैः उपभोक्ताहरु, दातृसंस्था आदिको श्रेस्ता ठीक ठीक तरिकाले राख्ने ।

७. प्राप्त भएको श्रम, सीप, पूंजी र सामाग्री कुन कामका लागि प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाब राख्ने ।

८. आयोजनालाई प्राप्त श्रम, सीप, पूंजी र सामाग्रीको जिम्मा लिने र यसको प्रयोगको उपभोक्ता समिति/समूहबाट फरफारक लिने ।

९. आफ्नो क्षेत्रका उपभोक्ताको आयोजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।

ङ सदस्यहरुको काम, कर्तव्य र अधिकार:

१. आयोजना कार्यान्वयन स्थितिको निरीक्षण गर्ने ।

२. आयोजनाको कार्यान्वयन र सुचारु रुपले संचालन गर्न चाहिने श्रम, सीप, पूंजी र सामाग्रीको मात्रा निधो गर्ने ।

३. आवश्यकता अनुसार आफ्नो क्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

४. आयोजनाको स्थिति आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

५. अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई समितिको कामको लागि सहयोग पुऱ्याउने ।

१०. <u>उपभोक्ता समितिका पदाधिकारीहरु पदबाट हट्ने अवस्थाहरु</u>

१०.१ उपभोक्ता समितिको सदस्यताबाट राजीनामा दिएमा,

१०.२ सदस्यको मृत्यु भएमा,

१०.३ उचित कारण विना लगातार ३ पटकसम्म समितिको वैठकमा अनुपस्थित रहेमा र

१०.४ कुनै सदस्यविरुद्ध समितिका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले अविश्वासको प्रस्ताव पारित गरेमा,

१०.५ समिति नै विघटन भएमा,

१०.६ कुनैपनि राजनैतिक पदको लागि उम्मेदवारी दिएमा,

१०.७ मध्यवर्ती क्षेत्र बाहिर स्थायी बसोबास गरेमा ।

११. रिक्त स्थानको पूर्ति: कुनै पनि कारणवस रिक्त भएको पदमा प्रतिनिधित्व गरिरहेको क्षेत्रबाटै उपभोक्ता समितिको बाँकी अवधिको निमित्त नयां पूर्ति गरिनेछ ।

१२. उपभोक्ता समितिको बैठक र निर्णय:

१२.१ उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकतानुसार बस्नेछ ।

१२.२ साधारण बहुमत सदस्यले बैठक वस्न लिखित अनुरोध गरेमा अध्यक्षले सूचना पाएको ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

१२.३ कूल सदस्य संख्याको ९० प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

१२.४ उपभोक्ता समितिमा पेश गरिने सबै प्रस्तावहरु छलफलद्वारा उपस्थित सदस्यको सर्वसम्मत बहुमतबाट पारित हुनेछन् ।

१२.५ उपभोक्ता समितिको काम, कार्यवाही, उपस्थित आदि उल्लेख गर्न एउटा बैठक पुस्तिका हुनेछ ।

**परिच्छेद–३**

(दफा ८(७) संग सम्बन्धित)

## उपभोक्ता समितिको पदाधिकारीको छनौट प्रक्रिया

१. उपभोक्ता समूहका २-२ जना प्रतिनिधिहरु (महिला-१, पुरुष-१) सदस्यहरु र गाँउ विकास समिति वा दातृसंस्था भए त्यसको प्रतिनिधि समेतलाई भेला गराउने ।

२. ती प्रतिनिधिहरुलाई उपभोक्ता समिति भनेको के हो यसको काम, कर्तव्य, जिम्मेवारी के छन् र यो समिति किन गठन गर्नु परेको हो ? सो बारेमा जानकारी दिने ।

३. उपभोक्ता समिति गठन गर्नका लागि सो उपभोक्ता समितिको क्षेत्रमा भएका सबै उपभोक्ता समूहहरुको एक एक प्रतिनिधि बोलाउने । ती सबै समूहहरुलाई समेट्ने गरी कम्तिमा ६ भागमा भाग लगाउने ।

४. यसरी बाँडिएका प्रत्येक भागबाट कम्तिमा एक एक महिला, पुरुष गरी बढीमा २ जना विश्वासिलो, काम गर्न सक्ने प्रतिनिधिहरु छान्ने । यसरी छानिएका व्यक्तिहरुको संख्या १३ भन्दा बढी हुने छैन । यी १३ जना प्रतिनिधिहरु उपभोक्ता समितिका सदस्यहरु हुने छन् । अन्य उपभोक्ता समूहका प्रतिनिधि उक्त समितिको साधारण सदस्य हुने छन् ।

५. १३ जना सदस्यहरु मध्येबाट सबैको सर्वसम्मत वा वहुमतबाट १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष छान्नुपर्नेछ र बाँकी व्यक्तिहरु सदस्यहरु हुने छन् । यिनीहरुनै उपभोक्ता समितिका पदाधिकारीहरु हुनेछन् ।

६. उपभोक्ता समितिका पदाधिकारीको चयन गरिएको निर्णयहरु निर्णय पुस्तिकामा लेख्नु पर्नेछ र अन्तमा सबै सदस्यहरुको दस्तखत गराउनु पर्नेछ ।

**परिच्छेद–४**

(दफा १० (२) संग सम्बन्धित)

## उपभोक्ता समितिको बैठकको निर्णय उतारको नमूना

बैठक नं.

उपभोक्ता समितिको नाम:

मिति:

आज मिति..................साल............महिना ......................गतेका दिन यस समितिका अध्यक्ष श्री .......... ......................को अध्यक्षतामा निम्न व्यक्तिहरुको उपस्थितिमा बसेको बैठकले निम्न विषयमा छलफल गरी तपसिल वमोजिमको निर्णय गरेको छ ।

उपस्थिति सही

१. अध्यक्ष श्री............................
२. उपाध्यक्ष श्री............................
३. सचिव श्री............................
४. कोषाध्यक्ष श्री............................
५. सदस्य श्री............................
६. सदस्य श्री............................
७. सदस्य श्री............................
८. सदस्य श्री............................
९. सदस्य श्री............................

छलफलका विषयहरु

१.
२.
३.

बैठकका निर्णयहरु

१.
२.
३.
४.
५.

## परिच्छेद-५

(दफा १२ (२०) संग सम्बन्धित)

### उपभोक्ता समूह गठन गर्दा अपनाउनु पर्ने कार्यविधि

१. जुन स्थानमा उपभोक्ता समूह गठन गर्न लागेको हो सो क्षेत्रको सबै उपभोक्ताहरुलाई भेला गराउने ।
२. उपभोक्ताहरु मध्येबाट एक अध्यक्ष, एक उपाध्यक्ष र एक सचिव छान्ने ।
३. उपभोक्ता समूह र निकुञ्ज बीच अनुसुची-७ अनुसार सम्झौता गर्ने ।
४. उपभोक्ता समूहको विधान बनाउने ।
५. उपभोक्ता समूहलाई सम्बन्धित निकुञ्ज वा आरक्ष कार्यालयमा दर्ता गराउने ।
६. सबै निर्णयहरुको लिखित विवरण बैठक पुस्तिकामा लेख्ने र अन्तमा सवै उपभोक्ताहरुको दस्तखत गराउने ।

## परिच्छेद-६

(दफा १५ (७) संग सम्बन्धित)

### योजना सम्झौता फाराम

निकुञ्ज/आरक्षको मध्यवर्ती क्षेत्रमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (चौथो संशोधन २०४९) तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को आधारमा गठन गरिएका उपभोक्ता समूह र समितिहरुले प्रस्ताव गरेका र स्वीकृत भएका योजनाहरु संचालन गर्न यो सम्झौता-पत्र तयार गरिएको छ ।

१) सम्झौता गर्ने पक्षहरुको नाम, ठेगानाः-
 क) निकुञ्ज/आरक्षको नाम तथा ठेगानाः-
 ख) उपभोक्ता समूहको नाम तथा ठेगानाः
 ग) अन्य :-

२) योजनाको विवरणः-
नामः-
स्थानः-
लाभ पाउने घरभुरीः-
आयोजना स्वीकृत गर्ने निकायः-

३) योजनाको लागत सम्बन्धी विवरणः-
जम्मा लागत अनुमान रकम मध्येः-
मध्येः उपभोक्ता समूहबाट प्राप्त रकम
(वरावरको नगद वा श्रमदान, जिन्सी)
दातृ संघसंस्थाबाट प्राप्त रकमः-
आरक्ष/निकुञ्जबाट प्राप्त रकमः-
अन्य श्रोतबाट प्राप्त रकमः-

४) उपभोक्ता समितिले प्राप्त गर्ने किस्ताः-

| किस्ताको क्रम | रकम रु......... | मितिः |
|---|---|---|
| पहिलोः | | |
| दोश्रोः | | |
| तेश्रोः | | |

जम्मा रु. ..........................

५) योजनाको मर्मत सम्भार गर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक):-
क- मर्मत सम्भारको श्रोतः-
श्रमदान रु. .............
शुल्क दस्तुर रु. ............
चन्दा आर्थिक सहायता रु. ...........
व्याज अन्य वचत रु.
अन्य रु. ................
ख- मर्मत सम्भार सम्बन्धी व्यवस्थापन पक्षहरुः-
१.
२.
३.

६) क) आयोजना शुरु हुने मितिः-
ख) आयोजना सम्पन्न हुने मितिः-

७) क) उपभोक्ता समिति गठन गर्न सहयोग गर्ने निकायको नाम र ठेगानाः
ख) उपभोक्ता समिति गठन भएको मितिः
ग) योजना सञ्चालन सम्बन्धी अनुभवः

८) सम्झौताका शर्तहरुः
क) प्राप्त रकम जुन योजनका लागि स्वीकृत छ त्यसमा मात्रै खर्च गर्नु पर्नेछ ।
ख) एक बैठकदेखि अर्को उपभोक्ता समितिको बैठकको बीचमा भएको खर्चको फाँटवारी पेश गर्ने छौं ।
ग) उपभोक्ता समिति/समूहले योजनाको मर्मत सम्भारको व्यवस्था संचालन गर्नेछौं ।

घ) योजना सम्पन्न भएपछि सम्बन्धित निकायबाट जाँचपास गराई फरफारक लिनुपर्नेछ ।

ङ) प्रचलित ऐन नियमले व्यवस्था गरेका कुराहरुको पालना गर्नु पर्नेछ ।

९) उपरोक्त उल्लेखित शर्तहरुमा मञ्जुर छौ भनी सहिछाप गर्ने पक्षहरुमा प्रतिनिधिहरुः

| | |
|---|---|
| निकुञ्ज/आरक्षको तर्फबाट | उपभोक्ता समूह/ समितिको तर्फबाट |
| प्रमुख संरक्षण अधिकृतः | अध्यक्षः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| छापः | छाप |

गाँउ विकास समिति/नगरपालिकाको तर्फबाट

वडा अध्यक्षः

हस्ताक्षरः

छापः

## अनुसूची-७

(दफा १५ (७) संग सम्बन्धित)

### उपभोक्ता समूह/समितिहरुले पालना गर्नुपर्ने शर्तहरु

जिल्लाः न.पा./गा.वि.स. वडा नं.

गाँउको नामः उपभोक्ता समिति/समूहको नामः

निकुञ्ज/आरक्षको नामः

१. हामीहरु संरक्षित क्षेत्रको संरक्षण र विकासमा सदैव आवश्यक सहयोग पुऱ्याउंदछौं ।
२. हामीहरु मध्यवर्ती क्षेत्रको प्राकृतिक श्रोतको संरक्षण र उचित सदुपयोगमा सदैव सकृय सहभागी रहनेछौं ।
३. संगठन, वचत र सीपको विकास मार्फत हामीहरुको विकास हुन्छ भन्ने कुरामा हामी पूर्ण विश्वास राख्दछौं ।
४. हामीहरु अध्यक्ष, उपाध्यक्ष र सचिवले गर्ने कार्यहरुको पूर्ण जिम्मेवारी लिन सहमत छौं ।
५. हामीहरु प्रत्येक १५-१५ दिनमा बैठक गर्न र वचत कार्यक्रममा अनिवार्य रुपमा भाग लिनेछौं ।
६. हामीहरु सामुहिक वा व्यक्तिगत रुपमा समूहको वचत कार्यक्रमबाट प्राप्त ऋण समेतको परिचालन गरी आय आर्जनका विभिन्न कार्यक्रमहरु संचालन गर्नेछौं ।
७. हामीहरु निजी र सामुदायिक जग्गामा बढी से बढी बहुउपयोगी बोट विरुवाहरु रोप्दछौं ।
८. हामीहरु विशेषज्ञबाट (ग्रामीण प्राविधिकबाट) निःशुल्क सेवा लिदैनौं । उसको सेवाको शुल्क सदैव तिर्नेछौं ।
९. हामीहरु हाम्रा सवै बालबालिकाहरु विद्यालयमा पठाउंदछौं ।
१०. हामीहरु हाम्रो गाँउ सफा राख्नेछौं । हामीहरु हरेक घरका चर्पी र सुधारिएको चुल्हो बनाउनेछौं र अरुलाई पनि यस्तै गर्न प्रेरित गर्नेछौं ।
११. हामीहरु वस्तुभाउको उत्पादकत्व बढाउन तथा उचित व्यवस्थापन गर्नेछौं ।
१२. हामीहरु विभिन्न तालिममा भाग लिन्छौं र आफूले सिकेका कुराहरु अरुलाई पनि सिकाउंदछौं ।
१३. हामीहरु सकृय रुपमा बैठकहरुमा भाग लिन्छौं । आफूले नबुझेका र चित्त नबुझेका कुरा बैठकमा प्रष्टसंग राख्दछौं ।
१४. सम्पूर्ण गाँउ वस्तीहरुलाई फाईदा हुने कामहरुमा हामीहरु अन्य समूहसंग मिलेर समेत काम गर्नेछौं ।
१५. अन्य (स्थानीय रुपमा आवश्यक पर्ने अन्य शर्तहरु भए थप गर्ने)

नोटः समितिको हकमा बुंदा (६) लागू हुने छैन ।

## अनुसूची-८

(दफा १७ (२) संग सम्बन्धित)

**आयोजना मर्मत संभार सम्बन्धी व्यवस्था**

१. सबै उपभोक्ताहरुलाई भेला गर्नुहोस् । भेला भएका उपभोक्ताहरुलाई आयोजनाको संरक्षण र मर्मत संभार गर्नुपर्ने आवश्यकतालाई जानकारी गराउनुहोस् । सम्भव भए सम्बन्धित प्राविधिकलाई पनि बोलाउनु होस् ।

२. आयोजनाको नियमित संरक्षण र मर्मत संभारका कामहरु आवश्यकता हेरी दिन दिनै वा हप्तै पिच्छे वा महिनै पिच्छे वा ६।६ महिनामा वा वर्षको एक पटक गरी विभिन्न चरणमा गर्नुपर्ने हुन्छ । सो छलफलबाट निधो गर्ने ।

३. नियमित संरक्षण र मर्मत संभारमा पहिले आयोजना तयारी गर्दा नै कोष खडा गरिएको छ भने त्यसै रकमबाट काम चलाउनु होस् । छैन भने सवै उपभोक्ताहरुको सहभागिताबाट पूंजी र साधन समेत जुटाउनका लागि कोष खडा गरी रकम जम्मा गर्न सेवा शुल्क उठाउनु पर्ने ।

४. यस कामका लागि कस्ता श्रम, सीप, पूंजी र सामाग्री कति मात्रामा जुटाउने भन्ने छलफलबाट निधो गर्ने ।

५. अपर्झट गर्नुपर्ने मर्मत संभार कुन वेला गर्ने भन्ने थाहा हुंदैन । आयोजनामा अपर्झट मर्मत संभारको आवश्यकता पर्छ कि पर्दैन भन्ने थाहा पाउन नियमित रुपमा आयोजना सेवा संचालनको निरीक्षण गर्ने व्यवस्था मिलाउनु पर्छ । यसका लागि चौकिदार राखी नियमित निरीक्षण गर्ने वा उपभोक्ताहरुलाई पालैपालोसंग निरीक्षण गर्ने जिम्मा दिने सम्बन्धमा छलफलबाट निधो गर्ने ।

६. नियमित वा आकस्मिक मर्मत संभार गर्न सीपालु व्यक्ति उपभोक्ताहरु मध्ये छैनन भने त्यस कामको लागि कसलाई तालीम दिनु पर्ने हो वा बाहिर कतैबाट ल्याई काम चलाउन सकिन्छ निधो गर्नुहोस् । तालीम दिन पर्ने हो भने कतिजना, क-कसलाई कहां तालीम दिन पठाउने वा वाहिरबाट सिकाउने व्यक्ति ल्याएर तालीम दिने भन्ने सम्बन्धमा निधो गर्नुहोस् । बाहिरबाट ल्याउन सकिने भए कहांबाट कसरी कुन शर्तमा ल्याउने सो कुराको पनि निधो गर्ने ।

७. आयोजना एक व्यक्तिले संरक्षण र मर्मत गर्न सकिने खालको भएमा निरीक्षण गर्नेहरुले मर्मत संभार गर्ने र एक्लै दुक्लैले गर्न नसक्ने भएमा समितिलाई जानकारी दिने व्यवस्था मिलाउने ।

८. आयोजनामा चाहिने अपर्झट मर्मत संभारको आवश्यकता बारे खबर पाउनासाथ उपभोक्ताहरुलाई यस कामका लागि खटाउने व्यवस्था गर्नु होस् वा कोषको रकमबाट काम गर्ने व्यवस्था मिलाउने ।

९. अपर्झट मर्मत संभारका लागि उपभोक्ताहरुलाई काममा लगाउनु पर्दा कामको मात्रा हेरी चाहिने संख्याका उपभोक्ताहरुलाई पालैपालो काममा लगाउने व्यवस्था गर्ने ।

१०. आयोजना संरक्षण र मर्मत संभारका बारेमा गरिएका निर्णयहरु र बनाएका नियमहरु उपभोक्ता समूहका विधानमा समावेश गर्नु पर्दछ ।

११. छलफलको निचोडलाई बैठक-कापीमा लेख्ने र अन्तमा सवै सदस्यहरुको दस्तखत गराउने ।

## अनुसूची-९

(दफा १८ संग सम्बन्धित)

**जनसहभागिता तथा श्रमको परिचालन**

१. कुनैपनि कुराको निधो लिनु अघि महिलाहरु समेत भएका उपभोक्ताहरुलाई भेला गराउने । त्यसका लागि सबैलाई मिल्ने समय, ठाउं र दिन तोकेर कुन विषयको छलफल गरी निधो लिनु पर्ने हो कम्तिमा एक दिनअघि नै सबै उपभोक्ता कहां खबर पुऱ्याउने व्यवस्था गर्ने ।

२. उपभोक्ताहरु भेला भएपछि समस्याहरु बताएर निर्णयको लागि छलफल गर्न अनुरोध गर्ने र छलफलमा सबैलाई बोल्ने उत्तिकै मौका दिने वातावरण तयार गर्नु पर्दछ । कम बोल्ने वा नबोल्ने व्यक्तिहरुलाई पनि बोल्न हौसला गरी बढी बोल्नेलाई अरुको कुरा सुन्न अनुरोध गर्ने र आफूले आफ्ना विचारहरु अरुहरुलाई थोपार्ने गर्नु हुन्न ।

३. कहिलेकांही कुनै कुरा नबुझेर वा नजानेर समूहका व्यक्तिहरुले छलफलमा धक फुकाएर बोल्न सकेका हुदैनन् । त्यस्तै कहिलेकांही उनीहरुले वास्तविक कुरा नबुझेर उल्टा कुरा पनि गरिरहेका हुन सक्छन् । यस्तो अवस्था भएमा उनीहरुलाई सही कुरा के हो सो बुझाएर निर्णयमा पुग्न मद्दत गर्नु पर्दछ अथवा नबझुेको कुरा बुझाउने तर निधो गर्न भने उनीहरुलाई नै दिनु पर्दछ ।

४. जनताको चेतना जगाउनको लागि बेला बेलामा जनताहरु बीच आयोजना के हो र किन चाहिन्छ भन्ने कुराहरु बुझाउन शैक्षिक कार्यक्रमहरु गर्नुपर्ने हुन्छ । त्यसकारण स्वस्थ्य शिक्षा, आयमूलक व्यवसाय, वन, पर्यावरण, उन्नत कृषि आदि क्षेत्रमा काम गर्ने विकास कार्यकर्ताहरु वा प्रशिक्षकहरुमध्ये आयोजनालाई जो चाहिने हो वहांहरुलाई गाउंमा ल्याई शैक्षिक कार्यक्रमहरुको आयोजना गर्ने व्यवस्था गर्नु पर्दछ । शैक्षिक कार्यक्रमहरु नाटक, गोष्ठी, चलचित्र, फोटो चित्र, सभा, गीत, पम्प्लेट, पोष्टर, भित्तेलेखन, भ्रमण, प्रतियोगिता आदि कार्यक्रम संचालन गर्न सकिन्छ । यस्ता कार्यक्रमहरु हाट बजार, स्कूल, प्रौढ पाठशाला आदि ठाउंहरुमा आयोजना गर्दा प्रभावकारी हुने हुंदा सकभर ती ठाउंहरुमा कार्यक्रमहरुको आयोजना गर्ने व्यवस्था गर्नु पर्दछ ।

**अनुसूची-१०**

(दफा २१ संग सम्बन्धित)

**आयोजना हस्तान्तरणको नमूना**

जिल्ला................गा.वि.स./न.पा................वडा नं. ..... कुल लागत रु. ................ (अक्षरेपी ..........................) मा निर्मित आयोजना कार्यान्वयनमा भएको खर्चको फरफारक भईसकेको हुंदा यस............ आयोजना............ ................उपभोक्ता समिति/समूहलाई आज मिति २०.........साल..........महिना............गते का दिन हस्तान्तरण गरिएको छ । अव यस ....................... आयोजनामा गर्नुपर्ने संचालन रेखदेख र मर्मत संभारको कामको जिम्मेवारी त्यस......................उपभोक्ता समिति /समूहको हुनेछ ।

| आयोजना हस्तान्तरण गर्नेः | आयोजना बुझ्नेः |
|---|---|
| नामः | नामः |
| दर्जाः | दर्जाः |
| सहीः | सहीः |
| मितिः | मितिः |

# संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम ४० ले दिएको अधिकार प्रयोग गरी संरक्षण क्षेत्रको जैविक विविधता संरक्षणका साथै प्राकृतिक सम्पदाहरुको समुचित संरक्षण, सम्वर्धन र सदुपयोगका साथसाथै संरक्षण क्षेत्रका स्थानीय जनताकोलागि सामुदायिक विकासका कायंक्रमहरु प्रभावकारी र सुचारु रुपले संचालन गर्नको लागि श्री ५ को सरकार, बन तथा भू-संरक्षण मन्त्रालयले निम्नानुसारको संरक्षण वनाएको छ ।

१. संक्षिप्त नाम तथा प्रारम्भः

(क) यस निर्देशिकाको नाम "संरक्षण क्षेत्र व्यवस्थापन संरक्षण, २०५६" रहनेछ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ संझनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ स)झनु पर्दछ ।

(ग) "नियम" भन्नाले नियमावलीको नियमहरुलाई संझनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले नियम २ को खण्ड (च) मा उल्लेखित प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "इलाका" भन्नाले संस्थाले नियम ५ अन्तरगत र यस निर्देशिकाले दफा ३ वमोजिम संरक्षण क्षेत्रको विभिन्न इकाईमा छुट्याइएको इलाकालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले नियम ८ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(छ) "संयुक्त उप-समिति" भन्नाले यस निर्देशिकाको दफा ९(२) वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) "व्यवस्थापन कार्य योजना" भन्नाले नियम २ खण्ड (त्र) मा उल्लेखित व्यवस्थापन कार्य योजनालाई सम्झनु पर्दछ ।

(झ) "आयोजना" भन्नाले नियम २ (घ) वमोजिमको संस्थाले व्यवस्थापनको लागि तोकेको संरक्षण क्षेत्र आयोजना संझनु पर्दछ ।

(झ) "संरक्षण क्षेत्र" भन्नाले ऐनको दफा ३ वमोजिम श्री ५ को सरकारले घोषणा गरेको संरक्षण क्षेत्र सम्झनु पर्दछ ।

३. इलाका विभाजन सम्बन्धी व्यवस्थाः

संस्थाले संरक्षण क्षेत्रको प्रभावकारी संरक्षण तथा व्यवस्थापनका लागि नियम ५ वमोजिम इलाका विभाजन गर्दा देहायका कुराहरुलाई ध्यानमा राखी इलाका विभाजन गर्नु पर्नेछ ।

(क) ईलाकाको सिमाना कायम गर्दा कुनै गांउ, बस्ती वा वडाको कुनै खण्ड मात्र उक्त इलाकामा परेको अवस्थामा सम्भव भएसम्म सो गांउ वा वडाको पूरै क्षेत्र इलाकामा समावेश गर्ने ।

(ख) इलाका कायम गर्दा सो इलाकामा वसोवास गर्ने वासिन्दाहरुले परापूर्वकालदेखि उपयोग गरी आएको प्राकृतिक सम्पदाहरुको उपयोग सरल तरिकाले हुने गरी गर्नु पर्ने ।

(ग) इलाका विभाजन गर्दा विभाजन गरिने इलाकामा रहेका संरक्षण क्षेत्र व्यवस्थापन समितिको इलाका टुक्रिन नपर्ने गरी विभाजन गर्नु पर्ने ।

(घ) संरक्षण क्षेत्रमा अवस्थित गाँउ, बस्तीको स्थिति र प्राकृतिक स्रोतको वाडंफांडलाई दृष्टिगत गर्नु पर्ने ।

(ङ) प्राकृतिक सम्पदा खासगरी वन पैदावारको उपलब्धता तथा उपयोगको सम्भावना स्थानीय समुदायलाई भए नभएको पक्षलाई विचार गर्नु पर्ने,

(च) सो क्षेत्रको जनसंख्या र समुदायको स्वरुप र विस्तारलाई मनन गर्नु पर्ने ।

(छ) सामुहिक हितका लागि सो क्षेत्रका बासिन्दाहरुलाई भौगोलिक स्थिति, दुरी, पहुंच तथा अन्य दृष्टिकोणले एकै ठाउंमा भेला गराउन सकिने संभावना रहे नरहेको सम्वन्धमा दृष्टिगत गर्ने ।

(ज) कुनै इलाका (Management Unit) विभाजन गर्दा श्रोत उपभोगको सम्वन्धमा विवाद आएमा प्रमुखले दुवै पक्षलाई राखी छलफलबरा विवादको हल गर्नु पर्नेछ । सो हल गर्दा प्राकृतिक सिमाना, परम्परादेखि उपयोग गर्ने व्यक्तिहरुको अवस्था समेत विचार गर्नु पर्नेछ ।

(झ) कुनै इलाका विभाजन गर्दा सिमाना विवाद आएमा दुवै पक्षहरुलाई प्रमुखले छलफलबाट समस्या समाधान गर्नु पर्नेछ । सो गर्दा पनि समस्याको समाधान नभएमा राजनैतिक सिमानालाई आधार मानी प्रचलित कानून वमोजिम सिमाना विभाजन गरिनेछ ।

४. <u>व्यवस्थापन कार्य योजनाः</u> (Operational Plan)

(१) समितिले नियम १४ वमोजिम योजना तर्जुमा गर्दा आवश्यकतानुसार आफ्नो क्षेत्रको स्थानीय बासिन्दाहरु, नगर र गाउं विकास समिति वा वडाका प्रतिनिधि, सामाजिक कार्यकर्ता स्थानीय स्तरमा स्थापित तथा संचालित गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरुको वैठक बोलाई व्यवस्थापन कार्य योजना तर्जुमाको उद्देश्य, त्यसमा समावेश हुने विषयवस्तुको वारेमा अवगत गराई सो विषयका सम्वन्धमा आवश्यक छलफल गरी राय, सुझाव संकलन गर्नु पर्नेछ ।

(२) नियम १४ को उप-नियम (१) मा उल्लेखित विषय वस्तुको वारेमा नक्शा, तथ्यांक, विवरण लगायत तत्सम्बन्धमा अन्य सूचना संकलन गर्नु पर्नेछ ।

(३) उप दफा (१) र (२) बमोजिम संकलन भएका राय सुझाव एवं बिवरण माथि सम्बन्धित कर्मचारी समेतको सहयोग लिई इलाका संरक्षण कार्यालयबाट <u>अनुसूची-१</u> मा दिइएको ढांचामा व्यबस्थापन कार्य योजना तयार गर्नु पर्नेछ ।

(४) उप दफा ३ बमोजिम तयार गरिएको व्यबस्थापन कार्य योजना संसोधन गर्नु परेमा सो संसोधन गर्नु अघि उपभोक्ताहरुको बैठक बोलाई व्यबस्थापन कार्य योजना संसोधन गर्नु परेको कारण तथा त्यसको महत्वको बारेमा उपभोक्ताहरुलाई अवगत गराई सो माथि छलफल गरी उनीहरुको लिखित सुझाव संकलन गरी सो सुझावलाई समेत दृष्टिगत गरी संशोधन प्रस्ताव संरक्षण अधिकृत मार्फत प्रमुखको सिफारिसमा संस्थाले स्वीकृत गर्न सक्नेछ । यसरी स्वीकृत भएको संसोधित कार्य योजना संशोधित रुपमा लागू हुनेछ ।

५. <u>संरक्षण क्षेत्र व्यवस्थापन समिति सम्बन्धी व्यबस्थाः</u>

(१) संरक्षण क्षेत्र व्यबस्थापन समितिको र समिति अन्तरगत गठन हुने उप-समितिहरुका पदाधिकारीको चयन गरिंदा देहायका कुनै व्यक्ति समितिको पदाधिकारीहरुका लागि निर्वाचित वा मनोनित हुन सक्ने छैन ।

क) १८ वर्ष उमेर नपुगेको ।

ख) मगज बिग्रेको ।

ग) फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको ।

घ) समितिको हित विपरित काम, कारवाही गरेको प्रमाणित भएको ।

ङ) संरक्षण क्षेत्र भित्र स्थायी रुपमा बसोबास नगरेको व्यक्ति ।

*तर, संरक्षण क्षेत्रमा बसोबास नगरेको व्यक्ति भएतापनि संरक्षण क्षेत्रको सिमानाको गाउंमा बसोबास गरी परम्परा देखि संरक्षण क्षेत्रभित्रको प्राकृतिक स्रोतहरुको उपभोग गर्दै आएको व्यक्तिहरुलाई यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।*

(२) नियम ८ बमोजिम गठन हुने समितिको दर्ता सम्बन्धित इलाका संरक्षण कार्यालयमा गर्नु पर्नेछ ।

(३) नियम ८ को उप नियम (१) को खण्ड (ख) बमोजिम संरक्षण क्षेत्र व्यवस्थापन समितिको लागि प्रत्येक वडाबाट एक जनाको दरले सदस्य छान्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

(४) समितिको पदाधिकारीको छनौट प्रक्रिया अनुसूची-३ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(५) समितिमा रहने पदाधिकारीहरुको पदीय दायित्व अनुसूची-४ मा उल्लेख गरे बमोजिम हुनेछ ।

६. समितिका पदाधिकारीहरुको पद रिक्तता:

(१) देहायको अबस्थामा समितिका पदाधिकारीको पद रिक्त हुनेछ ।

क) नियम १२ बमोजिम समितिको बिघटन भएमा ।

ख) राजिनामा पेश गरी स्वीकृत भएमा ।

ग) मृत्यु भएमा ।

घ) संरक्षण क्षेत्र बाहिर बसाई सरी गएमा ।

ङ) नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय पाएमा ।

च) समितिका दुई तिहाई सदस्यले कुनै पदाधिकारीको विरुद्ध अविश्वास प्रस्ताव पारित गरेमा ।

(२) समितिमा देहायका पदाधिकारीहरुको देहाय बमोजिम आफ्नो राजिनामा पेश गर्न र देहाय बमोजिम स्वीकृत गर्न सकिनेछ ।

क) अध्यक्षले समिति समक्ष आफ्नो राजिनामा पेश गर्न सक्ने छन् । त्यस समिति समक्ष पेश भएको राजिनामा समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यले अनुमोदन गरी संरक्षण अधिकृत समक्ष पेश गरेको अवस्थामा संरक्षण अधिकृतले अध्यक्षको राजिनामा स्वीकृत गर्नेछ ।

(ख) समितिका अन्य पदाधिकारीले अध्यक्ष समक्ष आफ्नो राजिनामा पेश गर्न सक्नेछन् र अध्यक्षले उचित लागेमा आफू समक्ष पेश हुन आएको राजिनामा स्वीकृत गर्नेछ ।

तर नियम ८ (१) (ग) बमोजिम मनोनित सदस्यहरुको राजिनामा स्वीकृत गर्नु अघि अध्यक्षले सम्बन्धित संरक्षण अधिकृतसंग लिखित रुपमा परामर्श गर्नु पर्नेछ ।

७. समितिको बैठक र निर्णय:

(१) नियम १० बमोजिम बैठक गर्दा अध्यक्षले बैठक गर्ने मिति, समय र के बिषयमा बैठक गरिन लागेको हो सोको सूची समेतको बिवरण तयार गरी समितिका सबै पदाधिकारीलाई यथासम्भव लिखित रुपमा खबर गर्नु पर्नेछ । त्यस्तो बिवरणको एक प्रति समितिको सूचना पाटिमा पनि टाँसी दिनु पर्नेछ ।

(२) बैठक वसेपछि बैठकमा छलफल भएका बिषय, सो सम्वन्धमा भएका निर्णयहरु उपस्थित पदाधिकारीहरुको दस्तखत गरी सचिबको जिम्मामा सो निर्णय पुस्तिका सुरक्षित साथ राख्नु पर्नेछ । बैठकको निर्णयको निर्णय पुस्तिकामा श्रेस्ता राख्ने नमूना अनुसूची-५ मा दिइएको छ । साथै सो नमूना बमोजिमको निर्णय उतारको एकप्रति सम्बन्धित इलाका संरक्षण कार्यालयमा सात दिनभित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम वसेको बैठकमा आफ्नो क्षेत्रमा संचालित योजनाको प्रगति समिक्षा, कमी कमजोरी, खर्च बिवरण आदि समेत पेश गरी छलफल गर्नु पर्नेछ ।

(४) समितिको बैठकमा आमन्त्रित प्रतिनिधिको रुपमा संरक्षण क्षेत्रको सम्बन्धित ईलाका संरक्षण कार्यालयका प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ ।

८. समितिको लेखा परीक्षण:

(१) समितिको लेखा परीक्षण गर्न आउने लेखा परीक्षकलाई पारिश्रमिक सोही समितिको कोषबाट व्यहोर्नु पर्ने र सो को लागि चाहिने बजेट समितिले आफ्नो कार्य योजनामा समाबेश गर्नु पर्नेछ ।

(२) लेखा परीक्षकको प्रतिबेदनको १।१ प्रति सम्बन्धित समिति र संरक्षण अधिकृत समक्ष कार्य समाप्त भएको मितिले बाटोको म्याद बाहेक १ महिना भित्र पेश गर्नु पर्नेछ ।

९. उप-समिति सम्बन्धी व्यबस्था:

(१) नियम ११ मा उल्लेखित कार्य सुचारु रुपले संचालन गर्ने गराउने कार्यको अतिरिक्त कुनै खास खास योजना वा कार्यक्रमहरु संचालन गर्न गराउनका लागि नियम ११ बमोजिम छुट्टै उप-समितिहरु पनि गठन गर्न सकिनेछ । उदाहरणका लागि बन व्यबस्थापन उप-समिति, सामुदायिक निर्माण तथा व्यबस्थापन उप-समिति, चरिचरण व्यबस्थापन उप-समिति, होटल व्यबस्थापन उप-समिति, महिला विकास उप-समिति आदि ।

(२) उप-दफा १ वमोजिम उप-समितिहरु गठन गरिंदा संचालन हुने योजना एक वा एकभन्दा बढी समितिको क्षेत्रमा सामुहिक रुपमा सेवा पुग्ने योजना भएमा ती सबै समितिको तर्फबाट समानुपातिक प्रतिनिधित्व हुने गरी संयुक्त उपसमिति गठन गर्न सकिने छ ।

(३) उप-दफा (२) बमोजिम गठन गरिने उप-समितिहरुमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बढीमा ७ जनासम्म सदस्य रहनेछन् । उप-समितिको पदाधिकारीको मनोनयन आपसी सहमतिबरा गरिनेछ । उपसमितिका पदाधिकारीहरुको पदावधि ४ बर्षको हुनेछ ।

(४) उप-समितिले संचालन गर्ने योजनाको दीर्घकालिन संरक्षण तथा व्यवस्थापनका लागि समितिले योजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुवाट सेवा दस्तुर, मर्मत संभार दस्तुर जस्ता दस्तुरहरु तोकी उठाउनको लागि संम्बन्धित इलाका संरक्षण कार्यालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ र सम्वन्धित इलाका संरक्षण कार्यालयको सिफारिसमा प्रमुखको स्वीकृति लिई सम्बन्धित उप-समितिले तोकिएको दस्तुर उठाउन सक्नेछ । यसरी उप-समिति मार्फत उठाएको दस्तुरको कम्तीमा ७५ प्रतिशत रकम समितिले उप-समितिको कार्यक्रमहरु संचालन गर्नको लागि उपलब्ध गराउनु पर्नेछ ।

(५) उप-समितिहरुले आफूले प्राप्त गर्ने रकमको लागि कोष खडा गरी उप-समितिको नाउंमा बैंकमा खाता खोली कोष संचालन गर्नु पर्नेछ । उक्त कोषमा अध्यक्ष तथा सचिव वा कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन गर्नु पर्दछ । तर बैंकको सुविधा नभएको स्थानमा उप-समितिले तोकेका दुईजना सदस्यहरुको जिम्मामा कोषको रकम राख्न सकिनेछ ।

(६) उप-समितिको बैठक हरेक दुई महिनामा कम्तिमा एक पटक वस्नेछ र उक्त बैठकमा उप-समितिवाट भए गरेका काम कारवाहीको समीक्षा लगायत भावी योजनाको बारेमा छलफल गरी सो कुराको जानकारी सम्बन्धित उपभोक्ताहरु र समितिलाई दिनु पर्नेछ ।

(७) दुई वा दुईभन्दा बढी समितिहरुको संयुक्त योजनामा संचालित योजना संचालन गर्नकालागि गठन भएको उप-समितिको बैठकमा सकेसम्म सम्बन्धित सबै समितिका १-१ जना प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ ।

(८) उप-समितिको बैठकको निर्णय बहुमतवाट हुनेछ ।

(९) बैठकको निर्णयमा उपस्थित उप-समितिका सदस्यहरुको दस्तखत गराउनु पर्दछ । सो निर्णयलाई सचिवले प्रमाणित गर्नेछ ।

(१०) उप-समितिले आफूले संचालन गरेका योजना सम्वन्धी सम्पूर्ण कागजात, तथ्यांक बिवरण, उपभोक्ताको संख्या, हर हिसाव आदि राख्नु पर्दछ ।

(११) उप-समिति गठन गर्दा कम्तिमा एक जना महिला र एकजना पिछडिएको बर्गको प्रतिनिधित्व गराउनु पर्दछ ।

(१२) उप-समिति कुन प्रयोजनको लागि गठन गरिएको हो सो र उप-समितिका पदाधिकारीको नाम, उप-समितिको अधिकार तथा कर्तव्य आदिका वारेमा यथाशीघ्र सम्बन्धित इलाका संरक्षण कार्यालयलाई समितिले जानकारी उपलव्ध गराउनु पर्दछ ।

(१३) कुनै खास योजना वा अल्पकालिन योजना सम्पन्न गर्न गठन भएको उप-समिति सो योजना सम्पन्न गरी सम्वन्धित समितिलाई हस्तान्तरण गरेपछि स्वतः बिघटन हुनेछ ।

(१४) उप-समितिको हरेक बैठकमा सम्वन्धित समितिको सदस्य र इलाका संरक्षण कार्यालयको प्रतिनिधि पर्यवेक्षकको रुपमा उपस्थित हुनेछन ।

१०. उप-समितिको बिघटनः

(१) देहायको अबस्थामा समितिले दफा ९ वमोजिम गठित उप-समितिलाइ बिघटन गर्न सक्नेछ ।

(क) समितिले तोके वमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना नगरेमा वा गर्न नसकेमा, वा

(ख) ऐन, नियमावली वा निर्देशिका विपरित कुनै काम कारवाही गरेमा, वा

(ग) उप-समितिले कुनै कारणले आफूलाई सुम्पिएको दायित्व पूरा गर्न सकेको छैन वा स्थानीय उपभोक्ताहरुको हित बिपरित कुनै काम गरेको छ वा उपभोक्ताहरुको हित संरक्षण गर्न सकेको छैन भन्ने कुरामा सम्वन्धित समिति बिश्वस्त भएमा ।

(२) उप-दफा(१) वमोजिम कुनै उप-समिति बिघटन गर्नु पर्ने भएमा सम्बन्धित समितिले वा संयुक्त समिति अन्तर्गत गठन भएको उप-समिति भए ति संयुक्त समितिले उक्त उप-समितिलाई सुधारको निमित्त उचित म्याद दिई लिखित रुपमा सचेत गराउन वा निर्देशन दिन सक्नेछ । यसरी सचेत गराएको वा निर्देशन दिएको कुराहरुको पालना गर्नु त्यस्तो उप-समितिको कर्तव्य हुनेछ । यसरी दिएको निर्देशनको पालना नगरेमा समिति वा संयुक्त समितिले त्यस्तो उप-समिति निलम्बन वा बिघटन गरी अर्को नयां उप-समिति गठन गर्न सक्नेछ ।

११. उप-समितिका पदाधिकारीहरुको पद रिक्तताः

(१) उप-समितिका पदाधिकारीहरु देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्ः-

(क) दफा १० (१) वमोजिम उप-समिति बिघटन भएमा ।

(ख) राजिनामा पेश गरी स्वीकृत भएमा ।

(ग) संरक्षण क्षेत्र वाहिर बसाई सरी गएमा ।

(घ) नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय पाएमा ।

(ङ) उप-समितिका दुई तिहाई सदस्यले कुनै पदाधिकारी विरुद्ध अबिश्वासको प्रस्ताव पारित गरेमा ।

(२) उप-समितिका पदाधिकारी मध्ये अध्यक्षले समिति समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष आफ्नो राजिनामा पेश गर्न सक्नेछन् ।

(३) उप-दफा(२) बमोजिम पेश गरेको उप-समितिको अध्यक्षको राजिनामा उप-समितिका दुई तिहाई सदस्यको बहुमतको सिफारिसमा समितिको अध्यक्षले स्वीकृत गर्न सक्नेछन् । उप-समितिका अन्य पदाधिकारीहरुको राजिनामा उप-समितिको अध्यक्षले स्वीकृत गर्न सक्नेछ ।

१२. कार्यक्रम तर्जुमा गर्दा अपनाउने आधारहरु

(१) समितिले नियम ९(क) बमोजिम योजना तर्जुमा गर्दा देहाय अनुसार प्राथमिकता दिनु पर्नेछ ।

(क) बन, बन्यजन्तु, जलाधार व्यबस्थापन

(ख) सांस्कृतिक सम्पदाको संरक्षण

(ग) संरक्षण शिक्षा

(घ) सामुदायिक विकास

(ङ) बैकल्पिक इन्धनको विकास

(२) उपदफा (१) बमोजिम प्राथमिकता निर्धारण गर्दा योजना सम्पन्न हुन लाग्ने जनशक्ति, आर्थिक स्रोत, सामग्री, समय र उक्त योजनावाट स्थानीय उपभोक्तालाई पुग्ने प्रत्यक्ष फाईदा, जनसहभागिता सो कार्यान्वयन गर्न उपलव्ध हुने, दैनिक जीवनलाई नभई नहुने, गाउं घरमै आर्थिक स्रोत र जनशक्ति र सामग्री साधनवाट पूरा हुने वा छिटै सम्पन्न गर्न सकिने र बढी उपलव्धीमूलक हुने कुराहरुलाई दृष्टिगत गरी सोही अनुसार योजना छनौट गर्नु पर्दछ ।

(३) उप-दफा (१) बमोजिम प्राथमिकता निर्धारण गरिएका योजनाहरु उपभोक्ताहरुले छनौट गरी संचालन गर्दा उपलव्ध आर्थिक स्रोत र श्रमले कार्यान्वयन गर्न कठिनाई भएमा दोस्रो, तेस्रोलाई क्रमशः प्राथमिकता दिनु पर्नेछ ।

(४) समितिले आफ्नो क्षेत्रमा संचालन गर्ने योजनाहरुको लागतको कम्तिमा २५ प्रतिशत पुंजीगत सेवा वा श्रम मुलक सेवा उपलव्ध गराउने गरी योजना प्रस्ताव गर्नु पर्दछ ।

१३. योजना मर्मत सम्भार सम्बन्धी व्यबस्था:

(१) समितिले आफ्नो क्षेत्रमा सम्पन्न भएको योजनाहरुबाट प्राप्त सेवालाई निरन्तरता दिन र दीर्घकालसम्म चालू राख्नकोलागि सम्बन्धित योजनाबाट प्रत्यक्ष फाइदा पाउने उपभोक्ताहरुबाट मर्मत संभार शुल्क उठाउनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम मर्मत संभार शुल्क दस्तुर उठाउंदा तथा संभार व्यवस्था गर्दा अपनाउनु पर्ने कार्यविधि अनुसूची -६ मा दिइएको छ ।

१४. जनसहभागिता तथा श्रमदान जुटाउने संम्बन्धी व्यबस्था:

समिति वा उपसमिति मार्फत गर्ने वा गराउने योजना सम्पन्न गर्दा लाग्ने खर्चकोलागि जनसहभागिता वा श्रमदान जुटाउन सकिनेछ । जनसहभागिता वा श्रमदान जुटाउंदा अपनाउनु पर्ने कार्यविधि अनुसूची-७ मा दिइएको छ ।

१५. अनुसन्धान सम्वन्धी व्यवस्था:

(१) नियम २० बमोजिम अनुसन्धान कार्य गर्न चाहने कुनै व्यक्ति वा संस्थालाई निम्न आधारमा संस्थाले दस्तुर तोकि अनुसन्धान गर्न अनुमति दिन सक्नेछ ।

(क) अनुसन्धानको विषय,

१) जैविक विविधता

२) सामाजिक । आर्थिक,

३) अन्य

(ख) अनुसन्धान अवधि,

(ग) श्री ५ को सरकार संग संझौता गरिएको योजना अन्तरगतको कार्यक्रम वा छुट्टै कार्यक्रम,

(घ) श्री ५ को सरकार वा बिदेशी वा नेपालीको संलग्नता,

(ङ) अनुसन्धानको लागि लाग्ने खर्च व्यक्तिगत वा अन्य स्रोतवाट व्यहोरिने,

(२) प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्धन गर्ने उद्देश्यवाट स्थापित संघ संस्थाहरुलाई अनुसन्धान शुल्क औचित्यता हेरी संस्थाले छुट दिन सकिनेछ ।

(३) श्री ५ को सरकार वा श्री ५ को सरकारका निकायवाट स्वीकृत प्राप्त गरी कुनै व्यक्ति वा संघ, संस्थाले योजना क्षेत्रमा कुनै कुराको अनुसन्धान गर्दा सम्वन्धित इलाका संरक्षण कार्यालयसंग सम्पर्क तथा समन्वय गरी अनुसन्धान कार्य गर्नु पर्नेछ ।

(४) बिदेशी अनुसन्धानकर्ताको हकमा प्रचलित कानुन बमोजिम आबश्यक स्वीकृती लिनु पर्नेछ ।

१६. योजनाको हस्तान्तरण सम्बन्धी व्यबस्थाः

(१) संरक्षण क्षेत्रहरुमा संस्थाबाट वा संस्था मार्फत सम्पन्न भएका योजनाहरु सम्वन्धित समितिहरुलाई हस्तान्तरण गर्न सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम हस्तान्तरण गरिने योजनाहरु हस्तान्तरण गर्नु अघि उक्त योजनाको सम्पूर्ण हर हिसाब तथा जिम्मेवारी फछयौंट गरेर मात्र हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिम योजना हस्तान्तरण गर्नु अघि सम्बन्धित समितिले उक्त योजना सुचारु रुपले संचालन, रेखदेख, मर्मत संभार तथा संरक्षण गर्ने स्पष्ट व्यबस्था मिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(४) योजना हस्तान्तरणको नमूना अनुसूची-८ मा उल्लेख गरे बमोजिम हुनेछ ।

१७. समितिहरुको सहकारिता संम्बन्धी व्यबस्था :

कुनै पनि इलाकामा गठन भएका समिति वा उप-समितिहरु मध्ये समान उद्देश्यका लागि गठन भएका समिति वा उप-समितिहरुले आपसी हित र विकासका लागि सहकारीमूलक कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

१८. सेवा संचालन सम्बन्धी व्यवस्थाः

(१) नियम २२ बमोजिम संरक्षण क्षेत्र भित्र होटल, लज, सार्वजनिक यातायात वा अन्य सेवा व्यबसाय संचालन गर्न कुनै व्यक्ति वा संस्थाले चाहेमा सम्वन्धित समिति र उप-समितिको सिफारिस सहित सम्बन्धित ईलाकाको संरक्षण अधिकृत समक्ष अनुसूची-९ मा उल्लेख भए अनुसार निबेदन दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम निबेदन पेश गर्दा होटल व्यबसाय संचालनको लागि अनुसूची-१०, क्याम्प साइट संचालनको लागि अनुसूची-११ र रेष्टुरेन्ट तथा चिया पसल संचालनको लागि अनुसूची-१२ बमोजिमको बिवरण फारम समेत निबेदनसाथ संलग्न हुनु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिम पर्न आएको निबेदन माथि आवश्यक छानबिन गरी सम्बन्धित संरक्षण अधिकृतले प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रमुखले आफ्नो राय सहित सेवा व्यबसाय संचालनकोलागि करार गर्न संस्था समक्ष स्वीकृतिकोलागि पेश गर्नु पर्नेछ ।

(४) संस्थाले कुनै पनि व्यक्ति वा अन्य संस्थासंग उपदफा (२) बमोजिम सेवा व्यवसाय संचालन गर्न दिनका लागि करार गर्दा संरक्षण क्षेत्र भित्रको निजी जग्गामा होटल, लज संचालन गर्दा अनुसूची-१३, सार्वजनिक जग्गाका संचालन गर्दा अनुसूची-१४ मा उल्लेखित शर्तहरु करारनामामा समावेश गर्नु पर्नेछ । त्यसैगरी निजी जग्गामा क्याम्पसाईट संचालनकोलागि अनुसूची-१५, सार्वजनिक जग्गामा क्याम्प साइट संचालनका लागि अनुसूची-१६ र रेष्टुरेन्ट तथा चिया पसल संचालनका लागि अनुसूची-१७ र सार्वजनिक जग्गामा रेष्टुरेन्ट तथा चिया पसल संचालनको लागि अनुसूची-१८ बमोजिम शर्तहरु करार नामामा समावेश गर्नु पर्नेछ ।

१९. संरक्षण क्षेत्र व्यबस्थापन समिति सम्बन्धी व्यबस्था:

(१) नियम ८ बमोजिम गठन हुने समिति गठन नभएसम्म वा नियम १२ बमोजिम विघटन भएको अबस्थामा पूनः अर्को समिति गठन नहुन्जेलसम्म सम्बन्धित संरक्षण ईलाका कार्यालयका संरक्षण अधिकृतले सो क्षेत्रको संरक्षण तथा व्यबस्थापन गर्नेछ ।

(२) उप-दफा (१) मा उल्लेख भए बमोजिमको अबस्थामा संरक्षण अधिकृत संरक्षण तथा व्यबस्थापन गर्न प्रमुखले अन्तरिम व्यबस्थाको लागि आबश्यक लिखित मार्गदर्शन जारी गर्नु पर्नेछ ।

(३) नियम ८ बमोजिम गठन हुने समितिमा रहने सदस्यहरु मध्ये संरक्षण क्षेत्रको भित्र कुनै गा.वि.स.को सवै वडाहरु संरक्षण क्षेत्र भित्र नपरेको अवस्थामा सो क्षेत्रमा स्थापना हुने समितिमा संरक्षण अधिकृतले मनोनयन गर्ने सदस्यको संख्या ती वडाहरुवाट प्रतिनिधित्व हुने सदस्य संख्या भन्दा बढी नहुने गरी मनोनयन गर्नु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिम कायम हुन आउने सदस्य संख्या समितिमा हुनु पर्ने कुल सदस्य संख्या भन्दा कम हुन आएमा पनि सो समितिले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्न बाधा पर्ने छैन ।

(५) नियम ८ को खण्ड (ख) र (ग) बमोजिम छानिएका मनोनित भएका सदस्यहरुले आफ्नो दायित्व निर्वाह नगरेको भन्ने समितिलाई लागेमा समितिका दुई तिहाई सदस्यको निर्णयले सो सदस्यलाई समितिवाट हटाउन सकिनेछ र सो सदस्यको स्थानमा पुनः अर्को सदस्य छान्न वा मनोनयन गर्नु पर्नेछ ।

(६) समितिको पदाधिकारी समितिको बैठकमा लगातार बिना सूचना ३ पटक अनुपस्थित भएमा स्वतः निजको पदवाट हट्नेछ र त्यस्तो अबस्थामा पूनः निजको स्थानमा अर्को सदस्यको छनौट वा मनोनयन गर्नु पर्नेछ ।

(७) समितिका पदाधिकारीहरुको प्रयोजनकोलागि सम्वन्धित ईलाकाको संरक्षण अधिकृतले अनुसूची-१९ बमोजिमको परिचय-पत्र उपलव्ध गराउनु पर्नेछ ।

२०. बन्यजन्तुको स्वामित्व सम्बन्धी व्यबस्था :

(१) संरक्षण क्षेत्र भित्र रहेका सम्पूर्ण बन्यजन्तुको स्वामित्व श्री ५ को सरकारमा निहित रहनेछ ।

(२) विभागको पूर्व स्वीकृति बिना संरक्षण क्षेत्र भित्र कुनै पनि बन्यजन्तुको शिकार गर्न गराउन पाईने छैन ।

(३) विभागले उप-दफा (२) बमोजिम स्वीकृत दिनु अघि संस्थासंग परामर्श लिनु पर्नेछ ।

२१. बन पैदाबारको उपयोग संम्बन्धी व्यबस्था :

(१) संरक्षण क्षेत्र भित्र रहेको प्रचलित कानूनबरा प्रतिबन्धित कुनैपनि बन पैदाबार वा जडिवुटीको संकलन, उपयोग, ओसार पसार समेत गर्न पाइंने छैन र त्यस्तो संकलन उपयोग वा ओसार पसार गर्न समेत इजाजत दिन पाइंने छैन ।

तर, प्रतिबन्धित बन पैदाबार वा जडिबुटी बाहेक अन्य वन पैदावार वा जडिबुटी संकलन गरी ओसारपसार गर्न अनुमति पाएका व्यक्तिले त्यस्तो बन पैदाबार वा जडिबुटी संरक्षण क्षेत्र बाहिर लग्नु अघि सम्वन्धित ईलाका संरक्षण कार्यालयको सिफारिसमा प्रमुखले छोडपुर्जि दिन सक्नेछ । स्थानीय उपयोगको लागि जडिबुटिको संकलन गर्न अनुमति ईलाका संरक्षण अधिकृतको सहमतिमा समितिले दिन सक्नेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि प्रतिबन्धित बन पैदाबार बाहेक अन्य बन पैदाबारको व्यापारिक प्रयोजनकोलागि संकलन तथा संरक्षण क्षेत्रवाट वाहिर निकासी गर्ने अनुमति दिनु अघि बातावरणीय प्रभाव मूल्यांकन, पुर्नः उत्पादन योजना व्यवस्था आदिको आधारमा तोकिएको परिमाणमा तोकिएको दस्तुर लिई इलाका संरक्षण कार्यालय र सम्बन्धित समितिको सिफारिसमा प्रमुखले अनुमति दिन सक्नेछ । यसरी अनुमति दिंदा उद्योगकोलागि आबश्यक शर्तहरु प्रशोधन तथा पुर्नः निकासी गर्न नपाईने शर्तहरु पनि राखिने छ ।

(३) उप-दफा (२) बमोजिम प्राप्त गरेको छोडपुर्जि बन पैदाबार निकासीकर्ताले निकासी गर्दा साथैमा राख्नु पर्छ र संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयका कर्मचारीले जुनसुकै समयमा उक्त छोडपुर्जि जांच गर्न सक्नेछन् । छोडपुर्जि देखाउन नसकेको अबस्थामा त्यस्तो बन पैदाबार निकासी गर्न पाईने छैन ।

(४) उप-दफा (२) बमोजिम जारी गरिने छोडपुर्जि अनुसूची-२० मा दिए बमोजिमको ढांचामा हुनु पर्नेछ ।

२२. अनुमति लिनु पर्नेः

संरक्षण क्षेत्र भित्रको सरकारी, सार्वजनिक वा पर्ति ऐलानी जग्गाको प्रयोग सार्वजनिक वृक्षरोपण (स्थानिय प्रजातिका बनस्पति) गर्ने उद्देश्यको लागि बाहेक अन्य प्रयोजनका लागि संस्थाको पूर्व स्वीकृति बिना प्रयोग पाईने छैन ।

२३. सम्पर्क अधिकारीको मुकामः

नियम ३१ बमोजिम तोकिएको सम्पर्क अधिकारीको कार्यालयको मुकाम प्रधान कार्यालय रहेको ठांउमा रहनेछ । तर श्री ५ को सरकारले भौगोलिक अवस्थाको आधारमा अस्थाई मुकाम संरक्षण क्षेत्रको अन्यत्र पनि तोक्न सक्नेछ ।

२४. मुद्दा हेर्ने सम्वन्धी व्यवस्थाः

नियम ३४ बमोजिम तोकिएको सम्पर्क अधिकारीले मुद्दाको कारवाही र किनारा गर्दा बिशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि र अधिकारको प्रयोग गर्नेछ ।

२५. समितिको कोष सम्बन्धी व्यबस्थाः

(१) समितिले आफ्नो क्षेत्रको प्राकृतिक स्रोत लगायत अन्य सम्पदाहरुको उपयोग गरे वापत उठाएको दस्तुर तथा शुल्कबाट भएको आम्दानी सोही समितिको आम्दानी हुनेछ र त्यसरी जम्मा गरेको रकम समितिले स्वीकृत कार्य योजनामा उल्लेखित कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(२) संरक्षण क्षेत्र भित्रको ऐन, नियम तथा यस निर्देशकाको वर्खिलाप गरे वापत लाग्ने दण्ड जरिवानाबाट हुने आम्दानीको ५० (पचास) प्रतिशत रकम सम्वन्धित समितिको कोषमा जम्मा हुनेछ र उक्त रकम सोही समिति अन्तरगत संरक्षण तथा विकास कार्यमा उपयोग गरिनेछ ।

२६. समितिको आम्दानीः

नियम २६ बमोजिम समितिले उठाएको दस्तुर र आर्जन गरेको रकम संरक्षण कार्यमा प्रयोग गर्न, स्थानीय सहभागिता र सकृयतालाई टेवा पुऱ्याउन सम्वन्धित संरक्षण क्षेत्र व्यबस्थापन समितिको कोषमा जम्मा गरिनेछ ।

२७. दर्ता गर्नु पर्नेः

(१) संरक्षण क्षेत्र भित्र निजी वा सार्वजनिक जग्गामा स्थापना गरी संचालनमा रहेका सवै किसिमको सेवा व्यबसायहरुले आआफ्नो इलाकामा रहेका इलाका संरक्षण कार्यालयमा आफ्नो सेवा व्यबसायको बिवरण सहित यो निर्देशिका लागू भएको मितिले १ वर्ष भित्र अनिवार्य रुपले दर्ता गराउनु पर्नेछ ।

(२) उप-दफा (१) वमोजिम दतांका लागि निबेदन प्राप्त हुन आएमा सम्वन्धित संरक्षण अधिकृतले सो सेवा व्यबसाय दतां गरी अनुसूची २१ बमोजिमको ढांचामा प्रमाणपत्र दिनु पर्नेछ ।

२८. पदीय दायित्व निर्वाह नगरेमा हुनेसजाय सम्बन्धी व्यबस्थाः

समितिका पदाधिकारीहरुले आफ्नो पदीय दायित्व बिपरित कार्य गरे गराएमा वा ऐन, नियम वा यस निर्देशिका बिपरित कुनै काम कारवाही गरेको पाइएमा ऐन बमोजिम कारवाही तथा सजाय हुनेछ ।

२९. अनुमति दिन नमिल्नेः

स्वीकृत व्यबस्थापनको कार्य योजनामा प्रष्ट रुपमा उल्लेख भएका बिषयहरुमा वाहेक नियम १६ बमोजिम प्रमुखवाट लिखित अनुमति नलिई सोही नियम बमोजिम निषेध गरिएका कार्य गर्ने वा अन्य कुराहरु गर्ने गराउने अनुमति प्रदान गर्ने अधिकार समितिलाई हुने छैन ।

३०. कार्य दिग्दर्शन वनाई लागू गर्न सकिनेः

यस निर्देशिकाको अधिनमा रही प्रमुखले सम्बन्धित ईलाका संरक्षण अधिकृतको सिफारिशमा ईलाका क्षेत्रका लागि उपयुक्त कार्य दिग्दर्शन बनाई संस्थाको स्वीकृति लिई लागू गर्न सक्ने छ ।

**अनुसूची–१**

(दफा ४ (३) संग सम्बन्धित)

**समितिको व्यबस्थापन कार्य योजनाको नमूना**

१. समितिको नाम र ठेगाना:

२. समिति अन्तरगतको गाउं क्षेत्रहरुको बिवरण:

३. प्राकृतिक स्रोतहरुको विवरण:

क. बन

ख. चरन क्षेत्र

ग. खानी

घ. प्रमुख खोलानाला

ङ बन्यजन्तु

४. सांस्कृतिक सम्पदाको बिवरण:

५. पर्यटकीय क्षेत्र:

६. समितिको इलाका भित्र बसोबास गर्ने जनसंख्या र आवादी क्षेत्र:

७. स्थानीय उपभोक्ताहरुकोलागि आवश्यक पर्ने बन पैदाबारको बिवरण:

८. प्राकृतिक स्रोत व्यबस्थापन:

९. बन पैदाबार उपयोग गर्ने तरिका:

क. सफाई (Clenning)

ख. एकल्याउने (Singling)

ग. हांगा कटाई (Thinning)

घ. छटनी (Pruning)

ङ बन सुधार सम्बन्धी अन्य व्यबस्था

१०. पर्यटकीय क्षेत्र व्यबस्थापन:

११.व्यबस्थापन कार्य योजना अवधिमा गरिने कार्यहरु (५ बर्षका लागि प्रत्येक आर्थिक बर्षको छुट्टा छुट्टै बिवरण):

क. बन संरक्षण तथा व्यबस्थापन

ख. सामुदायिक विकास कार्यक्रम

ग. सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम

घ. पर्यटन विकास कार्यक्रम

ङ. बैकल्पिक उर्जा कार्यक्रम

च. संरक्षण शिक्षा कार्यक्रम

१२. प्राकृतिक स्रोतको सदुपयोग:

क. काठ, दाउराको बितरण व्यबस्था

ख. अन्य बन पैदाबार उपयोग व्यबस्था

१३. कार्य योजना कार्यान्वयनकालागि लाग्ने शिर्षकगत अनुमानित खर्च:

१४.कार्य योजना कार्यान्वयनवाट हुने शिर्षकगत आम्दानी:

१५. कार्ययोजना कार्यान्वयनकालागि उपभोक्ता:

१६. संचालन हुने योजना समाप्ती पछि सेवा शुल्क उठाउने तथा मर्मत संभार सम्बन्धी व्यबस्था:

१७. समितिका पदाधिकारीहरुको नाम र पद:

१८.अन्य बिवरण:

## अनुसूची–२

(दफा ५(३) संग सम्बन्धित)

**वडा प्रतिनिधिको छनौट प्रक्रिया**

(क) सम्बन्धित वडाहरुमा स्थानीय उपभोक्ताहरुलाई भेला गराई समितिकोलागि वडाबाट सदस्य छनौट गर्नु पर्नाको कारण वारे सवैलाई अवगत गराउने ।

(ख) छानेर पठाउनु पर्ने व्यक्तिको उत्तरदायित्व जिम्मेवारी आदिको वारेमा उनीहरुलाई विस्तृत जानकारी दिने ।

(ग) सकभर सर्वसम्मत निर्णय गराएर छनौट गर्ने ।

(घ) सर्वसम्मत निर्णय हुन नसकेमा उपभोक्ताहरुको राय सल्लाह लिएर उपयुक्त प्रणालीबरा छनौट गर्ने ।

(ङ) छनोट गरे पछि सो व्यहोरा जनाई लिखितमा उतार गरी उपस्थित सबै उपभोक्ताहरुको दस्तखत गराउने ।

(च) संरक्षण अधिकृतले आवश्यक ठानेको अन्य कुराको निर्देशन दिन सक्ने छ ।

## अनुसूची–३

(दफा (४) संग सम्बन्धित)

**संरक्षण क्षेत्र व्यबस्थापन समितिको पदाधिकारीको छनौट प्रक्रिया**

१. नियम ९ (१) बमोजिमका पदेन सदस्य, छानिएका व्यक्तिहरु तथा मनोनित व्यक्तिहरु भेला गराई उनीहरुलाई समिति र यसका काम, कर्तव्य, जिम्मेबारी के के छन् र यो समिति किन गठन गर्नुपरेको हो । सो वारेमा जानकारी दिने ।

२. नियम ९ (१) बमोजिम वडावाट छनौट र संरक्षण अधिकृतवाट मनोनित सदस्यहरु मध्येवाट सकभर सर्वसम्मत तरिकाबाट १ जना अध्यक्ष, १ जना सचिव र ७ जना सदस्यहरुको छनौट गर्ने । सर्व सम्मत छनौट हुन नसकेमा बहुमतबरा छनौट गर्ने ।

३. उपर्युक्त व्यबस्थाको खण्ड २ बमोजिम छनौट भएको कुराहरु बैठक पुस्तीकामा लेखी सबै सदस्यहरुको दस्तखत गराउने ।

## अनुसूची–४

(दफा ५ (५) संग सम्बन्धित)

**संरक्षण क्षेत्र व्यवस्थापन समितिमा रहने पदाधिकारीको पदीय दायित्व बिवरण**

(क) अध्यक्षको काम कर्तव्य र अधिकारः

१. व्यबस्थापन कार्य योजना अन्तरगत रही समितिले सुम्पेको सम्पूर्ण काम कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।
२. समितिको बैठकको अध्यक्षता गर्नुका साथै बराबर मत भएको अबस्थामा निर्णायक मत दिने ।
३. समितिलाई सकृय नेतृत्व प्रदान गरी समितिको उद्देश्य पुरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउने ।
४. समितिको दैनिक कार्य संचालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।
५. समितिको बैठक आवश्यकता अनुसार वोलाउने ।
६. बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।
७. समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने ।
८. सरकारी र गैह्रसरकारी निकायसंग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।
९. आफ्नो क्षेत्रका उपभोक्ताहरुको योजना सम्बन्धी कामकालागि सहभागिता जुटाउने ।

१०. योजनाको चल अचल सम्पत्ति हेरविचार गर्ने, गराउने ।

११. आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

(ख) सचिवको काम कर्तव्य र अधिकारः

१. समितिको कार्यक्रम र काम कार्यवाहीलाई प्रभावकारी ढंगबाट संचालन गर्न कार्यालय व्यबस्थापनको काम गर्ने ।

२. समितिको बैठककोलागि आवश्यक तयारी व्यबस्था मिलाउने ।

३. समितिको निर्णय बैठक पुस्तिकामा लेख्ने ।

४. प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।

५. योजनाको कार्यान्वयन सम्बन्धमा राख्नुपर्ने सबै श्रेस्ताहरु राख्ने र सो को जानकारी बैठकमा पेश गर्ने ।

६. आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्वन्धी सहभागिता जुटाउने ।

७. समितिको आर्थिक प्रशासनिक तथा जिन्सी खाताहरु सुरीक्षत तथा दुरुस्त राख्ने ।

(ग) सदस्यहरुको काम, कर्तव्य र अधिकारः

१. योजना कार्यान्वयन स्थितिको निरीक्षण गर्ने ।

२. योजनाको कार्यान्वयन र सुचारु रुपले संचालन गर्न चाहिने श्रम, सीप, पूंजी र सामाग्रीको मात्रा निधो गर्ने ।

३. आबश्यकता अनुसार आआफ्नो क्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

४. योजनाको स्थिति आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

**अनुसूची–५**

(दफा ७ (२) संग सम्बन्धित)

**उपभोक्ता समितिको बैठकको निर्णय उतारको नमूना**

वैठक नः स्थानः

समितिको नामः

मितिः

आज मिति .........साल .........महिना ..............गतेका दिन यस समितिका अध्यक्षरवरिष्ठ सदस्य श्री ....... ................................को अध्यक्षतामा निम्न व्यक्तिहरुको उपस्थितिमा बसेको बैठकले निम्न बिषयमा छलफल गरी तपशिल बमोजिमको निर्णय गरेको छ ।

| उपस्थित व्यक्ति | | | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री .................. | |
| २. | सचिव | श्री .................. | |
| ३. | सदस्य | श्री .................. | |
| ४. | सदस्य | श्री .................. | |
| ५. | सदस्य | श्री .................. | |
| ६. | सदस्य | श्री .................. | |
| ७. | सदस्य | श्री .................. | |
| ८. | सदस्य | श्री .................. | |
| ९. | सदस्य | श्री .................. | |
| १०. | आमन्त्रित | श्री .................. | |

छलफलको बिषयहरु

१.

२.

३.

बैठकको निर्णयहरुः

१.

२.

३.

४.

५.

.................. ..................

अध्यक्षरवरिष्ठ सदस्य सचिव

**अनुसूची–६**

(दफा १३(२)संग सम्बन्धित)

**योजना मर्मत संभार सम्वन्धी व्यवस्था**

१. सवै उपभोक्ताहरुलाई भेला गराउने र भेला भएका उपभोक्ताहरुलाई योजनाको संरक्षण र मर्मत संभार गर्नु पर्ने आबश्यकता बारे जानकारी दिने । यस्तो भेलामा सकेसम्म सम्बन्धित प्राविधिकलाई पनि संलग्न गराई योजना मर्मत संभारको प्राविधिक पक्षको बारेमा पनि उपभोक्ताहरुलाई जानकारी दिने ।

२. योजनाको नियमित संरक्षण र मर्मत संभारका कामहरु आवश्यकता हेरी दिन दिनै वा हप्तै पिच्छे वा महिनैपिच्छे वा छ, छ महिनामा वा बर्षको एक पटक गर्नु पर्ने हो सो वारेमा निधो गरी विभिन्न चरणमा गर्नु पर्ने हो भने के कसरी गर्ने हो छलफलवाट निधो गर्ने ।

३. नियमित संरक्षण र मर्मत संभारकालागि पहिले योजना तयारी गर्दा नै कोष खडा गरिएको छ भने त्यसै रकमवाट काम चलाउने । यदि त्यस्तो कोष खडा छैन भने सबै उपभोक्ताहरुको सहभागिताबाट आवश्यक पूंजी र साधन जुटाउनको लागि कोष खडा गर्न सेवा शुल्क उठाउने व्यबस्था मिलाउने ।

४. मर्मत संभार कामकालागि कस्ता श्रम, सीप, पूंजी र सामाग्री कति मात्रामा जुटाउनु पर्ने बारेमा पनि छलफलवाट निधो गर्ने ।

५. अपर्झट गर्नु पर्ने मर्मत संभार कुन बेला गर्ने भन्ने कुराको अग्रिम जानकारी नहुने हुंदा योजनाको नियमित रुपमा निरीक्षण गर्ने व्यवस्था मिलाउने । यसका लागि चौकिदार राखी नियमित निरीक्षण गर्ने वा उपभोक्ताहरुलाई पालैपालोसंग निरक्षिण गर्ने जिम्मा दिने भन्ने पनि छलफलबाट निधो गरी सो को व्यबस्था मिलाउने ।

६. नियमित वा आकस्मिक मर्मत संभार गर्ने सीपालु व्यक्ति उपभोक्ताहरु मध्ये छैनन् भने त्यस कामकोलागि कसलाई तालीम दिनु पर्ने हो वा बाहिर कतैबाट ल्याई काम चलाउन सकिन्छ निधो गर्ने र तालीम दिन पर्ने हो भने कतिबजना, ककसलाई कहां तालीम दिन पठाउने वा बाहिरवाट सिकाउने व्यक्ति ल्याएर तालीम दिने सो कुराको निधो गर्ने यसका लागि बाहिरवाट ल्याउन सकिने भए कहांबाट कसरी कुन शर्तमा ल्याउने छलफल वाटै निधो गर्ने ।

७. योजनामा एक जना व्यक्तिले संरक्षण र मर्मत गर्न सकिने खालको हो सो निर्क्यौल गरी एक जनाले नै गर्न सक्ने खालको भएमा कुनै एक जिम्मेबार व्यक्तिलाई सो गर्ने जिम्मा दिने । जिम्मा दिएको व्यक्तिको लापरवाहीवाट नोक्सान भएमा निरीक्षण गर्ने व्यक्तिबाट सोको मर्मत संभार खर्च व्यहोर्न लगाउने ।

८. योजनामा मर्मत संभारकोलागि उपभोक्ताको सिपले र श्रमवाट मर्मत संभार हुन मात्र समितिको कोषबाट खर्च हुने गरी प्राविधिकबाट गराउने व्यवस्था मिलाउने ।

९. अपर्झट मर्मत संभारकालागि उपभोक्ताहरुलाई काममा लगाउनु पर्दा कामको मात्रा हेरी चाहिने संख्याका उपभोक्ताहरुलाई पालैपालो काममा लगाउने व्यबस्था गर्ने ।

१०. योजना संरक्षण र मर्मत संभारका बारेमा गरिएका निर्णयहरु र वनाएका नियमहरु समितिमा सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

११. मर्मत संभार सम्बन्धी भएका निर्णयहरु बैठक पुस्तिकामा लेख्ने र उपस्थित सवै सदस्यहरुको दस्तखत गराउने ।

**अनुसूची–७**

(दफा १४ संग सम्बन्धित)

**जनसहभागिता तथा श्रमको परिचालन**

१. कुनै पनि कुराको निधो लिनु अघि महिलाहरु समेत भएका उपभोक्ताहरुलाई भेला गराउने । त्यसका लागि सबैलाई मिल्ने समय, ठाउं र दिन तोकेर कुन बिषयको छलफल गरी निधो लिनु पर्ने हो कम्तिमा एक दिन अघि नै सबै उपभोक्ता कहां खबर पु¥याउने व्यबस्था गर्नु पर्दछ ।

२. उपभोक्ताहरु भेला भएपछि समस्याहरु बताएर निर्णयको लागि छलफल गर्न अनुरोध गर्ने र छलफलमा सबैलाई बोल्ने उत्तिकै मौका दिने वातावरण तयार गर्नु पर्दछ । कम बोल्ने वा नबोल्ने व्यक्तिहरुलाई पनि बोल्न हौसला गरी बढी बोल्नेलाई अरुको कुरा सुन्न अनुरोध गर्ने र आफूले आफ्ना बिचारहरु अरुहरुलाई थोपानें गर्नु हुन्न ।

३. कहिले कांही कुनै कुरा नबुझेर वा नजानेर समूहका व्यक्तिहरुले छलफलमा धक फुकाएर बोल्न सकेका हुंदैनन । त्यस्तै कहिले काहीं उनीहरुले बास्तविक कुरा वुझेर अर्को कुरा पनि गरी रहेका हुन सक्छन् । यस्तो अबस्था भएमा उनीहरुलाई सही कुरा केहो सो बुझाएर निर्णयमा पुग्न मद्दत गर्नु पर्दछ अथवा नबुझेको कुरा बुझाउने तर निधो गर्न भने उनिहरुलाई नै दिनुपर्दछ ।

४. जनचेतना अभिवृद्धि गर्नका लागि बेला बेलामा जनताहरुबीच आयोजना के हो र किन चाहिन्छ भन्ने कुराहरु बुझाउन शैक्षिक कार्यक्रमहरु गर्नु पर्ने हुन्छ । त्यसकारण स्वास्थ्य, शिक्षा, आयमूलक व्यबसाय, बन, पर्यावरण, उन्नत कषि आदि क्षेत्रमा काम गर्ने विकास कार्यकर्ताहरु वा प्रशिक्षकहरु मध्ये आयोजनालाई जो चाहिने हो वहांहरुलाई गाउंमा ल्याई शैक्षिक कायंक्रमहरुको आयोजना गर्ने व्यबस्था गर्नु पर्दछ । शैक्षिक कार्यक्रमहरुमा नाटक, गोष्ठी, चलचित्र, फोटो चित्र, सभा, गीत, पम्प्लेट, पोष्टर, भित्ते लेखन, भ्रमण, प्रतियोगिता आदि कायंक्रम संचालन गर्न सकिन्छ । यस्ता कायंक्रमहरु हाट बजार, स्कूल, प्रौढ पाठशाला आदि ठाउंहरुमा आयोजना गर्दा प्रभाबकारी हुने हु)दा सकभर ती ठाउंहरुमा कार्यक्रमहरुको आयोजना गर्ने व्यबस्था गर्नु पर्दछ ।

**अनुसूची–८**

(दफा १६(४) संग सम्बन्धित)

योजना हस्तान्तरणको नमूना

जिल्ला.........................गा.वि.स................................वडा नं..........मा

कुल लागत रु .......................(अक्षरुपी ................................मा निर्मित योजना कायांन्वयनमा भएको खर्चको फरफारक भई सकेको हुंदा यस .........................योजना ................................ समितिलाई आज मिति २०....साल ....................महिना........गतेका दिन हस्तान्तरण गरिएको छ । अब यस ................योजनामा गर्नु पर्ने संचालन रेखदेख र मर्मत संभारको कामको जिम्मेवारी तपाई ......................समिति .........................लाई हुनेछ ।

| योजना हस्तान्तरण गर्नेः | योजना बुझ्नेः |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| सहीः | सहीः |
| मितिः | मितिः |
| | साक्षीहरु |
| | १. |
| | २. |
| | ३. |

## अनुसूची– ९

(दफा १८(१) संग सम्बन्धित)

**सेवा व्यबसाय संचालनकोलागि दिइंने निवेदनको ढांचा**

श्रीमान् संरक्षण अधिकृतज्यू

.....................संरक्षण क्षेत्र आयोजना

........................ईलाका संरक्षण कार्यालय

विषयः सेवा व्यवसाय संचालन गर्ने अनुमति पत्र पाउं भन्ने वारे ।

महोदय,

उपरोक्त सम्बन्धमा ..................... गा.वि.स. ...............वडा .................... गाउं । स्थानमा सार्वजनिक । निजी जग्गामा ..................व्यबसाय संचालन गर्नको लागि अनुमति पत्र प्रदान गरि दिन हुन अनुरोध गर्दछु । सो को निम्ति आबश्यक बिवरण फाराम भरी जग्गा धनी दतां प्रमाण पुर्जा, फोटोकपि, संरक्षण क्षेत्र व्यबस्थापन समितिको सिफारिश पत्र समेत यसै निबेदन साथ पेश गरेको छु । उपरोक्त बिवरण झुठा ठहरेमा कानून बमोजिम सहुंला बुझाउंला ।

निबेदक

............................

नाम, थरः

ठेगानाः

नागरिकता नंः

## अनुसूची–१०

(दफा १८(२) संग सम्बन्धित)

.............................संरक्षण कार्यालय

**होटल व्यबसाय संचालन अनुमतिथपत्र प्राप्त गर्ने प्रयोजनका लागि भर्नु पर्ने बिवरण फाराम**

१. संचालकको नामः.................................. कार्यालय प्रयोजनको लागि मात्र

२. संचालकको ठेगानाः................................

३. होटलको नामः......................................

४. व्यबसायको किसिमः १. एकलौटी २. साझेदारी ३. कम्पनी ☐

५. व्यबसायले ओगटेको क्षेत्रफलः..........................(वर्ग मी.) ☐

६. जग्गाको किसिमः १. निजी २. सार्वजनिक............. ☐

७. जग्गाको धनि प्रमाण पूर्जाको फोटोकपि संलग्नः १. छ २. छैनः ☐

८. होटलको तल्ला संख्याः............................................... ☐

९. होटल बनाउनु पर्ने भए सो को नक्शा :

१०.कोठा संख्याः १. सिंगल बेड........................ वटा ☐

२. डबल वेड........................ वटा ☐

३. ट्रिपल वेड.................................. वटा ☐

४. डोमेंटरी.................................... वटा ☐

११. शौचालयः कति वटा...............................वटा ☐

१२.सोलार वाटर हिटरः १. छ २. छैन भए कति क्षमता..........(लि.) ☐

१३. इन्धनको लागि के प्रयोग गर्नु हुन्छ रु १. दाउरा.................... ☐
२. वैकल्पिक उर्जा......................... ☐
क. मट्टितेल ............................... ☐
ख. गोबर ग्यांस........................... ☐
ग. ग्यांस .................. ☐
घ. विजुली .......... ☐
ङ. अन्य (खुलाउनुहोस्) ☐

१४. फोहर फाल्न व्यवस्थाः १. छ २. छैन ☐
१५. ढल निकासको व्यवस्थाः १. छ २. छैन निकास भए कता रु ☐
१६.वाटर फिल्टरः १. छ २. छैन ☐
१७.आगन्तुक पुस्तिकाः १.छ २. छैन ☐
१८.संचालकले पयंटन चेतना शिविरमा भाग लिएकोः १. छ २. छैन ☐
१९. संचालकले तालीम प्राप्त गरेकोः १. छ २. छैन ☐
२०.तालीम प्राप्त गरेको भए कुन तालीम कहांवाट प्राप्त गरेको छः
१. भाषा सम्वन्धी बाट ☐
२. लज व्यवस्थापन वाट ☐
३. कुकिँ वाट ☐
४. अतिथि सत्कार वाट ☐
५. अन्य(खुलाउने) वाट ☐
२१. करेसा बारीः १. छ २. छैन ☐
२२. होटलमा कार्यरत स्थानीय कर्मचारी संख्या ☐
२३. होटलमा कार्यरत वाह्य कमंचारी संख्याः
२४.क्याम्प साईटः १. छ २.छैन ☐
भए कति क्षमताको ......................... ☐

.......................

निवेदकको सहि

नामः

ठेगानाः

नागरिकता नंः

**अनुसूची–११**

(दफा १८(२) संग सम्बन्धित)

.................................संरक्षण कार्यालय

**क्याम्प साईट संचालन अनुमतिथपत्र प्राप्त गर्ने प्रयोजनका लागि भर्नु पर्ने बिवरण फाराम**

१. संचालकको नामः..................................... कार्यालय प्रयोजनको लागि मात्र

२. संचालकको ठेगानाः...................................

३. क्याम्प साईटको नामः.....................................

४. व्यबसायको किसिमः १. एकलौटी २. साझेदारी ३. कम्पनी ☐

५. व्यबसायले ओगटेको क्षेत्रफलः.......................................(वर्ग मी.) ☐

६. जग्गाको किसिमः १. निजी २. सार्वजनिक ...................... ☐

७. जग्गाको धनिपूर्जाको फोटोकपि संलग्नः १. छ २. छैनः ........... ☐

८. क्याम्प साइट वनाउनु पर्ने भए सो को नक्शा संलग्नः १. छ २. छैन .......... ☐

९. चर्पी संख्या १. स्थायी (सैप्टिक टैंक भएको) .........................वटा ☐

२. अस्थायीः २.१ खाडल भएको ........................वटा ☐

२.२ वग्ने ..................................वटा ☐

१०. वाथरुमः १. छ २. छैन ☐

भए कति वटा .............................................वटा ☐

११. सोलार वाटर हिटरः १. छ २. छैन

भए कति क्षमताको ................................(लि.) ☐

१२. ईन्धनको लागि के प्रयोग गर्नु हुन्छ ? १. दाउरा ............................... ☐

२. वैकल्पिक उर्जा ..................................... ☐

१३. वैकल्पिक उर्जा प्रयोग गर्ने भए कुन कुन प्रयोग गर्नु हुन्छ रु ☐

१. मट्टितेल ............................................ ☐

२. गोबर ग्यांस ....................................... ☐

३. ग्यांस ☐

४. विजुली ☐

५. अन्य (खुलाउनुहोस) ☐

१४. फोहर फाल्ने खाडल १. छ २. छैन ☐

१५. भान्सा घरको लागि ढल निकासको व्यवस्था१. छ २. छैन ☐

निकास भए कता रु

१६. भान्साघरको लागि सक पिटको व्यवस्था १. छ २. छैन ☐

१७. बाथरुमको लागि ढल निकासको व्यवस्था १. छ २. छैन ☐

१८. वाटर फिल्टरः १. छ २. छैन ☐

१९. आगन्तुक पुस्तिकाः १. छ २. छैन ☐

२०. संचालकले पर्यटन चेतना शिविरमा भाग लिएकोः १. छ २. छैन ☐

२१. स)चालकले तालीम प्राप्त गरेकोः१. छ २. छैन ☐

२२. तालीम प्राप्त गरेको भए कुन तालीम कहांवाट प्राप्त गरेको छः

१. भाषा सम्वन्धी बाट ☐
२. लज व्यवस्थापन बाट ☐
३. कुकिँ बाट ☐
४. अतिथि सत्कार बाट ☐
५. अन्य (खुलाउने) बाट ☐

२३. करेसा बारीः १. छ २. छैन ☐
२४. क्याम्प साइटमा कार्यरत स्थानीय कर्मचारी संख्या ☐
२५. क्याम्प साइटमा कार्यरत वाह्य कर्मचारी संख्याः ☐

.........................
निबेदकको सहि
नामः
ठेगानाः
नागरिकता नंः

**अनुसूची–१२**

(दफा १८(२) संग सम्बन्धित)

............................संरक्षण कार्यालय

**रेष्टुरेन्ट तथा चिया पसल संचालन अनुमति–पत्र प्राप्त गर्ने प्रयोजनका लागि भर्नु पर्ने बिवरण फाराम**

१. संचालकको नामः............................................. अफिस प्रयोजनको लागि मात्र
२. संचालकको ठेगानाः...........................................
३. रेष्टुरेन्टको नामः................................................
४. व्यबसायको किसिमः १. एकलौटी २. साझेदारी ३. कम्पनी ☐
५. व्यबसायले ओगटेको क्षेत्रफलः .......................................(वर्ग मी) ☐
६. जग्गाको किसिमः १. निजी .......... २. सार्वजनिक ...................... ☐
७. जग्गाको धनिपूर्जाको फोटोकपि संलग्नः १. छ २. छैनः ........... ☐
८. रेष्टुरेन्टको तल्ला संख्याः ........................ ☐
९. रेष्टुरेन्ट वनाउनु पर्ने भए सो को नक्शा संलग्नः १. छ २. छैन... ☐
१०. कोठा संख्याः १. सिंगल बेड .....................................वटा ☐
२. डबल बेड ..................................... वटा ☐
३. ट्रिपल बेड ..............................................वटा ☐
४. डोर्मेटरी ............................................... वटा ☐
११. चर्पी संख्या १. स्थायी (सैप्टिक टैंक भएको) ...........................वटा ☐
२. अस्थायीः २.१ खाडल भएको .........................वटा ☐
२.२ वग्ने .......................................वटा ☐
१२. शौचालयः १. छ २. छैन ☐
भए कति वटा .................................... वटा ☐

१३. सोलार वाटर हिटरः १. छ २. छैन ☐

भए कति क्षमताको ..................................(लि) ☐

१४. इन्धनको लागि के प्रयोग गर्नु हुन्छ रु १. दाउरा ............................... ☐

२. बैकल्पिक उर्जा ............................. ☐

१५. बैकल्पिक उर्जा प्रयोग गर्ने भए कुन कुन प्रयोग गर्नु हुन्छ रु ☐

१. मट्टितेल ........................................... ☐

२. गोबर ग्यांस .................................... ☐

३. ग्यांस............ ☐

४. बिजुली.................. ☐

५. अन्य (खुलाउनुहोस) ☐

१६. फोहर फाल्ने खाडलः १. छ २. छैन ☐

१७. ढल निकासको व्यवस्थाः १. छ २. छैन ☐

निकास भए कता रु

१८. भान्सा घरको लागि सक पिटको व्यबस्थाः १. छ २. छैन ☐

१९. वाथरुमको लागि सक पिटको व्यबस्थाः १. छ २. छैन ☐

२०. वाटर फिल्टरः १. छ २. छैन ☐

२१. संचालकले पर्यटन चेतना शिविरमा भाग लिएकोः १. छ २. छैन ☐

२२. संचालकले तालीम प्राप्त गरेकोः १. छ २. छैन ☐

२३. तालीम प्राप्त गरेको भए कुन तालीम कहांवाट प्राप्त गरेको छः

१. भाषा सम्वन्धी बाट ☐

२. लज व्यबस्थापन वाट ☐

३. कुकिँ वाट ☐

४. अतिथि सत्कार वाट ☐

५. अन्य (खुलाउने) वाट ☐

२४. करेसा बारीः १. छ २. छैन ☐

२५. रेष्टुरेन्टमा कार्यरत स्थानीय कर्मचारी संख्याः ☐

२६. रेष्टुरेन्टमा कार्यरत बाह्य कर्मचारी संख्याः ☐

२७. क्याम्प साईटः १. छ २.छैन ☐

भए कति क्षमताको

...................

निबेदकको सहि

नामः

ठेगानाः

नागरिकता नंः

## अनुसूची–१३

(दफा १८(३) संग सम्बन्धित)

**<u>संरक्षण क्षेत्र भित्र होटल, सेवा, व्यवसाय संचालनकोलागि करारनामामा गर्दा समावेश गर्नु पर्ने शर्तहरु</u>**

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २१ र २२ ले दिएको अधिकार प्रयोग गरि संरक्षण क्षेत्र भित्रको निजी स्वामित्वको जग्गामा सो क्षेत्रको प्राकृतिक श्रोतमा प्रतिकूल असर नपर्ने गरी होटल । लज । गेष्टहाउस संचालन गर्दा व्यवसायीले तपसिल वमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

<u>तपसिल</u>

१. यस शर्तनामामा प्रयोग भएको शव्द "व्यवसायी" भन्नाले यहां उल्लेखित शर्तहरुको अधिनमा रही होटलरलज व्यवसाय गर्ने संचालकलाई जनाउने छ । अन्य शव्दहरुको हकमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार हुनेछ ।

२. व्यवसायीले संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयवाट नक्शा स्वीकृत गराएर मात्र होटलरलज बनाउनु पर्नेछ । सो को निम्ति व्यवसायीले सम्वन्धित समितिको सिफारिश सहित जग्गा धनि दर्ता प्रमाण पूर्जाको फोटोकपि, र होटल र लजको नक्सा संलग्न गरी तोकिएको ढांचामा स्वीकृतिको लागि प्रमुख वा संरक्षण अधिकृतलाई निवेदन पेश गर्नु पर्नेछ ।

३. व्यबसायीले व्यबसायको कारणवाट उत्पन्न हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यबस्था गर्नु पर्नेछ । सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु बमोजिम हुनु पर्नेछ ।

४. होटल मर्मत संभार वा बिस्तार गर्नु परेमा सम्पूर्ण बिवरण स्पष्ट खुलाई सम्बन्धित समितिको सिफारिश सहित स्वीकृतिको निम्ति प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । निवेदनमा उल्लेख भई स्वीकृत गरिएदेखि बाहेकको तरिका अपनाई मर्मत संभार वा बिस्तार गर्न पाईने छैन ।

५. समिति वा लज व्यवस्थापन उप-समितिले स्वीकृत गरेको मेनु (मूल्य सूचि) मात्र प्रयोग गर्नु पर्नेछ ।

६. आफ्नो होटलमा आएको पर्यटकहरुको अनिवार्य दर्ता गराउनु पर्नेछ र मासिक रुपमा सम्वन्धित ईलाका संरक्षण कार्यालय वा मातहतका कार्यालयमा पर्यटक-तथ्यांक वुझाउनु पर्नेछ ।

७. संस्था वा प्रधान कार्यालयले तोकेको क्षेत्र र समयमा उपलव्ध वैकल्पिक उर्जा जस्तै मट्टितेल, ग्यांस, विजुली आदि अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाईने छैन ।

८. आफ्नो होटलमा बस्दाको समयमा पाहुना र निजको सामानको सुरक्षाको जिम्मा व्यवसायीको हुनेछ ।

९. व्यवसायीले समितिले तोकि दिए बमोजिम नियमानुसार दस्तुर तिर्नु पर्नेछ ।

१०. त्यस क्षेत्रको बन तथा बन्यजन्तु संरक्षणमा व्यबसायीहरुको पनि सक्रिय सहभागिता तथा सहयोग हुनु पर्नेछ ।

११. व्यबसाय संचालनवाट त्यस क्षेत्रको बातावरणमा कुनै किसिमको प्रतिकुल असर पार्न पाईने छैन । कुनैपनि कार्यहरु प्राकृतिक बातावरणको दृष्टिले वा सामाजिक -सांस्कृतिक दृष्टिले प्रतिकूल छ भन्ने प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयलाई लागेमा आबश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु व्यबसायीको कर्तव्य हुनेछ ।

१२. संरक्षण क्षेत्रको संरक्षण तथा संबर्धन गर्नकोलागि आबश्यकतानुसार सम्बन्धित समिति तथा लज व्यबस्थापन उप-समितिले समय समयमा निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु व्यबसायीको कर्तव्य हुनेछ ।

१३. होटल अनुमति प्राप्त गर्न व्यबसायीले नै होटेल चलाउनु पर्नेछ ।

१४.होटलसंग क्याम्प साईट भए सो को हकमा क्याम्प साईट सम्बन्धी शर्तहरु समेत पालना गर्नु पर्नेछ ।

१५. होटल व्यबसाय माथिका शर्तहरुका अधिनमा रही संचालन गर्ने मिति २०५ । । देखि २०............सम्म हुनेछ । म्याद सकिएको १ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ ।

१६. उल्लेखित शर्तहरुको पालना नभएमा वा पालना नभएको भनि प्रमुखलाई लागेमा संरक्षण क्षेत्र व्यबस्थापन नियमावली, २०५३ बमोजिम प्रमुखले वा अधिकार प्राप्त अधिकारीले कार्यवाही अगाडि वढाउनेछ ।

१७. संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले आबश्यक ठानेमा समितिसंग छलफल गरी शर्तहरुलाई संस्थाले समयानुकूल हेरफेर, थप घट गर्न सक्नेछ ।

माथिको शर्तहरुको अधिनमा रही सेवा व्यबसाय स)चालन गर्न मन्जुर गर्नेको

औंठाको छाप

| दा | वा |
|---|---|
| | |

*सही:*

*होटलको नाम र ठेगाना:*
*संचालकको नाम र ठेगाना:*
*चर्चेको क्षेत्रफल:*
*नागरिकता नं:*

**अनुसूची–१४**

दफा १८(४) संग सम्बन्धित)

**सार्वजनिक जग्गामा होटल व्यबसाय संचालनका शर्तहरु**

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ वमोजिम संरक्षण क्षेत्र भित्रका सार्वजनिक जग्गामा होटल । लज संचालन गर्दा व्यबसायीले तपसिल बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

तपसिल

१. यस शर्तनामामा प्रयोग भएको शव्द “व्यवसायी” भन्नाले यहा) उल्लेखित शर्तहरुको अधिनमा रही होटलरलज व्यबसाय गर्ने संचालकलाई जनाउने छ । अन्य शव्दहरुको हकमा संरक्षण क्षेत्र व्यबस्थापन नियमावली, २०५३ अनुसार हुनेछ ।

२. व्यबसायीले संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयबाट नक्शा स्वीकृत गराएर मात्र होटल र लज बनाउनु पर्नेछ । सो को निम्ति व्यबसायीले सम्वन्धित समितिको सिफारिश सहित जग्गा धनि दर्ता प्रमाण पूर्जाको फोटोकपि र होटल र लजको नक्सा संलग्न गरी तोकिएको ढांचामा स्वीकृतिको लागि प्रमुख वा संरक्षण अधिकृतलाई निवेदन पेश गर्नु पर्नेछ ।

३. संस्था वा प्रधान कार्यालयले स्वीकृति दिएको स्थान र क्षेत्रफल भित्र होटल र लज राख्नु पर्नेछ ।

४. संस्था वा प्रधान कार्यालयले तोकि दिए बमोजिम कोठा र शयन संख्या सिमित राख्नु पर्नेछ ।

५. व्यबसाय संचालनको लागि आबश्यक साईनवोर्डको सख्या र नाप, समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिए बमोजिम हुनु पर्नेछ ।

६. होटल मर्मत संभार वा बिस्तार गर्नु परेमा सम्पूर्ण बिवरण स्पष्ट खुलाई सम्वन्धित समितिको सिफारिश सहित स्वीकृतिको निम्ति प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयमा निबेदन पेश गर्नु पर्नेछ । निबेदनमा उल्लेख भई स्वीकृत गरिएदेखि बाहेकको तरिका अपनाई मर्मत संभार वा बिस्तार गर्न पाईने छैन ।

७. यस क्षेत्रको बन तथा बन्यजन्तु संरक्षणमा व्यबसायी पनि जिम्मेबार हुनु पर्नेछ ।

८. व्यबसाय संचालनबाट त्यस क्षेत्रको बातावरणमा कुनै किसिमको प्रतिकुल असर पार्न पाईने छैन । कुनै पनि कायंहरु प्राकृतिक बातावरणको दृष्टिले वा सामाजिक-सांस्कृतिक दृष्टिले प्रतिकूल छ भन्ने प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयलाई लागेमा आबश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु व्यबसायीको कर्तव्य हुनेछ ।

९. व्यबसायीले समितिले तोकि दिए वमोजिम सार्वजनिक जग्गा उपभोग दस्तुर संस्थाले तोके वमोजिम तिनुं पर्नेछ ।

१०. समिति वा समितिले तोकेको लज व्यवस्थापन उप-समितिले स्वीकृत गरेको मेनु (मुल्य सूचि) मात्र प्रयोग गर्नु पर्नेछ ।

११. आफ्नो होटलमा आएका  पर्यटकहरुको अनिवार्य दर्ता गराउनु पर्नेछ र मासिक रुपमा सम्वन्धित ईलाका संरक्षण कार्यालय वा मातहतका कार्यालयमा पर्यटक तथ्यांक बुझाउनु पर्नेछ ।

१२. आफ्नो होटलमा बस्दाको समयमा पाहुना र निजको सामानको सुरक्षाको जिम्मा व्यबसायीको हुनेछ ।

१३. संस्था वा प्रधान कार्यालयले तोकेको क्षेत्र र समयमा उपलव्ध बैकल्पिक उर्जा जस्तै मट्टितेल, ग्याँस, विजुली आदि अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाईने छैन ।

१४.शौचालय सेप्टिक टैंक सहित भएको हुनु पर्नेछ ।

१५. व्यबसायीले व्यबसायको कारणबाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यबस्था गर्नु पर्नेछ । सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु बमोजिम हुनु पर्नेछ ।

१६. होटल अनुमति प्राप्त गर्ने व्यबसायीले नै चलाउनु पर्नेछ ।

१७. करार भंग भएपछि सेवा संचालन गरिएको जग्गामा व्यवसायीको कुनै प्रकारले हक-दाबी लाग्ने छैन ।

१८.यस क्षेत्रको बातावरण संरक्षण र दिगो सामाजिक-आर्थिक विकासको लागि संस्था वा प्रधान कार्यालयले आबश्यक ठानेमा कुनैपनि बेला शर्तहरुमा फेर-बदल वा थप-घट गर्न सक्नेछ ।

१९. होटलसंग क्याम्प साईट भए सो को हकमा क्याम्प साईट सम्वन्धी शर्तहरु समेत पालना गर्नु पर्नेछ ।

२०.यी शर्तहरुको अधिनमा सेवा व्यवसाय स)चालन गर्ने अवधि मिति २०५ ।    ।       देखि २० .........सम्म हुनेछ । म्याद सकिएको १ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ ।

२१. उल्लेखित शर्तहरुको पालना नभएमा वा पालना नभएको भनि प्रमुखलाई लागेमा संरक्षण क्षेत्र व्यबस्थापन नियमावली, २०५३ वमोजिम प्रमुखले वा अधिकारी प्राप्त अधिकारीलाई कार्यवाही अगाडि वढाउनेछ ।

२२. संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले आबश्यक ठानेमा समितिसंग छलफल गरी शर्तहरुलाई समयानुकूल हेरफेर, थप घट गर्न सक्नेछ ।

२३. अन्य आबश्यक शर्तहरु पनि थप गर्न सकिनेछ ।

माथिको शर्तहरुको अधिनमा रही व्यवसाय संचालन गर्न मन्जुर गर्नेको

औंठाको छाप

| दा | वा |
|---|---|
| | |

*सही:*

*रेष्टुरेन्टको नाम र ठेगाना:*
*संचालकको नाम र ठेगाना:*
*चर्चेको क्षेत्रफल:*
*नागरिकता नं:*

## अनुसूची–१५

(दफा १८(४) संग सम्बन्धित)

**निजी जग्गामा क्याम्प साइट व्यवसाय संचालनका शर्तहरु**

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २१ र २२ ले दिएको अधिकार प्रयोग गरि संरक्षण क्षेत्र भित्रको निजी स्वामित्वको जग्गामा सो क्षेत्रको प्राकृतिक श्रोतमा प्रतिकूल असर नपर्ने गरी होटल। लज। गेष्टहाउस संचालन गर्दा व्यवसायीले तपसिल वमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ।

तपसिल

१. यस शर्तनामामा प्रयोग भएको शव्द "व्यवसायी" भन्नाले यहां उल्लेखित शर्तहरुको अधिनमा रही होटल र लज र गेष्टहाउस व्यवसाय गर्ने संचालकलाई जनाउने छ। अन्य शव्दहरुको हकमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार हुनेछ।

२. व्यवसायीले संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयवाट नक्शा स्वीकृत गराएर मात्र होटल र लज र गेष्टहाउस वनाउनु पर्नेछ। सो को निम्ति व्यवसायीले सम्वन्धित समिति र गाउं विकास समितिको सिफारिश सहित जग्गा धनि दर्ता प्रमाण पूर्जाको फोटोकपि, र होटल र लज र गेष्टहाउसको नक्सा संलग्न गरी तोकिएको ढांचामा स्वीकृतिको लागि प्रमुख वा संरक्षण अधिकृतलाई निवेदन पेश गर्नु पर्नेछ।

३. व्यवसायीले व्यवसायको कारणवाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यवस्था गर्नु पर्नेछ। सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु वमोजिम हुनु पर्नेछ।

४. व्यवसायीले व्यवसायको कारणवाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यवस्था गर्नु पर्नेछ। सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु वमोजिम हुनु पर्नेछ।

५. क्याम्प साइट मर्मत संभार वा विस्तार गर्नु परेमा सम्पूर्ण विवरण स्पष्ट खुलाई सम्वन्धित समितिको सिफारिश सहित स्वीकृतिको निम्ति प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। निवेदनमा उल्लेख भई स्वीकृत गरिए देखि वाहेकको तरिका अपनाई मर्मत संभार वा विस्तार गर्न पाईने छैन।

६. समिति वा लज व्यवस्थापन उप-समितिले स्वीकृत गरेको मेनु (मूल्य सूचि) मात्र प्रयोग गर्नु पर्नेछ।

७. आफ्नो क्याम्पसाईटमा आएमा पर्यटकहरुको अनिवार्य दर्ता गराउनु पर्नेछ र मासिक रुपमा सम्वन्धित ईलाका संरक्षण कार्यालय वा मातहतका कार्यालयमा पर्यटक-तथ्यांक वुझाउनु पर्नेछ।

८. क्याम्पसाईटका पाहुनाहरुलाई उपलव्ध वैकल्पिक उर्जा जस्तै मट्टितेल, ग्यांस, विजुली आदि अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाईने छैन। व्यवसायीको किचनको हकमा भने संस्था वा प्रधान कार्यालयले तोकेको क्षेत्र र समयमा उपलव्ध वैकल्पिक उर्जा अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाइने छैन।

९. आफ्नो क्याम्पसाईटमा वस्दाको समयमा पाहुना र निजको सामानको सुरक्षाको जिम्मा व्यवसायीको हुनेछ।

१०. व्यवसायीले संरक्षण क्षेत्र भित्र सेवा व्यवसाय संचालन गरे वापत समितिले तोकि दिए वमोजिम नियमानुसार दस्तुर तिनुं पर्नेछ।

११. त्यस क्षेत्रको वन तथा वन्यजन्तु संरक्षणमा व्यवसायीहरुको पनि सक्रिय सहभागिता तथा सहयोग हुनु पर्नेछ।

१२. व्यवसाय संचालनवाट त्यस क्षेत्रको वातावरणमा कुनै किसिमको प्रतिकुल असर पार्न पाईने छैन। कुनैपनि कार्यहरु प्राकृतिक वातावरणको दृष्टिले वा सामाजिक-सांस्कृतिक दृष्टिले प्रतिकूल छ भन्ने प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयलाई लागेमा आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

१३.संरक्षण क्षेत्रको संरक्षण तथा संवर्धन गर्नको लागि आवश्यकतानुसार सम्वन्धित समिति तथा लज व्यवस्थापन उप-समितिले समय समयमा निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

१४.क्याम्पसाईट अनुमति प्राप्त गर्न व्यवसायीले नै चलाउनु पर्नेछ।

१५. क्याम्प साईटसंग रेष्टुरेन्ट भए सो को हकमा रेष्टुरेन्ट सम्वन्धी शर्तहरु समेत पालना गर्नु पर्नेछ।

१६. क्याम्प साईट व्यवसाय माथिका शर्तहरुका अधिनमा रही संचालन गर्ने मिति २०५ । । देखि २०.....सम्म हुनेछ। म्याद सकिएको १ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ।

१७. संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले आवश्यक ठानेमा समितिसंग छलफल गरी शर्तहरुलाई संस्थाले समयानुकूल हेरफेर, थप घट गर्न सक्नेछ।

१८.अन्य आवश्यक शर्तहरु पनि थप गर्न सकिनेछ।

माथिको शर्तहरुको अधिनमा रही व्यवसाय संचालन गर्न मन्जुर गर्नेको

औंठाको छाप

| दा | वा |
|---|---|
| | |

*सही:*

*रेष्टुरेन्टको नाम र ठेगाना:*
*संचालकको नाम र ठेगाना:*
*चर्चेको क्षेत्रफल:*
*नागरिकता नं:*

**अनुसूची-१६**

(दफा १८(३) संग सम्वन्धित)

**सार्वजनिक जग्गामा क्याम्प साइट व्यवसाय संचालनका शर्तहरु**

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ वमोजिम संरक्षण क्षेत्र भित्रका सार्वजनिक जग्गामा क्याम्पसाईट । लज। गेष्टहाउस संचालन गर्दा व्यवसायीले तपसिल वमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ।

तपसिल

१. यस शर्तनामामा प्रयोग भएको शव्द "व्यवसायी" भन्नाले यहां उल्लेखित शर्तहरुको अधिनमा रही क्याम्पसाईट, लज र गेष्टहाउस व्यवसाय गर्ने संचालकलाई जनाउने छ। अन्य शव्दहरुको हकमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार हुनेछ।

२. व्यवसायीले संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयवाट नक्शा स्वीकृत गराएर मात्र क्याम्पसाइट, लज र गेष्टहाउस वनाउनु पर्नेछ। सो को निम्ति व्यवसायीले सम्वन्धित समिति र गाउँ विकास समितिको सिफारिश सहित जग्गा धनि दर्ता प्रमाण पूर्जाको फोटोकपि, र क्याम्पसाइट, लज र गेष्टहाउसको नक्सा संलग्न गरी तोकिएको ढाँचामा स्वीकृतिको लागि प्रमुख वा संरक्षण अधिकृतलाई निवेदन पेश गर्नु पर्नेछ।

३. संस्था वा प्रधान कार्यालयले स्वीकृति दिएको स्थान र क्षेत्रफल भित्र क्याम्पसाइट ।लज। गेष्टहाउस सिमित राख्नु पर्नेछ।

४. संस्था वा प्रधान कार्यालयले तोकि दिए वमोजिम कोठा र वेड संख्या सिमित राख्नु पर्नेछ।

५. व्यवसाय संचालनको लागि आवश्यक साईनवोर्डको संख्या र नाप समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिए वमोजिम हुनु पर्नेछ।

६. क्याम्पसाईट मर्मत संभार वा विस्तार गर्नु परेमा सम्पूर्ण विवरण स्पष्ट खुलाई सम्वन्धित समितिको सिफारिश सहित स्वीकृतिको निम्ति प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । निवेदनमा उल्लेख भई स्वीकृत गरिएदेखि वाहेकको तरिका अपनाई मर्मत संभार वा विस्तार गर्न पाईने छैन ।

७. यस क्षेत्रको वन तथा वन्यजन्तु संरक्षणमा व्यवसायी पनि जिम्मेवार हुनु पर्नेछ ।

८. व्यवसाय संचालनवाट त्यस क्षेत्रको वातावरणमा कुनै किसिमको प्रतिकुल असर पार्न पाईने छैन । कुनै पनि कार्यहरु प्राकृतिक वातावरणको दृष्टिले वा सामाजिक-सांस्कृतिक दृष्टिकोणले प्रतिकूल छ भन्ने प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयलाई लागेमा आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

९. व्यवसायीले समितिले तोकि दिए वमोजिम सार्वजनिक जग्गा उपभोग दस्तुर संस्थाले तोके वमोजिम तिर्नु पर्नेछ ।

१०. समिति वा समितिले तोकेको लज व्यवस्थापन उप-समितिले स्वीकृत गरेको मेन (मुल्य सूचि) मात्र प्रयोग गर्नु पर्नेछ ।

११. आफ्नो क्याम्पसाईटमा आएका पर्यटकहरुको अनिवार्य दर्ता गराउनु पर्नेछ र मासिक रुपमा सम्वन्धित ईलाका संर क्षण कार्यालय वा मातहतका कार्यालयमा पर्यटक तथ्यांक वुझाउनु पर्नेछ ।

१२. आफ्नो क्याम्पसाईटमा वस्दाको समयमा पाहुना र निजको सामानको सुरक्षाको जिम्मा व्यवसायीको हुनेछ ।

१३. संस्था वा प्रधान कार्यालयले तोकेको क्षेत्र र समयमा उपलब्ध वैकल्पिक उर्जा जस्तै मट्टितेल, ग्याँस, विजुली आदि अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाईने छैन ।

१४. शौचालय सेप्टिक टैंक सहित भएको हुनु पर्नेछ ।

१५. व्यवसायीले व्यवसायको कारणवाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यवस्था गर्नु पर्नेछ । सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु बमोजिम हुनु पर्नेछ ।

१६. क्याम्पसाइट अनुमति प्राप्त व्यवसायीले नै चलाउनु पर्नेछ ।

१७. करार भंग भएपछि सेवा संचालन गरिएको स्थानमा व्यवसायीको कुनै हक-दावी लाग्ने छैन ।

१८. यस क्षेत्रको वातावरण संरक्षण र दिगो सामाजिक-आर्थिक विकासको लागि संस्था वा प्रधान कार्यालयले आवश्यक ठानेमा कुनैपनि वेला शर्तहरुमा फेर-वदल वा थप-घट गर्न सक्नेछ ।

१९. क्याम्पसाईटसंग क्याम्प साइट भए सो को हकमा क्याम्प साईट सम्वन्धी शर्तहरु समेत पालना गर्नु पर्नेछ ।

२०. यी शर्तहरुको अधिनमा व्यवसाय संचालन गर्ने अवधि मिति २०५ । । देखि २०.......सम्म हुनेछ । म्याद सकिएको १ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ ।

२१. उल्लेखित शर्तहरुको पालना नभएमा वा पालना नभएको भनि प्रमुखलाई लागेमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ वमोजिम प्रमुखले वा अधिकार प्राप्त अधिकारीले कार्यवाही अगाडि वढाउन सक्नेछ ।

२२. संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले आवश्यक ठानेमा समितिसंग छलफल गरी शर्तहरुलाई संस्थालो समयानुकूल हेरफेर, थप घट गर्न सक्नेछ ।

२३. अन्य आवश्यक शर्तहरु पनि थप गर्न सकिनेछ ।

माथिको शर्तहरुको अधिनमा रही व्यवसाय संचालन गर्न मन्जुर गर्नेको

औंठाको छाप

| दा | वा |
| --- | --- |
| | |

*सही:*
*रेष्टुरेन्टको नाम र ठेगाना:*
*संचालकको नाम र ठेगाना:*
*चर्चेको क्षेत्रफल:*
*नागरिकता नं:*

## अनुसूची-१७

(दफा १८(४) संग सम्वन्धित)

**निजी जग्गामा रेष्टुरेन्ट व्यवसाय संचालनका शर्तहरु**

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २१ र २२ ले दिएको अधिकार प्रयोग गरि संरक्षण क्षेत्र भित्रको निजी स्वामित्वकोजग्गामा सो क्षेत्रको प्राकृतिक श्रोतमा प्रतिकूल असर नपर्ने गरी होटल। लज। गेष्टहाउस संचालन गर्दा व्यवसायीले तपसिल वमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ।

तपसिल

१. यस शर्तनामामा प्रयोग भएको शब्द "व्यवसायी" भन्नाले यहां उल्लेखित शर्तहरुको अधिनमा रही होटल, लज र गेष्टहाउस व्यवसाय गर्ने संचालकलाई जनाउने छ। अन्य शब्दहरुको हकमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार हुनेछ।

२. व्यवसायीले संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयवाट नक्शा स्वीकृत गराएर मात्र होटल, लज र गेष्टहाउस वनाउनु पर्नेछ। सो को निम्ति व्यवसायीले सम्वन्धित समिति र गाउं विकास समितिको सिफारिश सहित जग्गा धनि दर्ता प्रमाण पूर्जाको फोटोकपि, र होटल, लज र गेष्टहाउसको नक्सा संलग्न गरी तोकिएको ढांचामा स्वीकृतिको लागि प्रमुख वा संरक्षण अधिकृतलाई निवेदन पेश गर्नु पर्नेछ।

३. व्यवसायीले व्यवसायको कारणवाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यवस्था गर्नु पर्नेछ। सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु वमोजिम हुनु पर्नेछ।

४. व्यवसायीले व्यवसायको कारणवाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यवस्था गर्नु पर्नेछ। सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु वमोजिम हुनु पर्नेछ।

५. रेष्टुरेन्ट मर्मत संभार वा विस्तार गर्नु परेमा सम्पूणं विवरण स्पष्ट खुलाई सम्वन्धित समितिको सिफारिश सहित स्वीकृतिको निम्ति प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। निवेदनमा उल्लेख भई स्वीकृत गरिएदेखि वाहेकको तरिका अपनाई मर्मत संभार वा विस्तार गर्न पाईने छैन।

६. समिति वा लज व्यवस्थापन उप-समितिले स्वीकृत गरेको मेन (मूल्य सूचि) मात्र प्रयोग गर्नु पर्नेछ।

७. संस्था वा प्रधान कार्यालयले तोकेको क्षेत्र र समयमा उपलब्ध वैकल्पिक उर्जा जस्तै मट्टितेल, ग्याँस, विजुली आदि अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाईने छैन।

८. व्यवसायीले संरक्षण क्षेत्र भित्र सेवा व्यवसाय संचालन गरे वापत समितिले तोकि दिए वमोजिम दस्तुर तिर्नु पर्नेछ।

९. त्यस क्षेत्रको वन तथा वन्यजन्तु संरक्षणमा व्यवसायीहरुको पनि सक्रिय सहभागिता तथा सहयोग हुनु पर्नेछ।

१०. रेष्टुरेन्ट संचालनवाट त्यस क्षेत्रको वातावरणमा कुनै किसिमको प्रतिकुल असर पार्न पाईने छैन। कुनैपनि कार्यहरु प्राकृतिक वातावरणको दृष्टिले वा सामाजिक-सांस्कृतिक दृष्टिले प्रतिकूल छ भन्ने प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयलाई लागेमा आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

११. संरक्षण क्षेत्रको संरक्षण तथा संवर्धन गर्नको लागि आवश्यकतानुसार सम्वन्धित समिति तथा लज व्यवस्थापन उप-समितिले समय समयमा निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

१२. रेष्टुरेन्ट अनुमति प्राप्त व्यवसायीले नै चलाउनु पर्नेछ।

१३. रेष्टुरेन्टसंग क्याम्प साईट भए सो को हकमा क्याम्प साईट सम्वन्धी शर्तहरु समेत पालना गर्नु पर्नेछ।

१४. रेष्टुरेन्ट व्यवसाय माथिका शर्तहरुका अधिनमा रही संचालन गर्ने मिति २०५५। । देखि २० ..........सम्म हुनेछ। म्याद सकिएको १ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ।

१५. उल्लेखित शर्तहरुको पालना नभएमा वा पालना नभएको भनि प्रमुखलाई लागेमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ वमोजिम प्रमुखले कार्वाही अगाडि वढाउन सक्नेछ ।

१६. संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले आवश्यक ठानेमा समितिसंग छलफल गरी शर्तहरुलाई समयानुकूल हेरफेर, थप घट गर्न सक्नेछ ।

१७. अन्य आवश्यक शर्तहरु पनि थप गर्न सकिनेछ ।

माथिको शर्तहरुको अधिनमा रही व्यवसाय संचालन गर्न मन्जुर गर्नेको

औंठाको छाप

| दा | वा |
|---|---|
| | |

*सही:*
*रेष्टुरेन्टको नाम र ठेगाना:*
*संचालकको नाम र ठेगाना:*
*चर्चेको क्षेत्रफल:*
*नागरिकता नं:*

**अनुसूची-१८**

(दफा १८(४) संग सम्वन्धित)

**सार्वजनिक जग्गामा रेष्टूरेन्ट व्यवसाय संचालनका शर्तहरु**

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ वमोजिम संरक्षण क्षेत्र भित्रका सार्वजनिक जग्गामा रेष्टुरेन्ट। लज। गेष्टहाउस संचालन गर्दा व्यवसायीले तपसिल वमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

तपसिल

१. यस शर्तनामामा प्रयोग भएको शव्द “व्यवसायी” भन्नाले यहा) उल्लेखित शर्तहरुमा रही सेवा व्यवसाय गर्ने संचालकलाई जनाउने छ । अन्य शव्दहरुको हकमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ अनुसार हुनेछ ।

२. व्यवसायीले संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयवाट नक्शा स्वीकृत गराएर मात्र रेष्टुरेन्टरलजर गेष्टहाउस वनाउनु पर्नेछ। सो को निम्ति व्यवसायीले सम्वन्धित समिति र गाउं विकास समितिको सिफारिश सहित जग्गा धनि दर्ता प्रमाण पूर्जाको फोटोकपि, र रेष्टुरेन्ट, लज र गेष्टहाउसको नक्सा संलग्न गरी तोकिएको ढांचामा स्वीकृतिको लागि प्रमुख वा संरक्षण अधिकृतलाई निवेदन पेश गर्नु पर्नेछ ।

३. संस्था वा प्रधान कार्यालयले स्वीकृति दिएको स्थान र क्षेत्रफल भित्र रेष्टुरेन्ट ।लज। गेष्टहाउस सिमित राख्नु पर्नेछ ।

४. संस्था वा प्रधान कार्यालयले तोकि दिए वमोजिम कोठा र वेड संख्या सिमित राख्नु पर्नेछ ।

५. व्यवसाय संचालनको लागि आवश्यक साईनवोर्डको संख्या र नाप समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिए वमोजिम हुनु पर्नेछ ।

६. रेष्टुरेन्ट मर्मत संभार वा विस्तार गर्नु परेमा सम्पूणं विवरण स्पष्ट खुलाई सम्वन्धित समितिको सिफारिश सहित स्वीकृतिको निम्ति प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । निवेदनमा उल्लेख भई स्वीकृत गरिएदेखि वाहेकको तरिका अपनाई मर्मत संभार वा विस्तार गर्न पाईने छैन ।

७. यस क्षेत्रको वन तथा वन्यजन्तु संरक्षणमा व्यवसायी पनि जिम्मेवार हुनु पर्नेछ ।

८. व्यवसाय संचालनवाट त्यस क्षेत्रको वातावरणमा कुनै किसिमको प्रतिकुल असर पार्न पाईने छैन । कुनै पनि कार्यहरु प्राकृतिक वातावरणको दृष्टिले वा सामाजिक-सांस्कृतिक दृष्टिले प्रतिकूल छ भन्ने प्रधान कार्यालय वा

ईलाका संरक्षण कार्यालयलाई लागेमा आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

९. व्यवसायीले समितिले तोकि दिए वमोजिम सार्वजनिक जग्गा उपभोग कर तिर्नु पर्नेछ।

१०. समिति वा समितिले तोकेको लज व्यवस्थापन उप-समितिले स्वीकृत गरेको मेन (मुल्य सूचि) मात्र प्रयोग गर्नु पर्नेछ।

११. आफ्नो रेष्टुरेन्टमा आएका  पर्यटकहरुको अनिवार्य दर्ता गराउनु पर्नेछ र मासिक रुपमा सम्वन्धित ईलाका संरक्षण कार्यालय वा मातहतका कार्यालयमा पर्यटक तथ्यांक वुझाउनु पर्नेछ।

१२. आफ्नो रेष्टुरेन्टमा वस्दाको समयमा पाहुना र निजको सामानको सुरक्षाको जिम्मा व्यवसायीको हुनेछ।

१३. संस्था वा प्रधान कार्यालयले तोकेको क्षेत्र र समयमा उपलव्ध वैकल्पिक उर्जा जस्तै मट्टितेल, ग्याँस, विजुली आदि अनिवार्य रुपले प्रयोग गर्नु पर्नेछ र सो क्षेत्र र समयमा दाउराको प्रयोग गर्न पाईने छैन।

१४. शौचालय सेप्टिक टैंक सहित भएको हुनु पर्नेछ।

१५. व्यवसायीले व्यवसायको कारणवाट हुने फोहोरमैलाको उचित विसर्जनको अनिवार्य व्यवस्था गर्नु पर्नेछ। सो कार्य समिति र प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले तोकि दिएको शर्तहरु बमोजिम हुनु पर्नेछ।

१६. रेष्टुरेन्ट अनुमति प्राप्त व्यवसायीले नै चलाउनु पर्नेछ।

१७. करार भंग भएपछि सेवा संचालन गरिएको जग्गामा व्यवसायीको कुनै हक-दावी लाग्ने  छैन।

१८. यस क्षेत्रको वातावरण संरक्षण र दिगो सामाजिक-आर्थिक विकासको लागि संस्था वा प्रधान कार्यालयले आवश्यक ठानेमा कुनैपनि वेला शर्तहरुमा फेर-वदल वा थप-घट गर्न सक्नेछ।

१९. रेष्टुरेन्टसंग क्याम्प साईट भए सो को हकमा क्याम्प साईट सम्वन्धी शर्तहरु समेत पालना गर्नु  पर्नेछ।

२०. यी शर्तहरुको अधिनमा व्यवसाय संचालन गर्ने अवधि मिति २०५ ।   ।    देखि २० ।  ।....सम्म हुनेछ। म्याद सकिएको १ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नु पर्नेछ।

२१. उल्लेखित शर्तहरुको पालना नभएमा वा पालना नभएको भनि प्रमुखलाई लागेमा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ वमोजिम प्रमुखले कार्यवाही अगाडि वढाउन सक्नेछ।

२२. संस्था वा प्रधान कार्यालय वा ईलाका संरक्षण कार्यालयले आवश्यक ठानेमा समितिसंग छलफल गरी शर्तहरुलाई संस्थाले समयानुकूल हेरफेर, थप घट गर्न सक्नेछ।

२३. अन्य आवश्यक शर्तहरु पनि थप गर्न सकिनेछ।

माथिको शर्तहरुको अधिनमा रही व्यवसाय संचालन गर्न मन्जुर गर्नेको

औंठाको छाप

| दा | वा |
| --- | --- |
| | |

सहीः
रेष्टुरेन्टको नाम र ठेगानाः
संचालकको नाम र ठेगानाः
चर्चेको क्षेत्रफलः
नागरिकता नंः

## अनुसूची-१९

दफा १९ (७) संग सम्वन्धित

### परिचय-पत्रको नमूना

अगाडी पट्टी

<table>
<tr><td>

................ संरक्षण क्षेत्र आयोजना<br>..................इलाका संरक्षण कार्यालय<br>....................संरक्षण क्षेत्र व्यवस्थापन समितिको परिचय पत्र

नामः................................................<br>
पदः................................................<br>
ठेगानाः............................गा.वि.स ...............जिल्ला<br>
मान्य अवधिः मितिः.....................देखि.....................सम्म

संरक्षण अधिकृत

</td></tr>
</table>

पछाडि पट्टी

<table>
<tr><td>

१. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३ को नियम ८ वमोजिम अन्नपूर्ण संरक्षण क्षेत्रमा गठित संरक्षण क्षेत्र व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरुका लागि यो परिचय पत्र ................संरक्षण क्षेत्र आयोजनाबरा जारी गरिएको हो ।<br>
२. यो परिचय पत्र तोकिएको अवधि सम्म मात्र मान्य हुनेछ ।<br>
३. संरक्षण क्षेत्र व्यवस्थापन समितिमा वहाल नरहेको अवस्थामा यो परिचय पत्र स्वतः रद्द भएको मानिनेछ ।<br>
४. यो परिचय पत्र धारकले संरक्षण क्षेत्र व्यवस्थापन समितिमा वहाल नरहेको अवस्थामा यो परिचय पत्र जारी भएको इलाका संरक्षण कार्यालयमा फिर्ता वुझाउनु पर्नेछ ।

</td></tr>
</table>

## अनुसूची २०

(दफा २१ (४) संग सम्वन्धित)

### छोडपुर्जिको नमूना

श्री .............. संरक्षण क्षेत्र आयोजना

..............इलाका संरक्षण कार्यालय

श्री .........................

................................

मिति ..................को संकलन । ओसार । पसार इजाजत पत्र अनुसार तपसिल वमोजिमको वन पैदावार ............... दिन भित्र ..............स्थानवाट .............स्थानसम्म ओसार पसार गर्न यो छोडपुर्जी दिइएको छ । वाटोमा पर्ने इलाका कार्यालयहरुमा वा अन्य संरक्षित कार्यालयहरुमा अनिवार्य रुपमा दरपिठ गराई लैजानु होला ।

तपसिल

| क्र.स. | वन पैदावारको नामर जात | परिमाण | संकलन गरेको स्थान | कैफियत |
|---|---|---|---|---|
| | | | | |

वोधार्थः-

श्री ..................इकाई कार्यालय

श्री .................. संरक्षण क्षेत्र आयोजना, प्रधान कार्यालय

संरक्षण अधिकृत

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धि निर्देशिका, २०६६

मा. मन्त्रीज्यूबाट स्वीकृति मिति २०६६।३।२१

**प्रस्तावना :**

जंगली वन्यजन्तु (हात्ती, गैंडा, बाघ, चितुवा, हिंउ चितुवा, अर्ना, भालु, जंगली वनेल, अजिंगर, गोही) हरु प्राकृतिक वासस्थानबाट (राष्ट्रिय वन, निकुञ्ज, आरक्ष, संरक्षण र मध्यवर्ती क्षेत्रको जंगल क्षेत्र) बाट मानव वस्तीहरुमा प्रवेश गरी स्थानीय जनताको धनजनको क्षति पुऱ्याउने गरेको घटनाहरु पटक पटक भै राखेका छन् । यसरी हुने क्षतिको सरकारी पक्षबाट राहत दिने व्यवस्था नभएको कारण उपरोक्त अनुसारका वन्यजन्तुबाट हुने धनजनको क्षेतिको कारण वन/निकुञ्ज/आरक्ष तथा स्थानीय प्रशासन बीच द्वन्दात्मक अवस्थाको श्रृजना हुंदै आएको सन्दर्भमा वन्यजन्तुहरुबाट धनजनको क्षति हुँदा राहत दिने स्पष्ट व्यवस्था गरिएको खण्डमा संरक्षणमा थप टेवा पुग्नुका साथै संरक्षणमा अपनत्वको विकास हुने देखिन्छ ।

वन्यजन्तुहरु मानव वस्तीमा आई स्थानीय जनताको धनजनको क्षति हुने क्रम वृद्धि भै राखेको कारण संरक्षित क्षेत्रका कार्यालयहरुमा स्थानीय जनताहरुले विभिन्न तरीकाबाट विरोध तथा दवाव दिने गरेकोले त्यस्ता संरक्षित वन्यजन्तुबाट हुने र हुन सक्ने मानिसको जीउधन क्षति वापत पिडित नेपाली नागरिकलाई राहत उपलब्ध गराउनु न्यायोचित हुने देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ वमोजिम वन तथा भू-संरक्षण मन्त्रालयले यो निर्देशिका वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यो निर्देशिकाको नाम वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी निर्देशिका, २०६६ रहेको छ ।

२. यो निर्देशिका तुरन्त लागु हुनेछ ।

२. परिभाषा: यस निर्देशिकाको प्रयोजनको लागि

क. वन्यजन्तुवाट हुने क्षतिः भन्नाले हात्ती, गैंडा, बाघ, चितुवा, हिउँ चितुवा, अर्ना, भालुबाट हुने मानवीय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षति, र खाद्यान्न तथा फलफुल बालीको क्षतिसमेतलाई जनाउँछ ।

ख. गम्भीर घाइते भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अंगभंग हुने गरी घाईते भएको अवस्थालाई जनाउंछ ।

ग. सामान्य घाइते भन्नाले शरीर अंगभंग हुने वाहेक अन्य अवस्थाको घाईतेलाई जनाउंछ ।

क. वन्यजन्तुबाट हुने क्षतिको किसिम र राहत प्राप्त गर्ने आधारहरु :

(१) मानवीय क्षति :

विभिन्न राष्ट्रिय निकुञ्जहरु र आरक्षहरु वा संरक्षण क्षेत्रहरुको जंगल क्षेत्र र राष्ट्रिय वन क्षेत्र वाहेक अन्यत्र वन्यजन्तुको आक्रमणमा परी मानिस मृत्यु भएमा, गम्भीर घाइते भएमा वा उपचार गर्नु पर्ने गरी घाइते भएको अवस्थामा यस निर्देशिका वमोजिम राहत रकम उपलब्ध गराइनेछ ।

(२) पशुधन क्षति :

विभिन्न राष्ट्रिय निकुञ्जहरु र आरक्षहरु वा संरक्षण क्षेत्रहरुको जंगल क्षेत्र र राष्ट्रिय वन क्षेत्र वाहेक अन्यत्र वन्यजन्तुको आक्रमणमा परी वस्तुभाउको मृत्यु भएमा यस निर्देशिका वमोजिम राहत रकम उपलब्ध गराइनेछ ।

(३) भण्डारण गरेको अन्नको क्षति :

उल्लेखित वन्यजन्तुले भण्डारण गरेको अन्नको क्षति गरेमा क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध गराईनेछ ।

(४) घर/गोठको क्षति :

उल्लेखित वन्यजन्तुले घर/गोठको क्षति गरेमा क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध गराईने छ ।

(५) खाद्यान्न तथा फलफुल बालीको क्षति :

उल्लेखित वन्यजन्तुले खाद्यान्न र फलफुल वाली नोक्सान गरेमा मूल्याङ्कनका आधारमा राहत रकम उपलव्ध गराईनेछ ।

ख. राहत उपलब्ध गराउने प्रकृया :

(१) वन्यजन्तुको आक्रमणमा परी नेपाली नागरिकको मृत्यू भएको अवस्थामा राहत सहयोग लिन निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

क. संभव भएसम्म मृतकको फोटो,

ख. मृत्यू दर्ता प्रमाण पत्र,

ग. घटनास्थलको सर्जमीन मुचुल्का,

घ. स्वास्थ्य संस्थाको सिफारिस (पोष्टमार्टम रिपोर्ट),

ङ प्रहरी प्रतिवेदन,

च. संरक्षित क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति/उपभोक्ता समितिहरु र वन क्षेत्रको हकमा सामुदायिक वन व्यवस्थापन उपभोक्ता समितिहरुको सिफारिस,

छ. सम्वन्धित गा.वि.स., नगरपालिकाको सिफारिस,

ज. मृतकका हकवालाको निवेदन,

झ. नाता प्रमाणित कागजात,

(२) वन्यजन्तुको आक्रमणमा परी घाइते भएका घाइतेहरुका हकमा राहत सहयोग लिन निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

क. संभव भएसम्म घाईतेको फोटो,

ख. सर्जमिन मुचुल्का,

ग. चिकित्सकले जाँच गरेको प्रतिवेदन,

घ. स्वास्थ्य संस्थाको सिफारिस र औषधिको विल,

ङ. सम्वन्धित गा.वि.स., नगर पालिकाको सिफारिस,

च. संरक्षित क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति वा उपभोक्ता समितिहरु र वन क्षेत्रको हकमा सामुदायिक वन व्यवस्थापन उपभोक्ता समितिहरुको सिफारिस,

(३) वन्यजन्तुको आक्रमणबाट पशुधनको मृत्यु भएमा राहत सहयोग लिन निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

क. सर्जमिन मुचुल्का,

ख. हकवालाको निवेदन,

ग. सम्वन्धित गा.वि.स./नगरपालिकाको सिफारिस,

घ. संरक्षित क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति वा उपभोक्ता समितिहरु र वन क्षेत्रको हकमा सामुदायिक वन व्यवस्थापन उपभोक्ता समितिहरुको सिफारिस,

ङ. पशु सेवा सम्वन्धि प्राविधिकको मुल्यांकन,

(४) वन्यजन्तुबाट भण्डारण गरेको अन्न खाद्यान्न तथा फलफुल हानी नोक्सान एवं घर/गोठ क्षति भएमा राहत सहयोग लिन निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

क. सर्जमिन मुचुल्का,

ख. क्षति भएको धनिको निवेदन,

ग. सम्वन्धित उपभोक्ता समितिको सिफारिस,

घ. सम्बन्धित संरक्षित क्षेत्र वा वन कार्यालयको सिफारिश

ङ गाउ विकास समिति वा नगरपालिकाको सिफारिस

च. भण्डारण गरेको अन्न, खाद्यान्न तथा फलफुल वाली नोक्सानी एवं घर/गोठ क्षति भएमा कृषि सेवा सम्वन्धी प्राविधिकको मूल्याङ्कन विवरण

ग. <u>राहत रकमको हदः</u>

१. <u>मानवीय क्षतिको लागि</u>

क. सामान्य घाइतेको लागि रु.५,०००।- (पाँच हजार) सम्म,

ख. सख्त घाइतेको लागि उपचार खर्च वापत रु.५०,०००।- (पचास हजार) सम्म र

ग. मृत्यू भएका आश्रित परिवारका लागि रु.१,५०,०००।- (एक लाख पचास हजार) सम्म ।

२. पशुधनको क्षतिको लागि :

क. मृत्यु भएको पशुको लागि स्थानिय वजार मूल्यमा नवढ्ने गरी वढिमा रु. १०,०००।- (दश हजार) सम्म,

३. घरगोठ क्षतिको लागि :

सम्वन्धित उपभोक्ता समिति तथा कार्यालयका प्रतिनिधि समेतको क्षति सम्बन्धी

प्रतिवेदन साथै सिफारिस लिई निम्न अनुसारको राहत उपलब्ध गराउनेः

क. घर/गोठ मर्मत गर्न मूल्यांकन गरी रु. ४,०००/- (चार हजार) सम्म राहत उपलव्ध गराउने,

ख. भकारीमा भण्डारण गरिएको अन्नको मूल्यांकन गरी रु.५,०००/- (पाँच हजार) सम्म राहत उपलव्ध गराउने,

४. खाद्यान्न तथा फलफुल वालीको क्षतिका लागि :

सम्वन्धित उपभोक्ता समिति, गा.वि.स/न.पा. तथा कार्यालयका प्रतिनिधि समेतको क्षति सम्वन्धि प्रतिवेदन साथै सिफारिस लिई निम्न अनुसारको राहत उपलब्ध गराउनेः

क. वढिमा रु.५,०००/- (पाँच हजार) सम्म राहत उपलव्ध गराउने ।

घ. संस्थागत संरचना :

१. हात्ती, गैंडा, बाघ, चितुवा, हिँउ चितुवा, अर्ना, भालुबाट हुने मानवीय क्षति, पशुधन क्षति, भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षति, र खाद्यान्न तथा फलफुल बालीको क्षतिको लागि यस निर्देशिका वमोजिम दिइने राहत रकमको एकमुष्ठ वार्षिक कार्यक्रम तयार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले रकम व्यवस्था गर्नु पर्नेछ ।

२. राहत सहयोग उपलब्ध गराउन प्रत्येक जिल्लामा निम्न वमोजिमको एक राहत वितरण सिफारिस समिति रहनेछ :

| | | |
|---|---|---|
| १. | संरक्षित क्षेत्रको हकमा सम्वन्धित संरक्षित क्षेत्रका कार्यालय प्रमुख तथा वन क्षेत्रको हकमा जिल्ला वन अधिकृत वा निजले तोकेको प्राविधिक (कम्तिमा रेञ्जर स्तरको) | संयोजक |
| २. | सम्वन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको अध्यक्ष | सदस्य, |
| ३. | सम्बन्धित सामुदायिक वनको अध्यक्ष | सदस्य, |
| ४. | सम्वन्धित गा.वि.स. वा नगरपालिकाको प्रतिनिधि | सदस्य, |
| ५. | उपलब्ध भएमा जिल्ला कृषि विकास कार्यालयका वा पशु विकास कार्यालयका प्रतिनिधि (क्षतिको किसिम अनुसार) | सदस्य, |

ङ राहत माग गर्दाको कार्यविधि :

(१) राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले ३५ दिन भित्र सम्वन्धित राष्ट्रिय निकुञ्ज वा आरक्ष वा जिल्ला वन कार्यालय समक्ष माथि खण्ड (ख) मा तोकिएका कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(२) यसरी प्राप्त हुन आएका निवेदनहरु माथि विचार गरी सम्वन्धित कार्यालयले समितिको सिफारिश साथ निकुञ्ज, आरक्षको कमाण्ड एरियाका जिल्लाको हकमा सम्बन्धित निकुञ्ज, आरक्ष कार्यालय र अन्य स्थानको हकमा सम्बन्धित जिल्ला वन कार्यालयमा पठाउनु पर्दछ ।

च. राहत प्रदान गर्ने कार्यविधि :

(१) राहत वितरण सिफारिस समितिको सिफारिशका आधारमा निकुञ्ज, आरक्षको कमाण्ड एरियाका जिल्लाको हकमा सम्बन्धित निकुञ्ज, आरक्ष कार्यालय र अन्य स्थानको हकमा सम्बन्धित जिल्ला वन कार्यालय मार्फत राहत रकम भुक्तानीको व्यवस्था मिलाइनेछ ।

(२) राहत रकम वितरण गर्दा मानवीय क्षति भएमा मृतकको हकमा नजिकको हकवाला, अशक्त घाईतेको हकमा निजको अभिभावक तथा संरक्षक र अन्य क्षतिको हकमा सम्बन्धित हकवालालाई वितरण गरिनेछ ।

(३) क्षेत्रिय वन निर्देशनालयबाट राहत वितरण सम्वन्धी अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

# मापदण्ड

# मध्यवर्ती क्षेत्र
# (उद्योग स्थापना र संचालन)
# मापदण्ड, २०६२

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २० को उप-नियम (३) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन हुने उद्योगहरुका सम्वन्धमा देहाय बमोजिमको मापदण्ड वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र संचालन) मापदण्ड, २०६२ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "मापदण्ड" भन्नाले मध्यवर्ती क्षेत्रमा (उद्योग स्थापना र संचालन) मापदण्ड, २०६२ सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले निकुञ्ज वा आरक्ष कार्यालय सम्झनु पर्छ ।

(घ) "उद्योग" भन्नाले मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन हुने वन पैदावारमा आधारित घरेलु उद्योग वा अन्य उद्योगलाई सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले मध्यवर्ती क्षेत्रका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद १
## मापदण्डको उद्देश्य र प्रयोग

३. उद्देश्यः मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन हुने उद्योगहरु जैविक विविधता र प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिने गरी स्थापना र संचालन गर्न लगाउने ।

(ख) मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन हुने उद्योगहरु वातावरण मैत्री हुने गरी स्थापना र संचालन गर्न लगाई सो क्षेत्रको जैविक विविधता र वातावरणीय क्षय हुन नदिने ।

(ग) मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन हुने उद्योगको स्थापना र संचालनमा एकरुपता कायम गरी मध्यवर्ती क्षेत्रका जनताहरुको जीवनस्तर उकास्न सहयोग गर्ने ।

(घ) मध्यवर्ती क्षेत्रमा वातावरण मैत्री उद्योग संचालनबाट स्थानीय जनसमुदायलाई स्वरोजगारको सृजना गर्नमा मद्दत गर्ने ।

४. मापदण्डको प्रयोगः देहायका संस्था वा व्यक्तिहरुले यस मापदण्डको प्रगोग गर्ने, गराउने छन् ।

(क) राष्ट्रिय निकुञ्ज वा आरक्ष कार्यालय,

(ख) उद्योग दर्ता गर्ने कार्यालय वा निकाय,

(ग) उपभोक्ता समूह वा समिति,

(घ) मध्यवर्ती क्षेत्रमा स्थापना तथा संचालन गर्ने उद्योगका मालिक, साझेदार, व्यवस्थापक वा सो संचालन गर्ने अधिकार र जिम्मेवारी पाएका व्यक्ति र

(ङ) राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र वा वन्यजन्तु एवं वातावरणसंग सरोकार राख्ने कुनै संस्था, समूह वा व्यक्ति ।

५. मापदण्डको प्रयोग गर्नु पर्ने अवस्था: देहायका अवस्थमा यो मापदण्डको प्रयोग गर्नु पर्नेछ ।

(क) मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना वा संचालनका लागि सो उद्योग दर्ता गर्ने सिलसिलामा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २० बमोजिम विभागले लिखित सहमति दिनु परेमा,

(ख) मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम (२) वमोजिम विभागको लिखित सहमतिबाट मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन गर्ने उद्योग दर्ता गर्दा वा सहमति दिंदा,

(ग) खण्ड (ख) वमोजिम दर्ता गरी मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना एवं संचालन गर्दा, गराउंदा र

(घ) उद्योग स्थापना तथा संचालनको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्दा, गराउंदा ।

## परिच्छेद २

## उद्योग र मापदण्ड

६. मध्यवर्ती क्षेत्रमा स्थापना र संचालन हुन सक्ने उद्योगको वर्गिकरण:

मध्यवर्ती क्षेत्रमा प्रचलित कानून वमोजिम दर्ता भई संचालन हुन सक्ने उद्योगहरुलाई देहाय वमोजिम वर्गिकरण गरिएको छ ।

(क) वन पैदावारमा आधारित घरेलु उद्योगहरु

१. समिल र फर्निचर उद्योग

२. नेपाली कागज, अल्लोको कपडा, वेतवांस र हस्तकला उद्योग

३. जडीबुटी खेती उत्पादन, नर्सरी स्थापना र फलफूल उत्पादन तथा प्रशोधन

४. रोजिन एण्ड टरपेनटाइन

५. कत्था उद्योग

६. प्लाईउड, पारकेट र सलाई उद्योग

(ख) पर्यटनमा आधिरत उद्योग

१. चिया पसल, क्यूरियो/सोभिनियर पसल, भ्यू-टावर, होटल, लज र टेण्टेड क्याम्प

२. हात्ती सफारी

३. जंगल ड्राइभ

४. वोटिङ (डुंगा सयर)

५. गल्फ कोर्श

(ग) पशुपालन उद्योग

१. गाई, भैंसी, संगुर, वंगुर, कुखुरा पालन वा यस्तै अन्य उद्योग

२. माछा पालन

३. दुग्ध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन

(घ) स्वास्थ्य सम्वन्धी (अस्पताल, नर्सिङ होम, औषधि उत्पादन, औषधि पसल, पशु स्वास्थ्य चौकी वा अस्पताल आदि )

(ङ) शिक्षासंग सम्बन्धित उद्योग (विद्यालय,कलेज वा विश्व विद्यालय वा यस्तै अन्य संस्था स्थापना र संचालन)

(च) जलश्रोतमा आधारित उद्योग (पेल्ट्रिक सेट, माइक्रोहाइड्रो, पानी मिल, घट्ट)

(छ) खानी तथा खनिज पदार्थ सम्बन्धी उद्योग

१. ढुंगा, गिट्टी ग्राभेल, वालुवा खन्ने वा झिक्ने उद्योग

२. क्रसर उद्योग

३. ईटाभट्टा

(ज) कपडा गार्मेण्टस वा गलैंचा उद्योग

(झ) अन्य उद्योग (रंग रोगन, सावुन, कागज, जुत्ता तथा छालाबाट उत्पादिन हुने सामाग्री आदि)

७. सहमति दिइनेः (१) दफा ६ वमोजिम वर्गिकरण गरिएका उद्योगहरुलाई दर्ता गर्ने सम्बन्धमा विभागले लिखित सहमति दिंदा मापदण्डको पालना गर्ने गराउने गरी सहमति दिनेछ ।

(२) उपदफा (१) वमोजिम विभागले सहमति दिंदा तोकेको मापदण्ड/शर्तको पालना गर्नु उद्योग एवं सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

८. मापदण्ड/शर्तहरुः दफा ७ वमोजिम विभागले सहमति दिंदा देहाय वमोजिमका उद्योगहरुलाई देहाय वमोजिमका मापदण्ड/शर्तहरुको पालना गर्ने गराउने गरी सहमति दिनेछ ।

(क) वन पैदावारमा आधारित घरेलु उद्योगहरु

१. समिल र फर्निचर उद्योगः

(क) व्याण्ड करौती (Band Saw) राख्न नपाइने ।

(ख) काठ आपूर्ति श्रोत र परिमाण प्रष्ट रुपमा खुलेको हुनु पर्ने ।

(ग) उद्योग सेड घर भित्र संचालन गर्नु पर्ने ।

(घ) ध्वनी प्रदुषण कम हुने र धुलो वाहिर आउन नपाउने व्यवस्था मिलाई संचालन गर्नु पर्ने ।

(ङ) उत्पादित सामाग्रीहरु ओसार पसार गर्दा उपभोक्ता समितिको इजाजत लिएर ओसार पसार गर्नु पर्ने ।

(च) स्थापना हुने उद्योग निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रको सिमा क्षेत्रमा राख्न नपाइने ।

(छ) उद्योगबाट निकासी पैठारी र मौज्दात काठ वा काठबाट वनेका सामाग्रीको लिखित लगत वा विवरण दुरुस्त हालतमा राख्नु पर्ने । निकुञ्ज वा आरक्षका कर्मचारीले जुनसुकै वेला मागेको समयमा सो देखाउनु पर्नेछ ।

२. नेपाली कागज, अल्लोको कपडा, वेतवांस र हस्तकला उद्योग

(क) कच्चा पदार्थको श्रोत र वार्षिक माग खुलाउनु पर्ने ।

(ख) कच्चा पदार्थ निजी वन, मध्यवर्ती क्षेत्र सामुदायिक वन, कवुलियती वनबाट उपलब्ध गर्न सक्ने ।

(ग) कच्चा पदार्थ उपलब्ध गर्ने वारे स्वीकृत कार्य योजनामा प्रावधान भएको सम्झौता पेश गर्नु पर्ने ।

(घ) कवुलियती वा सामुदायिक वनले प्रस्तावित उद्योगलाई कच्चा पदार्थ दिने सहमति भएको भए सो सहमतिको पत्र पेश गर्नु पर्ने ।

(ङ) अर्घेली वा लोक्ताको परिमाण उपलब्ध गराउंदा प्रत्येक वर्ष Rotational Basis मा कायम गरी परिमाण निर्धारण गरी उपलब्ध गराउने ।

(च) लोक्ता प्रयोग कम्तिमा पनि जमिन भन्दा माथिको हाँगा विँगाबाट मात्र प्रयोग गर्नु पर्ने वा प्राविधिकको सल्लाह अनुसार वा कार्य योजनामा उल्लेख भए अनुसार प्रयोग गर्नु पर्ने ।

(छ) उद्योगबाट निस्केका फोहोर सदुपयोग गर्ने योजना संलग्न भएको हुनु पर्ने ।

(ज) उद्योगबाट निस्कने रासायनिक पदार्थ पानीको श्रोतमा छाड्न नपाइने । त्यस्तो पदार्थलाई थिंग्राएर, छानेर मात्र पानीमा छाड्नु पर्ने ।

(झ) कार्यालयले खटाएका कर्मचारीले माग गरेका वखत उद्योगसंग सम्बन्धित कागजात, कच्चा पदार्थ एवं उत्पादन भएका सामान तथा उत्पादन प्रकृया देखाउनु पर्ने ।

(ञ) मध्यवर्ती सामुदायिक वन वा मध्यवर्ती निजी वनबाट कच्चा पदार्थ प्राप्त गर्न सकिने ।

(ट) सामुदायिक वनबाट उपलब्ध हुने भएमा स्वीकृत कार्य योजनाको प्रावधान सम्बन्धित फर्म व्यक्ति वा संस्थालाई उपलब्ध गराउन सम्झौता पेश गरेको हुनु पर्नेछ ।

(ठ) कच्चा पदार्थ उपलब्ध गराउंदा प्रत्येक वर्ष छुट्टा छुट्टै ठाउंबाट Rotational Basis मा कच्चा पदार्थ उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने ।

३. जडीबुटी खेती उत्पादन, नर्सरी स्थापना र फलफूल उत्पादन तथा प्रशोधनः

(क) विउ, वोट वा विरुवा आपूर्ति गरिने श्रोत खुलाउनु पर्ने ।

(ख) कार्यालयबाट स्वीकृत लिएको अवस्थामा वाहेक वाह्य प्रजातिका विरुवा उत्पादन र वृक्षारोपण गर्न नपाइने ।

(ग) नर्सरी स्थापना गर्दा उपलब्ध हुने विउ वा वोट, विरुवाको श्रोत खुलाउनु पर्ने ।

(घ) नर्सरीबाट उत्पादन हुने विरुवाको कम्तिमा २५ प्रतिशत डाले घाँस र दाउरा आपूर्तिमा उपयोगी हुने प्रजातिका वोट विरुवा नर्सरीमा उत्पादन गर्नु पर्ने ।

(ङ) नर्सरीबाट उत्पादित विरुवा स्थानीय व्यक्ति वा समुदायलाई विशेष सुहलियतमा उपलब्ध गराउनु पर्ने ।

(च) जडीबुटी र फलफूल प्रशोधन गर्न प्रयोग गरिने रसायनिक पदार्थको विवरण पेश गर्नु पर्ने ।

(छ) प्रशोधन गर्दा निस्कने रसायन तथा फोहोर व्यवस्थापन गर्ने अग्रिम योजना हुनु पर्ने ।

(ज) कार्यालयले खटाएका कर्मचारीले माग गरेका वखत उद्योगसंग सम्बन्धित कागजात तथा उत्पादन भएका सामान तथा कच्चा पदार्थ देखाउनु पर्ने ।

४. रोजिन एण्ड टरपेनटाइनः

(क) कच्चा पदार्थको श्रोत र स्थान खुलाउनु पर्ने ।

(ख) रोजिन संकलन गर्न मध्यवर्ती वन व्यवस्थापन योजना वा सामुदायिक वन कार्य योजनामा उल्लेख भएको परिमाणमा वन तथा भू-संरक्षण मन्त्रालयले तोकी दिएको नाप, साइज र प्रविधि (Rill Method) मा रहने गरी मात्र संकलन गर्नु पर्ने ।

(ग) फोहोर र रासायनिक पदार्थ व्यवस्थित वा नष्ट गर्ने अग्रिम योजना संलग्न हुनु पर्ने ।

(घ) उद्योग निकुञ्ज/आरक्षको सिमानाबाट कम्तिमा ३ कि.मि. टाढा स्थापना गर्नु पर्ने ।

५. कत्था उद्योगः

(क) वन क्षेत्रबाट कम्तिमा पनि ३ कि.मि. को दुरीमा मात्र उद्योग स्थापना गर्न पाइने ।

(ख) खयर काठ आपूर्तिको श्रोत खुलाई पेश गर्नु पर्ने ।

(ग) मध्यवर्ती क्षेत्रबाट आपूर्ति गर्ने श्रोत देखाइएकोमा मध्यवर्ती क्षेत्र वन व्यवस्थापन योजना, सामुदायिक वनको कार्य योजनामा उल्लेख भएको हुनु पर्ने । निजी वनको हकमा प्राविधिक प्रतिवदेन पेश गर्नु पर्ने ।

(घ) आवश्यक कच्चा पदार्थ स्वयंम आपूर्ति गर्दै लाने योजना पेश गर्नु पर्ने ।

(ङ) फोहोर र रासायिनक पदार्थ व्यवस्थित वा नष्ट गर्ने अग्रिम योजना संलग्न हुनु पर्ने ।

६. प्लाईउड, पारकेट र सलाई उद्योगः

(क) कच्चा पदार्थको श्रोत स्पष्ट खुलेको हुनु पर्ने ।

(ख) उद्योग वन सिमानाबाट कम्तिमा पनि ३ कि.मि. दुरीमा हुन पर्ने ।

(ग) अनुसन्धान परीक्षणबाट सफल भएका आयातित (Exotic) प्रजातिको काठलाई प्राथमिकता दिनु पर्ने ।

(घ) उद्योगलाई चाहिने कच्चा पदार्थको दीगो आपूर्तिका लागि वृक्षारोपण सम्बन्धी अग्रीम योजना हुनु पर्ने ।

(ङ) सिमलको रुख वा उद्योगलाई आवश्यक पर्ने अन्य रुख विरुवाको वृक्षारोपण, संरक्षण र उपयोग सम्बन्धी कार्यक्रम पेश गर्नु पर्ने ।

(च) मध्यवर्ती क्षेत्रबाट आपूर्ति गर्ने श्रोत देखाएमा मध्यवर्ती क्षेत्र वन व्यवस्थापन योजना, सामुदायिक वनको कार्य योजनामा सो उल्लेख भएको हुनु पर्ने र निजी वनको हकमा प्राविधिक प्रतिवेदन पेश गर्नु पर्ने ।

(ख) पर्यटनमा आधारित उद्योगः

१. चिया पसल, क्यूरियो/सोभिनियर पसल, भ्यू टावर, होटल, लज र टेण्टेड क्याम्पः

(क) चिया पसलको ढाँचा स्थानीय परिवेश र वातावरण सुहाउंदो हुनु पर्ने ।

(ख) स्थानीय कच्चा पदार्थको प्रयोग गरी निर्माण भएको हुनु पर्ने ।

(ग) वस्तुहरुको मूल्य सूची राख्नु पर्ने ।

(घ) सामाग्री आपूर्तिको व्यवस्था सम्बन्धी प्रष्ट रुपमा उल्लेख भएको हुनु पर्ने ।

(ङ) पसलमा आखेटोपहार राख्न नपाइने तर कानूनी तवरमा प्राप्त भएको अवस्था भएमा राख्न पाइने ।

(च) पसल, होटल आदिको ढाँचा कार्यालयले निदृष्ट गरेको ढाँचा र स्थानमा बनाउनु पर्ने ।

(छ) मध्यवर्ती सामुदायिक वनमा समिति, समूहको स्वीकृति लिएर टेण्टेड क्याम्प राख्न पाइने ।

(ज) निजी जग्गामा होटल स्थापना गर्दा पर्याप्त जग्गा, बाटो , पानी आदिको सुविधा भएको जग्गा हुनु पर्ने ।

(झ) होटल लजको ढाँचा स्थानीय, सामाजिक र सांस्कृतिक पहिचान झल्काउने किसिमको हुनु पर्ने ।

(ञ) होटल लज दुई तल्ला भन्दा अग्लो उचाईको वनाउन नपाइने ।

(ट) होटल  लज वरपर वोट विरुवा लगाउनु पर्ने ।

(ठ) निष्काशित फोहोर मैला व्यवस्थापन योजना अग्रिम पेश भएको हुनु पर्ने र निष्काशित फोहोरहरु (तरल तथा ठोस पदार्थ) पानीको श्रोतमा मिसिन नदिने व्यवस्था गरेको हुनु पर्ने ।

२. हात्ती सफारी

(क) हात्ती प्राप्त गर्ने श्रोत खुलेको हुनु पर्ने ।

(ख) मध्यवर्ती सामुदायिक, कवुलियती, निजी वनमा कार्य योजनामा उल्लेख भएको अवस्था भएमा मात्र ति क्षेत्रमा हात्ती चलाउन पाइने,

(ग) जैविक विविधताको दृष्टिकोणले संवेदनशील मध्यवर्ती वन क्षेत्रमा हात्ती चलाउन नपाइने ।

(घ) हात्तीको आहाराको सन्तुलित भोजन सुनिश्चित भएको प्राविधिक प्रतिवेदन पेश गर्नु पर्ने ।

(ङ) हात्ती हिडाउने मार्ग एकिन भएको हुनु पर्ने ।

(च) सामुदायिक वनमा हात्ती चराउने वारे कार्य योजनामा उल्लेख भएमा सो को प्राविधिक पुष्ट्याई पेश भएको हुनु पर्ने र सम्बन्धित उपभोक्ता समिति तथा सामुदायिक वन उपभोक्ता समूहको सहमति हुनु पर्ने ।

(छ) हात्ती चालक तालीम प्राप्त हुनु पर्ने ।

(ज) हात्ती र हात्ती चालकको विवरण कार्यालयमा दर्ता गराउनु पर्ने ।

३. जंगल ड्राइभ

(क) मध्यवर्ती क्षेत्रमा निश्चित गरिएको रुटमा मात्र चलाउनु पर्ने ।

(ख) सामुदायिक वनमा स्वीकृत कार्य योजनामा उल्लेख भए वमोजिम अग्नी रेखामा जंगल ड्राइभ गर्न पाइने ।

(ग) जंगल ड्राइभमा प्रयोग हुने गाडी र गाडी चालकको विवरण कार्यालयमा दर्ता गर्नु पर्ने ।

(घ) जंगल ड्राइभमा १० वर्ष भन्दा पुरानो डिजेल इन्जिन र १५ वर्ष भन्दा पुरानो पेट्रोल इन्जिन गाडी प्रयोग गर्न नपाइने ।

(ङ) सम्बन्धित उपभोक्ता समितिको सहमति पेश गर्नु पर्ने ।

(च) समिति वा वन समूहले निर्धारण गरे वमोजिम आम्दानीको केही प्रतिशत संरक्षण र स्थानीय विकासका लागि सम्वन्धित समितिको कोषमा जम्मा गर्नु पर्ने ।

४. वोटिङ (डुंगा सयर)

(क) सम्बन्धित उपभोक्ता समितिहरुको सहमति पेश गर्नु पर्ने ।

(ख) डुंगा सयर गर्ने गराउने स्थान प्रष्ट खोलेको हुनु पर्ने ।

(ग) डुंगा र चालकको विवरण कार्यालयमा दर्ता हुनु पर्ने ।

(घ) डुंगामा सवारी यात्रीको लागि लाइफ ज्याकेट र आकस्मिक उपचार सम्बन्धी सामग्री साथमा हुनु पर्ने ।

(ङ) डुंगा चलाएको कम्तिमा २ वर्षको अनुभव भएको डुंगा चालकले मात्र डुंगा चलाउन पाउने ।

(च) समिति वा वन समूहले निर्धारण गरे वमोजिम आम्दानीको केही प्रतिशत संरक्षण र स्थानीय विकासका लागि सम्बन्धित समितिको कोषमा जम्मा गर्नु पर्ने ।

५. गल्फ कोर्श

(क) निजी, कवुलियती, सामुदायिक वा मध्यवर्ती वनमा संचालन गर्न पाइने तर संचालन गर्दा रुखहरु मास्न नपाइने ।

(ख) रुख, विरुवा लगाउंदा स्थानीय प्रजाति लगाउनु पर्ने ।

(ग) गल्फ कोर्षका लागि आवश्यक भवनहरु स्थानीय परिवेश, संस्कृति र वातावरण सुहाउंदो हुने गरी वनाउनु पर्ने ।

(ग) पशुपालन उद्योग

१. गाई, भैसी, सुंगुर, वंगुर, कुखुरापालन वा यस्तै अन्य उद्योगः

(क) निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रका पशुपंक्षीसंग संसर्ग नुहने प्रबन्ध सम्बन्धी योजना हुनु पर्ने ।

(ख) घाँसको श्रोत तथा चरण क्षेत्र खुलेको हुनु पर्ने ।

(ग) नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था हुनु पर्ने ।

(घ) पशुको रोगव्याधी प्रकोप नियन्त्रण सम्बन्धी आकस्मिक सेवा उपलव्ध हुने अग्रिम योजना हुनु पर्ने तथा संक्रामक रोग रोकथामको खोप नियमित रुपले उपलव्ध गराउनु पर्ने ।

(ङ) संक्रामक रोगबाट मरेको पशुपंक्षी नष्ट गर्ने सुरक्षित योजना पेश भएको हुनु पर्ने ।

२. माछा पालन

(क) माछालाई पोखरी भित्र पूर्ण सुरक्षित राख्ने र प्राकृतिक ताल वा घोलमा उम्कन नदिने व्यवस्था गर्नु पर्ने ।

(ख) पोखरीबाट निस्कने पानी प्रदुषण नहुने व्यवस्था गर्नु पर्ने ।

(ग) संक्रामक रोगको रोकथामको अग्रिम योजना हुनु पर्ने तथा रोग रोकथामको खोप नियमिति रुपले उपलव्ध गराउनु पर्ने ।

(घ) संक्रामक रोगबाट मरेकालाई नष्ट गर्ने सुरक्षित व्यवस्था हुनु पर्ने ।

३. दुध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन

(क) आवश्यक इन्धन स्थायी रुपमा आपूर्तिको श्रोत खुलाएको हुनु पर्ने ।

(ख) निष्काशित फोहोर एवं रासायनिक पदार्थ सुरक्षित तवरबाट नष्ट गर्ने योजना हुनु पर्ने ।

(ग) ढल निकास पानीको श्रोतमा नमिसिने सुरक्षित व्यवस्था गरेको हुनु पर्ने ।

(घ) समिति वा वन समूहले निर्धारण गरे वमोजिम आम्दानीको केही प्रतिशत संरक्षण र स्थानीय विकासका लागि सम्बन्धित समितिको कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) स्वास्थ्य सम्बन्धी (अस्पताल, नर्सिङ होम, औषधि उत्पादन, औषधि पसल, पशु स्वास्थ्य चौकी वा अस्पताल आदि):

१. निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रको सिमाबाट कम्तिमा १ कि.मि. टाढा हुनु पर्ने ।

२. उत्पादित वा निष्काशित फोहोर एवं रासायनिक पदार्थ सुरक्षित तवरबाट नष्टगर्ने अग्रिम योजना पेश गरेको हुनु पर्ने । निकुन्ज वा आरक्ष क्षेत्रमा पुग्ने वा सो भएर वग्ने नदीमा ढल मिसाउन नपाइने ।

३. भवन परिसरमा उपयुक्त किसिमको रुख विरुवा वृक्षारोपण गर्नु पर्ने ।

(च) शिक्षासंग सम्बन्धित उद्योग (विद्यालय, कलेज वा विश्व विद्यालय वा यस्तै अन्य संस्था स्थापना र संचालन)

१. निकुन्ज वा आरक्ष क्षेत्रको सिमानाबाट कम्तिमा २ कि.मि. टाढा हुनु पर्ने ।

२. निष्काशित फोहोर (रासायनिक एवं जैविक समेत) पदार्थ सुरक्षित तवरबाट नष्ट गर्ने अग्रिम योजना हुनु पर्ने ।

३. आवश्यक भवन स्थानीय वातावरण र संस्कृति सुहाउंदो वनाउनु पर्ने ।

४. भवन परिसर वरिपरि वृक्षारोपण गर्नु पर्ने ।

(छ) जलश्रोतमा आधारित उद्योग (पेल्ट्रिक सेट, माइक्रोहाइड्रो, पानी मिल, घट्ट):

(१) जलप्राणीलाई असर नपर्ने गरी स्थापना र संचालन गर्नु पर्ने ।

(२) सिमसारको जलश्रोत आपूर्तिमा वाधा नपर्ने गरी स्थापना र संचालन गर्नु पर्ने ।

(३) भू-क्षय, भू-स्खलन हुन नपाउने सुरक्षित व्यवस्था गरी स्थापना र संचालन गर्नु पर्ने ।

(४) तल्लो क्षेत्रको सिंचाई, कुलो, खानेपानी आपूर्तिको निरन्तरतामा कुनै किसिमको वाधा पार्न नपाइने ।

(५) आवश्यक भवन स्थानीय वातावरण र संस्कृति सुहाउंदो वनाउनु पर्ने ।

(६) एकै स्थानको जलश्रोतको उपयोग गर्ने भएमा पूर्व उद्योगको सहमति पेश गर्नु पर्ने ।

(ज) खानी तथा खनिज पदार्थ सम्बन्धी उद्योग

१. ढुंगा, गिट्टी ग्राभेल, वालुवा खन्ने वा झिक्ने उद्योग

(क) विष्फोटक पदार्थ प्रयोग गरी ढुंगा, गिट्टी, ग्राभेल झिक्न नपाइने

(ख) वन्यजन्तु विचरण हुने, पानी मुहान क्षेत्र, भूस्खलनको संभावना भएको क्षेत्र महत्वपूर्ण खनिज पदार्थ भएको क्षेत्रबाट उल्लेखित पदार्थहरु निकाल्न नपाइने ।

(ग) मध्यवर्ती वन, मध्यवर्ती सामुदायिक वन वा निजी वन क्षेत्रबाट खनिज पदार्थ निकाल्ने लक्ष्य भएमा सो खनिज पदार्थ निकाल्ने सम्बन्धमा सम्बन्धित कार्य योजना वा शर्तनामा वा सम्झौता सम्बन्धित उद्योगले पेश गर्नु पर्ने ।

(घ) खनिज पदार्थ निकालेको क्षेत्र वरपरका उपयुक्त स्थानहरुमा अनिवार्य रुपमा वृक्षारोपण गरी त्यसको संरक्षण र सम्वर्धन गर्नु पर्ने ।

(ङ) निषिद्ध गरेको स्थान वा क्षेत्रबाट झिक्न नपाइने ।

२. क्रसर उद्योग

(क) वन्यजन्तुको वासस्थानको दृष्टिकोणले महत्वपूर्ण क्षेत्र भए त्यस्तो क्षेत्रमा क्रसर उद्योग राख्न नपाइने ।

(ख) क्रसर उद्योगको लागि आवश्यक पर्ने ढुंगा संकलन श्रोत खुलाउनु पर्ने ।

(ग) उद्योगबाट उत्पादन हुने Residue (चिरस, गिटी, खस्रो वालुवा आदि) लाई स्थानीय वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी व्यवस्थापन गर्नु पर्ने । सो गर्दा त्यस्ता निष्कासित पदार्थले सिमसार क्षेत्रमा नकारात्मक असर नपर्ने व्यवस्थाको प्रत्याभूति सम्बन्धित उद्योगले गर्नु पर्ने ।

(घ) उत्पादनबाट निस्कने धुलो, हिलो वा यस्तै पदार्थ पानीको श्रोतमा छानेर मात्र पठाउनु पर्ने ।

(ङ) सेड घर भित्र धुलो नउड्ने गरी उत्पादन गर्नु पर्ने । सो को लागि पानी छर्ने (Sprinkle) व्यवस्था गर्नु पर्ने । धुलो उड्न नदिने तर्फ सदैव क्रियाशील रहनु पर्ने ।

(च) प्रत्येक वर्ष फरक फरक ठाउँबाट ढुंगा निकाल्ने व्यवस्था गर्नु पर्ने ।

(छ) उद्योग संचालन क्षेत्र वरपर उपयुक्त वोट विरुवाको वृक्षारोपण गरी संरक्षण र सम्वर्द्धन गर्नु पर्ने ।

(ज) नदीको दुवै किनाराबाट ढुंगा, गिट्टी संकलन गर्न नपाइने र ढुंगा संकलन गर्दा खोला (नदी) को मध्य भागबाट मात्र संकलन गर्नु पर्ने ।

(झ) पुलको २०० मिटर तल र माथि क्षेत्रबाट ढुंगा संकलन गर्न र अन्य स्थानमा पनि अनियन्त्रित तवरले खाडल खनी ढुंगा संकलन गर्न नपाइने ।

(ञ) कच्चा पदार्थ उत्पादन तथा अन्य सम्बन्धित सामग्रीको समुचित व्यवस्था गर्ने औद्यौगिक परिसरलाई सफा सुग्घर राख्ने साथै मेशिनहरुको समयोचित मर्मत सम्भार गर्नु पर्ने ।

(ट) साना साना ढुंगाका टुक्रा तथा धुलो कसिङ र खेर जाने ठोस पदार्थहरुलाई व्यवस्थित रुपमा संकलन गरी लैण्ड फिलिङ कार्यमा प्रयोग गर्नु पर्ने ।

(ठ) उद्योग स्थलको वाझो अर्थात उद्योगको प्रयोजनमा नरहेका जग्गामा रुख वोट विरुवाहरु लगाई वातावरण स्वच्छ साख्नुको साथै नजिकको नदी कटान/नदी उकास क्षेत्रमा आवश्यक वोट विरुवा घाँस झ्याङ लगानु पर्ने ।

(ड) क्रसर उद्योगहरुको नजिक छेउमा रहेको स्थानीय मजदुर तथा गाउँलेहरुलाई सम्बन्धित क्रसर उद्योग व्यवसायीहरुले स्वास्थ्यकर्मीहरुबाट अनिवार्य रुपमा प्रति महिनाको एक पटक स्थलगत रुपमा निःशुल्क स्वास्थ्य जाँच तथा सामान्य स्वास्थ्योपचार गर्नु पर्ने छ ।

३. ईटाभट्टा

(क) निकुन्ज वा आरक्ष क्षेत्रको सिमानाबाट १ कि.मि. टाढा मात्र स्थापना गर्न पाइने ।

(ख) चाहिने दाउराको श्रोत अग्रिम रुपमा खुलाउनु पर्ने ।

(ग) सार्वजनिक स्थल, सामुदायिक वन क्षेत्र, सिमसार क्षेत्र वरपर ईटाभट्टा संचालन गर्न नपाइने ।

(घ) निजी नम्बरी आवादी जग्गा भए पनि महत्वपूर्ण सिमसार क्षेत्र, वन्यजन्तुहरुको विचरण हुने क्षेत्र भए त्यस्तो स्थानमा ईटाभट्टा संचालन गर्न नपाइने ।

(ङ) दाउरा उपलब्ध हुने स्थायी श्रोत खुलेको हुनु पर्ने ।

(च) कपडा गार्मेण्टस वा गलैचा उद्योगः

(१) उद्योगबाट निष्कने प्रदुषण नियन्त्रण योजना हुनु पर्ने ।

(२) निष्काशित तरल फोहोर पानीको श्रोतमा मिसिन नपाउने सुरक्षित र स्थायी व्यवस्थाको योजना पेश गरेको हुनु पर्ने ।

(३) खोला नदी नालामा धुन पखाल्न नपाइने ।

(४) धोए पखालेको पानी Treatment plant स्थापना गरी छानेर मात्र नदीनालामा छाड्न पाइने ।

(५) उद्योग संचालनका अवस्थामा कार्यालयको प्रतिनिधिबाट जांचबुझ गर्न सक्ने ।

(छ) अन्य उद्योग (रंग रोगन, सावुन, कागज, जुत्ता तथा छालाबाट उत्पादिन हुने सामाग्री आदि )

(१) कच्चा पदार्थको श्रोत खुलाउनु पर्ने ।

(२) निष्काशित तरल फोहार पानीको श्रोतमा मिसिन नपाउने र सुरक्षित एवं स्थायी व्यवस्था गरेको हुनु पर्ने ।

(३) छाला नदीनालामा धुन पखाल्न नपाइने ।

(४) जैविक विविधताको दृष्टिकोणले संम्वेदनशिल क्षेत्रमा स्थापना र संचालन गर्न नपाइने ।

(५) ध्वनी प्रदुषण हुन नपाउने व्यवस्था गर्नु पर्ने ।

(६) कामदारलाई आवश्यक आवास तथा चर्पीको व्यवस्था गर्नु पर्ने ।

(७) कार्यालयले माग गरेको आवश्यक विवरण अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने ।

(८) वातावरण संरक्षणका सम्बन्धमा कार्यालयले समय समयमा दिइएको निर्देशनहरुको पालना गर्नु पर्ने ।

९. पालना गर्नु पर्नेः यस मापदण्ड वमोजिम स्थापना तथा संचालन हुने उद्योगहरुले मापदण्डका अन्य दफाहरुमा तोकिएको शर्तहरुको अतिरिक्त निम्न शर्तहरुको पनि पालना गर्नु पर्नेछ ।

(क) निष्काशित फोहोर सार्वजनिक स्थानमा फाल्न नपाइने ।

(ख) निष्काशित तरल तथा ठोस फोहोर पदार्थ सुरक्षित रुपमा तोकिएको स्थानमा व्यवस्थापन गर्नु पर्ने ।

(ग) कामदारको लागि चर्पीको व्यवस्था गर्नु पर्ने ।

(घ) स्थानीय व्यक्तिलाई रोजगारीको अवसरमा प्राथमिकता दिनु पर्ने ।

१०. सिफारिस पेश गर्नु पर्ने : मध्यवर्ती क्षेत्रमा स्थापना हुने उद्योगहरुले उद्योग स्थापना गर्नु पूर्व दर्ता गर्न सहमति दिने निकाय समक्ष आवश्यक कागजात पेश गर्दा सम्वन्धित उपभोक्ता समितिको सिफारिस पेश गर्नु पर्नेछ ।

११. मापदण्ड लागू गर्नु पर्नेः यो मापदण्ड/शर्त लागू भएको मितिले १ वर्ष भित्र मध्यवर्ती क्षेत्रमा स्थापना भै संचालन भएका उद्योगलाई संरक्षकले मापदण्ड वमोजिम गर्न गराउन लगाउने छ ।

१२. कार्यवाही गर्न सकिनेः मापदण्ड/शर्तहरु पालना नगरेको वा मापदण्ड/शर्तहरुको विपरित उद्योग संचालन गरेको पाइएमा संरक्षकले मापदण्डको पालना गर्न लिखित आदेश दिन सक्नेछ । संरक्षकले दिएको त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ। संरक्षकले तोकेको समय भित्र कुनै उद्योगले आदेशको पालना गरेको नपाइएमा नियमावली वमोजिम कारवाही गरी उद्योग संचालन वन्द गर्न गराउन सक्नेछ ।

१३. वचाउः प्रचलित कानून वमोजिम अवलम्वन गर्नु पर्ने प्रक्रियागत कार्यविधि एवं अन्य प्रावधानहरु सोही कानून वमोजिम हुनेछ । यस मापदण्डले त्यस्ता प्रावधानहरुलाई वाधा पुऱ्याएको मानिने छैन ।

# कार्यविधि

# हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु संचालन गर्ने सम्बन्धी कार्यविधि, २०६७

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरवार,काठमाडौं
२०६७

१. **पृष्ठभूमि :**

प्राकृतिक सम्पदाहरुले धनि राष्ट्र नेपालमा स्वदेशी तथा विदेशी पर्यटकहरु नेपालको विभिन्न हिमली तथा पहाडी संरक्षित क्षेत्रहरुमा भमण गर्ने गरेको यथार्थ तथ्यलाई मध्यनजर गर्दै विद्यमान ऐनमा भएको प्रावधान अनुरुप साहसिक पर्यटन प्रवर्धनका क्रियाकलपाहरु संचालनमा आईरहेको छ। संरक्षित क्षेत्रभित्र वातावरण अनुकूल पर्यटन गतिविधि संचालन गर्न र त्यस्ता क्रियाकलापहरु व्यवस्थापन र नियमन गर्न हिमाली तथा पहाडी संरक्षित क्षेत्र भित्र साहसिक पर्यटकीय सेवहरु संचालन गर्ने सम्बन्धी कार्यविधि, २०६७ जारी गरिएको छ। यो कार्यविधि निर्माण तथा कार्यान्वयनको लागि निम्न ऐन नियमहरु आकर्षित हुने छन् :

क. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ को (क), (घ), (ङ१) तथा दफा ६ (१) र ६(२)।

ख. वातावरण संरक्षण ऐन, २०५३ को दफा (३)।

ग. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३(१) र ३(२)।

घ. हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम (३०)।

ङ. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम (३३)।

च. संरक्षण क्षेत्र व्यवस्थापन नियमवली, २०५३ को नियम (२२)।

छ. वातावरण संरक्षण नियमावली, २०५४ को नियम (३) संग सम्बन्धित अनुसूची २ को (३)।

ज. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को नियम (३४)।

२. **परिभाषा :**

१. साहसिक पर्यटकीय गतिविधि भन्नाले स्काई डाईभिङ (Sky diving), हट एयर बेलुनिङ्ग (Hot Air Booling), माइक्रोलाइट फ्ाइट, (Microlight Flight), प्यारामोटरिङ्ग (Para Motoring) स्किइङ्ग (Sking), प्याराग्लाईडिङ्ग, (Paragliding) बञ्जीजम्पिङ्ग (Bungy Jumping), माउण्टेन वाइकिङ्ग (Mountain Biking), फुटवल/भलिबल लगायतका खेलहरु, ऱ्याफटिङ्ग (Rafting)/क्यानोईङ्ग (Canoeing) लाई जनाउने छ।

२. हिमाली तथा पहाडी क्षेत्रका संरक्षित क्षेत्र भन्नाले सो क्षेत्रमा रहेको राष्ट्रिय निकुञ्ज (National Parks), शिकार आरक्ष (Hunting Reserve) र संरक्षण क्षेत्र (Conservation Area) लाई जनाउने छ।

३. **कार्यविधिको आवश्यकता :**

क. हिमाली तथा पहाडी क्षेत्रहरुमा रहेका राष्ट्रिय निकुञ्ज तथा शिकार आरक्ष र तिनका मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रहरुमा विद्यमान ऐन नियमममा भएका प्रावधान अनुरुप वातावरण मैत्री रुपमा विविध साहसिक पर्यापर्यटकीय सुविधाहरुको संचालन, व्यवस्थापन तथा प्रवर्द्धन एवं नियमन गर्न कानून सरलीकृत गर्ने।

ख. संरक्षित क्षेत्र र तिनको मध्यवर्ती क्षेत्रमा माथि उल्लेख भए अनुसारका पर्या-पर्यटन सम्बन्धी गतिविधि संचालन गरी पर्यटन विकास, स्थानीय स्तरमा रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुऱ्याउने।

४. **कार्यविधिको उद्देश्य :**

क. जैविक विविधता र प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिने गरी हिमाली तथा पहाडी क्षेत्रमा पर्ने राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष तथा तिनको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरुमा निजी तथा सरकारी साझेदारीको माध्यमबाट पर्यटकीय र पर्यावरणीय सन्तुलन कायम राखी वातावरण मैत्री साहसिक पर्यटकीय गतिविधिहरु संचालन तथा व्यवस्थापनगरी अर्थतन्त्रमा टेवा पु¥याउने ।

ख. साहसिक पर्यटकीय गतिविधिहरुमा एकरुपता कायम गर्ने।

५. **कार्यविधिहरु :**

साहसिक पर्यटकीय व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति प्राप्त गर्नुपर्नेछ । हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु संचालनको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सहमति प्राप्त गर्नु पर्नेछ । सो व्यक्तिवा संस्थाले साहसिक पर्यटकीय सेवाहरु संचालन गर्दा अनुसूची-१ अनुसारको शुल्क राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सम्बन्धित निकायमा अनिवार्य रुपमा तिर्नु/वुझाउनु पर्नेछ । साहसिक पर्यटकीय गतिविधि संचालन गर्दा निम्नानुसारको शर्तहरु पालना गर्नु पर्नेछ :

(क) साहसिक पर्यटकीय गतिविधि संचालन गर्दा प्रत्येक सिजनमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पूर्व स्वीकृति लिइ विभागले तोकेको समयावधि भित्र सम्पन्न गरी सक्नु पर्नेछ।

(ख) साहसिक पर्यटकीय गतिविधि संचालन गर्दा नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधिको प्रत्यक्ष रोहवसरमा कार्यक्रम संचालन गर्नु पर्नेछ । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधिले साहसिक पर्यटकीय गतिविधिको प्रतिवेदन सम्बन्धित हिमाली तथा पहाडी संरक्षित क्षेत्रमा अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

(ग) कार्यलयले तोकेको स्थानमा अनुमति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(घ) आयोजकले उल्लेखित गतिविधि एवं व्यवसाय संचालन गर्दा नियमानुसार लाग्ने शुल्क अनिवार्य रुपमा तिर्नु/वुझाउनु पर्नेछ ।

(ङ) उल्लेखित गतिविधि संचालनको क्रममा हुनसक्ने मानवीय जीउधन, वस्ती तथा वनस्पति र वन्यजन्तु एवं भौतिक पूर्वाधारहरुको विमा अनिवार्य रुपमा संचालकले गर्नु पर्नेछ ।

(च) उल्लेखित गतिविधि संचालन गर्दा अपनाउनु पर्ने आर्थिक, प्राविधिक एवं कानूनी पक्षहरु नेपाल सरकारको प्रचलित एन, कानून अनुसार सम्बन्धित निकायबाट निकासा भए वमोजिम हुनेछ ।

(छ) उल्लेखित गतिविधिका सहभागी हुने प्रत्येक विदेशी नागरिकलाई नियमानुसार लाग्ने प्रवेश शुल्क लिएर मात्र अनुमति दिनु पर्नेछ ।

(ज) उल्लेखित गतिविधिको छाँयाकन गर्न भएमा सक्पूर्ण प्रक्रिया पूरा गरी नियमानुसार लाग्ने छाँयाकन शुल्क लिएर मात्र छाँयाकन अनुमति दिनु पर्नेछ ।

(झ) उल्लेखित गतिविधि संचालन गर्दा जम्मा भएको फोहोरमैलालाई आयोजकले नै संरक्षित क्षेत्र वाहरि लगी व्यवस्थापन गर्नु पर्नेछ ।

(ञ) आयोजकले गतिविधि संचालन गर्दा सम्वेदनशील क्षेत्र, अन्तर्राष्ट्रिय सिमाना, निषेधित क्षेत्रको उल्लंघन नहुने गरी गर्नु पर्नेछ ।

(ट) आयोकजले गतिविधि संचालन गर्दा मौसमी अनुकूलतालाई समेत मध्यनजर गरी गर्नु पर्नेछ ।

(ठ) यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि वमोजिम र यसले नसमेटिएका अन्य कुराहरुको हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

६. **विवाद निरुपण :**

यो कार्यविधि कार्यान्वयन गर्दा पर्न आउने विवादको निरुपण राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागले गर्नेछ र सो उपर चित्त नवुझेमा वन तथा भू-संरक्षण मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

## अनुसूची-१

### हिमाली तथा पहाडी संरक्षित क्षेत्र भित्र साहसिक पर्यटकीयगतिविधिहरु संचालन गर्दा लाग्ने शुल्क

| क्र.सं. | गतिविधि | इकाई | शुल्क | | |
|---|---|---|---|---|---|
| | | | नेपाली नागरिक | सार्क मुलुक नागरिक | अन्य विदेशी नागरिक |
| १. | स्काई डाइभिङ्ग (Sky Diving) | हट एयर वेलुनिङ्ग (ज्यत ब्च्च द्ययय्ष्लिन), | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैया |
| २. | हट एयर बेलुनिङ्ग (Hot Air Booling) | प्रति व्यक्ति | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैया |
| ३. | माइक्रोलाइट फ्याइट (Microlight Flight) | प्रति व्यक्ति | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैया |
| ४. | प्याराग्लाईडिङ्ग (Paragliding) | प्रति व्यक्ति | रु. २५०।- | रु. १,०००।- | यु.एस.डलर ५०।- बराबर नेपाली रुपैया |
| ५. | प्यारामोटरिङ्ग (Para motoring) | प्रति व्यक्ति | रु. २५०।- | रु. १,०००।- | यु.एस.डलर ५०।- बराबर नेपाली रुपैया |
| ६. | स्किइङ्ग (Sking) | प्रति व्यक्ति | रु. २००।- | रु. १,०००।- | यु.एस.डलर ५०।- बराबर नेपाली रुपैया |
| ७. | ऱ्याफटिङ्ग (rafting)/ क्यानोईङ्ग (Canoeing) | प्रति व्यक्ति | रु. ५००।- | रु. २,०००।- | यु.एस.डलर १००।- बराबर नेपाली रुपैया |
| ८. | वन्जीजम्पिङ्ग (Bungy Jumping) | प्रति व्यक्ति | रु. १००।- | रु. २००।- | यु.एस.डलर ७।- बराबर नेपाली रुपैया |
| ९. | माउण्टेन वाइकिङ्ग (Mountain Biking) | प्रति व्यक्ति | निःशुल्क | रु. २००।- | यु.एस.डलर ७।- बराबर नेपाली रुपैया |
| १०. | फुटवल/भलिवल, लगायत अन्य खेलहरु | प्रति व्यक्ति अनुमति अवधिभर | निःशुक | रु. २००।- | यु.एस.डलर ७।- बराबर नेपाली रुपैया |

पुनश्चः यस वाहेक नयाँ प्रविधिद्वारा विकसित साहसिक क्रियाकलाप तथा खेलकूदको हकमा यस अनुसूचीमा उल्लेखित समान प्रकृतिका क्रियाकलापमा लाग्ने उच्चतम शुल्क लगाइने छ। यस्ता साहसिक क्रियाकलापहरु राष्ट्रिय वन क्षेत्रमा संचालन हुने भएमा यो कार्यविधि अनुसार नै सम्वन्धित निकायले व्यवस्थापन र नियमन गर्नेछ।

# विविध

# राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल (National Tiger Conservation Committee, Nepal) को गठन तथा काम कर्तव्य र अधिकार, २०६७

(नेपाल सरकार म.प. बाट स्विकृत मिति २०६७/०२/०२)

बाघ नेपालको संरक्षित स्तनधारी वन्यजन्तु, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धी (साइटिस) को अनुसूची-१ र विश्व संरक्षण संघको खतरामा परेका वन्यजन्तुहरुको सुचीमा संकटापन्न अवस्थामा पुगीसके को दुर्लभ (Endangered) प्रजाती हो । यसको संरक्षणको लागी बिद्यमान कानुनी व्यवस्थामा सुदृढीकरण, चोरी शिकार र अवैध व्यापार नियन्त्रण गरी बाघ लोप हुनवाट बचाई बाघको संरक्षण, व्यवस्थापन गर्नका लागि अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय बाघ संरक्षण निकायको आवश्यकता नेपालको बाघ संरक्षण रणनीति र कार्ययोजनामा समेत औल्याइएको छ ।

बाघ संरक्षण रणनीति र कार्ययोजनामा प्रस्ताव गरिए बमोजिम बाघ संरक्षण सम्बन्धी बिषयमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा बिभिन्न निकायहरु बीच समन्वय समेत गर्नका लागि सम्माननीय प्रधानमन्त्रिज्यूको अध्यक्षतामा देहाय बमोजिमको एक उच्चस्तरीय संयन्त्र "राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल" (National Tiger Conservation Committee, Nepal (NTCC)) को गठन हुन तथा उक्त समितिको कार्यबिधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुने गरी निम्न अनुसारको संरचना प्रस्ताव गरिएको छ :

| | |
|---|---|
| (क) प्रधानमन्त्री | अध्यक्ष |
| (ख) मन्त्री, गृह मन्त्रालय | सदस्य |
| (ग) मन्त्री, अर्थ मन्त्रालय | सदस्य |
| (घ) मन्त्री, वातावरण मन्त्रालय | सदस्य |
| (ङ) मन्त्री, रक्षा मन्त्रालय | सदस्य |
| (च) मन्त्री, न्याय तथा कानुन मन्त्रालय | सदस्य |
| (छ) नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| (ज) समितिले छनौट गरेका राष्ट्रिय र अन्तरराष्ट्रिय क्षेत्रमा बाघ तथा बाघको पारिस्थिकीय प्रणाली सम्बन्धी लब्धप्रतिष्ठीत बिशेषज्ञहरु, २ जना | सदस्य |
| (झ) समितिले छनौट गरेका राष्ट्रिय र अन्तरराष्ट्रिय क्षेत्रबाट नेपालमा बाघ संरक्षण सम्बन्धमा सहयोग गर्ने निकायका उच्च स्तरका प्रतिनिधी, १ जना | सदस्य |
| (ञ) मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य सचिव |

"राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल" को काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ ।

- देशका प्राकृतिक वासस्थानमा रहेका बाघहरुको संख्या स्थिर वा बृद्धिको लागि प्रत्यक्ष/अप्रत्यक्ष एवम अल्पकालिन/दिर्घकालिन कार्ययोजना तर्जुमा गर्न लगाई कार्यान्वयन गर्न लगाउने । वन क्षेत्रलाई राष्ट्रिय प्राथमिकता एवम बाघ तथा जैविक विविधता संरक्षणको बिषयलाई राष्ट्रिय प्राथमिकता प्राप्त चुनौतीको रुपमा अंगीकार गरी सो अनुरुप संरक्षणमुखी कार्यदिशा अवलम्पन गर्न लगाउने ।
- बाघको संख्या बृद्धि, वासस्थान संरक्षण, पारिस्थिकीय प्रणालीको कार्यमा निरन्तरता एवम प्रकृयामा जिवन्तता ल्याई समग्र जैविक विविधताको संरक्षणको लागि नीतिगत तथा कार्यगत पक्षमा समन्वय एवम कार्यान्वयन गर्न लगाउने ।

- बाघ तथा जैबिक बिबिधता संरक्षण एवम प्रर्बद्धनमा देखा परेका जोखिम, नीतिगत एवम संगठनात्कम अवरोधहरु पहिचान गरी उच्च स्तरीय निकायहरुवाट सो सम्बन्धमा निरोधात्मक एवम नियन्त्रात्मक व्यवस्था गर्न लगाउने । राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतिबद्धता, सन्धी एवम सम्झौताको परिपालना गर्न लगाउने ।
- नेपाल सरकारका निकायहरु, अन्तरराष्ट्रिय संघसंस्था तथा Tiger Range Countries बीच बाघ संरक्षणको लागि समन्वय तथा सहकार्य गरी आर्थिक तथा भौतिक स्रोत र साधन जुटाउन लगाउने ।
- नेपालमा हाल बाघको वासस्थानको रुपमा रहेका क्षेत्रहरुको संरक्षणमा बिभिन्न तहका कार्यक्रमहरु तर्जुमा एवम कार्यान्वयन गर्न लगाउने ।
- बाघ लगायत वन्यजन्तुहरुका अवैध रुपमा हुने राष्ट्रिय र अन्तरराष्ट्रिय व्यापारहरुको सम्बन्धमा नियन्त्रणका उपायहरु स्थानीय, राष्ट्रिय, क्षेत्रीय एवम  अन्तरराष्ट्रिय स्तरमा गर्न अवलम्बन गर्न दिशा निर्देश गर्ने ।
- आवश्यकता अनुसारको बिशेष अध्ययन गर्न लगाउने ।
- मातहत निकायहरुको संरक्षण अवस्थाको अनुगमन तथा मुल्यांकन गर्ने गराउने ।

# राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक ढांचा तथा काम, कर्तव्य र अधिकार, २०६७

(नेपाल सरकार म.प. बाट स्विकृत मिति २०६७/०८/०५)

वन्यजन्तुको चोरी शिकारी र यसका अंग प्रत्यङ्गको अवैध व्यापारलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न कठिनाई भइरहेको अवस्थामा महत्वपूर्ण वन्यजन्तु सधैंको लागि लोप हुन जाने संभावनालाई मध्यनजर राखी यसको नियन्त्रणको लागि जिम्मेवार निकायहरुको आवश्यकता जरुरी रहेको छ। यी दुर्लभ सम्पदाको अवैध व्यापार नियन्त्रणको लागि एयटा छुट्टै निकायको स्थापनाको लागि सम्बन्धित क्षेत्रहरुवाट राय, सल्लाह र सहयोग जुटाउन लगायत आवश्यक राय सुझाव दिनकालगि एक उच्चस्तरिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र उल्लेखित अवैध कारोवार नियन्त्रण गर्नका लागि एक सशक्त वन्यजन्तु अपराध नियन्त्रण इकाईको स्थापना गर्न मनासिब भएकोले निम्नानुसार हुन सिफारिस गर्ने।

**१. राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति (National Wildlife Crime Control Coordination Committee -WCCCC)**

१.१ सांगठनिक स्वरुप

राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको सांगठनिक संरचना निम्न बमोजिमको हुनेछ।

| | |
|---|---|
| १. मन्त्री, वन तथा भू संरक्षण मन्त्रालय | अध्यक्ष |
| २. सचिव, गृह मन्त्रालय | सदस्य |
| ३. सचिव, रक्षा मन्त्रालय | सदस्य |
| ४. सचिव, न्याय तथा कानुन मन्त्रालय | सदस्य |
| ५. सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| ७. प्रधानसेनापति, नेपाली सेना | सदस्य |
| ८. महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ९. महानिरीक्षक, सशस्त्र प्रहरी | सदस्य |
| १०. प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य सचिव |

१.२ काम, कर्तव्य र अधिकार

क. वन्यजन्तु र वन्यजन्य अपराध नियन्त्रण गर्न अन्तरसरकारी र गैह्रसरकारी निकायबीच समन्वय कायम गर्नको लागि आवश्यक नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने।

ख. वन्यजन्तु र वन्यजन्य अपराध नियन्त्रणका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा समन्वय र सहयोग बिस्तार गर्ने।

ग. वन्यजन्तु अपराध नियन्त्रण इकाईको काम, कारवाहीको समन्वय, अनुगमन तथा निरिक्षण गर्ने।

घ. वन्यजन्तु अपराध नियन्त्रण इकाईका लागि आवश्यक पर्ने जनशक्ति, साधन तथा स्रोतको व्यवस्था गर्ने।

ङ. वन्यजन्तु अपराध नियन्त्रण इकाईलाई वन्यजन्तु तथा वनस्पति सम्बन्धि अपराध नियन्त्रण गर्न आवश्यक राय, सुझाव तथा निर्देशन दिने।

**२. वन्यजन्तु अपराध नियन्त्रण इकाई**

वन्यजन्तु अपराध नियन्त्रण इकाई केन्द्रियस्तर र जिल्लास्तरमा गरी दुई तहमा रहनेछ ।

२.१ केन्द्रिय स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई **( Central Level Wildlife Crime Control Bureu-WCCB)** को सांगठनिक ढांचा

| | |
|---|---|
| १. महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | संयोजक |
| २. महानिर्देशक, वन विभाग | सदस्य |
| ३. महानिर्देशक, भन्सार विभाग | सदस्य |
| ४. सहायक रथी, नेपाली सेना | सदस्य |
| ५. नायब महानिरिक्षक, केन्द्रिय अनुसन्धान व्यूरो, नेपाल प्रहरी | सदस्य |
| ६. नायब महानिरिक्षक, सशस्त्र प्रहरी | सदस्य |
| ७. अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ८. नेपालमा वन्यजन्तु संरक्षणमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधि दुई | सदस्य |
| ९. उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य सचिव |

२.२ काम, कर्तव्य र अधिकार

क. राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको निर्देशनमा वन्यजन्तुको शिकार तथा तिनका अंग, प्रत्यंगको अबैध व्यापार नियन्त्रण गर्ने ।

ख. वन्यजन्तु र वन्यजन्य अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरु बीच समन्वय गर्ने ।

ग. चोरी शिकार हुन नदिन र वन्यजन्तु र तिनका अंग प्रत्यंगको अबैध व्यापार नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।

घ. उल्लेखित कार्यहरु संचालन गर्न आवश्यकता अनुसार जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण इकाईको गठन र परिचालन गर्ने ।

२.३ सचिवालय व्यवस्थापन

केन्द्रियस्तरको इकाईको सचिवालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा रहनेछ । यसको सदस्य सचिवको रुपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक हुनेछन् । सचिवालय सदस्यहरुमा नेपाली सेना, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी, भन्सार विभाग, वन विभागका उप सचिव स्तर वा सो सरहका प्रतिनिधिहरु रहनेछन् । सचिवालय संचालनको लागि आवश्यक पर्ने कर्मचारीहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले व्यवस्था गर्नेछ ।

२.४ जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक संरचना

जिल्ला स्तरमा जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, निकुञ्ज/आरक्षमा खटिएको नेपाली सेनाको प्रतिनिधि र सम्बन्धित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको अधिकृत स्तरको प्रतिनिधित्व भएको एक इकाई हुनेछ । एक भन्दा बढि जिल्ला ओगटेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको हकमा सम्बन्धित सबै जिल्लाको इकाईमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको प्रतिनिधित्व हुनेछ । यस इकाईका सदस्यहरुलाई काजमा खटाइनेछ ।

२.५ काम, कर्तव्य र अधिकार

क. केन्द्रियस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको मातहतमा रही वन्यजन्तु र तिनका अंग प्रत्यंगको अबैध व्यापारलाई नियन्त्रण गर्ने ।

ख. वन्यजन्तु र वन्यजन्य अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरु बीच समन्वय गर्ने ।

ग. चोरी शिकार हुन नदिन र वन्यजन्तु र तिनका अंग प्रत्यंगको अवैध व्यापार नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।

घ. वन्यजन्तुको संरक्षण तथा वन्यजन्य अपराध सम्बन्धि आवश्यक नियन्त्रणको लागि नेपाल सरकारले गर्नुपर्ने नीतिगत, संस्थागत र कानुनी सुधारका सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने ।

ङ. केन्द्रियस्तरमा रहेको इकाईलाई समय समयमा आफनो कार्य प्रगति पेश गर्ने ।

२.६ हाललाई वन्यजन्तुको चोरी शिकारी र अवैध तस्करहरुको मुख्य केन्द्रको रुपमा रहेको काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, नवलपरासी, बर्दिया, सिन्धुपाल्चोक, मुस्ताङ, रसुवा, दार्चुला, पोखरा, कञ्चनपुर र बाँके समेत १३ जिल्लामा इकाई बनाई कार्य शुरु गर्ने । अन्य जिल्लाको हकमा आवश्यकता अनुसार केन्द्रिय इकाईले निर्णय गरी विस्तार गर्ने ।

२.७ जिल्ला स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय सम्बन्धित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको कार्यालयमा रहने । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष कार्यालयहरु नरहेको जिल्लाहरुको हकमा यस्तो सचिवालय जिल्ला वन कार्यालयमा रहने ।

२.८ जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण इकाईले अपराध नियन्त्रण कार्यको लागि आवश्यकता अनुसार थप जनशक्ति परिचालन गर्न सक्ने ।

२.९ समय समयमा भएका निर्देशनहरुको पालना र कार्यान्वयन गर्ने ।